दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

३७ औं वार्षिकोत्सव विशेषाङ्क

वर्ष ३७ | अंक १११ | बुटवल | २०८२ बैशाख ०५ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday Apr 18, 2025 | पृष्ठ ३२ | मूल्य रु. ६ मात्र | Lumbini


# कहिले होला नियमित उडान ?

uf}tda'4 cGt/f{li6o ljdfg:ynnfO{ lgoldt rnfpg ;s]oxfF]kof6g Joj;fon]km8\sf]dfg[cfzf ul/Psf]5 . t/ ljdfg:yn lgoldt rnfpg ePsf kxnsbdl kofk{t 5}gg\.






**शेरबहादुर के.सी.**

*बुटवल*


गएको मंसिरमा चार विमान कम्पनीले भैरहवाबाट सिधा उडान गर्न थालेपछि यहाँका व्यवसायी उत्साहित देखिन्थे । नियमित उडान सुरु गरेको चार महिनामै उडान रोकिदा यहाँका व्यवसायी निराश छन् । कतार एयरवेज, थाई एयर एशिया, फ्लाई दुबई र जजीराले सुरु गरेको उडान चार महिना मात्रै टिक्यो ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चल्ने आशाले पर्यटन व्यवसायमा लगानी गरेका व्यवसायीहरु काठमाडौंका व्यवसायीको दबाब र प्रभावको असर देखिएको दाबी गर्छन् । व्यवसायीले गरेको दाबीलाई सरकारले पनि गलत सावित गर्न सकेको छैन । 'केन्द्रीकृत मानसिकताले गौतमबुद्ध विमानस्थल चल्न दिएन्, सरकार काठमाडौंका व्यवसायीको प्रभावमा पऱ्यो ।'-नेपाल चेम्बर अफ कमर्सका लुम्बिनी प्रदेश अध्यक्ष टंक पोखरेलले भने । व्यवसायीले दाबी गरेझैं गौतमबुद्ध विमानस्थल चलाउन सरकारले र विमान कम्पनीले गर्नुपर्ने काम पटक्कै अघि बढेन् । विमान कम्पनीले भैरहवामा सम्पर्क कार्यालय खोलेनन् । स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला गरेनन् । त्यसो हुँदा काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरे । पर्यटन व्यवसायी सञ्जय बजिमयका भनाइमा, भैरहवाबाट सिधा उडान गर्ने सबै विमान कम्पनीको टिकट काउण्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई-भिसा र इन्टरनेशनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्छ ।

तीन वर्षअघि उद्घाटन भएको गौतमबुद्ध विमानस्थलबाट नियमित उडान रोकिदा निराश व्यवसायीले आन्दोलनको घोषणा गरेका छन् । उनीहरुको माग छ-गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान नियमित हुनुपर्छ ।

सिद्धार्थनगर उद्योग वाणिज्य संघ, सिद्धार्थ सञ्जाललगायत संघ संस्थाको संयोजनमा अहिले व्यवसायीले आन्दोलनको घोषणा गरेका छन् ।

होटल व्यवसायमा अर्बौं लगानी गरेका व्यवसायीको लगानी जोखिममा परेको भन्दै उनीहरूले विमानस्थल सञ्चालन गर्न सरकार गम्भीर नभएको भन्दै उनीहरुको आक्रोश छ । सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले भने-'गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चलाउन गम्भीर नबन्दा समस्या भएको हो ।'

विमानस्थल नियमित चलाउन यहाँका व्यवसायीले संघर्ष समिति बनाएका छन् । समितिले तत्काल नियमित उडान सुचारुसहित १५ बुँदे माग राखेको छ । आन्दोलनका कार्यक्रमअन्तर्गत अल्टिमेटम, विरोध प्रदर्शन, शान्तिपूर्ण ऱ्याली, धर्ना र विरोधसभा, मन्त्रालयका मन्त्री र कर्मचारीलाई प्रवेश निषेध र आन्तरिक उडान नै बन्द गर्ने रहेका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मतको समयमा यता डाईभर्ट गरे पनि अहिले फेरि सबै उडान काठमाडौं केन्द्रित गरेको व्यवसायीको आरोप छ ।

**रूट नहुँदाको सास्ती**

सुरक्षाको सन्देह देखाउँदै भारतले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा रुट अनुमति दिएन । सहज रुट नपाएपछि उडान महँगो र झन्झटिलो भयो । एअरलाइन्स कम्पनी आउन मानेनन् । भारतले प्रवेश रुट दिन विभिन्न सर्त राख्यो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमण गएको बेला अन्तर्राष्ट्रिय विमानस्थलहरुको रुटको बारेमा पनि छलफल हुने एजेण्डा तय गरेपछि भारतले त्यसका लागि सर्त अघि सार्‍यो । भैरहवा विमानस्थल सञ्चालनमा समस्या मूलतः भारतले अड्को थाप्नु नै हो ।

भारतको कुशीनगरमा बनेको अन्तर्राष्ट्रिय विमानस्थललाई लिएर भारत आफैं चिन्तित देखिन्छ । लुम्बिनीबाट १८० किलोमिटर मात्र टाढा रहेको कुशीनगरको एयरपोर्ट बनाउँदा नेपालको लुम्बिनीलाई लक्ष्य गरी बनाइएको थियो । बुद्धिष्ट हब बनाउनका लागि भारतले कुशीनगरको एयरपोर्ट बनाएको थियो । तर नेपालमा पनि त्यस्तै एयरपोर्ट बन्न थालेपछि भारत असन्तुष्ट बन्दै आएको थियो ।


» *बाँकी ११ पेजमा*



SHINE RESUNGA
DEVELOPMENT BANK LTD.




महिला उद्यमशीलता:
सम्भावनाका नयाँ यात्रा

ग्लोबल आइएमई बैंकले नेपाली महिलाहरूको उद्यमशील र आत्मनिर्भर बन्ने सपना साकार बनाउन "ग्लोबल म उद्यमी कर्जा" योजना प्रारम्भ गरेको छ। कृषि, उत्पादन, प्रशोधन तथा बजारीकरण लगायतका क्षेत्रमा व्यवसाय सुरु तथा विस्तार गर्न चाहने महिला उद्यमीलाई विशेष प्राथमिकता दिइनेछ ।



रु. १० करोड सम्मको कर्जा रकम

म उद्यमी कर्जा

आकर्षक ब्याजदर | १० वर्ष सम्मको आवधिक तथा चालु पूँजी कर्जा | उद्यमी डिजिटल उपहार

*शर्तहरु लागु हुनेछ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बचत गरौं

GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

# a'4jNnL, a6f}lb]v a6jn;Dd

a6f}lsf]ltxf;nf0{;f+:s[lts ko{6g;Fh}b]vfgf kl/sf/ kl:sg]xf]eg]a6jndf ko{6s cfudg a9fpg ;lsG5 .



लक्ष्मण पोखरेल
*बुटवल*





सुनिन्छ त फगत
ब्रोङ्काइटिस भएका ट्रकहरूको खोकी,
बस्ने उमेर भएका बसहरूको घ्यार्र घ्यार्र
लाहुरेहरूको बुटको आवाज
र मठ्याहा नेपाली बोली ? 'अच्छा यार' ।

कवि भूपि शेरचनको 'भैरहवा' शीर्षकको कवितामा बुटवलको बारेमा लेखिएका गद्य हुन् यी । भूपिले लेखेका गद्यले विकसित हुँदै गरेको आधा शताब्दीअघिको बुटवललाई इङ्गित गर्छ । लाहुरेहरू भारत प्रवेश गर्ने नाका र खस्यौलीका भट्टीहरूमा रात बिताउने चिनारी बुटवलको पछिल्लो इतिहास हो ।

वर्तमान समयमा पश्चिम नेपालकै व्यापारिक केन्द्र मानिने बुटवल, बटौली अथवा त्यसभन्दा पनि अझ प्राचीन नामबाट विकसित भएको हो । यो अहिले मात्रै होइन, सयौ वर्ष पहिले पनि गणराज्यको राजधानी र व्यापारिक नाका पनि थियो ।

चीनको तिब्बत र भारतको गोरखपुरको व्यापारिक थलोको विश्राम नाका पहाडको फेदी मधेसको सिरान नै बटौली थियो । बुटवललाई रामदेखि बुद्धसम्म जोडेर इतिहास लेखिएका छन् । हिन्दु धर्मका भगवान राम बटौली (तिनाउ पश्चिम) हुँदै गण्डकी नुहाउन गुल्मीको रिडी, पाल्पा रामपुरको रामनदी हुँदै गण्डकको भ्रमण गरी खस्यौली (तिनाउ पूर्व) हुँदै अयोध्या पुगेका प्रसङ्गहरू छन् । योगी नरहरिनाथको हाम्रो देश दर्शन पुस्तकले बुटवलको इतिहासलाई द्वापर युगदेखि बुद्धकालसम्मको प्रसंगमा व्याख्या गरेको छ ।

बुटवल बुद्धकालमा बुद्ध खेल्ने बुद्धवल्ली थियो । योगी नरहरिनाथको प्रसंग कोट्याउँदै डा. टिकाराम पन्थीले लेखेका छन्-बुद्धवल्लीबाटै बुटवल नामाकरण भएको हो । यो शहर अहिलेको नभइ उहिलेको थियो । बुटवल बुटवलमै सीमित थिएन, भलबारीदेखि मुर्गियासम्म फैलिएको थियो । (बुटवल दर्पणः ०६६)।

आधुनिक बुटवल भूपिको कविताजस्तै लाहुरेको बुटको आवाजसँगै हुर्किएको हो । तत्कालीन समयमा खस्यौलीमा रहेका आठ/दश वटा थकाली भट्टी र खरका छाप्राहरूले बुटवल कायम गऱ्यो । सिद्धार्थ राजमार्ग नहुँदासम्म सोही हालतमा बसेको बुटवल सडक बनेपछि बसपार्क हुँदै शहरमा विकसित बन्यो ।

इतिहासको शहर हालको बुटवल नभइ बटौली थियो । जुन तिनाउ तिरको जितगढी किल्लाको छेउमा खुम्चिएर बसेको छ । बटौली र खस्यौली नाम बुटवलमा विलय भए । खस्यौली गुल्जार हुँदै गयो । नुन र घ्यू साटेर व्यापार चम्काउने बटौली सुनसान बन्यो । प्रशासनिक रूपमा बटौली-खस्यौली पञ्चायत पनि बनेको थियो । पछि प्रशासनिक नाममा पनि बटौली हरायो । अहिले बुटवल उप-महानगरपालिका नामले चम्किएको छ । कथ्यमा बटौली जीवित रहेपछि लेख्यमा बटौली हराइसकेको छ ।

आधुनिक बुटवल आफैँमा प्राचीन बस्ती भएको शहर भने मानिदैन । बुटवल उप-महानगरपालिकाभित्र पर्ने विनायकपुर, तामनगर, सैनामैनाका केही क्षेत्रहरू भने प्राचीन बस्ती रहेको बताइन्छ । सैनामैनादेखि बुटवलसम्म सिद्धार्थ गौतम नै जंगल सफारीका रूपमा आउने प्रसंगहरू विभिन्न ग्रन्थमा छन् । सैनामैना क्षेत्रमा भएका सामान्य उत्खनन्‌ले बुद्धकालकै बस्तीको परिचय रहेको शंका दिलाएको छ ।

आधुनिक बुटवल

अंग्रेजहरूलाई २ सय ३ वर्षअघि गोर्खालीहरूले हराएको जितगढी (बुटवल) क्षेत्र उहिलेको पनि राजधानी थियो । सेन वंशीय राजाहरूले यसलाई शीतकालीन राजधानीका रूपमा प्रयोग गरेका थिए । इतिहाससँग जोडिएको, ल्हासाको नुन र कपडाको व्यापारसँग जोडिएको बुटवलले आधुनिक रूप एक सय वर्षअघिदेखि मात्रै पाएको हो ।

'खस्यौलीमा जब स-साना भट्टीहरू बन्न थाले तब बुटवलको स्वरूप देखिन थालेको थियो, इतिहाससम्बन्धी जानकार विमलबहादुर शाक्य भन्छन्-'राजमार्गमा मोटर गुड्न थालेपछि साँगुरो बटौली सुक्दै गयो । लाहुरेहरूले खस्यौलीमै घर बनाउन थाले । अग्ला घर जहाँ बन्यो, शहर त्यही देखियो ।'

बटौलीको सामाजिक र साँस्कृतिक स्वरूप बेग्लै छ । यहाँको रैनाथे जाति के हो भन्न सकिने अवस्था छैन । बुद्धकालमा थारू र शाक्य बंशका मानिसहरू बसोबास गर्थे भन्ने ग्रन्थहरूमा लेखिएका छन् । ५ सय वर्षअघि पाल्पाका राजा मणिमुकुन्द सेनले कास्मिरबाट कशौधन (मधेशी) जातिलाई व्यापारका लागि बटौली ल्याएका थिए । कशौधनपछि नेवार जातिको बसोबास बटौलीमा रह्यो ।

ल्हसाको नुन र सुन, पहाडी क्षेत्रको जडीबुटी, घ्यू, तेलसँगको व्यापार बटौलीले धानेको थियो । पहाडी जिल्लामात्रै होइन, हिमाली जिल्लाका जडीबुटी बेच्ने थलो पनि बटौली थियो । बुटवलसम्बन्धी जानकार देवेन्द्रराज शाक्य भन्छन्-'जंगल रहेको खस्यौली बुटवलका रूपमा विकास भयो । बजार पारि सऱ्यो, पहाडसँगको व्यापार राजमार्ग बनेसँगै सुस्ताउँदै गयो ।'

०१७ सालमा केही समय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बसेको क्षेत्रमा रूद्र समशेरको दरबार थियो । जहाँ उनी वर्षैंभर शिखार खेल्न पाल्पाबाट झर्थे । खस्यौली पुरै जंगल थियो । सिद्धार्थ राजमार्गको गोरेटो बनेपछि अमरपथ क्षेत्रमा १०/१२ वटा घर बने । पुल्चोकमा दुई चार छाप्रा थिए । पुलिस थाना हालकै इलाका प्रहरी कार्यालय भएकै स्थानमा थियो ।

बुटवलमा थकाली, गुरूङ, तामाङ, मगर जातिको बसोबासको इतिहास ८० वर्षको हाराहारीमा छ । क्षेत्री, बाहुनहरू निकै पछि बुटवल झरे । बुटवलमा नेवारको बसोवास भने १९औं शताब्दीबाट भएको हो । करिव २ सय वर्षदेखि नेवारहरू व्यापारको शिलशिलामा बुटवलमा आएको पाइन्छ । पद्‌म चैत्य विहार स्थापनाको सय वर्षदेखि बुटवलमा बौद्ध गतिविधिहरू हुने गरेका थिए । पद्‌म चैत्य विहार वि.स. १९७१ सालमा स्थापना भएको थियो ।

बुटवलमा थकालीहरूको बसोवास भएको वि.स. १९९५ सालतिरबाट भएको हो । मुस्ताङबाट बसाई सरेर आएका रूद्रविलास तुलाचनले रूपन्देहीको भैरहवामा कपडा पसल खोलेका थिए । केही वर्ष त्यही व्यापार गरे । त्यसपछि अहिलेको पूरानो बटौलीको गणेशथान मन्दिर नजिकै कपडा पसल खोलेका थिए । उनी नै पहिलो पटक बुटवलमा व्यवसाय गर्ने थकाली हुन् ।

२०१० सालपछि बुटवलमा थकालीहरूको बसोबास बढ्दै गयो । सडकमा भट्टी चलाउनेहरू थकाली होटल नाम लेखेर होटल गर्न थाले । कपडा व्यापारी पनि प्रसस्त थिए । त्यतिबेला ब्रिटिस आर्मीमा थकाली, नेवारहरूलाई भर्ती गर्दैनथ्यो । थकालीहरू छट्टु हुने र नेवार अल्छी हुन्छन् भन्ने आरोप थियो । त्यसैले बुटवल झरेका थकालीहरूले आफ्नो थर थापा, क्षेत्री बनाएर भर्ती भएका थिए । उनीहरूले अहिले बल्ल थर परिवर्तन गर्न थालेका छन् ।

बुटवल क्षेत्रमा वि.स. २००० सालतिरबाट गुरूङहरूको बसोबास सुरु भएको भने पनि प्रमाणिक तथ्य भने भेटिंदैन् । आर्मीमा भर्ती हुने भन्दै बुटवल आएका गुरूङहरू यही बस्न थालेका हुन् । वि.स. २०१२ सालमा जीतबहादुर गुरूङ बुटवलमा बसोवास गर्न थालेका हुन् । उनी पर्वतबाट बुटवल झरेका थिए । २०४ बिगाहा जमिन लिएर उनी बुटवलमा बस्न थालेका थिए । त्यतिखेर तामाङहरूले पनि गुरूङ थर बनाएर बस्ने गरेका थिए । ब्रिटिस आर्मीमा भर्ती हुनका लागि उनीहरूले त्यसो गरेका हुन । वि.स. २०१६ सालपछि गुरूङहरूको बसाई सरेर बुटवल आउने क्रम बढेको थियो । अहिले बुटवल नगरपालिकाभित्र ८ सयभन्दा बढी घरधुरी गुरूङ समुदायको बसोवास रहेको छ ।

बुटवलमा तामाङहरूको बसोवास सुरु भएको झण्डै ५६ वर्ष नाघिसकेको बताइन्छ । तर त्यतिखेर बुटवलमा आएर बसेका तामाङहरूले आफूहरूलाई गुरूङ भनेर बसेका थिए । आर्मी, प्रहरीमा भर्ती हुनका लागि उनीहरू थापा, क्षेत्रीको थरमा पनि बसे । तामाङ नै भनेर बुटवलमा बस्ने पहिलो व्यक्ति नर्बु लामा थिए । उनी २०३७ सालमा बुटवल आएका थिए । बुटवल उप-महानगरपालिकामा शेर्पाहरूको त्यति ठूलो सङ्ख्या छैन । जनगणना २०६८ अनुसार, बुटवलमा शेर्पाको सङ्ख्या जम्मा २६ रहेको छ । ती मध्ये पुरूषको सङ्ख्या १० र महिलाको सङ्ख्या १६ जना रहेको छ ।

जनजातिको बसोबासबाट सुरु भएको आधुनिक बुटवलमा अहिले बाहुन क्षेत्रीको संख्या बढी छ । बसाईसराइको दर उच्च भएसँगै बुटवल घनाघोर जंगलबाट उस्तै प्रकृतिको शहरमा विकसित भयो । बुद्धकालको प्रसंगदेखि अंग्रेजलाई हराउने छविको विकास बुटवलले गऱ्यो ।

समुन्द्र सतहबाट १८३ मिटरमात्रै माथि रहेको बुटवल गर्मी भू-भाग हो । अधिकतम ४३ न्यूनतम १० डिग्री तापक्रम रहेको बुटवलको घनाबस्ती पछिल्ला दुई दशकमा विकास भएको हो । टन्न धानखेती हुने बुटवलकै सुख्खानगर, दीपनगर क्षेत्र आवासीय क्षेत्र बनेको छ । ०१८, ०२७, ०३८ र ०४५ सालमा तिनाउमा उर्लिएको बाढीले बुटवललाई तहस नहस पारे पनि विकासको क्रम रोकिएन् ।

शहरको विकाससँगै उद्योग, व्यापारमा बुटवलले पश्चिम नेपाललाई धानेको छ । तीव्र शहरीकरणपछि अवसरको खोजी गर्दै आउनेहरूबाट अहिले तिनाउ बगर अतिक्रमण भएको छ । खानेपानीको हाहाकारमा गुज्रिएको बुटवल अहिले केही समाधानोन्मुख अवस्थामा छ । फोहोरको मात्रा बढ्दै गएको छ, त्यो व्यवस्थापन गर्ने क्षेत्र बनेको छैन । उचित ढल नभएकाले बर्खायाममा बुटवलका मुख्य सडकमै बाढी उर्लिन्छ ।

बुटवललाई थलो बनाउनेहरू अर्घाखाँची, गुल्मी, पाल्पा, स्याङ्जा, रोल्पा, दाङ, प्यूठान, बाग्लुङ, म्याग्दीका छन् । विशेषगरी तत्कालीन लुम्बिनी अञ्चलका जिल्लाको आवादीले बुटवल भरिएको छ ।

» बाँकी १५ पेजमा




हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
दिनेश भुसाल, प्राचार्य
एवम्
दुर्गादत्त भण्डारी, अध्यक्ष
अक्सफोर्ड माध्यमिक विद्यालय
बुटवल-८, सुख्खानगर

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरुमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।
बासुदेव भट्टराई, प्रमुख प्रशासकीय अधिकृत
केशव कुमार श्रेष्ठ, नगरप्रमुख
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बुड्डी कपिलवस्तु

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरुमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।
भेषराज घिमिरे, प्रमुख प्रशासकीय अधिकृत
सरोज थापा, अध्यक्ष
गुल्मीदरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरुमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।
सुमन पण्डित, प्रमुख प्रशासकीय अधिकृत
घनश्याम गिरी, अध्यक्ष
विनयी-त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गण्डकी प्रदेश नवलपरासी

# Pl]txfl;s uNdL b/af/ k'glgdf{0fsf] ;kgf ;fsf/ xb}





**वर्तमान गुल्मीदेखि १८औं शताब्दीसम्म अर्घाखाँची र बाग्लुङसम्म जोडिएको सिङ्गो गुल्मीको इतिहासको भण्डार हो, ऐतिहासिक चारपाला दरबार।**



प्रेम सुनार

*गुल्मी*

तत्कालीन गुल्मी राज्यको राजधानी र हाल गुल्मीदबार गाउँपालिका–६ मा अवस्थित चारपाला दरबारको अभिलेखले चारपाला दरबार सिंगो गुल्मीको इतिहासको भण्डार हो भन्ने कुरा स्पष्ट हुन्छ।

गुल्मीदरबार पर्यटकीय क्षेत्र पूर्वाधार विकास समितिले प्रकाशित गरेको 'गुल्मीको गौरव विविध विशेषताहरूले भरिपूर्ण गुल्मीदरबार' ब्रोसरमा विक्रम सम्वत् १४ सय ९३ सालमा स्थापना भएको गुल्मी राज्य पूर्वमा रिडी, पश्चिममा अर्घाखाँचीको मथुरा खोलासम्म, उत्तरमा हुग्दिशीर, शान्तिपुर र बाग्लुङ्गको ढोरपाटनसम्म, दक्षिणमा अगाहखोला, कालीगण्डकी नदी किनारसम्म थियो र अहिलेको गुल्मीभन्दा निकै ठूलो थियो।

सन १४९३ मा गुल्मी राज्यका प्रथम राजा वीर शाह थिए। दोश्रो र तेश्रो राजाको अवस्था अज्ञात छ। चौथो राजाका रूपमा बिक्रम सम्वत १६०० मा रूद्र शाह थिए।

विस १६५० मा किर्ति शाह राजा थिए। छैठौं र नवौं राजाको अवस्था पनि अज्ञात छ। क्रमशः विक्रम १०औं देखि निरन्तर विभिन्न राजाहरू हुँदै विक्रम सम्वत १९३७ सम्मका अन्तिम र १९औं राजा थिए बमनबहादुर शाह। डाक्टर राजाराम सुवेदीद्वारा २०५३ सालमा प्रकाशित 'गुल्मी जिल्लाको ऐतिहासिक झलक' नामक पुस्तकमा उल्लेख भएअनुसार अर्घाखाँची, मुसिकोट, धुर्कोट र इस्माका राजाहरूले आ-आफ्नो थुम (राजा बस्ने टापु) को रक्षार्थ राखिएका फौजलाई गुल्म भनिन्थ्यो र यसैबाट गुल्मी नामाकरण हुन गएको हो। त्यस्तै २०२५ सालमा भिष्मप्रसाद सुवेदीद्वारा प्रकाशित 'गुल्मी जिल्लाको भुगोल' नामक पुस्तकमा भने गुल्मी शब्दको अर्थ रूखको झुप्पा, घना जङ्गल छिचोल्न कठिन पर्ने झाडी, सिपाहीको टुकुडी, सेनाको विभाग, जहाँ ४५ जना पैदल सेना, २० घोडा घोडी, ९ वटा रथ, ९ हात्ती समाबिष्ट भएको सेनाको ब्यारेकलाई नै गुल्मी भनिने उल्लेख छ।

गुल्मी दरबार निर्माणसम्बधी इतिहास

गुल्मी राज्यका राजाहरूले हाल चारपाला भन्ने स्थानमा राजधानी बनाइ बसेका थिए। यस राज्यका संस्थापक राजा वीर शाह कस्तो दरबारमा बसेका थिए भन्ने अभिलेख पाइंदैन। तर चौथो राजा शाही शाहको पालामा अहिलेको ऐतिहासिक चारपाला दरबार बनेको उक्त दरबारको निदालमा लेखिएको अभिलेख छ। जुन विक्रम सम्वत १७०३ सालमा निर्माण भएको थियो। निर्माण गर्ने शिल्पीको नाम विनिय सिंह लेखिए पनि थर खुलेको छैन। उक्त दरबार ९० सालको भूकम्पमा भत्किएको थियो। त्यसपछि पुनःनिर्माण भएको थियो। जसलाई २०२६ साल असोज महिनामा पुनः जीर्णोद्धार गरिएको कुरा सोही दरबारको अभिलेखमा उल्लेख छ। २०६८ सालमा आएर पुरातत्व विभागमा समन्वय गरी भक्तपुरका शिल्पी, कालिगड ल्याई गुल्मी दरबार पर्यटकीय क्षेत्र विकास पूर्वाधार विकास समितिको पहलमा जीर्णोधार कार्य सम्पन्न भएको थियो। यस दरबारलाई भक्तपुरे प्यागोडा शैलीमा निर्माण गर्न र चारपाला दरबार क्षेत्रको विकास गर्नमा समितिका तत्कालीन अध्यक्ष तथा गुल्मी दरबार गाउँपालिकाका पूर्व अध्यक्ष स्वर्गीय अशोककुमार थापाको अतुलनीय योगदान रहेको छ। यो दरबार समुन्द्री सतहदेखि १३६२ मिटरको उचाईमा अवस्थित छ। गुल्मी राज्यका राजाहरूले आफ्ना कुलदेवताका रूपमा इश्वरीदेवीको मन्दिरलाई समेत पुनर्निर्माण गरिएको छ। त्यहाँ विशेष गरी बडादसैं र चैत्रे दसैंको रामनवमीका दिन इश्वरीदेवीको पूजाअर्चना गरिंदै आएको छ।

वर्तमान गुल्मीभन्दा ठूलो थियो, १४औं शताब्दीदेखि १९औं सम्मको गुल्मी जिल्ला। समितिका सचिव जोगमोहन शाहीले त्यस ऐतिहासिक चारपाला दरबारको गुल्मीदरबार गाउँपालिकाले पुनर्निर्माण गर्न सुरु गरेको बताए। त्यस पालिकाका वर्तमान अध्यक्ष सरोज थापा उनै पूर्व अध्यक्ष अशोककुमार थापाका छोरा हुन्। बाबुको सपना पूरा गर्न उनी निरन्तर खट्ने क्रममा पुरातत्व विभागमा पहल गरी त्यस ऐतिहासिक चारपाला दरबारलाई पुरातात्विक शैलीमा पुनर्निर्माण गर्न करिव डेढ लाख लागतको क्रमागत बजेट पारेको र अहिले ३२ लाख परेको सचिव शाहीले जानकारी दिए।

चौतर्फी सडक सञ्जालको बिचमा चारपाला दरबार

गाउँपालिका अध्यक्ष थापाले त्यस दरबारमा पुग्ने चौतर्फी सडक सञ्जालको स्तरोन्नतीको काम तीब्र पारिएको बताए। तानसेन-रिडी-तम्घास मोटरबाटो हुँदै घुम्तीबाट त्यस दरबारमा ५ किलो मिटर दुरीमा पुग्न सकिन्छ। घुम्तीदेखि त्यहाँसम्म कार समेत पुग्ने गरी मोटरबाटोको स्तरोन्नती गरिएको छ। त्यसैगरी, रिडीबाट सालझण्डी खर्ज्याङ्ग, अमरअर्बाथोक हुँदै चारपाला दरबारमा पुग्न सकिन्छ। यस दरबारबाट गौंडाकोट हुँदै र उता सदरमुकाम तम्घास हुँदै जिल्लाकै प्रसिद्ध धार्मिक क्षेत्र रेसुङ्गा पनि सकिन्छ। नजिकैको दुरीमा रेसुङ्गा विमानस्थल पनि रहेको छ। गुल्मीदरबार गाउँपालिकाले रेसुङ्गाको काँखमा अवस्थित भुवाने पार्कलाई जिल्लाकै ठूलो र आकर्षक पार्कको रूपमा विकास गर्दैछ। जहाँ सदरमुकामदेखि विभिन्न गाउँका मानिसहरू पिकनिक र घुमघाममा रमाउन पुग्ने गर्दछन्। तानसेन-तम्घास मुख्य सडकबाट त्यस पार्क हुँदै कान्छि रेसुङ्गा मन्दिरको दर्शन गर्दै माथि विशाल धार्मिक क्षेत्र रेसुङ्गा पुगिन्छ।

अन्य धार्मिक पर्यटकीय क्षेत्र

रेसुङ्गा धार्मिक क्षेत्रको झण्डै आधा हिस्सा गुल्मीदरबार गाउँपालिका पर्दछ। यस गाउँपालिकामा देशमै अनौठो र पहिलो शक्तिपिठ रहेको छ। वडा नम्बर ४ को बिरबासको टापुमा यस्तो शक्तिपिठ रहेको हो। पुरापूर्वकालमा मगर समुदायका दुई अविवाहित चेली त्यस टापुमा दाउरा घाँस गर्न गएको बेला बेपत्ता हुन्छन्। महिनौ घर नफर्केपछि धामीलाई हेराउँदै जाने क्रममा शिला पल्टिएको अवस्थामा उनलाई परिवारजनले भेट्छन्। एउटा रूखको फेँदमा भेटिएका ती शिला रहेनको रूखमा चढ्न हुँदैन भन्ने कुरा धामीले बक्छन् र कसरी उनीहरूको समखान राख्ने भन्ने कुरा पनि धामीले बताउँछन्। त्यस रूखमा भुलबस चढे पनि त्यसैमा टाँसिए मानिस मर्ने छ भन्ने कुरा थाहा नपाएका बाग्लुङ्गतर्फका बटुवाहरू चढेपछि त्यसरी नै रूखमा टाँसिएको टाँसै मृत्यु भएको किम्बदन्ती पनि बुढापाकाहरू सुनाउँछन्। जुन शक्तिपिठलाई जिज्युबज्जैको मन्दिर भनिन्छ। जहाँ असार महिनामा मगर समुदायले सयौं सुङ्गुरहरूको बली चढाउँछन्। बुटवलदेखि देशभर छरिएका र देशविदेशसम्म पुगेका त्यहाँ मगर समुदाय र उनका आफन्तहरू दसैंभन्दा बढी महत्व दिएर मेला भर्न आउँछन्। जसलाई असारे मेला भनिन्छ। त्यस मेलाको दिनसम्म मगर समुदायले घाँस दाउरा गर्नुको नाममा करेसाबारीको झारसम्म उखेल्न नहुने जनविश्वास छ।

पर्व आउनुको अघिल्लो दिन नै तीन दिनसम्म पशुचौपायलाई पुग्ने घाँस र चुलोलाई चाहिने दाउराको जोह गरेर राखिन्छ। गत वर्षको असारे मेलालाई सम्बोधन गर्न पुगेका गुल्मीदरबार गाउँपालिका अध्यक्ष थापाले देशकै अनौठो र पहिलो जिज्यु बज्जैको मन्दिर क्षेत्रको विकासमा गुल्मीदरबार गाउँपालिकाले अझै पहल गर्ने उद्घोष गर्दै यसलाई देशभरकै पर्यटकहरू भित्र्याउने गरी सञ्चार माध्यमले प्रचारप्रसार गरिदिन आग्रह गरेका थिए। त्यस्तै एकादेशी तिथि बाहेक प्रायः दैनिक धार्मिक पर्यटकहरूको भिड लाग्ने थलो हो, गुल्मी दरबार गाउँपालिका–३ मा पर्ने सुपाखोलास्थित सुपादेउराली मन्दिर। अर्घाखाँची सुपादेउरालीको शाखा स्थापना गरिएदेखि त्यहाँ पाठा, कुखरा, परेवा भाकल चढाउनेहरूको दैनिक भिड लाग्ने गरेको हो। त्यस्तै वडा नम्बर १ को बलिथुम टापुमा रहेको उजेलादेवी मन्दिर पनि अर्को धार्मिक पर्यटकीय क्षेत्र हो। जुन टापुबाट पूर्वबाट दक्षिण पाल्पा, पूर्वी गुल्मीका सुन्दर गाउँबस्तीका अलवा उत्तर पूर्वतर्फका हिमश्रृंखलाहरू नियाल्न सकिन्छ।

सदुपयोग गर्न सके जल सम्पदाको समेत धनी छ, गुल्मीदरबार गाउँपालिका। सिमानामा रहेको चन्द्रकोट गाउँपालिकासँग मिलेर उसले बडिगाड खोलामा ऱ्याफ्टीङ्ग सेवा र माछा पालनको विकास गर्नसके पालिका र नागरिकलाई आम्दानीको बलियो श्रोत बन्न सक्छ। राजा, बलिथुमलगायतका गाउँमा सुन्तला उत्पादनको पकेट क्षेत्रका रूपमा विकास गरिरहेको छ। त्यस्तै व्यवसायिक तरकारी खेती किसानलाई प्रोत्साहित गरिरहेको छ। मुख्य राजमार्गसँग जोडिएको त्यस पालिकाले कृषि पर्यटनको विकासलाई बढी जोड दिन जरूरी देखिन्छ। गौंडाकोट वन क्षेत्रमा बनाइएको पिकनिक स्पटलाई अझ आकर्षक बनाउनु पर्ने देखिन्छ। त्यस्तै वडा नम्बर २ जुभुङ्गको प्रायः एकीकृत र निकै आकर्षक मगर समुदायको बस्ती उर्लाकोटमा होमस्टेको निकै सम्भावना छ।।

'उर्लाकोटमा मात्र नभई, बलिथुम, बिरबास र राजा गाउँमा समेत होम स्टे सञ्चालन गर्नु पर्छ भन्नेबारे पहिल्लैदेखि सोचिएको हो, तर स्थानीय जागरूक हुन नसक्दा सञ्चालन हुन सकेको छैन,' गाउँपालिका उपाध्यक्ष तारा ढेँगा मगरले भनिन्- संभावना निकै छ, होम स्टे सञ्चालन गर्ने सोंचलाई अगाडि बढाइने छ।'

वडा नम्बर ६ का वडाध्यक्ष तथा त्यस पालिकाका प्रवक्ता शालिकराम टण्डनले गुल्मीदरबारका दुई ठूला धार्मिक पर्यटकीय स्थल इश्वरीदेवी मन्दिरसँगैको चारपाला दरबार र भुवाने पार्कको विकासलाई निरन्तरता दिँदै यसपाली पनि काम भइरहेको बताए। उनले चारपाला दरबारको पुनर्निर्माणका लागि बजेट परेर काम सुरु भएको गौंडाकोटदेखि भुवनेपार्कसम्म पुग्ने सडक कालोपत्रेका लागि लुम्बिनी प्रदेश सरकारबाट १ करोड ३६ लाख बजेटको सुनिश्चिता भई टेण्डर भइसकेको र रेसुङ्गासम्मै पिच गर्ने कार्य अगाडि बढ्ने जानकारी दिए।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेले पर्यटन पूर्वाधारमा जनप्रतिनिधिहरूले अगाडि सारेका योजनाहरूको कार्यान्वयन भइरहेको बताए। गुल्मीदरबार गाउँपालिकाको केन्द्र रहेको गौंडाकोट तम्घाससम्म मोटरबाटो नखुल्ने बेलासम्म अर्को पुरानो हाटबजार थियो। जहाँ पालिकाको केन्द्र बसेदेखि विभिन्न वित्तीय संस्था र सुविधा सम्पन्न होटलहरू सञ्चालनमा आएका छन्। बिदाको दिन आराम, घुमफिर गर्न सदरमुकाममा बस्ने मानिसहरू त्यहाँ पुग्ने गर्दछन्।

(गाउँपालिका अध्यक्ष सरोज थापा, उपाध्यक्ष तारा थापा र प्रमुख प्रशासकीय अधिकृत भेषराज घिमिरेसँग गरिएको कुराकानीमा आधारित)

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरूमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।
बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत
अजय थापा
नगरप्रमुख
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चन्द्रौटा कपिलवस्तु

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरूमा हार्दिक अनुरोध
गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।
- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।
कृष्णबहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत
पितबहादुर महतरा क्षेत्री
अध्यक्ष
झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,प्यूठान

# शैक्षिक धरोहरले भरिपूर्ण बुटवल





**आचार्य प्रदीप**

*बुटवल*

बुटवल उप-महानगरपालिका ऐतिहासिकताले भरिएको क्षेत्र हो । रूपन्देही जिल्लाको उत्तरी सिमानामा रहेको बुटवल उप-महानगरपालिकाको उत्तरमा पाल्पाको तिनाउ गाउँपालिका छ। पूर्वमा देवदह, पश्चिममा सैनामैना र दक्षिणमा तिलोत्तमा नगरपालिका र शुद्धोधन गाउँपालिका छन्। पूर्वपश्चिम राजमार्ग र सिद्धार्थ राजमार्गको संगमस्थल हो, बुटवल। यो शहरको बिचबाट तिनाउ नदी बग्छ। यहाँ रहेका प्राचीन तथा ऐतिहासिक जितगढी किल्ला, सेन वंशीय राजाको ग्रीष्मकालीन दरबार, मन्दिर, विहारजस्ता सम्पदाले सयौं वर्षअघि पनि बुटवल गणराज्यको राजधानी र व्यापारिक केन्द्र थियो भन्ने कुराको पुष्टि गर्छ। राणा शासनकालको अन्तिम चरणदेखि बुटवलले बिस्तारै आधुनिक शहरको रूप लिन थालेको इतिहासविद्हरू बताउँछन्।

यो शहरलाई आर्थिक केन्द्रका रूपमा मात्रै होइन, मानव संशाधनका दृष्टिबाट पनि उच्च क्षमताको जनशक्ति उत्पादन र खपत गर्ने मुख्य शहरका रूपमा स्थापित गर्ने जिम्मेवारी यहाँका जनप्रतिनिधिको काँधमा छ। बुटवललाई देशकै अगुवा शहरका रूपमा स्थापित गर्न शिक्षा, स्वास्थ्य, प्रविधि, पर्यटन, रोजगार सिर्जना, उद्यमशीलतामा जोड दिँदै यहाँ महत्वपूर्ण योजनाहरू अगाडि सारिएका छन्।

विकासका दृष्टिकोणले बुटवल काठमाडौं उपत्यकाबाहिरका अग्रणी शहरमध्येको एक हो। नवलपरासीदेखि दाङसम्म र उत्तरका पहाडी जिल्ला पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जा, प्यूठान, बागलुङ, पर्वतसँगको बुटवलको व्यापारिक साइनो शताब्दी पुरानो हो। भौतिक पूर्वाधार र मानव संशाधनको विकासमा बुटवलले राष्ट्रिय रूपमै नेतृत्व गर्ने क्षमता राख्छ। देशमा भएका महत्वपूर्ण परिवर्तन र उपलब्धिहरूमा बुटवलले नेतृत्वदायी भूमिका खेल्दै आएको छ।

अन्तर्राष्ट्रिय सभाहल तथा प्रदर्शनी केन्द्र, झन्डै ६ अर्बको लगानीमा स्तरोन्नति हुँदै गरेको लुम्बिनी प्रादेशिक अस्पताल, महिला तथा बालबालिका अस्पताल आम्दा, व्यवस्थित अटोभिलेज, ढुवानीग्राम, खेल पूर्वाधार, शैक्षिक पूर्वाधार, पूर्वपश्चिम राजमार्ग र सिद्धार्थ राजमार्गको संगमस्थलजस्ता भौतिक तथा सेवामूलक क्षेत्रको विकास र विस्तारले बुटवललाई अग्रणी नगरका रूपमा उभ्याउने प्रयास गरेका छन्।

शैक्षिक पर्यटनको कुरामा बुटवललाई अग्रणी शहरभन्दा फरक पर्दैन्। बुटवल उप-महानगरपालिकासहित बुटवल क्षेत्रमा रहेका शैक्षिक धरोहर यसै अब्बल रहेको छ।

बुटवलमा स्थापना भएको महावीर पुस्तकालय यहाँको पहिलो शैक्षिक तथा साहित्यिक संस्था हो। जसको स्थापना वि.सं.२००४ सालमा भएको थियो । रूपन्देही र जिल्लाको साहित्यिक विकासको पृष्ठभूमिमा थारू, भोजपुरी नेपाली लोकसाहित्य रहेको देखिन्छ प्रगतिशील पुस्तकालय (बुटवल), नेपाल सोभियतमैत्री पुस्तकालय (बुटवल), नवजागृति पुस्तकालय (बुटवल), ज्ञानज्योति पुस्तकालय (बुटवल) नन्दन पुस्तकालय (बुटवल), दीपेन्द्र पुस्तकालय (बुटवल), आदि पुस्तकालयहरूले पनि बुटवलमा शिक्षा र चेतनाको विकासमा योगदान पुऱ्याएका छन्।

**शिक्षामा अब्बल बुटवल**

बुटवल यसै पनि शिक्षामा अब्बल क्षेत्र हो। बुटवल उप-महानगरपालिका नेपालकै शैक्षिक केन्द्र बनेको छ। यहाँका शैक्षिक संस्थाहरू लुम्बिनी प्रदेशमा मात्र नभई राष्ट्रमा नै परिचित छन्। बुटवलबाट उत्पादित जनशक्ति विश्व बजारमा पुगेका छन्। यहाँ त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय र बौद्ध विश्वविद्यालयसँग सम्बन्धित क्याम्पसहरू छन् । यहाँ देशका प्रख्यात सामुदायिक विद्यालयहरू र संस्थागत विद्यालयहरू छन्। बुटवल प्राविधिक शिक्षामा पनि निकै अगाडि रहेको छ। सिटिइभिटी तथा पोखरा विश्वविद्यालयबाट सम्बन्धन लिएका शैक्षिक संस्थाहरूले ठूलो योगदान दिएका छन् । शिक्षामा रहेको यही आकर्षणका कारण टाढा टाढाबाट मानिसहरू बुटवल आउँछन्।

माध्यमिकस्तरमा देशमै उत्कृष्टमध्येका कालिका मावि, नवीन औद्योगिक मावि, कान्ति माविजस्ता सार्वजनिक विद्यालयहरू छन्। जहाँ विद्यार्थीलाई भर्नाका लागि पालो कुर्नुपर्ने अवस्था छ। निजी क्षेत्रबाट पनि उत्तिकै स्तरीय शिक्षा प्रदान भइरहेको छ । एसईई होस् वा उच्च शिक्षा बुटवलले देशमै ख्याति कमाएको छ । यसका साथै बुटवल बहुमुखी क्याम्पससहित लुम्बिनी वाणिज्य क्याम्पस, सिद्धार्थ गौतमबुद्ध क्याम्पसले उच्च शिक्षाको लागि विद्यार्थीहरूलाई बुटवल बाहिर जान परेको छैन।

**यस्ता छन् थप योजनाहरू**

बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले बुटवलको विकासमा शिक्षा र स्वास्थ्यको भूमिका महत्वपूर्ण हुने बताउँछन् । उनले जनताले अनुभूति गर्नेकुराहरू नै यहि भएको बताउँदै उनले भने -'हाम्रो मुख्य कार्यभार चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गर्ने, चालु योजनालाई समयमै सम्पन्न गर्ने, बुटवलवासीलाई सुशासन र विकासको अनुभूति दिलाउनु हो। संघ, प्रदेश र आन्तरिक स्रोतको अधिकतम परिचालन तथा दातृ निकायहरूबाट प्राप्त सहयोगको उच्चतम उपयोग गरी बुटवलको विकासमा नयाँ उचाइ हासिल गर्नेछौं।'

बुटवल उप-महानगरपालिका प्रमुख पाण्डेयका अनुसार आन्तरिक श्रोतबाट मात्रै यो वर्ष शिक्षामा १० करोड जति बजेट छुट्टिएको छ । प्राविधिक शिक्षामा बुटवल टेक्निकल इन्ष्टिच्युटमा सिभिल इञ्जिनियरिङतर्फ स्नातक तहको अध्ययन आरम्भका लागि काम अघि बढेको छ। बुटवल १६ मा कृषि विज्ञान (बी.एस.सी.ए.जी.) कलेज स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। आम्दामा पारामेडिकल कक्षाहरू सञ्चालन भएका छन्। अटो भिलेजमा इञ्जिनियरिङ अध्ययन गराउनका लागि पहिलो चरणको अध्ययन पूरा भएर काम अगाडि बढेको छ । विद्यालयहरूको भौतिक पूर्वाधार, अतिरिक्त क्रियाकलापमा जोड्दै विद्यार्थीहरूको क्षमता विकास गर्न नगरस्तरीय फुटबल प्रतियोगिता, लोकनृत्य प्रतियोगिताजस्ता विद्यालयलक्षित प्रतियोगिता प्रत्येक वर्ष हुन थालेका छन्।

गुणस्तरीय शिक्षा सबैको पहुँचमा पुऱ्याउन विद्यालय पूर्वाधार विकास कार्यक्रम, स्थानीय पाठ्यक्रम पुनर्निर्माण तथा संशोधन, क्याम्पस पूर्वाधार विकास कार्यक्रमलगायत विद्यालय तथा क्याम्पसहरूको भौतिक तथा शैक्षिक विकासका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले बताए।

**९१ हजार विद्यार्थी अध्ययनरत**

'अहिले बुटवलले शिक्षा र स्वास्थ्यमा एक खालको फड्को मारेको छ, बुटवलमा ९१ हजार विद्यार्थी छन्,' उनले भने-'सरकारी विद्यालयहरूमा देशभरिकै नमूना विद्यालयका रूपमा बुटवलले स्थापित गरेको छ।' पूर्णरूपमा पूर्वाधार हुने हो भने अहिले भएको भन्दा दोब्बर संख्यामा विद्यार्थी राख्न सकिने उनको दाबी छ। 'त्यसैले शिक्षामा बुटवलले गर्व गर्ने स्थिति छ, गत साल मात्र बुटवलले शिक्षाको क्षेत्रमा आफ्नो पूर्ण बजेटको २६ प्रतिशत शिक्षामा छुट्याएको छ, हिजो ठूलो विद्यालयसँग साना विद्यालय मर्ज गर्ने कुरा उठेको थियो,' उनले भने-'हामीले त्यो कुरा रोक्यौं, जुन समुदायमा विद्यालय छ, त्यो विद्यालय मर्ज गरेपछि त्यो समुदायको विद्यार्थी त्यहाँ पढ्न आउने भएनन्, बाहिरका विद्यार्थी मात्र पढ्न आउने भए, त्यो समुदायको विद्यार्थीले पढ्न नपाउने भए।'

त्यसैले त्यहाँ भएका आधारभूत विद्यालयलाई कसरी स्तरोन्नति गर्ने र सबै विद्यालयलाई कम्प्युटर, आइटीसँग कसरी जोड्ने भनेर बजेट माग्न नआउँदा पनि ती विद्यालयलाई बजेटको व्यवस्थापन गरेर प्रविधियुक्त विद्यालय बनाउनेमा लागिपरेको उनको भनाइ छ । 'यो कुरालाई हामीले निरन्तरता दिएका छौं, यसो गर्दा त्यहाँको समुदायको विद्यालयमा विद्यार्थीको संख्या बढ्दो मात्रामा छ, बुटवलमा गत वर्ष नै नर्सिङ, एचएको अध्ययन सुरु गरेका छौं,' उनले भने-'शिक्षा र स्वास्थ्यलाई बुटवलले धेरै, उच्च प्राथमिकतामा राखेको छ, बुटवलमा गरिने शिक्षा र स्वास्थ्यको विकास बुटवलका लागि मात्र होइन। देशका सबै क्षेत्रका लागि हो।'

अहिले एक हजारभन्दा बढी विद्यार्थी कर्णाली प्रदेशका रहेको उनले बताए। उनले भने-'स्वास्थ्य उपचकारका लागि साविक लुम्बिनी अञ्चलका जिल्लाहरूबाट बिरामी यहाँ आउँछन्, शिक्षा र स्वास्थ्यमा हामीले मात्र होइन, हाम्रो छिमेकसँग भूगोल जोडिएका सबैले विश्वास गरेको अवस्था छ।' यसमा प्रदेश र संघीय सरकारको सहयोग रहेको उनले बताए।

९८ वटा माध्यमिक तहसम्म गराउने विद्यालय बुटवल उप-महानगरपालिकाभित्र रहेका छन् । यी मध्ये ५७ वटा निजी अर्थात् संस्थागत विद्यालयहरू रहेको उपमहानगरको माध्यमिक शिक्षा शाखाले जनाएको छ भने ५ वटा धार्मिक विद्यालय रहेका छन् र ३६ वटा सामुदायिक विद्यालयहरू रहेका छन् । यी विद्यालयमा प्ले ग्रुपदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको संख्या ७१ हजार ४ सय ३ रहेको माध्यमिक शिक्षा शाखाले जनाएको छ। बुटवलमा रहेका क्याम्पसहरूमा पनि २ देखि ५ हजार विद्यार्थीहरू रहँदा ९१ हजार बढी विद्यार्थीहरू रहेको अनुमान गर्न सकिन्छ।

**शिक्षा सुधारका महत्वपूर्ण कार्यहरू**

बुटवल उप-महानगरपालिका माध्यमिक तह शिक्षा शाखाका उपनिर्देशक टिकाराम पन्थीका अनुसार बुटवल उप-महानगरपालिकाले पछिल्लो समय शिक्षाको लागि विभिन्न सुधारका प्रयासहरु अगाडि बढाएको छ।

उनका अनुसार अहिले बुटवलभित्र रहेका अधिकांश विद्यालयहरुमा अहिले भौतिक पूर्वाधार थपिने क्रम जारी छ।

उनका अनुसार पाँच वर्षे शैक्षिक योजना निर्माणको कार्यदल गठन गरी काम अगाडि भइरहेको छ । यसका साथै स्थानीय पाठ्यक्रम संशोधनको पनि कार्यदल गठन भइ निरन्तर काम भइरहेको छ। जसमा पहिले छापिएका पुस्तकहरूमा परिवर्तनका कामहरू भइरहेका छन्।

शिक्षकहरूलाई मासिक रूपमा तलब भत्ता निकासा भइरहेको जानकारी गराउँदै बुटवलमा तलबको कारणले समस्या नआएको उनले दाबी गरे।

बुटवल उप-महानगरपालिकाभित्र रहेका कक्षा बालविकासदेखि कक्षा ५ सम्म अध्ययन गर्ने बालबालिकाहरूका लागि संघीय सरकारबाट प्राप्त हुने प्रतिदिन रु १५ खाजा खर्चलाई बुटवल उप-महानगरपालिकाबाट रु १० थप गरी २५ रुपैयाँ पुऱ्याइएको बताउँदै उनले यो कार्यले विद्यार्थी आवागमनको दर बढ्ने विश्वास व्यक्त गरे।

अङ्ग्रेजी माध्यमबाट अध्यापन हुँदा यहाँ सामुदायिक र संस्थागत विद्यालयको नतिजा बराबर जस्तै छ।

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

शम्भुलाल श्रेष्ठ
नगर प्रमुख

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी(बसुप)

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाईसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरू सधैँ सफा राखौं, साथै सबैले पानी शुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्षपछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरू रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं ।

अर्जुन चौधरी
प्रमुख प्रशासकीय अधिकृत

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,नवलपरासी(बसुप)

# कङ्के देउराली र रोल्मा तिखेचुलीः
# आकर्षक पर्यटकीय थलो





मदाने । गुल्मी जिल्लाको पश्चिमी भागमा रहेको मदाने गाउँपालिका उच्च पहाडी क्षेत्रको बिचमा समथर बैंसीसहित विविध भौगोलिक बनावटले सुन्दर छ ।

यो क्षेत्र समग्र देशको सुन्दर पहाडी आकर्षणयुक्त भुगोलहरूको प्रतिविम्ब हो । साविकको अग्लुङ्ग, बाँझकटेरी, भनभने, मलागिरी, म्यालपोखरी, पुर्कोट दह र सिर्सेनी गाविस मिलेर बनेको यो गाउँपालिकामा कङ्के देउराली, रोल्मा तिखेचुली, पुर्कोटकोट, मदाने लेक, टोप्रे लेक, पुर्कोट दह, जस्ता धार्मिक तथा पर्यटकीय स्थल रहेका छन् ।

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका समुन्द्र सतहबाट न्यूनतम एक हजार मिटरभन्दा माथि उचाईदेखि २६९० मिटरमाथि जैविक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरूप फरक-फरक छन् । गाउँ क्षेत्रका बैंसीहरूमा उष्ण, पहाडी भेगमा समशितोषण र महाभारतमा पहाडमा शितोष्ण प्रकारका हावापानी पाइन्छन् ।

खासगरी वडा नं. ६ को कङ्के देउराली जुन समुद्री सतहदेखि २९५० मिटरको उचाईमा छ, यसलाई गुरुयोजना नै बनाएर आकर्षक पर्यटकीय थलो बनाउन गइरहेका छौं । कङ्के देउराली साविकको लुम्बिनी अञ्चलको सबैभन्दा अग्लो लेक हो । पश्चिममा रहेका प्यूठानको झिम्रुक र अर्घाखाँचीको मालारानीबाट गुल्मी प्रवेश गर्ने प्रवेशद्वार पनि कङ्के देउराली भएकाले यहाँ आकर्षक प्रवेशद्वार पनि बन्दैछ। यहाँ संघीय सरकारले पनि लगानी गर्दैछ। कङ्के देउराली अबको केही वर्षमा आन्तरिक र बाह्य पर्यटकको रोजाइको थलो बन्नेमा दुई मत छैन। यहाँ एक अर्ब लागतको गुरुयोजनाअनुसार बहुउद्देश्यीय जलाशय बनाइ खानेपानी, सिँचाइ र पर्यटनको एक साथ विकास गर्ने प्रकृया सुरु भइसकेको छ। कङ्के देउराली डाँडाबाट धौलागिरीसहितका उच्च हिम श्रृंखलाका साथै गुल्मी, प्यूठान र अर्घाखाँचीका विभिन्न स्थानको दृश्यावलोकन गर्न सकिन्छ । मदाने लेकमा रहेको पुरानो मनकामना मन्दिर पनि धार्मिक पर्यटकका लागि गन्तव्यस्थल हो ।

यस्तैगरी वडा नं. ७ मा रहेको रोल्मा तिखेचुलीमा पनि १३ करोडको गुरुयोजना बनेको छ। यहाँ मनकामना मन्दिरसहित पार्क बनाउने योजना छ। यहाँ जीपलाइन र स्काइ साइक्लिङसहितका पूर्वाधार पनि बन्ने छन् ।

वडा नं. ४ को पुर्कोटकोट पनि पर्यटकका लागि आकर्षणयुक्त ठाउँ हो। गोलपोखरी अर्थात् पुर्कोट दह पनि पुरातात्विक सम्पदा हो। यसको सौन्दर्यीकरण कार्यक्रम अघि बढेको छ। सालझण्डी-ढोरपाटन सडक निर्माण सम्पन्न हुँदा मदाने गाउँपालिका पर्यटनको हब बन्नसक्ने विश्वासले पर्यटकीय पूर्वाधार निर्माणका काम अघि बढेका छन्। पर्यटकलाई यहाँका स्थानीय उत्पादन बिक्री गरेर यहाँका बासिन्दाको आयआर्जन बढाउन सकिन्छ । टिमुर, कोदो, जडीबुटी, किवी बाहिरबाट आउने पर्यटकका लागि अर्गानिक खाद्य वस्तु भएकाले यी वस्तु खरिदका लागि पनि मान्छे आउँछन् ।

पहाड छाडेर तराईमा बसाई सर्ने परिपाटी रोक्न अब पहाडमै पर्यटकीय पूर्वाधार बनाउने अर्गानिक कृषिलाई बढावा दिने गाउँपालिकाको नीति छ ।

(गाउँपालिका अध्यक्ष महेन्द्रबहादुर कुँवर, उपाध्यक्ष सरिता खड्का र प्रमुख प्रशासकीय अधिकृत शालिकराम पन्थीसँग गरिएको कुराकानीमा आधारित )

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाईसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरू सधैँ सफा राखौं, साथै सबैले पानी शुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्षपछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरू रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं ।

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

नविल विक्रम शाह
अध्यक्ष

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,प्यूठान

हार्दिक बधाई तथा शुभकामना

३७ औं वर्ष प्रवेश

निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।

नेपाल विद्युत् प्राधिकरण
बुटवल रूपन्देही

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

डढेलोबाट बचौं र बचाऔं

-सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
-जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
-हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समे त उजाड हुन सक्छन्,
-जन, धन र वनको संरक्षण गरौं,
-सचेत बनौं, डढेलोबाट आफू पनि वचौ र अरुलाई पनि बचाऔं ।

तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमार गिरी
अध्यक्ष

गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

## सम्पादकीय

# पर्यटनले जगाएको आशा

पर्यटक भन्ने बित्तिकै केही वर्ष पहिलेसम्म विदेशी र पासपोर्टधारीलाई मानिन्थ्यो। मुलुकमा घुमफिर संस्कृति फस्टाएसँगै अहिले विदेशीलाई मात्रै पर्यटक मान्ने प्रचलन फेरिएको छ। अहिले आन्तरिक र बाह्य दुवैलाई पर्यटक मानिन्छ। मुलुकमा कोभिड महामारीपछि थला परेको पर्यटन क्षेत्र विस्तारै तंग्रिन थालेको छ। विस्तारै आन्तरिक पर्यटकले पर्यटकीय क्षेत्र गुल्जार बन्दैछन्। बाह्य पर्यटकको आगमन उत्साहजनक ढंगले बढ्न नसकिरहेको बेला आन्तरिक पर्यटकले भरथेग भइरहेको छ।

नयाँ वर्षको दिन बुटवलको फूलबारीमा घुमफिर गर्न ३० हजार पुगे। शंकरनगर वन बाटिकामा २० हजारले घुमफिर गरे। पर्यटकीय नगर तानसेनका होटल पनि भरिभराउ भए। अर्को पर्यटकीय शहर पोखरामा आन्तरिकका साथै बाह्य पर्यटक खचाखच छन्। भारतीय पर्यटकको रोजाइ अहिले पोखरा भएको छ। अर्घाखाँचीको सुपादेउरालीमा अहिले धार्मिक पर्यटकको घुँइचो लाग्न थालेको छ। गुल्मीको रेसुङ्गामा धार्मिक र घुमफिर गर्न जाने पर्यटक दिन प्रतिदिन बढिरहेका छन्। सुपादेउरालीमा पर्यटकको आगमन बढ्दा सुपा र नरपानीमा होटल व्यवसाय फस्टाएको छ। पर्यटकका लागि समुदायले होम स्टे सञ्चालनमा ल्याएको छ। रेसुङ्गामा घुमफिर गर्नेहरु बढेपछि तम्घासमा पर्यटकमैत्री होटल व्यवसायमा लगानी बढेको छ। यी केही आशा लाग्दा उदाहरण हुन्, यस्ता धेरै उदाहरण छन्, सडक पूर्वाधारको विकास र पर्यटकीय क्षेत्रमा अन्य पूर्वाधारका काम भएपछि पर्यटक आवागमन बढेको छ। कालीगण्डकी करिडोर निर्माणपछि हिन्दुहरुको आस्थाको केन्द्र मुक्तिनाथ जानेको घुँइचो लागेको छ। पाल्पाको रानीघाट जाने सडक राम्रो बनेसँगै दिनहुँ सयौं रानीमहल पुगेका छन्। रानीमहल पुग्ने बढेसँगै रानीमहल क्षेत्रमा एक दर्जन होटल र रेष्टुरेण्ट खुलेका छन्।

पर्यटन क्षेत्रमा देखिएका यी गतिविधिले नेपालको समृद्धिको प्रमुख आधार पर्यटन हो भन्ने पुष्टि हुन्छ। हिन्दुका आराध्यदेव पशुपति र संसारभरका बौद्धमार्गीको आस्थाको केन्द्र लुम्बिनी हामीसँगै छन्। त्यसका साथै यहाँको प्रकृतिले सबैलाई आकर्षित गर्छ। अझ लुम्बिनी प्रदेश पर्यटन प्रवर्द्धनको लागि राम्रो अवसर छ। बर्दिया राष्ट्रिय निकुञ्जमा दुर्लभ पाटे बाघ हेर्न पाइन्छ। ढोरपाटन शिकार आरक्षमा वन्यजन्तु शिकार गर्न मात्रै होइन्, यहाँ मौसम बदलिएसँगै फुल्ने फूल र यहाँका पाटन तथा यहाँको संस्कृति आन्तरिक र बाह्य पर्यटकका लागि रोजाइ हुन्। रूकुम र रोल्पामा मगर संस्कृतिमा रमाउन सकिन्छ। दाङ, बाँके र बर्दियामा थारू संस्कृतिमा रमाउन सकिन्छ। बाँकेको गाभर भ्याली छोटो समयमा पर्यटकीय केन्द्र भएको छ, जहाँ थारू परिकार खान र थारू संस्कृतिमा रम्न पाइन्छ। पाल्पामा मगर संस्कृतिका खाना खान र रमाउन पाइन्छ। प्यूठानको स्वर्गद्वारी र रिडीको ऋषिकेश मन्दिरमा पूजाआजा गरे पून्य प्राप्ति हुन्छ भन्ने हिन्दु धार्मिक विश्वास रहेकाले यहाँ जानेहरुको संख्या पनि वर्षेनी बढिरहेको छ।

पर्यटकीय स्थल पुग्न पछिल्ला वर्ष पूर्वाधार निर्माणको कामले गति लिएको छ। मुलुकमा संघीय शासन प्रणाली स्थापनापछि तहगत सरकारबिच समन्वय र सहकार्य गरी पूर्वाधार निर्माण र पर्यटकीय स्थल पहिचान तथा प्रचारप्रसार गर्ने काम भइरहेको छ। अहिले भइरहेको पहलकदमीलाई अझैं बढाउनुपर्छ। पर्यटकीय स्थल पुग्ने पर्यटकका लागि राम्रो बास र खाना उत्तिकै महत्वपूर्ण विषय हो। त्यसैगरी, पर्यटकमैत्री आतिथ्य संस्कार पनि नभई हुन्न। पर्यटकमैत्री वातावरण बनाउन निजी क्षेत्रले पहलकदमी लिनुपर्छ, त्यसबेला तहगत सरकारको आवश्यक भए लिने पहलकदमी लिनुपर्छ। पर्यटन प्रवर्द्धन बढाउन सक्दा मुलुकको अर्थतन्त्र चलायमान बनाउन सकिन्छ। पर्यटनलाई रोजगारीका लागि विदेश जानै पर्ने बाध्यताको अन्त्य गर्ने महत्वपूर्ण औजार बन्नसक्छ।


## भैरहवा भन्सार कार्यालयको सूचना

- यात्रुहरुले आफ्नो साथमा रहेका सामानहरु जाँच गराएर मात्र आवात-जावत गरौं।
- सवारी साधनमा यात्रा गर्ने विदेशी तथा स्वदेशी यात्रुहरुले आफ्नो सवारी साधनको अनुमति पत्र तथा अन्य कागजातहरु जाँच गराएर मात्र आउने जाने गरौं।
- सीमा क्षेत्रमा हुने अवैधानिक पैठारी रोक्न सबैले सहयोग गरौं।
- गैर कानूनी ढंगबाट हुने ओसार पसार रोक्न भन्सार कार्यालयमा सूचना दिएर असल नागरिकको कर्तव्य पूरा गरौं।
- चोरी निकासी र चोरी पैठारी दण्डनीय कार्य हो। कसैले सो कार्य गरेको पाइएमा भन्सार ऐन २०६४ तथा भन्सार नियमावली २०६४ बमोजिम कानूनी कारबाही हुनेछ।
- वन एने, हातहतियार तथा खरखजाना सम्बन्धी ऐन लागू औषध कारोबार ऐन, मन्ट्रियल सन्धि लगायत नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौतामा उल्लेख भएका वन्यजन्तु तथा वनपैदावार, हातहतियार, लागू पदार्थ, घातक रसायन तथा ग्यासहरु लगायत प्रतिबन्धित वस्तुहरुको निकासी र पैठारी गर्ने एवम् सो को दुरुत्साहन गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही समेत हुने व्यहोरा यसै सूचनासाथ जानकारी गराइन्छ।

अनुरोधक
नेपाल सरकार
अर्थ मन्त्रालय
भैरहवा भन्सार कार्यालय
बेलहिया, रुपन्देही


# पर्यटनबाटै समृद्धि यात्रा

टीपी भुसाल

नेपाल प्राकृतिक सौन्दर्य, साँस्कृतिक सम्पदा र जैविक विविधताले भरिपूर्ण देश हो। विश्वपर्यटन मानचित्रमा एक आकर्षक गन्तव्यको रूपमा चिनिन्छ। हिमाल, पहाड र तराईको अनुपम संयोजनले यहाँको पर्यटन क्षेत्रलाई विश्वस्तरमा विशेष हो भन्ने सन्देश प्रवाह गर्दछ। नेपाल प्राकृतिक सौन्दर्य, साँस्कृतिक विविधता, र ऐतिहासिक धरोहरले भरिपूर्ण एक आकर्षक पर्यटकीय गन्तव्य हो। नेपाल संस्कृति, प्रकृति र साहसिक पर्यटन (नेचर, कल्चर र एडभेन्चर) का लागि विश्वस्तरीय गन्तव्य पनि हो। हिमालयको काखमा अवस्थित नेपालसँग विश्वभरका पर्यटकहरूलाई आकर्षित गर्न सक्ने विविध विधाहरू छन्।

नेपालसँग पर्वतीय पर्यटन जहाँ साहसिक गतिविधि गर्न सकिन्छ, सगरमाथासहित संसारमा अग्ला आठ वटा हिमाल रहेका छन्। त्यसबाहेक असंख्य हिमश्रृंखलाहरू छन्। धार्मिक पर्यटनका लागि गौतमबुद्धको जन्मस्थल लुम्बिनीदेखि जनकपुर, मक्तिनाथ, पशुपतीनाथलगायतका महत्वपूर्ण क्षेत्रहरू रहेका छन् भने दजनौं राष्ट्रिय निकुञ्ज र जैविक विविधताले भरिएका सुन्दर ठाउँहरू रहेका छन्। पर्यटनले न केवल विदेशी मुद्रा आर्जन गर्छ, यसले हजारौं नेपालीहरूको रोजगारीका अवसरसमेत सिर्जना गर्दछ। तथापि, नेपालको पर्यटन क्षेत्रले आधारभूत संरचनाको अभाव, भएका पूर्वाधारहरको सञ्चालनमा समस्या, प्रवर्धनका लागि उचित र प्रभावकारी कार्यक्रमको अभाव र नीतिगत स्पष्टताको अभावमा आफ्नो पूर्ण क्षमता प्राप्त गर्न सकेको छैन। समृद्धिको लागि महत्वपूर्ण क्षेत्र भएर पनि त्यसबाट लिनु पर्ने जति लाभ लिन नसकिएको यथार्थलाई स्वीकार गर्न पर्छ।

नेपालको पर्यटन क्षेत्रले अपेक्षित गति लिन नसकेको तथ्य विभिन्न तथ्य, तथ्याङ्क र अवस्थाले देखाउँछ। हामीले ती क्षेत्रगत पर्यटनमा उचित ध्यान दिन सकिरहेका छैनौ। यद्यपि, यस क्षेत्रले विगत केही वर्षहरूमा कोभिड-१९ महामारी, राजनीतिक अस्थिरता र वातावरणीय चिन्ताहरूसहित थुप्रै चुनौतीहरूको सामना गरेको छ। अन्तर्राष्ट्रिय पर्यटन बजारमा उत्कृष्ट पर्यटन गन्तव्य मुलुकको पहिचान बनाएको नेपालमा पर्यटक आगमन भने सन्तोषजनक देखिँदैन।

युएन टुरिजमका अनुसार २०२४ मा विश्वभरको पर्यटनमा ९९ प्रतिशत रिकवरी आइसकेको छ। समग्रमा विश्व पर्यटन सन् २०१९ को हाहाहारीमा पुगेको देख्न सकिन्छ। तर क्षेत्रगत रूपमा हेर्दा एसिया क्षेत्र नै सबैभन्दा कम रिकवरीमा पर्दछ। सन् २०२४ मा विश्व पर्यटन ९९ प्रतिशत रिकवरी हुँदा मध्यपूर्व १३२ प्रतिशत, अफ्रिका १०७ प्रतिशत, युरोप १०१ प्रतिशत,अमेरिका ९७ प्रतिशत र एशिया प्यासिफिक ८७ प्रतिशतमा रहेको छ। नेपालमा सन् २०२३ को तुलनामा २०२४ मा १३ प्रतिशतले पर्यटन आगमन बढेको छ। एशिया प्यासिफिकको रिकवरी ८७ हुँदा नेपालको ९६ प्रतिशत छ। यसलाई सकारात्मक नै मान्न सकिएला तर हामी यसमा नै चित्त बुझाउने स्थिति भने पक्कै होइन।

नेपाल पर्यटन बोर्डका अनुसार,२०२४ मा ११ लाख ४७ हजार ५ सय ६७ पर्यटक नेपाल आएका छन्। तथ्याङ्कअनुसार एक वर्षमा नेपालले मासिक ९५ हजार ६ सय ३० पर्यटक मात्र भित्रिएका छन्। नेपालमा सन् २०१९ मा करिब १२ लाख (११ लाख ९७ हजार १ सय ९१ पर्यटक नेपाल आएका थिए।) यो नै अहिलेसम्मको सबैभन्दा ठूलो संख्या हो। त्यसपछिका दुई वर्ष २०२० र २०२१ कोभिड महामारीले प्रभावित भयो। त्यसपछि संसारभरि तीव्र गतिले आगमन सुधार भए पनि नेपालको गति सुस्त भयो। सन् २०२४ मा २०१९ को लक्ष्य भेटिने अपेक्षा गरे पनि त्यो लक्ष्य भेटिन सकेन्।

बोर्डको तथ्याङ्कअनुसार, सन् २०२२ मा ६ लाख १४ हजार ८ सय ६९ र २०२३ मा १० लाख १४ हजार ८ सय ८२ जना पर्यटकले नेपाल भ्रमण गरेका थिए। नेपालको पर्यटन उद्योगमा ठूलो लगानी भएको छ। तर सो अनुरूपको प्रतिफल प्राप्त हुन सकेको छैन। सरकारले केही समय पहिले 'राष्ट्रिय होटल तथा रेस्टुरेण्ट सर्वेक्षण २०८०' को नतिजा सार्वजनिक गरेको थियो। जस अनुसार नेपालमा १ लाख ४२ हजार २ सय २३ प्रतिष्ठान रहेका छन्। होटल उद्योगमा मात्र ५ खर्ब ४३ अर्ब रुपैयाँ बराबर लगानी भइसकेको देखिएको छ। होटल संघ नेपालका अनुसार, नेपालमा ३५ लाखभन्दा बढी पर्यटकलाई सेवा दिन सक्ने सामर्थ्य छ।

सन् २०२५ को मार्चसम्मको अवस्थालाई हेर्दा, पर्यटन क्षेत्रमा केही सुधार देखिए पनि चुनौतीहरू कायमै छन्। चालु आर्थिक वर्ष २०८१/८२ मा सरकारले १६ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ, तर यो लक्ष्य पूरा हुने सम्भावना कम देखिएको छ। वार्षिक ३५ लाख पर्यटकलाई सेवा दिन सक्ने हाम्रो क्षमता भए पनि अन्य पर्यटकीय पूर्वाधार, प्रचार-प्रसार र नीतिगत कमजोरीका कारण त्यो संभावना उपयोग हुन सकेको छैन।

हवाई मार्गबाट आउने पर्यटकको संख्या बढे पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सीमित क्षमता र व्यवस्थापन समस्याले बाधा पुऱ्याइरहेको छ। पोखरा र भैरहवाका नयाँ विमानस्थल सञ्चालनमा आए पनि प्रभावकारी प्रयोग र अन्तर्राष्ट्रिय उडान बिस्तारमा ढिलाइ भइरहेको छ। आन्तरिक पर्यटनमा सडक सञ्जाल बाधक देखिएको छ। प्रमुख पर्यटकीय गन्तव्य पोखरा, चितवन र लुम्बिनी जस्ता स्थानमा जाने सडकको अवस्था तथा अन्य दुर्गम क्षेत्रका पर्यटकीय गन्तव्यमा पहुँचको अभावले समग्र पर्यटन क्षेत्र प्रभावित छ। यसका बाबजुत पनि नेपाली नागरिकको बढ्दो यात्रा रूचि र स्थानीय तहको पहलले आन्तरिक पर्यटनमा देखिएको चहलपहललाई सकारात्मक मान्न सकिन्छ।

**सरकारको भूमिका**

नेपालको पर्यटन क्षेत्रको विकास र विस्तारमा सरकारको भूमिका निर्णायक हुन्छ। नेपालको प्रयर्टन प्रवर्द्धनका लागि तीनै तहका सरकाले विशेष ध्यान दिन आवश्यक छ। त्यसका लागि पहिलो हो, नीतिगत सुधार र सहजीकरण। पर्यटन नीति, २०६५ लाई समयानुकूल परिमार्जन गर्न आवश्यक छ। मन्त्रालयले यसमा काम गरिरहेको भए पनि त्यो नआउँदासम्म कस्तो नति आउला भन्न सकिँदैन। सरकारले नयाँ पर्यटन नीति तर्जुमा गरिरहेको सन्दर्भमा विश्व परिवेशमा भइरहेका नयाँ अभ्यास र निजी क्षेत्रको भूमिकालाई प्रवर्धन गर्ने खालको नीति ल्याउनु पर्दछ। पर्यटक भिसा प्रक्रियालाई सरल बनाउने, दोहोरो कर हटाउने र निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन दिने नीति ल्याउनुपर्छ। अर्कोतर्फ नीतिगत स्थिरता पनि आवश्यक छ। मन्त्रीअनुसार नयाँ कार्यक्रमभन्दा पनि देशको आवश्यक्ताअनुसारका कार्यक्रम ल्याउनु पर्दछ।

यस्तै पर्यटकीय पूर्वाधार विकास अर्को महत्वपूर्ण विषय हो, सडक, हवाई यातायात, होटल र सञ्चार सुविधाको विस्तारमा लगानी बढाउनुपर्छ। दुर्गम हिमाली क्षेत्र र तराईका सम्भावित गन्तव्यहरूमा पहुँच सहज बनाउन सडक सञ्जाल र स्थानीय विमानस्थलको विकास आवश्यक छ। पोखरा र भैरहवा विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गरी क्षेत्रीय हब बनाउनुपर्छ।

दोस्रो प्रचार-प्रसार र ब्रान्डिङलाई प्राथमिकतामा राख्नु पर्दछ। नेपाललाई विश्व बजारमा आकर्षक र सुरक्षित गन्तव्यको रूपमा स्थापित गर्न प्रभावकारी ब्रान्डिङ र डिजिटल मार्केटिङमा जोड दिनुपर्छ। नेपालको पर्यटन प्रवर्धनको जिम्मा पाएको नेपाल पर्यटन बोर्डको भूमिका कमजोर मात्रै होईन निष्प्रभावी देखिएको छ। त्यसैले पनि पछिल्लो समय बोर्डको भूमिकामाथि प्रश्न उठेको छ। यसको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक छ। छिमेकी देशहरू भारत र चीनका पर्यटकलाई लक्षित गरी विशेष प्याकेज र भ्रमण वर्षजस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

तेस्रो पर्यटकहरू आफ्नो सुरक्षा र सेवाको गुणस्तरका विषयमा संवदेनशील हुने गर्छन्। सुरक्षाका लागि पर्यटक प्रहरीको प्रभावकारी परिचालन र प्राकृतिक विपद् व्यवस्थापनको तयारी गर्नुपर्छ। साथै, पर्यटकीय स्थलहरूको सरसफाइ र संरक्षणमा विशेष ध्यान दिनुपर्छ। पर्यटन सेवाको गुणस्तरमा उचित ध्यान दिन आवश्यक छ। अहिले हामीले संख्यालाई प्राथकिता दिइरहेको सन्दर्भमा गुणस्तरीय पर्यटक भित्र्याउने, उनीहरूको बसाई अवधि लम्ब्याउने तथा खर्च बढाउने रणनीति आवश्यक छ। दिगो पर्यटन आजको आवश्यकता हो, पर्यावरण संरक्षणलाई प्राथमिकता दिँदै ग्रामीण र पर्यापर्यटनलाई प्रोत्साहन गर्नुपर्छ। स्थानीय समुदायलाई पर्यटन व्यवसायमा समावेश गरी लाभको समन्यायिक वितरण सुनिश्चित गर्न सकेमा दियो पर्यटन प्रवर्धन गर्न सकिन्छ।

**निजी क्षेत्रको भूमिका**

नेपालको पर्यटन उद्योगमा निजी क्षेत्रको ठूलो लगानी रहेको छ। र यो लगानी दिनानुदिन वृद्धि हुँदै गइरहेको छ। खासमा पर्यटन उद्योग नेतृत्व गर्ने नै निजी क्षेत्रले हो। सरकारले ठूला पूर्वाधारको विकास गरिदिने, नीतिगत रूपमा सहजिकरण गरिदिने मात्रै हो। त्यसको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति हुनुपर्छ।

पर्यटन क्षेत्रका लागि अनुकूल नीतिहरू बनाउन र कार्यान्वयन गर्न निजी क्षेत्रले भन्दै आए पनि सोही अनुरूप नीति तथा कार्यक्रम बन्न नसकेको गुनासो निजी क्षेत्रको रहँदै आएको छ। नेपालको पर्यटनलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्धन गर्न निजी क्षेत्र आफैंले प्रयत्न गर्दै आएको छ। जहाँ सरकारी निकायको भूमिका कमजोर देखिन्छ।

नेपालको पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्र सधैँ अगाडि नै रहेको छ। नयाँ गन्तव्यको खोजी र प्रवर्धन निजी क्षेत्रले गर्नु पर्ने काम हो। काठमाडौँ, पोखरा र चितवनबाहेक अन्य सम्भावित गन्तव्यहरूको पहिचान र विकासमा निजी क्षेत्रले सक्रियता देखाउनुपर्छ। स्थानीय उत्पादन र हस्तकलालाई पर्यटनसँग जोडेर बजार विस्तार गर्न सकिन्छ। प्रविधिको प्रयोग अहिले अनिवार्य आवश्क्ता हो। अनलाइन बुकिङ, डिजिटल मार्केटिङ र पर्यटक सूचना प्रणालीमा निजी क्षेत्रले नवीनतम प्रविधिको प्रयोग गर्नुपर्छ। यसले पर्यटकको अनुभव र पहुँच दुवै बढाउँछ। सेवाको गुणस्तर सुधारका लागि तालिम प्राप्त जनशक्ति उत्पादनमा जोड दिनुपर्छ। आतिथ्य, खाना र गाइड सेवाको स्तर वृद्धि गर्न निजी क्षेत्रले सरकारसँग सहकार्य गर्न सक्छ।

सहकार्य र साझेदारीको अभावले भइरहेका कार्यक्रमहरू पनि प्रभावकारी बन्न सकेका छैनन्। सरकारसँगको सहकार्यमा पर्यटकीय प्याकेज निर्माण, मेला-महोत्सवआयोजना र अन्तर्राष्ट्रिय प्रदर्शनीमा सहभागिता जनाएर नेपालको पर्यटन प्रवर्धनमा निजी क्षेत्रको भूमिका गर्न सकिन्छ।

**अन्त्यमा,**

नेपालको पर्यटन क्षेत्रमा अपार सम्भावना छ। तर, ती सम्भावनाको पूर्ण उपयोग गर्न सरकार र निजी क्षेत्रको सशक्त सहकार्य अपरिहार्य छ। नीति निर्माणमा स्थिरता, पूर्वाधार निर्माणमा द्रुतता, र प्रवर्द्धनमा सशक्तता आवश्यक छ। नेपाल जस्तो जैविक, सांस्कृतिक, र भौगोलिक विविधताले भरिपूर्ण देशलाई साहसिक, अध्यात्मिक र सांस्कृतिक पर्यटनको गन्तव्य बनाउने अपार सम्भावना छ। यदि रणनीति सही बनाइयो भने, नेपाललाई "एक पटक जानैपर्ने गन्तव्य" का रूपमा अन्तर्राष्ट्रिय बजारमा चिनाउन सकिन्छ। पर्यटकको बढ्दो संख्या र दिगो तथा साहसिक पर्यटनमा बढ्दो चासोका साथ कोभिड-१९ महामारीको प्रभावबाट नेपालको पर्यटन व्यवसाय लयमा फकिदै गर्नु सकारात्मक मान्नु पर्छ। यस क्षेत्रले वातावरणीय दिगोपन, पूर्वाधारको खाडल र छिमेकी गन्तव्यहरूबाट प्रतिस्पर्धालगायतका चुनौतीहरूको सामना गरिरहेको भए पनि नेपालको पर्यटन सम्भावना विशाल छ। यदि देशले चुनौतीहरूलाई सम्बोधन गर्न र दिगो अभ्यासहरू प्रवर्धन गर्न जारी राख्न सक्छ भने, यसले विश्वव्यापी पर्यटन बजारमा पुनर्निर्माण र फस्टाउने अवसर पाउनेछ।

नेपाल संघीय संरचनामा गइसकेको अवस्थामा हरेक प्रदेशहरूले पनि आफुलाई अन्य प्रदेशको तुलनामा आफूले कसरी प्रभावकारी काम गर्न सकिन्छ भन्ने रणनीतिकासाथ काम गर्नु पर्दछ। अन्त्यमा, नेपालको समृद्ध सांस्कृतिक र प्राकृतिक सम्पत्तिका बाबजुद, अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्न र आफूलाई प्रतिस्पर्धात्मक गन्तव्यको रूपमा स्थापित गर्न सरकार र निजी क्षेत्र मिलेर धेरै काम गर्न सकिन्छ।

नेपालले आफ्ना प्रस्तावहरूमा निरन्तर नवप्रवर्तन र सुधार गर्न आवश्यक छ। केवल राजनीतिक खपतका लागि घोषणा गरिने कार्यक्रमले मात्रै नेपालको प्रवर्धन नहुने हुनाले प्रभावकारि कार्यान्वयन गर्न सकिने ठोस,तथा

प्रभावकारी पर्यटन प्रवर्धनका कार्यक्रम ल्याउनु आवश्यक छ।

*(लामो समयदेखि पत्रकारिता र प्रध्यापनमा संलग्न भुसाल अहिले नेपाल उद्योग वाणिज्य महासंघमा सञ्चार तथा अनुसन्धान परामर्शदाताका रूपमा कार्यरत छन्)*


## ३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

## गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाईसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरू सधैँ सफा राखौं, साथै सबैले पानी शुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्षपछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरू रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं।

शालिकराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

# बुद्ध परिपथको पर्यटन प्रवर्धनमा गर्नुपर्ने काम

**लुम्बिनीलाई केन्द्रमा राखेर बुद्ध परिपथको एकीकृत विकासका लागि तहगत सरकारबिच साझेदारी हुनुपर्छ। बुद्ध परिपथमा पर्यटन प्रवर्धन कार्यक्रम चलाएर पर्यटक आकर्षित गर्न सकिन्छ।**



**सुदिप भण्डारी**





*लुम्बिनी*

बुद्ध जन्मस्थल लुम्बिनी मुलुककै प्रमुख पर्यटकीय गन्तव्य हो। लुम्बिनी र आसपासमा बुद्धसँग सम्बन्धित अरू महत्वपूर्ण ठाउँ पनि छन्। कपिलवस्तुको तिलौराकोटमा गौतमबुद्धले २९ वर्ष बिताएका थिए। जहाँ उनका पिता राजा शुद्धोधनको दरबार रहेको थियो। कपिलवस्तुमै बुद्धसँग सम्बन्धित कुदान, गोटीहवा, निग्लीहवा, सगरहवा, अरौराकोट, सिसहनियालगायतका पुरातात्विक ठाउँ छन्। नवलपरासी पश्चिममा बुद्धको अस्तिधातु रहेको रामग्राम स्तूपा, कोलीय गणराज्यको राजधानी मानिएको पण्डितपुर छ। रूपन्देहीमा बुद्धको मावलीस्थल देवदह छ। तर यी ठाउँ एक प्रकारले ओझेलमा छन्।

गत वर्ष सन् २०२४ मा ११ लाख ७५ हजार ३०४ जनाले बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेका छन्। जसमध्ये ७ लाख ५९ हजार ९९० जना आन्तरिक पर्यटक रहेको लुम्बिनी विकास कोषले जनाएको छ। सोही वर्ष ३ लाख ८८९ भारतीयले लुम्बिनी भ्रमण गरेका छन्। भारत बाहेक तेस्रो मुलुकबाट १ लाख १४ हजार ४२५ ले लुम्बिनी घुमेका छन्। गत वर्ष आएका मध्ये ५ प्रतिशत पर्यटक बुद्ध परिपथका अन्य ठाउँमा पुगेका छैनन्।

लुम्बिनी आएका अधिकांश पर्यटकहरू एकैछिन घुमेर फर्किने गरेका छन्। पर्यटकको बसाइ लम्बाउन अन्य बुद्धस्थलमा पनि पुग्ने वातावरण बनाउनुपर्ने आवाज उठेको छ। त्यससम्बन्धी ठोस योजना छैन।

लुम्बिनी भ्रमणमा आउनेमध्ये कतिपयलाई रामग्राम, तिलौराकोट र देवदहलगायतका ठाउँबारे थाहै छैन। कतिपयले नाम मात्र सुनेको, तर यी बुद्धस्थलको महत्वबारे जानकारी नभएको हुनसक्छ। धेरै जसोमा अन्य बुद्धस्थलबारे राम्रो ज्ञान भए पनि त्यहाँ जाने सहज वातावरण नबनेको हुनसक्छ।

सरकारले रूपन्देही, नवलपरासी पश्चिम र कपिलवस्तुका बुद्धस्थलहरूको एकीकृत विकास, संरक्षण र प्रवर्द्धन गर्ने गरी वृहत् लुम्बिनीको अवधारणा अघि सारेको छ। बौद्धस्थलहरू भ्रमण गर्न सकिने गरी बुद्ध परिपथको चर्चा पनि गरिन्छ। तर वृहत् लुम्बिनी क्षेत्र र बुद्ध परिपथको अवधारणालाई व्यवहारिक रूपमा अघि बढाउने कुनै ठोस कार्य भएको देखिँदैन।

तीन जिल्लाका बुद्धस्थलहरू लुम्बिनी विकास कोषको मातहतमा रहेका छन्। तर लुम्बिनीसँग जोडेर अन्य बुद्धस्थल र बुद्धपरिपथको विकास तथा प्रवर्धन हुन सकेको छैन। लुम्बिनी आएका पर्यटक बुद्धपरिपथ भएर अन्य बुद्धस्थलमा पुग्ने वातावरण बनेको छैन।

पहिलो कुरा त बुद्धस्थलहरूको विकासमा संघीय सरकारले खासै ध्यान दिएको छैन। अर्को कुरा यहाँको उचित प्रचारप्रसार पनि हुन सकेको छैन। यस्तै बुद्धपरिपथको यात्रा गर्न पनि सहज छैन। अब लुम्बिनीसँगै अन्य बुद्धस्थलहरूको विकास र प्रवर्धनको लागि निम्न कुराहरू गर्न आवश्यक छ।

**बुद्धस्थलको जानकारीको लागि सूचना केन्द्र**

पर्यटकहरू लुम्बिनी घुम्न आए भने उनीहरूलाई अन्य बुद्धस्थलहरूबारे जानकारी दिने संयन्त्र र माध्यम छैन। पर्यटकहरू आउँछन्, मायादेवी मन्दिर शान्तिदीपलगायत केही ठाउँ घुम्छन् र उतिखेरै फर्किन्छन्। लुम्बिनी आएका प्रत्येक पर्यटकलाई लुम्बिनीसहित अन्य बुद्धस्थलबारे जानकारी दिने सूचना केन्द्र हुनुपर्छ। पर्यटक लुम्बिनी आएपछि केही बेर सूचना केन्द्रमा रहने वातावरण बनाउनुपर्छ। पर्यटन सूचना केन्द्रमा अन्य बुद्धस्थलहरू बारेको विभिन्न तस्विर, भिडियो, टुर गाइडमार्फत् जानकारी दिने व्यवस्था गर्नुपर्छ। समूहगत भ्रमणमा आएकालाई अनिवार्य रूपमा बुद्धस्थलहरूको बारेमा जानकारी गराउनुपर्छ। यसले पर्यटकलाई अन्य बुद्धस्थल जान प्रेरित गर्छ।

सूचना केन्द्र बाहेक होटल व्यवसायीले पनि बास बसेका पर्यटकलाई बुद्ध परिपथअन्तर्गत पर्ने बुद्धस्थलहरूको बारेमा जानकारी दिनुपर्छ। यसो भएमा केही पर्यटकहरू बुद्धपरिपथको भ्रमण पनि गर्नेछन् भने जान नचाहनेहरूले पनि कम्तीमा ती बुद्धस्थलहरूको महत्वबारे थाहा पाउनेछन्।

**पर्यटनमैत्री सिधा यातायात**

लुम्बिनी आएका पर्यटकहरूलाई अरू बुद्धस्थल जाने चाहना भयो भने पनि त्यति सहज यातायात छैन। उदाहरणको लागि लुम्बिनीबाट रामग्राम जानुपर्‍यो भने सिधा सार्वजनिक यातायात छैन। लुम्बिनीबाट पहिले भैरहवासम्मको बसमा जानुपर्‍यो। भैरहवाबाट परासीको लागि अर्को बस चढ्नुपर्छ। थोत्रा र पुराना बसको यात्रा निकै दिक्क लाग्दो र कष्टकर हुने गर्दछ। परासी चोकमा पुगी फेरि अर्को बस कुरेर वा अटो रिर्जब गरी चार किलोमिटर यात्रा गरेपछि मात्र रामग्राम स्तूपा पुग्न सकिन्छ। लुम्बिनीबाट बुद्धको मावली देवदह जान ठाउँ-ठाउँमा गाडी बदल्नुपर्छ।

त्यस्तै लुम्बिनीबाट कपिलवस्तु पुग्न पनि स्थानीय बसको हालत बिजोग छ। तौलिहवामा झरेर ३ किलोमिटरको लागि अर्को गाडी या अटो रिक्सा चढेपछि मात्र तिलौराकोट पुग्न सकिन्छ। बुद्ध परिपथमा सहज र पर्यटनमैत्री सार्वजनिक यातायात नहुँदा पनि अन्य बौद्धस्थलमा पर्यटकको आकर्षण बढ्न सकेको छैन। निजी गाडी रिर्जब गरेर बुद्धस्थल घुम्न ५-७ हजार लाग्छ। तर पर्यटनमैत्री सिधा सार्वजनिक यातायात सञ्चालन भयो भने आरामदायी तरिकाले ४-५ सयमै पर्यटकले बुद्ध परिपथको यात्रा गर्नेछन्। सस्तोमा सुविधाजनक तरिकाले यात्रा गर्न पाउँदा बुद्ध परिपथ घुम्ने पर्यटक बढ्ने छन्। लुम्बिनी आएका पर्यटकहरूको बसाई पनि लम्बिन्छ र अरू बुद्धस्थलको प्रवर्द्धन पनि हुन्छ। अहिले लुम्बिनीमा ५ वटा विद्युतीय बस र १४ वटा भ्यान अलपत्र छन्। पछिल्लो समय अदालतले बसको सेतो नम्बर प्लेटलाई हरियोमा परिवर्तन गर्न आदेश दिएको छ। आदेशअनुसार अब तुरून्तै बुद्ध परिपथमा यी बस चलाउनुपर्छ। यदि सेता विद्युतीय बस चलेन भने निजी क्षेत्रबाट भए पनि बस सिधा पर्यटकमैत्री बस सञ्चालन हुनुपर्छ।

अहिले बुटवलबाट लुम्बिनी पनि सिधा सार्वजनिक यातायात छैन। बुटवलबाट भैरहवा गएर अर्को बस चढेर मात्र लुम्बिनी पुग्न सकिन्छ। बुटवल र लुम्बिनी नियमित रूपमा सिधा सार्वजनिक यातायात सञ्चालन हुने हो भने दुबै ठाउँमा पर्यटकको चहलपहल बढ्नेछ।

**बुद्ध परिपथ टुर प्याकेज**

पर्यटन व्यवसायीले लुम्बिनी र आसपासका बौद्ध स्थलको प्याकेज बनाएर प्रचारप्रसार गर्नुपर्छ। बुद्ध परिपथमा पर्यटनमैत्री बस सञ्चालन भएमा सार्वजनिक यातायातलाई समेटेर सस्तो प्याकेज बनाउन सकिन्छ। त्यस्तै रिर्जब गाडीमा यात्रा गर्नेहरूको लागि सोही खालको प्याकेज बनाउनुपर्छ। प्याकेजमा रामग्राम, देवदह, लुम्बिनी र कपिलवस्तु घुम्ने दिन, खाना र खर्चको प्याकेज बनाएर प्रचार गर्नसके पर्यटक आकर्षित गर्न सकिन्छ। बेलामौकामा प्याकेजमा छुटको घोषणा तथा अरू सुविधाहरू पनि थप गर्नुपर्छ। यसरी बनाएको प्याकेजलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार समेत गर्नुपर्छ।

**बुद्धपरिपथका पालिकाको सक्रियता**

वृहत् लुम्बिनी क्षेत्रको विकासको लागि बुद्ध परिपथका पालिकाहरूको पनि सक्रियता आवश्यक पर्दछ। बुद्ध परिपथभित्र मुख्य गरी लुम्बिनी साँस्कृतिक नगरपालिका, नवलपरासी पश्चिमको रामग्राम नगरपालिका, रूपन्देहीको देवदह नगरपालिका र कपिलवस्तुको कपिलवस्तु नगरपालिका पर्दछन्। यी पालिकाहरूले आफ्नो ठाउँमा रहेको बुद्धस्थलहरूको प्रचारप्रसार र प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्छ। बुद्धस्थलहरूको संरक्षण र पर्यटककीय वातावरण निर्माणमा स्थानीय तहको पनि दायित्व र जिम्मेवारी हो। लुम्बिनी आएका पर्यटकलाई आफ्नो बुद्धस्थलमा आकर्षित गर्न विभिन्न अभियान तथा कार्यक्रम सञ्चालन गर्नुपर्छ।

पूर्वबाट आएका पर्यटकलाई रामग्रामबाट लुम्बिनी पुग्न सहज हुन्छ। त्यसैले नगरपालिकाले रामग्राम स्तूपबाट लुम्बिनीसहित बुद्धस्थलको यात्रा गरौं भन्ने खालको प्रचारात्मक अभियान सञ्चालन गर्न सक्छ। त्यसको लागि नगरपालिका आफैँले लुम्बिनीसम्म सुलभ दरमा लुम्बिनीसम्मको बस सञ्चालन पनि गर्न सक्छ। नगरपालिकाका पर्यटन व्यवसायीहरूले पनि रामग्रामबाट बुद्धस्थल घुम्ने गरी प्याकेज बनाउनुपर्छ।

» बाँकी १४ पेजमा

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

भूपाल पोखरेल
अध्यक्ष

धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

टेकप्रसाद भण्डारी
नगरप्रमुख

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, प्यूठान

# लुम्बिनीमा पर्यटकमैत्री वातावरणको खोजी

मुलुकको समृद्धिको सम्भावना बोकेको लुम्बिनीमा धेरै गर्न बाँकी छ। मुख्यतः पर्यटनमैत्री वातावरण तयार गर्नुपर्नेछ।



विनोद परियार

*लुम्बिनी*



बुद्धजन्मस्थल लुम्बिनी नेपालकै अमूल्य निधि हो । विश्वभरका बौद्धमार्गीहरूका लागि जीवनमा एकपटक आउनैपर्ने तीर्थस्थल हो। लुम्बिनी शान्तिप्रेमीहरूको पनि रोजाइको स्थल हो।

बुद्धिजम्को उत्पत्ती, शान्तिको मुहान र बुद्ध शिक्षालाई व्यवहारिक रूपमा ग्रहण गर्ने पवित्रस्थलका रूपमा लुम्बिनीलाई लिइन्छ। तर अद्वितीय रूपमा महत्व बोकेको पुरातात्विक, धार्मिक र ऐतिहासिक स्थल लुम्बिनीमा पर्यटकको आगमन बढ्न सकेको छैन । कोभिड महामारीले सुस्ताएको पर्यटकको संख्या विस्तारै उकालो त लागेको छ । तर, पर्यटक बढाउन आवश्यक पर्यटकमैत्री वातावरणको अभाव भोलिरहेको छ। लुम्बिनीको विकासको लागि खडा भएको लुम्बिनी विकास कोष पनि आफैं रूमलिएको जस्तो देखिन्छ।

मुलुकमा संघीय शासन प्रणाली छ। कोषको ऐनले संघीय संरचनालाई चिनेको छैन । तहगत सरकारले सहकार्य र समन्वयका लागि अपनत्व खोजिरहेका छन् । शासन प्रणालीअनुसार तहगत सरकारको सहभागिता र प्रतिनिधित्व हुने गरी कोष ऐन, विनियमावली बनाउन ढिलाइ भइरहेको छ।

लुम्बिनी विकास कोषको ११ सय ५५ विगाहा क्षेत्रफलभित्र र बाहिरी वातावरण भिन्न छ। 'पर्खालभित्रको लुम्बिनी र पर्खाल बाहिरको लुम्बिनी' भन्ने स्थानीयहरूको आरोपलाई खण्डित गर्ने गरी काम हुन सकेको छैन । लुम्बिनीका स्थानीय बासिन्दा विद्रोही र कोष सरकारपक्ष जस्तो भएर वर्षौंदेखि मनमुटाव चलिरहेको छ। विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनीको धार्मिक महिमा मात्रै होइन, पुरातात्विक रूपमा समेत यसको ऐतिहासिकता लोभलाग्दो नै छ। तर, यस्तो अमूल्य सम्पत्तिलाई भने हामीले बेवास्ता गरिरहेका छौं । कहिले राजनीतिक स्वार्थमा त कहिले धार्मिक स्वार्थमा।

पर्यटन प्रवर्द्धनका लागि ब्राण्डिङ

लुम्बिनीको अन्तर्राष्ट्रियकरण भइरहेको बेला विश्व चर्चित पत्रिका 'द न्यूयोर्क टाइम्स' ले सन् २०२५ मा घुम्नैपर्ने उत्कृष्ट ५२ पर्यटकीय गन्तव्य मध्येमा लुम्बिनीलाई नवौं सूचीमा राख्यो। द न्यूयोर्क टाइम्सले गत मंसिरमा उद्घाटन भएको थाउजेन्ड टेम्पल (हजार बुद्धविहार) को तस्विर राखेर लुम्बिनीलाई विश्वका उत्कृष्ट ५२ स्थानमध्ये नवौं स्थानको सूची सार्वजनिक गर्नु लुम्बिनीको प्रचार प्रसारमा महत्वपूर्ण सघाउ पुगेको छ। टपटेन स्थानमै राखेर सन २०२५ घुम्नैपर्ने स्थानका रूपमा लुम्बिनीलाई समावेश गर्दा यसले अन्तर्राष्ट्रिय पर्यटकलाई भ्रमणका लालायित तुल्याउने विश्वास गरिएको छ। पत्रिकाले हजारौं वर्षअघि लुम्बिनीको सुन्दर बगैंचामा मायादेवीले सिद्धार्थ गौतमलाई जन्म दिएको उल्लेख गर्दै प्राचीन भग्नावशेष र समकालीन बौद्ध स्थलहरूलाई जीवन्त देख्न पाइने लेखेको छ।

द न्यूयोर्कटाइम्सले लुम्बिनीलाई घुम्नैपर्ने सूचीमा राख्नुमा नोभेम्बरमा थाउजेन्ड टेम्पल उद्घाटन, त्यसपछि भएको मोन्लम पूजा, त्रिपिटक पाठ समारोह, ५ सय जनाको प्रव्रज्या जस्ता कार्यक्रमले लुम्बिनीमा धार्मिक तीर्थयात्री आकर्षित भएका छन्। यसका साथै मायादेवी मन्दिर परिसरमा गत मंसिर २३ गतेदेखि पुस २ गतेसम्म १० दिने शाक्यमोन्लम पूजा भयो। २५ वर्षसम्म निरन्तर लुम्बिनीमा गरिएको यो पूजा ८ वर्षपछि लुम्बिनी विकास कोषको पहलमा भएको थियो । १० दिनसम्म मायादेवी मन्दिर परिसरमा करिव ७ हजार लामा, भिक्षु भिक्षुणी, रिन्पोछे तथा बुद्धका अनुयायीहरूले पूजा गरे । ४१औं शाक्य गोङ्मा ट्रिछेन रिन्पोछेको उपस्थितिमा गरिएको शाक्यमोन्लमले लुम्बिनीमा आध्यात्मिक गतिवधि बढायो। यसअघि मंसिर ७ गते लुम्बिनीस्थित पश्चिम विहारमा पाल थुव्तेन सेडुप लिङ गुम्बाद्वारा निर्मित हजार बुद्ध मन्दिरमा एक हप्तासम्म पूजा चलेको थियो।

सन् २०२३ को अक्टोबरमा संयुक्त राष्ट्र संघका महासचिव एन्टिरियो गुटरेसले लुम्बिनी भ्रमण गरे। गुटरेसले बुद्धजन्मस्थल लुम्बिनीबाट रूस-युक्रेन द्वन्द्वलाई लक्षित गर्दै शान्तिका लागि आह्वान समेत गरेँ। महासचिव गुटरेसको भ्रमणले विश्वमा एउटा सकरात्मक सन्देश प्रवाह भयो । यसका साथै सन् २०२४ मा श्रीलंकाका पूर्व राष्ट्रपतीद्धय रनिल विक्रमासिंघे र गोटावाय राजापाक्षेले लुम्बिनी भ्रमण गरेका छन्। यसका साथै चिनका राष्ट्रिय धार्मिक साँस्कृतिक मामिला प्रशासन मन्त्री चेन रूईफेंङ, चिनियाँ उपमन्त्री वाङ रूईजुन, म्यानमार सरकारका संस्कृति तथा धार्मिक मामिला मन्त्री यूटिन ओलुयिन, भुटान सरकारका गृहसचिव सोनाम वाङ्गेलले लुम्बिनी भ्रमण गर्दै दुई देशको सहकार्य र लुम्बिनीको विकासबारे चासो राखे।

यसैगरी नेपालका लागि जापानी रादूत किकुता युताका, भारतीय राजदुत नविन श्रीवास्तव, श्रीलंकाका राजदूत सुदर्शना पाथिराना, चिनियाँ राजदुत चेन सोङ्म, चिनियाँ चर्चित हलिउड स्टार जेट्ली, संयुक्त अरब इमिरेट्स (यूएई) का राजदूत अब्दुल्लाह हल साहम्सी, नेपालका लागि अमेरेकी राजदुत डिन थम्सनले लुम्बिनीको प्रचार प्रसारमा सहकार्य गर्ने आश्वासन दिलाएका थिए । यी वाहेक म्यानमारका प्रसिद्ध तथा सर्वोच्च बौद्ध धर्म गुरु फा-उक सयाडो भदन्त अचिन्नाले बुद्धजन्मस्थल लुम्बिनीसहित प्राचीन कपिलवस्तुको भ्रमण गरे। लुम्बिनीलाई अन्तर्राष्ट्रियकरण गर्नमा गत चैतमा विभिन्न १८ देशका गैरआवासिय राजदुत र महावाणिज्यदुतहरूको लुम्बिनी कन्क्लेभ गरिएको थियो । यसैगरी प्रधानमन्त्री केपी शर्मा ओली, संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री बद्री पाण्डे लुम्बिनी आएर यसको विकासका बारेमा चासो चिन्ता व्यक्त गर्ने गरेका छन्।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री, पर्यटनमन्त्री, विभिन्न संसदीय समितिहरूले समेत लुम्बिनीबारे चासो चिन्ता व्यक्त गर्दै भ्रमण गर्ने गरेका छन्।

आध्यात्मिक गतिविधि बढ्दा लुम्बिनीका होटल व्यवसायीहरू उत्साही हुन्छन् । तर, धार्मिक गतिविधिमा पछिल्ला दिनमा होटल व्यवसायी संघ लुम्बिनीले गर्ने आन्दोलनले पनि प्रभाव पारिरहेको छ। गुरुयोजना क्षेत्रका ४२ वटा प्लटमा बनाइएका गुम्बा विहारहरूमा तीर्थयात्री राखिएको भन्दै होटल व्यवसायीहरू बेला-बेलामा आन्दोलीत हुँदै आएका छन्।

यस्तै स्थानीयहरूले पनि विभिन्न कारण देखाउँदै अवरोध गर्ने गरेका छन् । यी क्रियाकलापका कारण लुम्बिनीमा पर्यटकमैत्री वातावरण बनेको छैन। पर्यटकहरू सिधैं लुम्बिनी प्रवेश गर्ने र भैरहवा-बुटवल गएर बास बस्ने अवस्था देखापरेको छ। यसतर्फ स्थानीयहरू सचेत हुन आवश्यक छ।

» बाँकी २४ पेजमा

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाइ, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाइ, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

नारायण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु बहादुर योगी
नगरप्रमुख

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, प्यूठान

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाईसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरू सधैं सफा राखौं, साथै सबैले पानी शुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्षपछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरू रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं ।

कमलप्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम पाण्डे
अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

# kfl0fgL, k0f]gf / ko{6g



बासु गौतम

*बलुम्बिनी*

पाकिस्तानमा जन्मिएका पाणिनीले अर्घाखाँचीको पणेनामा तपस्या गरे। उनले विश्वकै सर्वोत्कृष्ट व्याकरण 'अष्टाध्यायी' लेखे। व्याकरणको क्षेत्रमा पाणिनीको देन खगोल विज्ञान र गणितमा आर्यभट्टको बराबर हो।

दक्षिण एसियाली क्षेत्रको प्राचीन शास्त्रीय भाषा संस्कृत इन्डो-युरोपेली भाषाहरूको इन्डो-आर्य धारसँग सम्बन्धित छ। संस्कृत भाषाको व्याकरण अर्घाखाँची जिल्लाको पाणिनी तपोभूमिमा जन्म भएको मानिन्छ। संस्कृत प्राचीन समयमा नेपाल, बंगलादेश, भारत, पाकिस्तान, अफगानिस्तानलगायत बृहत्तर दक्षिण एसियाली क्षेत्रको बोलचालको भाषा थियो। दक्षिण एसियाली भाषा जस्तै नेपाली, उर्दू, कश्मिरी, उडिया, बाङ्ला, मराठी, सिन्धी, पञ्जाबी आदि संस्कृतबाट उत्पन्न भएको भाषाशास्त्रीहरूले लेखेका छन्। भाषाहरूको विश्व इतिहासमै प्रभावशाली पात्र पाणिनीले रचेको संस्कृत व्याकरणलाई संसारकै पहिलो व्यवस्थित भाषा-प्रणाली मानिन्छ। पाणिनीको संस्कृत व्याकरणको जन्म अर्घाखाँची जिल्लाको पणेनामा भएकाले यो ठाउँको ऐतिहासिक महत्व छ।

संस्कृत व्याकरणका रचयिता पाणिनीको जन्म-मिति र जीवनीका बारेमा लिखित अभिलेख नभए पनि उनी ईसापूर्व चौथोदेखि छैठौं शताब्दीसम्म सिन्धु नदी छेउको सलतुला भन्ने ठाउँ (हाल पाकिस्तान) मा जन्मिएको इतिहासकारहरूले लेखेका छन्। लुम्बिनीको अशोक स्तम्भमा आधारित शिलालेख पत्ता लगाएका र बुद्धको ऐतिहासिक जन्मस्थल प्रमाणित गर्न महत्वपूर्ण भूमिका खेलेका सातौं शताब्दीका प्रसिद्ध चिनियाँ बौद्ध भिक्षु हुआन साङले पनि पाणिनीको जन्मस्थल सलतुलाका सन्दर्भहरू उल्लेख गरेका छन्। प्राचीन गान्धरा क्षेत्रमा र अहिलेको उत्तर-पश्चिम पाकिस्तानमा अवस्थित सलतुला पाकिस्तानको लाहौर शहरनजिकै सिन्धु र काबुल नदीहरूको संगम भएको शहर हो। प्राचीन समयका पूर्वीय दर्शनका चिन्तकहरू र वैज्ञानिकहरूले खोजबाहेक आफ्नो जीवनी र व्यक्तिगत विवरणमा खासै ध्यान नदिने हुनाले उनीहरूका आत्मकथाहरू भेटिँदैनन्। तिनैमध्ये एक थिए, पाणिनी। त्यसैकारण उनको जन्म र उनले अर्घाखाँचीमा भाषालाई वैज्ञानिक र व्यवस्थित बनाइ संस्कृत व्याकरण सिर्जना गरेको मात्र पाइन्छ।

व्याकरणको क्षेत्रमा पाणिनीको देन खगोल विज्ञान र गणितमा आर्यभट्टको बराबर हो। अर्घाखाँचीको पणेनालाई पाणिनीको तपोभूमि मानिन्छ। जहाँ रहँदा उनले संस्कृतको व्याकरणलाई जन्म दिए।

पाकिस्तानमा जन्मिएका पाणिनीले अर्घाखाँचीको पणेनामा तपस्या गरे। उनले विश्वकै सर्वोत्कृष्ट व्याकरण 'अष्टाध्यायी' लेखे। पाणिनीको रचना अष्टध्यायी शास्त्रीय संस्कृत व्याकरणको सबैभन्दा पुरानो कृति हो। संस्कृतको उदय वैदिक संस्कृतको रूपमा ईसापूर्व १७००-२१०० ताका सुरू भएको थियो। पाणिनीको अष्टध्यायीलगायत संस्कृत भाषाको व्याकरणका नियम र परिभाषाका आधारभूत संकलनहरूले आधुनिक भाषाविज्ञानमा धेरै प्रभाव पारेको कुरा जर्मनीका प्रख्यात भाषाविद् फ्रान्ज बपले पत्ता लगाए। त्यसपछि यूरोपमा पाणिनीको संस्कृतमा योगदानबारे पश्चिममा उनको कामलाई महत्वका साथ हेर्न थालियो।

इन्डो- यूरोपेली भाषाको उत्पत्तिका विषयमा १९औं शताब्दीमा यूरोपमा अध्ययन-अनुसन्धान हुन थालेपछि पाणिनीका बारेमा पश्चिमका बपबाहेक अन्य भाषाविद्ले पनि चासो दिन थालेका थिए। अहिले मुख्यतया धार्मिक प्रयोजनका लागि मात्र प्रयोग गरिए पनि दक्षिण एसियामै संस्कृत हजारौं वर्षदेखि बोलचालको भाषा रहँदै आएको थियो। पाली भाषामा रचना गरिएका बौद्ध धर्मका ग्रन्थहरू पनि पाली भाषाबाट संस्कृतमा अनुवाद गरिए। भाषाशास्त्र बाहेक संस्कृत व्याकरणको महत्व विज्ञानको क्षेत्रमा र समग्र पूर्वीय दर्शन र दृष्टिकोणमा पनि उत्तिकै छ भनेर विश्व प्रख्यात भाषाविद् तथा राजनीतिक विश्लेषक नोम चोम्स्कीले लेखेका छन्।

संस्कृत भाषाका पिता पनि भन्ने गरिएका पाकिस्तानमा जन्मिएका पाणिनीले अर्घाखाँचीको पणेनामा आएर संस्कृतको व्याकरण रचेको सम्मानमा नेपालले हुलाक टिकट पनि जारी गरेको छ। पाणिनी तपोभूमि क्षेत्र विश्व भाषा सम्पदाको प्रमुखस्थल पनि मानिन्छ। पाणिनीले संस्कृतलाई व्याकरणमार्फत अभिव्यक्तिको एक उच्च विकसित र शक्तिशाली वाहन बनाए। फलस्वरूप तर्कसंगत र वैज्ञानिक विचारहरू सटिक र स्पष्टताका साथ व्यक्त गर्न सकिन्छ। खासमा उनले संस्कृतलाई बृहत दक्षिण एसियाली क्षेत्रमा एक समान बनाउन योगदान गरेका थिए, ताकि उत्तर, दक्षिण, पूर्व र पश्चिमबाट विद्वानहरू एकअर्कालाई बुझ्न सकून्।

स्वीट्जरल्यान्डका प्रख्यात भाषाविद् र दार्शनिक फर्डिनान्ड डे सौसुरेले पाणिनीको व्याकरणका विषय दसकौंसम्म अध्ययन अनुसन्धान गरेर यूरोपेली भाषाविज्ञानको क्षेत्रमा महत्वपूर्ण आधारहरू खडा गरेका थिए। सौसुरेले पत्ता लगाएका ऐतिहासिक तथ्य र प्रमाणहरूका आधारमा नै यूरोपेली भाषा संरचनामा पाणिनीको व्याकरणको प्रभाव र संस्कृतलाई यूरोपेली भाषाहरूको मातृभाषाका रूपमा मान्यता दिन थालिएको हो।





भाषिक दृष्टिले संस्कृतलाई 'धार्मिक आयाम' र मन्त्र-जपहरूबाट मात्र हेरिने गरिएको भएता पनि के बिर्सिनु हुँदैन भने पूर्वीय सभ्यताको प्राचीन समयमा दर्शन, कानुन, विज्ञान, साहित्यलगायत फराकिलो आयामहरूमा संस्कृत व्याकरणको प्रमुख देन थियो।

आजको दिनमा निःसन्देह हामी विज्ञान र प्रविधिको क्षेत्रमा पश्चिमी देशभन्दा पछाडि छौं। तर पूर्वीय दर्शन र सभ्यताले जन्माएका यो क्षेत्रका वैज्ञानिकहरूको निष्कर्ष र अन्वेषणहरूमा आधारित थिए। वास्तवमा पूर्वीय सभ्यतालाई कुनै बेला स्वर्णिम युगमा धकेल्ने संस्कृतभाषी तिनै वैज्ञानिक र स्वतन्त्र विचारकहरू थिए। जसले विभिन्न विषयमा प्रश्न सोध्ने र उत्तर खोज्ने काम गरे। मानव सभ्यतालाई उकास्न पनि मद्दत गरेका थिए। पश्चिमको एक भगिनी भाषाको रूपमा संस्कृतको खोज र अन्वेषण हुन थाल्यो। त्यसपछि र यूरोपली भाषाहरूको उत्पत्ति र प्रारम्भिक चरणहरूलाई बुझ्ने क्रममा यूरोपका भाषाशास्त्रीहरूले संस्कृतलाई आफ्नै भाषाको रूपमा अध्ययन गर्न थाले। यस कारण पनि हाम्रो तुलनामा संस्कृत अध्ययनका लागि पश्चिममा संस्कृतप्रति बढ्दो चाख र चासो देखिन थालेको छ।

जम्मा ४००० भन्दा कम सूत्रहरू र सूत्रको रूपमा व्यक्त नियमहरूको आधारमा पाणिनीले संस्कृत भाषाको सम्पूर्ण संरचना बनाएका थिए, जसको सामान्य 'आकार' पनि अर्को दुई हजार वर्षसम्म अपरिवर्तनीय रह्यो। पाणिनीको संस्कृतको भाषिक दायरालाई फराकिलो बनाउने प्रयासले अप्रत्यक्ष रूपमा वैज्ञानिक र गणितीय भाषाका चरित्र पनि समयक्रमसँगै स्पष्ट हुँदै गएको मानिन्छ। व्याकरणको क्षेत्रमा पाणिनीको देन खगोल विज्ञान र गणितमा आर्यभट्टको बराबर हो। अर्घाखाँचीको पणेनालाई पाणिनीको तपोभूमि मानिन्छ। जहाँ रहँदा उनले संस्कृतको व्याकरणलाई जन्म दिए, यो ठाउँबाहेक उनीसँग सम्बन्धित अर्को महत्वपूर्ण स्थान भारतको काशी क्षेत्रमा अवस्थित पाणिनी स्मारक मन्दिर छ।

पाणिनीको जन्मस्थान पाकिस्तानको सलतुलाबाट ल्याइएको माटो प्रयोग गरी उनको स्मारक निर्माण गरिएको छ। हुन त आजका दिनमा पनि भारतको कर्नाटक र मध्य प्रदेशका केही ग्रामीण भेग मातृभाषाका रूपमा प्रयोग हुँदै आएको संस्कृतका बारेमा विश्व प्रतिष्ठित शिक्षालयहरू र खासगरी संस्कृतको बढ्दो लोकप्रियताका समाचार पढ्न पाइन्छन्। अर्घाखाँचीको महाभारत पर्वत शृंखलामा अवस्थित सुन्दर पहाडी भेगमा रचिएको पाणिनीको संस्कृतले भारत, दक्षिण एसिया, दक्षिण-पूर्वी एसिया, तिब्बत, चीन, कोरिया र जापानसम्मका भाषा-साहित्यहरूमा लगभग ३० करोड पाण्डुलिपी अस्तित्वमा रहेको विश्व प्रतिष्ठित हार्वड विश्वविद्यालयका प्राध्यापक तथा हार्वर्ड विश्वविद्यालयको संस्कृत पुस्तकालयका संस्थापक तथा अध्यक्ष डा. पिटर स्कार्फको अनुसन्धानमा छ।

पूर्वीय परम्पराहरूमा आधारित मन्त्र र वैदिक अनुष्ठानको वैज्ञानिक अन्वेषण र गहिरो अध्ययन गरेका क्यालिफोर्निया विश्वविद्यालय, बर्कले विश्वविद्यालयका प्रतिष्ठित एमेरिटस प्रोफेसर फ्रिट्स स्टालले पाणिनीलाई पूर्वीय सभ्यताको युक्लिड भनेर लेखेका छन्। प्राचीन ग्रीसका ऐतिहासिक पात्र युक्लिडलाई 'ज्यामितिका पिता' भनेर पनि चिनिन्छ। आर्यभट्टको रचनाहरूलाई अंग्रेजीमा अनुवाद गरेका हार्वर्ड विश्वविद्यालयमा संस्कृतका प्राध्यापक वाल्टर युजिन क्लार्कले पाणिनीको व्याकरण संसारको सबैभन्दा पुरानो वैज्ञानिक व्याकरण र सबैभन्दा उत्कृष्ट मध्येको एक हो भनेर लेखेका छन्।

अर्का भाषाविद्, संस्कृतशास्त्री तथा संस्कृतको व्याकरण परम्पराका बारेमा सर्वाधिक ज्ञान भएकामध्ये एक पश्चिमी विद्वान अमेरिकी जर्ज कार्डोनाका यी हरफबाट पाणिनीको योगदानबारे स्पष्ट हुन्छ। उनी भन्छन्-'मानव इतिहासमा पाणिनीको व्याकरणलाई मूल्यांकन गर्नुपर्दा मानव बुद्धिमत्ताको महान स्मारक उनले निर्माण गरेका छन्।' कार्डोनाका यी दाबीयोग्य कथन अर्घाखाँचीको पणेनामा जन्म भएको थियो। यो भनाइले जुनसुकै नेपालीलाई गर्वित तुल्याउँछ। पाणिनीले यसरी आफ्नो व्याकरणमार्फत् विश्व समुदायलाई एकै ठाउँमा ल्याउन, मानव संवादलाई सहज तुल्याउन र एकअर्कालाई बुझ्न अभूतपूर्व देन दिए।

पाणिनीले संस्कृत व्याकरण रचना गरेको पाणिनीको प्रचारप्रसार गर्न सके यो पर्यटनको केन्द्र बन्न सक्छ। पूर्वीय दर्शन र संस्कृति अध्ययनका लागि विश्वका विभिन्न मुलुकका अनुसन्धानकर्मी र खोजकर्तालाई आकर्षित गर्न सकिन्छ। यही चैत २७ र २८ गते सम्पन्न पाणिनी सम्मेलन एउटा प्रस्थानविन्दु हो।

नेपाल नेत्र ज्योति संघ
लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान
श्री रणअम्बिका शाह आँखा अस्पताल
सिद्धार्थनगर नगरपालिका- ३, रुपन्देही

Our Services:

- MD Ophthalmology Residency Program
- Bachelor of Optometry and vision science
- PCL-Ophthalmic Science program

**Fellow ship program on:**

- Vitreo Retina fellowship
- Paediatric Ophthalmology / strabismus & Neuro Ophthalmology
- Glaucoma
- Oculoplasty
- Cornea

**Short Term Training:**

- SICS and Phaco
- Comprehensive micro surgical and other Short term training in IHMs/Account/ Store Management / Local anesthesia / OT Mgmt/

**Sub-Specialties Services**

- Cornea
- Cataract
- Glaucoma
- Oculoplasty
- Vitreo Retina
- Pediatric Strabismus & Neuro Opthalmology
- General Ophthalmology
- Low vision or thoptics
- Other special services:

1. Phaco Emulsification
II. Endonasal/Endoscopic(DCR)
III. Computerized Humphry Visual Field Analyzer
IV. Diaode and Yag laser
V. Fundus fluorescein Angiography
VI. Contact Lens Clinic
VII. General Anesthesia

**ENT senices**

**Common ENT Conditions:**

Ear: Hearing problems, tinnitus, ear infections, balance problems, dizziness, and vertigo.
Nose: Runny nose, nasal congestion, sinus infections, nasal polyps, and snoring.
Throat: Sore throat, hoarseness, difficulty swallowing, and voice problems.

नेपाल नेत्र ज्योति संघ
लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान
श्री रणअम्बिका शाह आँखा अस्पताल
सिद्धार्थनगर नगरपालिका- ३, रुपन्देही

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाईसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरू सधैँ सफा राखौं, साथै सबैले पानी शुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्षपछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरू रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

जीवलाल खरेल जीवन
नगरप्रमुख

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गुल्मी

# कौरव–पाण्डव युद्धसँग जोडिएको धार्मिक पर्यटकीय थलो छत्रकोट



छत्रकोट । ऐतिहासिक, धार्मिक, साँस्कृतिक, महत्व बोकेको छत्रकोट गाउँपालिका ऋष्यशृङ्ग्य ऋषिले तपस्या गरेको रेसुङ्गा र शृङ्गी ऋषिले तपस्या गरेको शृङ्गा लेकको बिचमा पर्ने छत्रदेव मन्दिरको पावन भूमिमा अवस्थित छ । साविकका गाविसहरू हुँगा, पल्लिकोट, हर्दिनेटा, दिगाम, खर्ज्याङ्ग र दौंघा गरी ६ वटा वडा सेवाक्षेत्र रहेको यो गाउँपालिकाको नामाकरण वडा नम्बर ३ मा अवस्थित चोयगाको थुम्कोमा रहेको छत्रकोट देवालयको नामबाट रहेको हो ।

छत्रकोटको बारेमा सोध-खोज गर्दा महाभारतको कौरव-पाण्डव युद्धसित गाँसिएको एउटा रोचक प्रसङ्ग रहेछ । जसअनुसार कौरव पाण्डवको युद्ध समाप्त भएपछि युद्धको समीक्षा गर्ने क्रममा पाण्डव पक्षका भीम र अर्जुनले आफ्नो युद्ध कौशलता र पराक्रमका कारण यो जित सम्भव भएको भनी अभिमानयुक्त अभिव्यक्ति दिएपछि भगवान श्रीकृष्णले महाभारतको पूरै युद्ध उलुक वाखरिक राज्यका राजाको उच्छेदित शिरले अन्तरदृष्टिबाट सबै देखेको र यसमा कसको कस्तो भूमिका रह्यो भन्ने बारेमा उनैबाट सुन्न आग्रह गरेपछि श्रीकृष्णसहित पाण्डवहरू उक्त राजा सामु पुगेछन् । वाखरिक राजाले युद्धमा विजय हासिल गर्नुमा प्रत्यक्ष अप्रत्यक्ष दुवै रूपले श्रीकृष्णको भूमिका रहेको बताएपछि भीम र अर्जुन आफ्नो अहङ्कारका कारण लज्जित भएको प्रसङ्ग छ । महाभारत युद्धको सत्य तथ्य वर्णन गरेको सुनेपछि भगवान श्रीकृष्णले तपाईं के चहानुहुन्छ र कहाँ बस्न चहानुहुन्छ ? भन्दा वाखरिक राजाको शिरले उच्च शिखर उलुक नगरीमा बस्ने इच्छा जाहेर गरेपछि तथास्तु भनी वरदान दिएछन् र तिम्रो भक्ति र श्रद्धा गर्ने सबै श्रद्धालु भक्तजनले पीडा दुःख संकटबाट मुक्ति पाउनुका साथै सुख, शान्ति र समृद्धि प्राप्त गर्नेछन् भन्ने आशिर्वाद दिएछन् । राजाले पनि श्रीकृष्णको प्रशस्त स्तुतिगान गरेछन् र श्रीकृष्णको निर्देशनअनुसार वाखरिक राजाको शिरलाई अग्लो बाँसको लिङ्गोमा राखी कुरूक्षेत्रबाट उत्तरतर्फ शिरलाई छाता ओढाइ ल्याइएको प्रसङ्ग उल्लेख छ ।

साथै यसरी यात्रा गर्दै आउने क्रममा अर्घाखाँचीको उलुक भन्ने ठाउँमा उक्त शिरले त्यही बस्ने इच्छा जाहेर गरेकाले उक्त स्थानमा शिखर शैलीको मन्दिर निर्माण गरी मन्दिरभित्र तामाका फाँक (ठूलो आकारको मुख भएको भाडो) मा शिरलाई स्थापित गरी पूजा गर्ने परम्पराको थालनी भएछ । हालसम्म पनि पूजारीहरू आँखामा कपडाको पट्टी बाँधेर सो फाँकको सर-सफाइ गर्ने प्रचलन छ भनी 'छत्र महाराज एक परिचय' शीर्षकमा अर्घाखाँची निवासी ताराप्रसाद न्यौपानेले उल्लेख गरेका छन् ।

पछि यही छत्रकोट गाउँपालिकाको बुकेनीका धनिश्वर पोखेललाई देवता उत्रिएछन् । उनी हल्लिदै गएर अर्घाखाँचीको माथि उल्लेखित उल्का भन्ने ठाउँमा पुगेछन् र त्यहाँ एउटा पत्थर देवता समाउन पुगेछन् । तिमी मेरो भक्त हुनु भनी दीक्षा पाएका उनी एउटा सानो खुँडा समाएर हल्लिदै चोयगामै फर्किएछन् त्यही चोयगाको थुम्कोमा चौतारीको बुट्यानमुनि उक्त शिला र खुँडा राखेर भोकै पूजा गर्ने परम्पराको थालनी भएछ । सो पत्थरलाई उक्त कथनअनुसार छत्रको रूप मानिएको र मन्दिरयुक्त थुम्कोलाई कोट भनिने पम्पराअनुसार छत्र र कोट जोडेर छत्रकोट नामकरण भएको कथन छ ।

छत्रकोट गाउँपालिकाअन्तर्गत रहेका ६ वटै वडाका आ-आफ्नै ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक विशेषता रहेका छन् । छत्रकोट देवालय, हुँगाको देउती दुर्गा शिवालय मन्दिर, पल्लीकोटको कोटडाँडा छत्रकोटकै अग्लो स्थान, दिगामको कालिका मन्दिर, खर्ज्याङ्गको मान्यकोट (मानकोट), मनभाक पौवा, हर्दिनेटाको भगवती मन्दिर, भालुपानी र धरमपानीको रानीपोखरी, दौंघाको काहुले गढी, वराह मन्दिर, ठूलोपोखरा, आलम मन्दिर आदि ऐतिहासिक धार्मिक धरोहरहरू हुन् । छत्रकोट गाउँपालिकाको वडा नम्बर ४ श्रृङ्गामा रहेको विशाल पोखरी (९ लाख लिटर क्षमताको) वर्षातको पानी जम्मा गर्ने ठूला टङ्कीमध्येको एक हो । पर्यटकीय आकर्षणको छत्रकोट सेरोफेरो, दिगामको घलाम मौलोपोखरा क्षेत्र, दौंघाका २ ठूला पोखरीहरू, हुँगा, पल्लीकोट, हर्दिनेटा, खर्ज्याङ्गमा रमणीय स्थानहरू रहेका छन् ।

यो गाउँपालिकाअन्तर्गतका सम्पदाहरूको गहनतम अध्ययन, अनुसन्धान गर्न सकियो र आवश्यकताअनुसार संरक्षण सम्बर्धन गर्न सकिएमा यी सबै स्थान पर्यटकीय गन्तव्यको रूपमा विकसित हुन सक्ने देखिन्छ । गाउँपालिकाले स्रोत साधनले भ्याएसम्म प्राथमिकताका आधारमा पर्यटन पूर्वाधारमा लगानी गरेको छ ।

*(गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेय, उपाध्यक्ष सावित्रा ज्ञवाली र प्रमुख प्रशासकीय अधिकृत रूद्रहरि पुरीसँग गरिएको कुराकानीमा आधारित)*

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

**गाउँवासीहरूमा हार्दिक अनुरोध**

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्नें गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

**भिमकान्त भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत

**नवराज अधिकारी (रोशन)**
अध्यक्ष

**माण्डवी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

# रूरू क्षेत्रमा धार्मिक पर्यटनको प्रचूर सम्भावना

रिडी । हिन्दु संस्कृतिमा कालीगण्डकी नदीलाई निकै पवित्र मानिन्छ । कालीगण्डकी तटमा रहेको रूरू क्षेत्र पवित्र धाम हो । यहाँका सम्पदा निकै महत्वपूर्ण छन् । पवित्र कालीगण्डकी र रूरू क्षेत्र सहित यहाँको महत्वपूर्ण स्थल ऋषिकेश मन्दिर हो । यो मन्दिर २०६७ सालको असोजमा ब्राजिलमा भएको युनेस्को सम्मेलनमा विश्व सम्पदा सूचीको मनोनयनमा परेको छ ।

यो महत्वपूर्ण स्थल रूरू क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न बृहत्तर विकासको गुरूयोजना अघि सारिएको छ। प्रदेश गौरवको आयोजनाको रुपमा लुम्बिनी प्रदेश सरकारले काम अघि बढाएको छ। गुरूयोजनामा जलाशय निर्माण,मन्दिर संरक्षण र जिर्णोद्धार देखि नदी नियन्त्रण,पार्क र वसपार्क निर्माणसम्मका विषय समेटिएका छन्।

रूरू धार्मिक तथा पर्यटकीय क्षेत्र रिडीधामको पाँच वर्षीय बृहत गुरुयोजना-२०७६ लुम्बिनी प्रदेश वन निर्देशनालयले तयार गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले स्विकृत गरी काम अघि बढेको छ । यद्दपी गुरूयोजना अनुसारको काम सुस्त हुँदा अपेक्षित नतिजा निस्कन सकेको छैन् । हामीले यो गुरूयोजना जति छिटो कार्यान्वयन गर्छौ, अपेक्षित उपलब्धी हासिल गर्छौ । रूरूमा बन्ने पर्यटकीय पूर्वाधारले गुल्मीले लाभ पाउने छ नै, मुलुककै लागि गौरवको विषय हुनेछ ।

गुरूयोजनामा पाल्पाको अर्गलीदेखि रिडी, रुद्रवेनी र स्याङ्जाको अन्तर्गत स्याङ्जातर्फ भुगुतुङ्गेश्वर गुफासम्मलाई समेटिएको छ। ऋषिकेश मन्दिर क्षेत्रमा ४३, रिडी क्षेत्रमा १४ र रुद्रवेनीमा २२ वटा गरी कुल ७९ कार्यक्रम सम्पन्न गर्ने गरी बृहत रूरू विकास आयोजना गुरुयोजनाले अघि सारेको छ। गुरुयोजना अनुसार, आयोजनाको १ अर्ब ३९ करोड २५ लाख रूपैंया अनुमानित लागत रहेको छ।

यही गुरूयोजना अनुसार, पहिलो चरणमा कालीगण्डकी नदी र रिडी खोलामा तटबन्ध निर्माणको काम अघि बढेको छ । तटबन्धले जमीनको संरक्षणसगैं नदी उकास जग्गामा धार्मिक तथा पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न जमिन तयार हुँदैछ ।

त्यसपछिमहत्वपूर्णकार्यक्रमकोरुपमाऋषिकेशमन्दिरको५सयमिटरदक्षिणपूर्व बाँध निर्माण गरी जलाशय बनाउने योजना अघि सारिएको छ। यो बाँधको ढोका बर्खायाम खोल्ने र हिउँदमा बन्द गर्ने व्यवस्था मिलाइने छ। यहाँ आर्कषक ताल बन्नेछ।

त्यसैगरी, ऋषिकेश मन्दिरमा पुजारी घर, गुरूकुल संस्कृत पाठशाला, दुई वटा धर्मशाला बनाइने छ। ऋषिकेश मन्दिर पश्चिममा भक्तजनको सुविधाको लागि वसपार्क बनाउने गरी गुरुयोजनामा समेटिएको छ। सुविधा सम्पन्न किरियापुत्री घर बनाउने योजना पनि गुरूयोजनामा समेटिएको छ। रूरू क्षेत्र पाल्पामा प्रतिक्षालय सहित चार घाट र चार किरियापुत्री घर, रिडीमा पनि चार घाट र एक किरियापुत्री घर र देवपाटन रूद्रवेनी देवपाटनमा दुई घाट र एक किरियापुत्री घर बनाइने छ।





त्यसैगरी, ऋषिकेशमा २ वटा विवाह मण्डप, मणिमुकुन्देश्वर महादेवस्थानमा हालको सत्तलमा तला थप, रुद्रवेनीमा २ वटा विवाह मण्डप निर्माण गरिने छ।

गुरूयोजनामा भिमसेन पौवादेखि ऋषिकेशसम्म राजमार्गदेखि तल्लो भागलाई पार्कको रुपमा विकास गर्ने गरी कार्यक्रम अघि सारिएको छ । यहाँ पार्कका लागि ४३ रोपनी जग्गाको व्यवस्था गरिएको छ । यस क्षेत्रमा वरगोला प्रतिक्षालय, सत्तल र स-साना बगैंचा निर्माण गरिने छ । पार्कभित्र शिवलिङ्ग स्थापना गर्नुको साथै फुटपाथहरु निर्माण गरिने छ ।

तानसेन-१४ कुडापानी सत्यवती पोखरीलाई छुट्टै गुरुयोजना बनाएर बाल उद्यान निर्माण गर्ने, अर्गलीस्थित राधाकृष्ण मन्दिर, अर्वौ ऋषिले ध्यान तपस्या गरेको स्थललाई पनि गुरुयोजना बनाएर संरक्षण एंव विकास गर्ने गरी समेटिएको छ।

रूरू-१मारहेको१६रोपनीक्षेत्रफलमाफैलिएकोगोलफूलउद्यानलाईस्तरोन्नती गर्ने र खुला संग्रहालयको रुपमा विकास गर्ने गरी गुरूयोजनामा समावेश गरिएको छ।

गुरूयोजनामा रुद्रवेनीको ८० रोपनी जग्गामध्ये आश्रमदेवी पश्चिमतर्फ रहेको जंगल क्षेत्रलाई उद्यानको रुपमा विकास गर्ने, कालीगण्डकी नदी पारी स्याङ्जाको मगर वस्तीमा प्रस्तावित होमस्टे जाने बाटो हनुमान मूर्ति भएको स्थानमै आर्कषक ३२ फिट अग्लो हनुमानको मूर्ति स्थापना गर्ने, रिडी बजारको आसपास जेष्ठ नागरिक मनोरञ्जन स्थलको निर्माण गर्ने उल्लेख गरिएको छ।

रिडीलाई धार्मिक पर्यटनको केन्द्र बनाउने गरी चार धाम मध्येको एक धामका रुपमा थप विकास र ब्राण्डिङ गर्ने गरी पालिका अघि बढेको गाउंपालिका अध्यक्ष यदु ज्ञवाली बताउंछन् ।

रिडीको लामाचौरमा शालिग्राम मन्दिर बनाउन डीपीआर बनेको छ। जस अनुसार आकर्षक मन्दिर बनाउन साढे चार करोड वजेट अनुमान गरिएको छ।

रिडीमै संघीय सरकारको सशर्त एक करोड लागतमा त्रिशुल पार्क निर्माणको काम अघि बढेको छ ।

रिडीमै रुरु क्षेत्र र छत्रदेव गाउंपालिकाको २०-२० लाख रुपैयां साझेदारीमा मलामी विश्रामस्थल,शौचालय पानीको धारा निर्माण लगायतका काम भएका छन् । रिडीमै भरतपुर महानगरपालिकासंगको साझेदारीमा ४० लाख लागतमा नेवारी संस्कृति अनुसार फल्चा निर्माणका लागि ठेक्का भइसकेको छ। वडा नं १ मै गोलपुरे गुफा र देवदत्त पार्कको संरक्षण र विकासका लागि प्रदेश सरकारबाट प्राप्त २५ लाखबाट काम भएको छ ।

स्याङजाको कालिगण्डकी गाउंपालिका संगको साझेदारीमा देवदत्त पार्कबाट स्याङजामा पर्ने हनुमान बाटिकासम्म पुग्ने जीपलाइन बनाउन डीपीआर तयार भएको छ । जसको लागत एक करोड अनुमान छ । वडा नं ३ को जम्मुवान गुफा संरक्षणका लागि १० लाख को काम भएको छ। अटारी पिकनिक स्पटमा १० लाखको काम भएको छ। वडा नं ४ को श्रृंगेश्वरधाममा भरतपुर महानगरसंगको साझेदारीमा एक करोड रुपैयां लगानी गरी मन्दिर तथा अतिथि गृह निर्माण गरिएको छ। १० लाख वजेटमा ढुंगा राखेर पैदल मार्ग बनाइएको छ। पिकनिक स्पट र ट्रसहरु बनेका छन्। यो वर्ष ७५ लाख रुपैयां वजेटको काम हुंदैछ। बलेटक्सारमा भिमसेन मन्दिर बनाइएको छ। वडा नं ६ बम्घामा १५ लाख वजेटमा पिकनिक स्पट बनेको छ। बम्घाकोटको विकासका लागि डीपीआर बनेको छ । १५ लाख वजेटमा मन्दिर र बस्ने ठाउं बनेको छ ।

वडा नं ५ थाम्की डांडामा १ करोड २५ लाख वजेटमा ट्री हाउस, पिकनिक स्पट र ९ सय स्टेपको सिंढी बनेको छ। रुरु क्षेत्रमा कृषि पर्यटनको पनि उत्तिकै संभावना छ। यहांको उखुबाट बन्ने गुड र खुदो आन्तरिक र वाह्य पर्यटकको रोजाई बनेको छ। पर्यटकको जानकारीका लागि विभन्न स्थानमा बोर्डहरु राखेका छौं । रिडीमा आधुनिक शव दाह स्थल बनाई थप व्यवस्थित गर्ने योजना छ। रूरू क्षेत्रको धार्मिक र सांस्कृतिक पहिचानलाई स्थापित गर्दै पूर्वाधार विकास गर्न सक्दा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकाले लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलको पालामा रूरूको बृहत्तर विकासको अवधारणा अघि बढेको हो ।

(गाउँपालिका अध्यक्ष यदु ज्ञवाली, उपाध्यक्ष मीना पाण्डे र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेसँग गरिएको कुराकानीमा आधारित)

---

कहिले...

नेपाल-भारतको सीमामा रहेको गोरखपुरमा भारतीय सेनाको क्याम्प र भारतीय एयरफोर्सको क्याम्प पनि रहेका कारण भारतले भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई संवेदनशील रुपमा लिएको छ।

कम भिजिबिलिटीमा पनि उडान अवतरण गर्न सक्ने प्रणाली 'आइएलएस' यन्त्र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा जडान गरिएको छ। जसको कारणले भारतले असुरक्षाको महसुस गरिरहेको छ।

त्यसो त भारतले सुरुमा भैरहवा विमानस्थलमा जडान गरिएको 'आइएलएस' प्रयोग गर्नसमेत रोकेको थियो । विमानस्थलमा जोडिएको यो प्रणालीको फ्रिक्वेन्सीले भारतको सीमा क्षेत्रको करिब २ किलोमिटर एयर स्पेस लिएपछि यसको प्रयोगमा भारतको अनुमति चाहिने अवस्था आएको थियो । तर, भारतले अनुमति दिन चाहेन। यद्यपि यो अहिले प्रयोगमा आइरहेको छ।

गोरखपुरमा एयरफोर्स भएको कारण त्यहाँ फाइटर विमान आउजाउ भइरहेका कारण 'आइएलएस' बाट त्यसको जानकारी प्राप्त गर्न सक्छन्। भैरहवा विमानस्थलको राडारले त्यसलाई तान्न सक्छ भनेर भारतले त्यहाँ आफ्नो एक जना कर्मचारी राख्नुपर्ने प्रस्ताव राखेको छ।

एयर रुटको अनुमति दिएपछि भैरहवा विमानस्थलमा ओर्लिने विमानहरु आर्मी क्याम्पमाथिबाट नै आउने छन् । भारत आफ्नो सुरक्षा संवेदनशिलता बुझिदिन आग्रह गर्दै आएको छ ।

**व्यवस्थापनमा भारतीय चासो**

तीनवटै अन्तर्राष्ट्रिय विमानस्थल व्यवस्थापनसहित सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिने सरकारी तयारीबारे गत वर्ष चर्चा चुलिएको छ। त्यसमा पनि भैरहवाको विमानस्थलको व्यवस्थापकीय सञ्चालनको जिम्मेवारी दिन भारतीय धनाढ्य गौतम अडानीले यसअघिका अर्थमन्त्री डा. प्रकाशशरण महतलाई अनौपचारिक रुपमा प्रस्ताव गरेको खबर सार्वजनिक भएको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित हालैमात्र सञ्चालनमा आएका गौतमबुद्ध विमानस्थल र पोखरा विमानस्थल समेतको विस्तार तथा सञ्चालनको जिम्मेवारी निजी क्षेत्रलाई दिने गरी सरकार अघि बढेपछि त्यसको तिब्र विरोध भयो। यो विषय अहिले सेलाएको छ।

सार्वजनिक-निजी साझेदारीमा विमानस्थल निर्माण, विस्तार एवं सञ्चालनका लागि सरकारबाटै ग्रीन सिग्नल पाएको नागरिक उड्डयन प्राधिकरणले उक्त निर्णय मन्त्रिपरिषद्बाट गराउन उपयुक्त हुने भन्दै तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र पठाएको छ।

२०८० पुस २४ गते प्राधिकरणले पठाएको पत्रमा समितिको पुस २० गते बसेको ४१८औं बैठकले तीनवटा अन्तर्राष्ट्रिय विमानस्थलमध्ये गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा विमानस्थल व्यावसायिक रूपमा सञ्चालन हुन नसकेको र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उपलब्ध पूर्वाधार बढ्दो ट्राफिकका कारण अपर्याप्त हुँदै गएको अवस्थामा उपयुक्त स्थानमा पूर्ण क्षमताको नयाँ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नुपर्ने भन्दै मन्त्रालयलाई सुझाएको थियो।

सो सम्बन्धमा नेपाल सरकारले निर्णय उपयुक्त स्थान पहिचानको लागि विज्ञ समूह गठन गरेको र प्राप्त प्रतिवेदन कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाइसकेको अवस्थामा ठूला पूर्वाधार निर्माणमा सरकारले प्रत्यक्ष लगानी नगर्ने गरी निजी क्षेत्रलाई पनि समावेश गर्दै लैजाने नीतिका साथ प्रधानमन्त्रीको अभिव्यक्तिलाई समेत आधार मानेर प्राधिकरणले उक्त निर्णय मन्त्रिपरिषद्बाटै गराउनु उपयुक्त हुने औंल्याएको थियो।

मन्त्रालयले विज्ञको सुझाव, प्राधिकरणको पत्रका आधारमा तीनवटै अन्तर्राष्ट्रिय विमानस्थलहरू विस्तार, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रको समेत सहभागिता गराउन सकिने/नसकिने बारे अध्ययन गर्न अर्को छुट्टै समिति गठन गरेको छ।

खासगरी दुईवटा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जीआइए) र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (पीआइए) सञ्चालन गर्न नसकेपछि सरकारले निजी क्षेत्रको सहारा लिन खोजेको देखिन्छ।

०७९ बैशाख ८ गतेदेखि सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र सोही वर्षको पुसबाट सञ्चालनमा आएको पोखरा विमानस्थलले तीन वर्ष पूरा गरिसकेका छन् । अर्बौंको ऋण लगानीमा बनेका यी दुई विमानस्थलले बिजनेस पाउन नसक्दा सरकारी लगानी बालुवामा पानी सरह भएको छ। निजी क्षेत्रको लगानीपनि जोखिममा परेको छ।

७ अर्ब १९ करोड रुपैयाँ लागतमा निर्माण भएको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पनि पर्याप्त बिजनेसको अभावमा ऋणमा डुबेको छ। विमानस्थल निर्माणका लागि सरकार, एसियाली विकास बैंक, ओपेक कोषले लगानी गरेका छन्।

एसियाली विकास बैंकले ऋण र अनुदान गरी ४ अर्ब ९१ करोड रुपैयाँ लगानी गरेको छ भने ओपेक कोषको १ अर्ब ४६ करोड ऋण लगानी छ।

एडीबीको ऋणका लागि ८ वर्षको 'ग्रेस अवधि' सहित ३२ वर्षको समय दिइएको छ । ग्रेस अवधिमा १ प्रतिशत ब्याजदर र त्यसपछि १.५ प्रतिशत ब्याजदरमा ऋण तिर्नुपर्ने व्यवस्था सम्झौतामा छ । विमानस्थल निर्माण र स्तरोन्नति सम्बन्धी दस्ताबेजका अनुसार प्रतिवर्ष नेपालले एडीबीलाई १५ करोड ३३ लाख रुपैयाँ किस्ता बुझाउनुपर्ने हुन्छ।

पूर्वगभर्नर समेत रहेका विज्ञ दीपेन्द्रबहादुर क्षेत्री विमानस्थल निर्माण तथा सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिनुभन्दा अघि सरकारले त्यसको फाइदा के हुन्छ, प्रस्ट पार्नुपर्ने बताउँछन्। अन्यथा, सार्वजनिक-निजी साझेदारी मोडलका नाममा मनलाग्दी गर्न नमिल्ने उनको भनाइ छ।

अर्थशास्त्री डा.दिपेन्द्रबहादुर क्षेत्री विमानस्थल निजी क्षेत्रलाई दिने सवालमा बिना अध्ययन, गृहकार्य हचुवाको भरमा मनलाग्दी गर्न नमिल्ने बताउँछन्।

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाईसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरू सधैं सफा राखौं, साथै सबैले पानी शुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्षपछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरू रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसुति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं।




शिवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

दिल बहादुर खड्का
अध्यक्ष

नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

# तिलोत्तमामा दर्जन बढी पर्यटकीय स्थल

**घुम्न लायक पर्यटकीय र साँस्कृतिक स्थल मात्रै नभई तिलोत्तमा सिकाइ र अनुभव आदानप्रदान गर्ने थलो पनि हो।**







**बीपी गौतम**

*तिलोत्तमा*

'तिलोत्तमा' हिन्दू धार्मिक ग्रन्थहरूमा उल्लेख भएअनुसार परम सुन्दर 'अप्सरा' को नाम हो। तिलोत्तमाका कैयौं कथाहरू पुराणमा पाइन्छन्। यसर्थ तिलोत्तमाले सुन्दरतालाई संकेत गर्छ। सुन्दरता पर्यटनसँग जोडिएको छ। जुन ठाउँ सुन्दर, सफा, स्वच्छ, हराभरा छ; त्यहीँ ठाउँमा पर्यटकको आकर्षण हुन्छ। तिलोत्तमा नगरपालिकामा २०७४ सालको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएर आएका जनप्रतिनिधिहरूले सुरु गरेको 'ग्रीन तिलोत्तमा : क्लिन तिलोत्तमा', 'माइ पकेट : माई फष्ट डष्टबिन', 'जन्म दिनमा कम्तिमा एक बिरूवा रोपौँ' जस्ता अभियानका कारण तिलोत्तमाले सरसफाइको क्षेत्रमा आफ्नो अलग्गै पहिचान छोड्न सफल भएको छ। अन्तर्राष्ट्रिय फोरममा आफूलाई परिचित गराउन पनि तिलोत्तमाका यी अभियान प्रभावकारी भएका छन्। यसर्थ तिलोत्तमा नगरपालिकामा सिकाइ र अनुभव आदानप्रदानका लागि हरेक वर्ष मुलुकका विभिन्न स्थानीय सरकारहरू आउने गर्छन्। जिल्लाका पुराना अन्य पालिकाभन्दा तिलोत्तमा सिकाइ आदानप्रदानका हिसाबले अब्बल बन्नुमा समुदायमा आधारित हरियाली प्रवर्धन र सरसफाइ अभियान नैं प्रमुख हो। यसर्थ तिलोत्तमाको पर्यटन यहाँको सरसफाइसँग जोडिएको छ। तिलोत्तमालाई सरसफाइका हिसाबले मुलुकको नमूना नगरको रूपमा विकास गर्न अझैँ धेरै गर्न सकिने सम्भावनाहरू छन्। ती सम्भावनाहरूलाई पूरा गर्दै जाँदा यहाँको पर्यटन प्रवर्धन अझैँ सफलतामुखी हुनेछ।

अर्कोतर्फ लुम्बिनी र तिलोत्तमाको कनेक्टीभिटी गर्न सक्दा यहाँ आन्तरिक मात्र होइन बाह्य पर्यटक समेत ल्याउन सकिन्छ। तिलोत्तमा भगवान गौतमबुद्धले विचरण गर्ने पवित्र ग्राम पनि हो। लुम्बिनीबाट गौतमबुद्ध यहीँ तिलोत्तमाको भूमि हुँदै आफ्नो मावली गाउँ देवदह जाने गरेका ऐतिहासिक प्रमाण पनि छन्। बौद्ध साहित्यमा उल्लेख भएको रोहिणी नदी समेत यहीँ नगरपालिकामा अवस्थित छ। तिलोत्तमामा हिन्दू र बुद्ध धर्मसँग सम्बन्धित विभिन्न ऐतिहासिक र धार्मिक क्षेत्र तथा वस्तुहरू छन्। यस क्षेत्रमा बुद्धकालीन मन्दिर तथा कुँवाहरू रहेको स्थानीय बासिन्दाको विश्वास छ। तर, ती स्थानको उत्खनन् हुन सकेको छैन। यहाँ आधुनिक मानव बस्ती सुरु भएपछि वैदिक परम्पराअनुसार देवीदेवताको पूजाअर्चना गर्न स्थापना गरिएका पुराना मन्दिर, डिउहार छन्। तिलोत्तमामा पार्कहरू निर्माण हुन थालेको धेरै भएको छैन। तर, ऐतिहासिक मन्दिर, डिउहारहरूमा सयौं वर्षदेखि मानिसहरू बेलाबेलामा जम्मा हुने, पूजाअर्चना गर्ने परम्परा अहिले पनि कायमैं छ। बसाईसराइको क्रमसँगै यहाँ दूर्गा, शिवका मन्दिर, बौद्ध गुम्बा, विहार, मस्जिद समेत विस्तार हुँदै गएका छन्। धेरैजसो दूर्गा मन्दिरमा चैते दसैं तथा वडादसैँमा विशेष पूजाअर्चना हुने गर्दछ। यसैगरी, शिव मन्दिरमा श्रावणी मेला लाग्ने, शिवरात्रिमा विशेष पूजाअर्चना हुन्छ।

तिलोत्तमाका थारू बस्ती रहेका सबै स्थानमा डिउहार छन्। डिउहार थारू समुदायको धार्मिक आस्था र विश्वासको केन्द्र हो। प्रकृतिपूजक थारू समुदायले आफ्ना बाधा व्यवधान हट्ने विश्वासका साथ डिउहारमा पूजाआजा गर्छन्। डिउहारमा साउन महिनामा विशेष पूजाअर्चना हुन्छ। जस्लाई थारू समुदायले 'सहुनाइ पूजा' भन्छन्। डिउहारमा नयाँ अन्नबाली चढाएपछि मात्र प्रयोग गर्ने थारू समुदायको चलन छ। पूजाआजा, विवाहलगायतका शुभकार्यमा डिउहार जाने प्रचलन यो समुदायमा छ। गाउँमा रोगब्याधी, महामारी नफैलियोस् भनेर डिउहारको चारैतिर काठको किला ठोक्ने गरिन्छ। धार्मिक आस्थाका आधारमा बनाइएका सबै संरचनाहरू पर्यटकीय हिसाबले महत्वपूर्ण छन्। तिलोत्तमामा पर्यटकीय विकासका धेरै सम्भावना छन्। नयाँ पालिका भएकाले यहाँ प्रशस्त खुला स्थान छ। जहाँ आकर्षक पार्कहरू बनाउन सकिन्छ। केही प्रयास भएका छन्, तर पति प्रयास पर्याप्तत छैनन्। स्थानीय, प्रदेश र संघीय सरकारका साथै स्थानीय बासिन्दाको एकीकृत प्रयासले यहाँका पर्यटकीय ठाउँमा पूर्वाधार निर्माण गर्न सकिन्छ। यहाँ थुप्रै पर्यटकीय सम्भावना बोकेका ठाउँ रहँदा रहँदै पनि, तर प्रस्तुत आलेखमा नगरका प्रमुख पर्यटकीय स्थलको बारेमा संक्षिप्त चर्चा गरिएको छ।

### १. शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनबाटिका)

शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र तिलोतमा नगरपालिकाको वडा नं. १ र २ मा रहेको छ। वनबाटिकाको रूपमा परिचित यो स्थान जैविक विविधताले भरिपूर्ण रमणीय स्थान हो। विभिन्न किसिमका बोटबिरूवा तथा वनस्पति र पशुपंक्षीहरू, सुन्दर पार्क तथा चिडियाखाना रहेको वनबाटिका अध्ययन अनुसन्धानको लागि पर्याप्त स्रोत भएको वातावरणीय तथा पर्यटकीय दृष्टिले अत्यन्तै महत्वपूर्ण छ। बुटवल-बेलहिया सिक्सलेन सडकको शंकरनगर चोकबाट पूर्वतिर झण्डै एक किलोमिटरको दुरीमा वनबाटिका अवस्थित छ।

यहाँ बहुउद्देश्यीय भवन (टावर) निर्माण भएको छ। पर्यटकहरूलाई आकर्षित गर्ने सन्दर्भमा विपश्ना ध्यान केन्द्र निर्माणका साथै वनविहार जस्ता क्रियाकलापहरू सञ्चालन गरी देवदह, लुम्बिनीसँग पर्यटकीय हिसाबले सम्बन्ध जोड्ने र ऐतिहासिक कुवा संरक्षण एवं विविध अनुसन्धानमूलक कार्यहरू गर्ने उद्देश्य रहेको यस केन्द्रमा वन, पर्या-पर्यटनसम्बन्धी प्रचार सामग्रीयुक्त आधुनिक पुस्तकालय (सूचना केन्द्र) स्थापना गर्ने लक्ष्य समेत रहेको छ। यस वनविहार तथा अनुसनधान केन्द्रभित्र प्राणी उद्यान सञ्चालन भएको र जसमा विभिन्न चराचुरूङ्गी र जनावरहरू राखिएका छन्।

### २. बाउन्नकोटी सामुदायिक वन तथा नन्दभाउजु ताल

बाउन्नकोटी सामुदायिक वन तिलोत्तमासहित आसपासका अन्य पालिकामा समेत फैलिएको छ। तिलोत्तमा नगरपालिकाको वडा नं. १४ भू-भाग यो वनमा पर्दछ। दुई दशक अघिसम्म चरन क्षेत्र रहेको उजाड यहाँको भूगोल अहिले हरियाली मात्र छैन्, जिल्लाकै नमूना पर्यटकीय स्थलको रूपमा विकास भएको छ।

यहाँ रहेको प्राचीन बाउन्नकोटी मन्दिर, ऐतिहासिक कुवा, नन्द-भाउजु ताल र सिमसार क्षेत्रको संरक्षण अनि वृक्षरोपणले हराभरा भएपछि करिब एक सय ५५ हेक्टर क्षेत्रफलको वन अहिले आन्तरिक पर्यटकको रोजाइको गन्तब्य स्थल बनेको छ। बाउन्नकोटी वन नजिकै १० किलोमिटर आसपास क्षेत्रमा यस्तो हरियालीयुक्त रमणीय स्थान अरू नभएकाले यहाँ भैरहवादेखि भारतीय सीमावर्ती शहर सुनौली, नौतनवा, गोरखपुरसम्मबाट समेत पर्यटकहरू घुम्न र पिकनिकका लागि आउने गर्छन्। बुटवल-भैरहवा सडकको कोटिहवाबाट पश्चिमतर्फ झण्डै ३ किलोमिटरको दुरीमा यो वन अवस्थित छ।

### ३. कुन्ज पार्क

कुञ्ज पार्क वडा नं. ६ को कुञ्जलापुरमा रहेको छ। करिब ७ बिगाहा क्षेत्रफलमा फैलिएको यो पार्कलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने लक्ष्यका साथ विभिन्न गतिविधिहरू सञ्चालन भएका छन्। पार्कको बिचमा करिब १ विघा क्षेत्रफलको पोखरी रहेको छ, जहाँ ४ हजार माछापालन हुने गर्दछ र डुङ्गा पनि सञ्चालनमा रहेको छ। पार्कको वरिपरि विभिन्न प्रजातिका फूल र बिरूवाहरूले गर्दा यो पार्क हरियाली र हराभरा बनेको छ। यो पार्कलाई रात्रिकालीन पार्कको रूपमा विकास गर्ने नगरपालिकाको योजना छ। पार्कभित्र वाटर फाउण्टेन, बालउद्यान र विश्राम स्थलहरू रहेका छन्। पोखरीको चारै तिर राखिएका विद्युतीय बल्बको प्रकाशले साँझ पख पार्कको सुन्दरता मनमोहक देखिन्छ।

### ४. मोक्षधाम

तिलोत्तमा नगरपालिका वडा नं. ६ पश्चिम पहुनीमा पवित्र दिव्य मोक्षधाम अवस्थित छ। यो धाममा पुराणमा उल्लेख भएका चार धाम जस्तैः बद्रिनाथ, जगन्नाथपुरी, द्धारका र रामेश्वरम तथा नेपालमा रहेका मुक्तिनाथ, पशुपतिनाथ, रामजानकी मन्दिर जनकपुर र लुम्बिनीसहितका चार धाम गरी आठ धाम तथा द्धादश ज्योतिर्लिङ्ग र १००८ शिवलिङ्ग स्थापित विश्वनाथ मन्दिर, विभिन्न तीर्थ, गण्डकी, कोशी, कर्णाली, गंगा, यमुना, सरस्वती, गोसाइकुण्ड, दामोदरकुण्ड, मानसरोवर र सागरको जल मिश्रित अमृत कुण्ड, बाल आश्रम, वृद्धाश्रम, योग केन्द्र, ध्यान केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र तथा उद्यानसहितको दर्शनीय धाम निर्माण गर्ने योजना रहेको छ। मोक्षधाम नजिकै मानवसेवा आश्रम समेत रहेको छ।

### ५. अन्तर्राष्ट्रिय बुद्ध परियति उदय विहार

वि.सं. २०५९ सालको चैत ३ गतेका दिन श्रद्धेय भिक्षु जटिल महास्थविरको नेतृत्वमा डिङ्गरनगर, तिलोत्तमा-४ मा दाताहरूको सहयोगमा जग्गा खरिद गरी बुद्ध विहारको रूपमा अन्तर्राष्ट्रिय बुद्ध परियत्ति विहारको विधिवत उदय भएको हो। तथागत भगवान बुद्धले प्रतिपादन गरेको धर्मको संरक्षण, सम्बर्द्धन र प्रवर्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखिएको छ। यस विहारमा हरेक वर्ष बैशाख पूर्णिमामा एक समारोहकै रूपमा बुद्ध जयन्ती मनाउने गरिएको छ। विशेषगरी आन्तरिक बौद्ध धर्मावलम्बीका साथै म्यानमार, थाइलेण्ड आदि देशबाट बौद्ध भिक्षु तथा बौद्ध धर्मावलम्बीहरू यस विहारमा आउने गरेको यहाँका संस्थापक सदस्यहरू बताउँछन्।

### ६. विश्व सुख शान्ति बौद्ध विहार

तिलोत्तमा नगरक्षेत्र भित्र पर्ने विश्व सुख शान्ति बुद्ध विहार वडा नं.१, चपरहट्टीमा रहेको छ। यस विहारमा दैनिक रूपमा बौद्ध परम्पराअनुसार पूजा तथा ध्यान साधना गर्ने गरिन्छ। यस विहारमा अन्तर्राष्ट्रिय विपश्यना ध्यान शिविर समेत सञ्चालन हुने गर्दछ। बौद्ध धर्मावलम्बीहरू मात्र नभई यस अन्य व्यक्तिहरू पनि विपश्यना ध्यानमा सहभागी हुने गरेका छन्। यस विहारमा ३ महिने वर्षाबाससमेत हुने हुँदा महत्वपूर्ण स्थलका रूपमा लिने गरिन्छ। बौद्धमार्गीहरूको कठोर वर्त वर्षाबास यस विहारमा हुने गरेकाले आध्यात्मिक हिसाबले महत्वपूर्ण मानिएको छ।

### ७. तिलोत्तमा गौशाला

तिलोत्तमा नगरपालिका वडा नं. १ र ८ मा रहेका शंकरनगर र करहिया सामुदायिक वन क्षेत्रमा तिलोत्तमा गौशाला रहेको छ। छाडा चौपायालाई व्यवस्थापन गर्न बनाइएको गौशालाको व्यवस्थापन हाल इस्कोन नेपालले गरेको छ। यहाँ विभिन्न हिन्दू धार्मिक क्रियाकलापहरू हुने गरेका छन्। यहाँ राखिएका स्थानीय प्रजातिका गाईको मूत्रलाई प्रशोधन गरी बिक्री गर्ने व्यवस्था गरिएको छ भने गड्यौले मल समेत बनाउने गरिएको छ। यस गौशालामा नित्य रूपमा भजनकिर्तन, पूजापाठ र गाईहरूको हेरचाह गर्ने गरिएको छ।

### ८. श्रृङ्गेश्वर धाम

तिलोत्तमा नगरपालिकामा रहेका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरूमध्ये वडा नं. ४ डिङ्गरनगरमा रहेको श्रृङ्गेश्वर धामले छोटो समयमै आफ्नो प्रसिद्धी बनाउँदै गएको छ। करिब १८ कठ्ठा क्षेत्रफलमा फैलिएको यो धाममा पशुपतिनाथ मन्दिर, शनिदेव मन्दिर, होम मण्डप, बटुक भैरब मन्दिर, कैलाश पर्वत, नाग मन्दिर, सभाहल, आकर्षक बगैंचा समेतका संरचनाहरू निर्माण भैसकेका छन्। जेष्ठ नागरिकहरूको भावी जीवनको क्रियाशीलताका लागि जेष्ठ नागरिक मिलन केन्द्रको निर्माण समेत गरिएको छ।

### ९. बाँसघारी देवी शक्तिपीठ

वडा नं. ६ को पश्चिम पहुनीमा एक बिघा बढी जमिन चर्चेको बाँसघारी देवी शक्तिपीठ रहेको छ। यहाँ विभिन्न देवीदेवताका मन्दिर तथा मूर्तिहरू छन्। बाँसको घारी रहेको यहाँबाट बाँस कसैले मन्दिरपरिसरभन्दा बाहिर लगेमा त्यसको अनिष्ट हुने जनविश्वास छ। यो शक्तिपीठ कहिलेबाट प्रारम्भ भयो भन्ने यकिन छैन। थारू समुदायको ठूलो आस्था र विश्वास रहेको यो शक्तिपीठमा शनिबार विशेष पूजाआजा हुन्छ। नित्य पूजाआजा हुने यस मन्दिरमा बुटवल, भैरहवाका अतिरिक्त कपिलवस्तु, दाङसम्मबाट भक्तजनहरू दैनिक एक सयभन्दा बढी आउने गर्छन्। यहाँ बाँस कुहिएर गए पनि कसैले बाहिर लगेको देखिँदैन। यो शक्तिपीठमा भाकल गर्नेहरू पनि उत्तिकै हुन्छन्। शक्तिपीठलाई थप विस्तार र विकास गर्न सकिने पर्याप्त सम्भावना देखिन्छ।

### १०. तिलोत्तमा पार्क

तिलोत्तमा पार्क वडा नं. ६ मा पर्दछ। हाल पार्क रहेको स्थानमा कुनै समय तिलोत्तमा नदी बग्दथ्यो। २०३६ सालको बाढीले यो ठाउँलाई बगरमा परिणत गरिदियो। पछि नदीले धार परिवर्तन गरेपछि नदी उकास क्षेत्रलाई स्थानीयले संरक्षण गरी वनको रूपमा विकास गरे। समयक्रमसँगै स्थानीय बासिन्दाले यहीँ क्षेत्रलाई हालको तिलोत्तमा पार्कको रूपमा विकास गरेका हुन्। यहाँ आकर्षक पार्कको साथै बाल उद्यान, खेल मैदान, कवर्ड हललगायतका संरचनाहरू निर्माण भएका छन्। पिकनिकको लागि यहाँ भीडभाड नै हुन्छ।

### ११. फोहोरमैला प्रशोधन केन्द्र (ग्रीन पार्क)

वडा नं. ८ को गणेशनगर सुखौरा खोलाको उकास क्षेत्रमा फोहोरमैला प्रशोधन केन्द्र रहेको छ। जनसहभागिता वास स्वास्थ्य सहकारी संस्थाले सञ्चालन गरेको यो फोहोरमैला प्रशोधन केन्द्र अन्य पालिकाहरूको लागि सिकाइको केन्द्र समेत बनेको छ। तिलोत्तमालाई मुलुककै पहिलो खुला पोलोथिनमुक्त नगरपालिका तथा पूर्ण सरसफाइयुक्त नगरपालिका निर्माणमा यो फोहोरमैला प्रशोधन केन्द्रको महत्वपूर्ण भूमिका रहेको छ। तिलोत्तमाले फोहोरमैला व्यवस्थापनका सन्दर्भमा अवलम्बन गरेको नीति तथा कार्यक्रमको सन्दर्भमा अन्य पालिकाबाट यो केन्द्र अवलोकनका लागि आउने गरेका छन्।

### १२. ऐतिहासिक कुँवरवर्ती मन्दिर

तिलोत्तमा नगरपालिका वडा नं. ११, मद्रहानीमा रहेको कुँवरवर्ती मन्दिर नगरपालिकाकै प्राचीन एवं ऐतिहासिक मन्दिर हो। कुँवरवर्ती माईको मूर्ति रहेको यस मन्दिरमा परापूर्वकालदेखि नित्य पूजाआजा र विशेष गरी बडादसैं, चैते दसैंमा श्रद्धालुहरूको जमघट हुने गर्दछ। यो स्थान भगवान् गौतमबुद्धकी आमा मायादेवी माइत जाँदा विश्राम गर्ने ठाउँ रहेकोले यसले प्रसिद्धी पाएको भन्ने स्थानीय पाकाहरूको भनाइ छ। यो मन्दिरको परिसरमा बुद्धकालीन कुवा, चौपारी र सामुदायिक भवन समेतका संरचनाहरू विद्यमान छन्।

दुई कठ्ठा दश धुर क्षेत्रफलमा रहेको यस मन्दिरको गहन रूपले अध्ययन गर्दा कलात्मक र ओजनदार ढुङ्गाहरू कुँदेर मन्दिर निर्माण भएको देखिँदा यस मन्दिरको छुट्टै गरिमा र पुरातात्विक महत्व छ भन्ने बुझ्न सकिन्छ।

### १३. सखिया सामुदायिक थारू होम स्टे

वडा नं. १३ को सेमरीमा सखिया सामुदायिक थारू होम स्टे छ। यो होमस्टे २०७६ सालबाट सुरु भएको हो। यहाँ १० वटा कटेज होमस्टेको रूपमा व्यवस्थित गरिएको छ। यस्तै सामुदायिक हल समेत निर्माण गरिएको छ। आगन्तुकलाई थारू परिकार खुवाउने, थारू रहनसहन, कला, संस्कृतिसँग साक्षात्कार गराउने र नजिकै रहेको बाउन्नकोटी सामुदायिक वनमा निर्माण गरिएको पार्क, तिनाउ नदीको अवलोकन गराउने गरी यहाँ होम स्टे निर्माण गरिएको हो।

### १४. जमुहानी शिव मन्दिर पार्क

वडा नं. १७ को जमुहानीमा शिव मन्दिर पार्क रहेको छ। यहाँ ५० वर्षदेखि नियमित रूपमा शिवरात्रिमा मेला लाग्दै आएको छ। यस्तै साउन महिनामा श्रावणी मेला समेत यहाँ लाग्ने गर्छ।

यो मन्दिर परिसरमा झण्डै साढे दुई बिघा क्षेत्रफल रहेकोले पालिकाको पहलमा हाल यहाँ पार्कका लागि चाहिने पूर्वाधारहरू निर्माण गरिएका छन्। पोखरीको बीचमा मन्दिर रहनु यहाँको अर्को विशेषता हो। यहाँ छठको अवसरमा समेत विशेष पूजाअर्चना हुने गर्छ। यहाँ पिकनिक स्पोर्ट पनि निर्माण गरिएको छ भने शेषनाथ, हनुमानको मूर्ति बनाइएको छ।

( नगर प्रमुख रामकृष्ण खाँण, उप-प्रमुख जगेश्वरदेवी चौधरी र प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालसँग गरिएको कुराकानीमा आधारित)

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

युवराज खत्री क्षेत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

# ग्रामीण पर्यटन : गाउँ फर्काउने अभियान

**ग्रामीण पर्यटन प्रवर्धनले नेपालको ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सघाउ पुऱ्याएको छ। गाउँमा अवसर छ भन्ने सन्देश प्रवाह गरेर गाउँ छाडेकाहरुलाई फर्काउने अभियान बनेको छ।**



दलबहादुर गुरुङ

*बुटवल*

गाउँमा समृद्धिको आधार पर्यटन बन्दैछ। यतिबेला ग्रामीण विकासको मेरुदण्ड नै पर्यटन हो। अवसरको खोजीमा गाउँका मान्छे तराई–मधेसका शहरतिर हिंडे। शहरका मान्छे काठमाडौंतिर बसाई सरिरहेका छन्। त्यहाँ पनि मान्छे थामिन सकेका छैनन्। अचेल बसाईसराइ विभिन्न मुलुकमा भइरहेको छ।

गाउँमा बिजुली पुग्यो। धारा पुग्यो। स्वास्थ्यचौकी छ। विद्यालयहरू छन्। सञ्चारका सबै साधनहरु पुगेकै छन्। कतै पक्की, कतै कच्ची, कतै ग्राभेल सडक पुगेका छन्। अहिले गाउँमा आधारभूत सुविधा पुगेका छन्। तर पनि गाउँमा मान्छे टिक्न सकेका छैनन्। विकास गाउँ पुगेको छ, मान्छे थामिन सकेनन्। रित्तिने क्रम बन्द भएको छैन। सामुदायिक वनमा झाँडीले साम्राज्य जमाएकै छ। उर्भर खेतबारी बाँझै छन्। बाँदरको आतङ्क सबैलाई थाहा भएकै विषय हो। दुम्सी, बँदेलले खेतबारीमा राइँझ्यालो मच्चाउँदा किसान कृषिकर्मबाट अलग हुँदैछन्। किसानहरुले खेतीपाती लगाउने तर वन्यजन्तुहरूले निःशुल्क सेवन र सुविधा लिने कामले उनीहरू आजित छन्।

तै पनि यतिबेला सहरमुखी मानिसहरु गाउँमुखी पर्यटनका लागि भित्रिएका छन्। पहाडका गाउँ हुन् वा तराईका गाउँहरुमा आन्तरिक एवम् बाह्य पर्यटकहरुको घुइँचो लागेको देखिन्छ। गाउँका रहनसहन, रीतिथिति, कला, संस्कार, संस्कृति, सभ्यता बुझ्नमात्र होइन, पहाडका टाकुराबाट एकैपटक हिमालका चुचुराहरु र तराईका फाँटहरु दृश्यावलोकन गर्न पाइन्छ। गाउँका समस्याहरु र समाधानका उपायहरु अध्ययन गर्न त्यतै पुगेका छन्। ग्रामीण जनजीवन र एकताका कथा बुझ्न यतिबेला ग्रामीण पर्यटन रामवाण सावित हुँदैछ।

गाउँमा पुग्दा हार्दिकता छ। मनोरम वातावरण छ। मिलनसार समाजको मिठासपूर्ण स्वागत छ। गाउँमा खुलेका होम स्टेहरुले आकर्षित गरिरहेका छन्। पाहुनालाई गुन्द्रीमा बसालेका छन्। आफ्ना रैथाने उत्पादन चखाएका छन्। कोदो, फापरका रोटीसँग स्थानीय चटनी चखाएका छन्। गाउँले आफैँले उत्पादन गरेका मौवा, चामल, कोदो, चुत्रो र काफलका रक्सी(अर्नि) पाहुर बनाएर पाहुनाहरुलाई खुवाएका छन्। जिभ्रोमा झुण्डिने गाउँले परिकार सेवन गराएका छन्। गाउँको उत्पादन गाउँमै खपत भएका छन्। रैथाने उत्पादन, लोकल कुखुरासँग च्याट्ट चखाएका छन्। आँटो, ढिडो, भात, रोटी जे इच्छा गर्छन् पाहुनाहरुले सोही बमोजिम खुवाएका छन्।





गाउँघरका टिपिकल सांस्कृतिक कार्यक्रमद्वारा पाहुनाहरुलाई भरपूर मनोरञ्जन दिल्याएका छन्। तराईतिर लाठीनाँच, सखिया, झुमडाले मनोरञ्जन दिने गरेका छन् भने पहाडतिर झ्याउँरे, सोरठी, ठूलोनाँच, कडुवा, सालैजो, टप्पा र घाँटु नाँचलगायतले आन्तरिक एवम् बाह्य पर्यटकहरु झुमेका छन्। दुःख बिसाउने चौपारी बनाएका छन् साँस्कृतिक कार्यक्रमलाई। आफ्नै नीति, नियम बनाएका छन्। सरकारले सहजीकरण गरिदिएको होमस्टे कार्यविधिलाई कायम राखेका छन्। पालना गरेका छन्। अनुशासन, सुरक्षा र सम्बन्धलाई स्थायी बनाउन कम्मर कसेर होमस्टे सञ्चालकहरु गतिशील भएका छन्।

ग्रामीण पर्यटनका लागि गाउँठाउँमा प्राकृतिक चीजहरु नै काफी भए पनि कृत्रिम चीजहरुले समेत आकर्षण थपिरहेका छन्। मन्दिर बनेका छन्। गार्डेनहरु बनेका छन्। पिङ बनाइएका छन्। ढुंगाले बाटो छापिएका छन्। कुँडुले घरहरूले पर्यटकका मन खिचिरहेका छन्। कतै चौपारी बनाइएका छन्। कतै वन्यजन्तुका आकृति कोरिएका छन्। गाउँघरमा कराउने चराचुरुङ्गीका मधुरस्वरहरुले मनै प्रफुल्ल बनाएकै छन्। वन्यजन्तु हेर्नेहरूको लर्को देखिन्छन् जंगलसफारीमार्फत् तराईमा।

गाउँमा पर्यटकहरू पुग्दा उनीहरुका सिंगो शरीरमात्र पुगेका छैनन्, बरु पुगेका छन् पर्यटकका ज्ञान, सीप र व्यवहारहरु समेत। उनीहरूका ज्ञान, सीप र व्यवहारले ग्रामीण भेगका जननताहरूलाई अनेक फाइदा पुगेका छन्। एउटा कृषिविज्ञ पर्यटक गाउँमा पुग्दा खेतीकिसानी, बीउबिजनका कुरा सिकाउँछ। पशुसम्बन्धी जानकार पर्यटक पुगेको गाउँठाउँको अवस्था अध्ययन गरी कुन पशु पाल्दा फाइदा हुने छ, सिकाउने छ। एकजना डाक्टर पुगेमा गाउँलेहरूको रोग थाहा पाउने छ र स्वाथ्यसम्बन्धी शिक्षा र रोगबाट बच्ने उपायहरु सिकाउने छ। त्यसैले ग्रामीण पर्यटनका लागि सबैसँग हातेमालो आवश्यक देखिन्छ।

आन्तरिक एवम् बाह्य पर्यटकहरुले गाउँमा सञ्चालित होमस्टेहरूमा बसेवापत, खाएवापत अनि साँस्कृतिक कार्यक्रममा सहभागी भएबापत नगद आम्दानी प्राप्त गर्नेछन्। जसले गर्दा उनीहरूको आर्थिक उपार्जन हुनेछ। गाउँका कुखुरा गाउँमै खपत हुनेछ। गाउँको रक्सी गाउँमै बिक्री हुनेछ। गाउँको अन्नपात गाउँकै होम स्टेमा सदुपयोग हुनेछ। ग्रामीण पर्यटनले स्वरोजगार एवम् रोजगारको अवस्था सिर्जना गर्नेछ। गाउँमै बसेर हरिया नोट समाएर खुसी मन साट्न पाउने छन्। प्राप्त रकमबाट घरखर्च टर्नेछ। औषधोपचार हुनेछ। सन्तानका शिक्षादीक्षामा लगानी सम्भव छ। आफ्नो वृत्तिविकासमात्र होइन, भौतिक एवम् आर्थिक विकासमा टेवा पुग्नेछ। ग्रामीण अर्थतन्त्रलाई समृद्ध तुल्याउने छ।

ग्रामीण अर्थतन्त्र बलियो बन्दै जाँदा शहर पसेकाहरु गाउँ फर्किने छन्। शहर पसेकाहरु गाउँ फर्किदा गाउँको चमक अझैँ बढ्ने छ। माटोको सुगन्ध लिने छन् उत्पादनसँगै। उत्पादकत्व बढाउने खेलोमा लाग्नेछन्। गाउँको माटोले माया पाउने छ। चुहिएका घरहरुले टिनका छानो फेर्नेछन्। भत्किएका आँगनहरु लिपिने छन्, पोतिनेछन्। गाउँको मुहार फेरिनेछन्। गाउँको माया, गाउँमै रम्ने छ। जम्ने छ। गोठमा र ओंठमा खुसीको वहार आउने छन्। गाउँमा पुग्ने पर्यटकहरुले मोहीसँग मकै खानेछन्। आँटो वा ढिंडोसँग दही र घ्यू खानेछन्। गुन्द्रुक खाँदै गन्थन गर्नेछन्। टिम्बुरको अचार खाँदै जिभ्रो फड्कार्ने छन्।

बारीका डीलहरूमा अम्रिसो झुल्ने छन्। पाखाभरी फूलहरू फुल्नेछन्। खेतका आलीहरुमा भटमास, सिल्टुङ्ग र मासहरू झुल्नेछन्। आउने पाहुनाहरूलाई फर्किदा अम्रिसोको कूचो दिइने छ। हरिया नोटसँगै। फूलका माला लगाएर स्वागत र बिदा गरिनेछन्। मास, भटमास, बेसार, अदुवा, केरा र तरकारी बेचेर पाहुनाहरुलाई मनग्यै आम्दानी बढाउन सकिने छ। बेमौसी तरकारीले गाउँलेहरुको आम्दानीमा बढावा दिनेछ। किवी, आँप, कटहरलगायतका खेतीले किसानहरुलाई पैसा कमाउने मेसो दिनेछ। पर्यटकहरुसमेत अर्गानिक बस्तु खरिदपछि पुलकित हुनेछन्।

गाउँको मुहार फेर्न ग्रामीण पर्यटन अमृत बराबर छ। गाउँमा खासै ठूलो कुरा चाहिएको छैन। चाहिएको छ त केवल निरन्तर पर्यटकहरुको आगमन। जसबाट आर्थिक लाभ प्राप्त भइरहोस्। साँस्कृतिक कार्यक्रममार्फत् संस्कृतिको जगेर्ना भइरहोस्। रैथाने उत्पादनको खपत र बजारीकरण नै स्थानीय होम स्टे हुन सक्नेछन्। जसले गाउँलेहरुका ओठमा मुस्कान छरिरहोस्।

गाउँमा लगाइने मेला, महोत्सवले गाउँलेहरुसँग पर्यटकलाई जोड्ने छ। संस्कृतिको लेनदेन हुनेछ। संस्कार र सभ्यताको आदानप्रदान हुनेछ। स्थानीय उत्पादनले बजार पाउने छ। साँस्कृतिक कार्यक्रममार्फत् केन्द्रीय कलाकारहरु गाउँसम्म आइपुग्नेछन्। उनीहरुसँग चिनजान र भेटघाट हुने अवसर जुर्नेछ। विकासका खाका कोर्ने योजनाविद्, नेता, शुभचिन्तक र ठूलोमात्रामा पर्यटकहरु समेत गाउँमा आइपुग्दा ग्रामीण अर्थतन्त्रलाई फराकिलो बनाउन सम्भव हुनेछ। यो नै ग्रामीण अर्थतन्त्रको समृद्ध आधार हुन सक्नेछ।

सिरुबारी, घलेगाउँ, अमलटारी, डल्ला, जल्पाको ढोलीमारा र भरखरै सुरु भएको रम्भाको रानीबास होमस्टेले ग्रामीण पर्यटनलाई टेवा पुराउँदैछ। ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने एउटा गतिलो माध्यम बनेको छ। नेचरगाइड तयार गरी ग्रामीण पर्यटन प्रवर्धनमा लगाउन सकिएमा उत्तम हुनेछ। यतिबेला ग्रामीण पर्यटनमार्फत् गाउँफर्क अभियान सम्भव देखिन थालेको छ।

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

बृज किशोर प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

बैजुप्रसाद गुप्ता(दिपक)
अध्यक्ष

पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी(बसुप)

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

रमेशकुमार श्रेष्ठ
उपाध्यक्ष

कृष्णबहादुर खड्का
अध्यक्ष

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

# dl ; sf]6df wfld{s / s[if ko{6gsf]cj ;/





महेश रिजाल

## मुसिकोट

नेपालकै ऐतिहासिक महत्वको थलो हो-मुसिकोट । गुल्मी जिल्लाको उत्तर पश्चिममा अवस्थित मुसिकोट धार्मिक र कृषि पर्यटनको प्रचुर संभावना भएको पालिका हो। वडा नं. १ मा छत्रदेव मन्दिर जुन इस्मासँग सम्बन्धित छ। यो धार्मिक पर्यटकीय गन्तव्य हो । खार बजारमा हरेक वर्ष लाग्ने न्वागी मेला पनि आन्तरिक पर्यटकको रोजाइमा पर्छ । थुम पार्क पनि गुराँस महोत्सव गरिएको पर्यटक विश्रामस्थल हो।

वडा नं. २ को मुसिकोट दरबार आफैँमा ऐतिहासिक र पर्यटकीय स्थल हो । दरबार क्षेत्रको विकासका लागि करिब एक करोड बजेटमा तारबार र पर्खाल लगाइएको छ । वडा नं. ३ मा थुमपार्क र विश्रम स्थल रहे को छ यहाँ गुरास महोत्सव पनि हुने गर्दछ।

हरेक वर्ष दसैंमा हुने सराय नाचका लागि खुंडा तरबारको संरक्षण गएिको छ। वडा नं. ५ को आँपचौर कफीको हब हो। यहाँ २० रोपनीमा कफी बगैंचा बनाउन सुरु गरिएको छ। गत वर्ष ५ हजार अर्गानिक कफीका बिरूवा लगाएका छौँ । यहाँ कफीमार्फत् पनि पर्यटक भित्र्याउन सकिन्छ । वडा नं. ६ को कलात्मक मालिका मन्दिर धार्मिक पर्यटक आउने थलो हो । यहाँ पहराको बिचबाट पानी आउँछ। यहाँ हरेक वर्ष तिहारपछि बैकुण्ठ चतुर्दशीमा ४/५ दिनसम्म ठूलो मेला लाग्छ । मेलामा गुल्मी, बागलुङ र अर्घाखाँचीबाट मान्छेहरू आउँछन्।

मालिका र सत्यवती दिदी बहिनी भएको किम्बदन्ती छ । जसरी सत्यवती मन्दिरमा चिच्याएर वर मागिन्छ, त्यस्तै यहाँ पनि चिच्याएर वर माग्ने चलन छ। वडा नं. ६ कै स्वाँरा गुरूङ बस्ती हो । जहाँ सामुदायिक होमस्टे छ। यो पनि पर्यटकीय गन्तव्य हो । वडा नं. ७ को इस्माली थान र पार्क पनि आन्तरिक पर्यटक भित्र्याउन सकिने थलो हो । यहाँ आकर्षक गेट, बुद्ध र हनुमान मूर्तिसहित स्मार्ट पार्क बनाउन डीपीआर बनाइएको छ।

वडा नं. ८ मा शालिमे दह छ। जंगल नजिकको यो ठाउँमा भानु गुरु तप गरेर बस्नुभएको छ। यहाँ अतिथि गृहसहित यसलाई ऋषि आश्रम बनाउँदैछौँ । जसले धार्मिक पर्यटक तान्न सक्छ।

देवघाट-रिडी-रेसुङ्गा हुँदै मुसिकोट आएर गल्कोट-बागलुङ कालिका-मुक्तिनाथ धार्मिक पर्यटकीय सर्किटमा जोड्न पनि सकिन्छ । मुसिकोट नगरपालिका हुँदै बग्ने बडिगाड खोलामा जल पर्यटन (र्‍याफ्टिङ) को पनि संभावना छ । यसका लागि अन्तरपालिका सहकार्य आवश्यक छ ।

*(नगर प्रमुख जीवलाल खरेल, उप-प्रमुख गंगा श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीसँग गरिएको कुराकानीमा आधारित)*

## बुद्ध...

देवदह नगरपालिकाले पनि यो खालको अभियान चलाउन सक्छ । आएका पर्यटकलाई देवदहका विभिन्न पुरातात्विक स्थल घुमाएर लुम्बिनी जाने वातावरण निर्माण गर्न सक्छ। लुम्बिनी साँस्कृतिक नगरपालिकाले पनि बुद्धजन्मस्थलमा पर्यटनमैत्री वातावरण निर्माण गर्दै अन्य बुद्ध परिपथका अन्य पालिकासँग मिलेर कार्यक्रम सञ्चालन गर्न सक्छ। कपिलवस्तु नगरपालिकाले पश्चिमबाट आएका पर्यटकलाई तिलौराकोटमा स्वागत गरी जिल्लाका अन्य बुद्धस्थलहरू घुमाएर लुम्बिनी जाने वातावरण गराउनुपर्छ । रामग्राम र लुम्बिनीबाट आएका पर्यटकहरूलाई स्वागत गरी पर्यटन मैत्री सेवा प्रदान गर्नुपर्छ।

यसबाहेक बुद्धस्थल बाहेक बुद्ध परिपथमा पर्ने पालिकाहरू बुटवल उप-महानगरपालिका, तिलोत्तमा नगरपालिका, सिद्धार्थनगर नगरपालिका, कपिलवस्तुको वाणगंगा नगरपालिकालगायतका पालिकाले पनि लुम्बिनीसँग जोडेर आफ्ना पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्नुपर्छ।

**बुद्धस्थलमा पर्यटकीय पूर्वाधार**

लुम्बिनीसहित अन्य बुद्धस्थलमा पनि पूर्वाधारहरू निर्माण गर्न जरूरी छ। लुम्बिनी विकास कोष, संघीय सरकार, प्रदेश सरकारले पर्यटनमैत्री वातावरण हुने गरी पूर्वाधारहरू बनाउनुपर्छ । पर्यटकको लागि सूचना केन्द्र, पर्यटकको लागि आवश्यक विश्रामस्थल, ध्यान केन्द्रलगायतका पूर्वाधारहरू बनाउन जरूरी छ। त्यसको लागि गुरुयोजना बनाएर अघि बढ्नुपर्छ । अहिले रामग्राम, देवदह र कपिलवस्तुमा पर्यटनमैत्री स्तरीय होटलहरू खासै छैनन्।

निजी क्षेत्रको पहलमा केही पर्यटनमैत्री स्तरीय होटल स्थापना हुनुपर्छ, जसले गर्दा लुम्बिनी आएका पर्यटकले बुद्धस्थल अवलोकनको क्रममा रामग्राम, तिलौराकोट र देवदहमा पनि सुविधाजनक तरिकाले बस्न सकुन । कपिलवस्तुको तिलौराकोट विश्व सम्पदा सूचीमा छिटो पर्ने हो भने प्रचारप्रसार सहज हुनसक्छ । अहिले तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने प्रस्ताव पेश भइ प्रक्रिया अघि बढेको छ। तिलौराकोट विश्व सम्पदा सूचीमा सूचीकृत भएमा बाह्य पर्यटक आकर्षित हुनसक्छन्।

रामग्राम, पण्डितपुर देवदहलगायतका ठाउँको उपयुक्त गुरुयोजना बनाइ, संरक्षण र प्रवर्धन गर्न सक्नुपर्छ। बुद्धजन्मस्थल लुम्बिनी मात्र नभई तीनवटै जिल्लाका बुद्धथलहरूको एकिकृत रूपमा अन्तर्राष्ट्रिय प्रचारप्रसार गर्ने, बुद्धपरिपथमा सहज यातायातको व्यवस्था गर्ने, बुद्धस्थलहरूमा पर्यटनमैत्री पूर्वाधार र वातावरण निर्माण गर्ने हो भने वृहत् लुम्बिनी र बुद्धपरिपथको औचित्य सावित हुन्छ। यसबाट थप पर्यटक आकर्षित गर्न र उनीहरूको बसाइ लम्बाउन सकिन्छ।

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरूमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत
मन्जित कुमार यादव
अध्यक्ष
ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरूमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।
रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत
रामप्रसाद पाण्डेय
अध्यक्ष
छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरूमा हार्दिक अनुरोध
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी सुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।
विशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत
सुखाडीप्रसाद चौधरी थारू
अध्यक्ष
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी(बसुप)

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरूमा हार्दिक अनुरोध
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी सुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।
त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत
झग बहादुर विश्वकर्मा
अध्यक्ष
सरूमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

# चन्द्रकोट पर्यटकीय हब बन्न सक्छ





चन्द्रकोट । चन्द्रकोट गाउँपालिका उत्तरमा बागलुङ जिल्लाको वरेङ्ग गाउँपालिका र गल्कोट नगरपालिका तथा दक्षिणमा गुल्मी जिल्लाकै सत्यवती गाउँपालिका र छत्रकोट गाउँपालिका अनि पूर्वमा गुल्मीकै कालीगण्डकी गाउँपालिका, पश्चिममा मुसिकोट नगरपालिका र गुल्मीदरबार गाउँपालिकाको बिचमा रहेको छ । साविक दिव्रुङ्ग, बिशुखर्क, हराचौर, शान्तिपुर, ग्वाघा, हरेवा, रूपाकोट र तुराङ्ग गरी ८ वटा गाविस मिलेर चन्द्रकोट गाउँपालिका बनेको हो । चन्द्रकोट गाउँपालिकाको केन्द्र साविक शान्तिपुर गाविस हाल चन्द्रकोट-४ शान्तिपुरस्थित चन्द्रकोट क्याम्पसको भवनमा छ । गाउँपालिकाको नामाकरण प्रसिद्ध ऐतिहासिक स्थल चन्द्रकोट मन्दिरको नामबाट गरिएकोले यो सिंगो पालिका नै धार्मिक पर्यटकीय स्थल हो । यस गाउँपालिकाका प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरूमा प्रसिद्ध चन्द्रकोट मन्दिर, दिव्रुङ्ग मन्दिर, चक्रेश्वर मन्दिर, सिद्धबाबा मन्दिर जस्ता ऐतिहासिक एंव धार्मिक पहिचान बोकेका स्थलहरू छन् । यस्तै टिमुरे ताल, दह ताल, अर्जेवाको प्राकृतिक झरना, पाटेचौर वनभोज स्थल, रूमाले डाँडा वनभोज स्थल, साथै थुप्रै नदीनाला, वनजंगल, प्राकृतिक सम्पदा पर्यटकका लागि आकर्षणका थलो हुन् । हुग्दी खोला हाइड्रोपावर परियोजना पनि एउटा पर्यटकीय आकर्षण हो । यस पालिकामा पर्यटकीय विकासको प्रचूर सम्भावना रहेको छ ।

स्थानीय तहको दोस्रो निर्वाचनबाट हामी आएपछि पर्यटनका क्षेत्रमा उल्लेख्य काम भएका छन् । खासगरी यहाँको प्रमुख प्राकृतिक सौन्दर्यले भरिपूर्ण पर्यटकीय स्थल टिमुरेताललाई थप सौन्दर्यीकरण गर्न डेढ करोड रुपैयाँ बजेट खर्च गरेर आकर्षक बनाइएको छ । यहाँको अर्जेवा झरना पनि पर्यटकको आकर्षणमा पर्छ । दिब्रुङ शिवालय मन्दिर क्षेत्रलाई धार्मिक तथा आध्यात्मिक पर्यटकको केन्द्र बनाउने लक्ष्य छ । स्वामी परमानन्द गुरुले तपस्या गरेको ठाउँमा बनेको मन्दिर क्षेत्रको विकासमा ज्ञानानन्द र विवेकानन्द गुरुहरू लागिरहनुभएको छ । यहाँ गत वर्ष समपुरक वजेटबाट ५० लाख लागतमा सुविधा सम्पन्न अतिथि गृह बनाइएको छ । यो वर्ष पनि १० लाखको काम भएको छ । दिब्रुङ दह आदिवासी जनजाति बाहुल्य क्षेत्र र दलित समेतको बसोबास क्षेत्र हो । यहाँ यो वर्ष १५ लाखको काम भएको छ भने आगामी वर्ष संघ सरकारसँग समपूरकमा ५० लाखको बजेट प्रस्ताव गरिएको छ । यहाँ दहको संरक्षण र विकास गर्दै पर्यापर्यटनको प्रवर्द्धन गर्दैछौं ।

यहाँ होमस्टे र संग्रहालय बनाउँदैछौं । चन्द्रकोट खड्गदेव मन्दिर क्षेत्रमा शहीद स्मृतिपार्क बनाएका छौं । यसलाई दीर्घकालीन विकास गर्ने लक्ष्य छ । ग्वाघा ठूलो पोखरीमा पिकनिक स्पट छ । यहाँको बुद्ध मूर्तिलाई आकर्षक बनाएका छौं । यहाँ निजी क्षेत्रबाट डेढ करोड लगानीमा संग्रहालय बन्दैछ । रूपाकोटको शीरमा सिद्धबाबा मन्दिर छ । यो धार्मिक पर्यटकीय स्थल हो । चक्रेश्वर मन्दिर र तुराङ चिसापनीको चण्डिस्थान शिवालय मन्दिर १२५ वर्ष पुरानो ऐतिहासिक धार्मिक स्थल हो । चक्रेश्वर मेलाले पनि पर्यटक भित्र्याउने गरेको छ । शान्तिपुर र मजुवा दुई व्यापारिक केन्द्रमा पनि पर्यटक लक्षित स्तरीय होटेल, दोहोरी साँझ जस्ता पूर्वाधार बन्दैछन् । र यो ठाउँ साहसिक पर्यटनका लागि पनि सम्भावना रहेको देखेर अध्ययन गर्दैछौं । सारमा भन्नुपर्दा गण्डकी प्रदेशका बरेङ गाउँपालिका तथा गल्कोट र जैमिनी नगरपालिकाको प्रवेशद्वार र व्यापारको ट्रान्जिट प्वाइन्ट पनि चन्द्रकोट हो । यसर्थ सिंगो चन्द्रकोट प्राकृतिक र धार्मिक पर्यटनको हब बन्न सक्छ ।

(गाउँपालिका अध्यक्ष युवराज खत्री क्षेत्री, उपाध्यक्ष विष्णु प्रसाद भण्डारी र प्रमुख प्रशासकीय अधिकृत बुद्धप्रसाद पौडेलसँग गरिएको कुराकानीमा आधारित)




## बुद्धवल्ली...

'बुटवल जति ठूलो शहर हुँदै गयो, इतिहास बिर्सिंदै गयो,' शाक्य भन्छन्-'आधुनिक शहरले बटौलीलाई फिटिक्कै सम्झिएन ।'

शताब्दी अघिका घ्यू तताउने ठूला कराइँहरू अलपत्र फालिएका छन् ।

पैसा छाप्ने टक्सारमा नेपाली सेनाले व्यापारिक महल ठडाएको छ । अंग्रेज हराउने जितगढीको ९० प्रतिशत जमिन अतिक्रमणमा परेको छ । जहाँ अंग्रेज हारेर फर्कियो, त्यसकै सिरान फूलबारी भारतीय कब्जामा पुगेको छ ।

अहिलेका जनप्रतिनिधिले योजना बनाउने हो भने पुरानो बुटवललाई पर्यटकीय खान्की शहर बनाउन सकिने सम्भावना छ । पुराना भवनहरूलाई पुरानै शैलीमा निर्माण गर्न प्रोत्साहन गर्दै रैथाने खानाको परिकार पस्किने स्थल बनाउन सकिन्छ ।

त्यसका लागि बुटवल उप-महानगरले साताको एकदिन स्थानीयलाई नै प्रोत्साहन गरेर परिकार बनाएर बेच्ने अभियानको सुरुवात गर्नुपर्छ ।

चर्को गर्मीमा साँझको समयमा केही शितल हुने बटौली क्षेत्रमा चिया, कफी खान अहिले पनि मानिसहरू पुग्छन् । अहिले बटौलीमा जेरी खान टाढा टाढाबाट आइरहेका छन् । बटौलीमा मौलिक नेपाली खाना पस्कन सके आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ । सीमावर्ती भारतीय शहरबाट दैनिक ठूलो संख्यामा पर्यटकहरू घुमफिर गर्न बटौली आउन सक्छन् । होटल व्यवसायीहरू, केबलकार व्यवसायीहरूले हरेक साताको शनिबार साँझ २ घण्टाको साँस्कृतिक कार्यक्रमसहितको मेला गर्न सक्छन् ।

यो गर्न सकिने काम हो, इच्छा शक्ति भएमा । यो बहुलवासीहरूको क्षेत्र भएकाले रमझम खोजिरहने क्षेत्र पनि हो ।

सुन्दर इतिहासबाट विकसित भएको बुटवल साँच्चिकै भूपिले भनेका यी हरफमै मस्त भएको छ ।

मानिस
कोही पूर्वका
कोही पश्चिमका
कोही पहाड फाँटका
कोही भारतका, कोही भोटका
तर सब यहाँ भेला भएका छन्
खोजीमा हरिया नोटका






# रामग्राम स्तूपदेखि अनोमा घाटसम्म



केशव पराजुली

*नवलपरासी*





पश्चिम नवलपरासीको सबैभन्दा महत्वपूर्ण धार्मिक पर्यटकीय तथा ऐतिहासिक स्थल हो, रामग्राम स्तूप । सदरमुकाम परासीदेखि चार किलोमिटर दक्षिणमा रहेको रामग्राम स्तूपका संसारभरका बौद्धमार्गीका लागि आस्थाको केन्द्र हो ।

भगवान गौतमबुद्धको महापरिनिर्वाणपछि बुद्धको अस्थीलाई विभिन्न आठ भाग लगाइ विभिन्न क्षेत्रका राजाले आफ्नो राज्यमा लगेर स्तूप बनाएका थिए । सोही आठ राज्यमध्ये कोलीय राजाहरूले पाएको आफ्नो भागको अस्थीधातुलाई रामग्राममा स्तूप निर्माण गरेर राखे ।

बुद्धको थप प्रवर्धन भनौ वा आवश्यकता मानेर पछि तत्कालिन अशोक सम्राटले बुद्धका विभाजित आठ मुख्य धातुमध्ये सात वटा धातु उत्खनन् गराई विश्वका ८४ हजार स्थानमा विभाजन गरेर स्तूप बनाउन लगाए । रामग्राममा रहेको अस्थीधातुको पनि उत्खनन् गरेर विभाजन गर्ने प्रयासमा सम्राट अशोक थिए, तर त्यतिबेला स्तूपा क्षेत्रको संरक्षण गर्दै आएका नागबंशीले उत्खनन् नगर्न आग्रह गरे र उनीहरूको आग्रहलाई मानेर सम्राट अशोकले रामग्राम स्तूप त्यसै छोडी फर्केका थिए । त्यो भएर पनि प्राकृतिक रूपमा अस्थीधातु सुरक्षित रहेको संसारको एक मात्र स्तूपा हो । जुन नेपालमा मात्र रहेको छ । बौद्ध साहित्यमा धातुको पूजालाई पनि पारलौकिक सुख र पुण्य प्राप्तीको आधार मान्ने गरिएको छ । संसारका बौद्धमार्गीहरू एक पटक स्तूपको दर्शन र पूजा गरी ध्यान गर्न रामग्राम स्तूप आउने गर्दछन् ।

बुद्धको विश्वमा कहि पनि नभएको सिंगो अस्थीधातु सुरक्षित रहेको स्थल रामग्राम स्तूपको अवस्था भने दयनिय छ । लुम्बिनीभन्दा दुई वर्षपछि मात्र पत्ता लागेको स्तूपको विकास र प्रवर्धनको काम अपेक्षाकृत छैन । लुम्बिनी विकास कोष मातहत रहेको स्तूपको विकासमा तहगत सरकार समन्वय गरी अघि बढ्न आवश्यक छ । संघीय सरकार मातहत रहेको रामग्राम स्तूप क्षेत्रको विकास र संरक्षणको मुख्य जिम्मेवारी लुम्बिनी विकास कोषको हो । तर कोष रामग्राम स्तूपको विकासमा उदासिन देखिन्छ । लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईले रामग्रामको अध्ययन पूरा गरेर स्तूप क्षेत्रका आधारभूत आवश्यकता पूरा गर्ने पक्षमा अहिले कोष रहेको बताए । यता रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले लुम्बिनी विकास कोषकै कारण स्तूप क्षेत्र पछाडि परेको दाबी गर्छन् ।

'म निर्वाचित भएर आएपछि लुम्बिनी गएर, काठमाडौं गएर पटक-पटक रामग्राममा केही गर्नुस् वा गर्न दिनुस् भन्यौं, तर संघीय सरकारले स्थानीय सरकारको कुरा सुन्दैन्, न त लुम्बिनी विकास कोषले नै सुन्छ ।'- मेयर यादवले भने । रामग्राम नगरपालिकाले रामग्राम स्तूप र बुद्धको मावली दाबी गरिएको स्थल पण्डितपुरलाई जोडेर धातु यात्राको कार्यक्रम प्रत्येक वर्ष गर्दै आएको जनाएको छ ।

स्वदेशदेखि विदेशका फोरममा समेत रामग्राम स्तूपका विषयमा प्रचारप्रसार गर्न हामी चुकेका छैनौं, तर लुम्बिनी विकास कोषले सहयोग नगर्दा रामग्राम सधैं पछाडि परेको हुँदा हामीलाई पनि जनतालाई जवाफ दिन कठिन भएको छ-मेयर यादवले गुनासो गरे । दुई पटकसम्म रामग्राम स्तूपमा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाललाई बोलाएर भव्य कार्यक्रम तथा ७ हजार दीप प्रज्ज्वलन एकै पटक गराएको स्मरण गर्दै मेयर यादवले स्थानीय तहको सक्रियतामा साथ दिने हो भने रामग्रामको कायापलट हुन सक्छ । रामग्राम स्तूपको विकासमा चरम ढिलाइ भएपछि रामग्राम नगरपालिकाले रामग्राम विकास कोष गठन गरेको छ । उक्त कोषमार्फत् अब स्तूप क्षेत्रको विकासको काम अगाडि बढाउने भनिए पनि काम गर्न सहज छैन । पहिलो काम तारबार गरेर संरक्षणको प्रयास गर्ने योजनामा नगरपालिका रहेको छ । अहिले रामग्राम स्तूप क्षेत्रमा ओत लाग्ने ठाउँसम्म छैन । सो क्षेत्रमा पछिल्लो पटक भएको जियोफिजिक्स सर्भेका क्रममा स्तूपको उत्तर दक्षिणतर्फ बुद्धकालीन पोखरीको संरचनालगायत विभिन्न ऐतिहासिक संरचना भेटिएका छन् । उक्त उत्खनन्को काम पनि पूरा हुन सकेको छैन ।

**पण्डितपुर**

रामग्राम नगरपालिका वडा नम्बर १८ मा रहेको बुद्धको मावली दाबी गरिएको स्थल पण्डितपुर अर्को महत्वपूर्ण ऐतिहासिक स्थल हो । तर अहिले पण्डितपुरमा पर्यटक पुगेर हेर्ने बुझ्ने जस्तो केही पनि छैन । पण्डितपुरमा अहिले एक महिना लामो उत्खनन् चलिरहेको छ । रामग्राम नगरपालिकाको लगानीमा पुरातत्व विभागले उत्खनन् गरिरहेको छ । रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले पण्डितपुर नै कोलीय गणराज्यको राजधानी भएको र बुद्धको मावली भएको दाबी गरे । देवदह बुद्धको मावली होइन यहाँ अहिलेसम्म भएका अध्ययनले बुद्धको मावली पण्डितपुर नै भएको देखिन्छ–मेयर यादवले भने । पण्डितपुरमा यसअघि भएको उत्खनन्को क्रममा महत्वपूर्ण पूरातात्विक सामग्री भेटिएको छ भने ती सामग्रीको नमूना विदेशमा लगेर गरिएको परिक्षणको क्रममा छैठौं शताब्दीको भएको पुष्टि भइसकेको छ । ६२ विघा क्षेत्रफलमा फैलिएको उक्त क्षेत्रमा अहिले खेतीपाती भइरहेको छ । तर जमिनमुनि १०/१५ सेन्टिमिटर तल ईटाँका पर्खाल सजिलै भेटिन्छन् । अध्ययनको क्रममा जमिनमुनि चक्र आकारमा बुद्धकालीन शहरको संरचना भेटिएको छ । जसका कारण उक्त क्षेत्र उत्खनन गर्ने हो भने तिलौराकोट भन्दा पनि पुरानो साईट भएको देखिएको पूरातत्वविद् भाष्कर ज्ञवालीले बताए । उक्त क्षेत्रका जमिनको संरक्षण अहिलेको मुख्य आवश्यकता भएको ज्ञवालीको भनाइ छ । पण्डितपुरको संरक्षण र प्रवर्धनका लागि अहिले संघीय सरकार र प्रदेश सरकारले पनि बजेट विनियोजन गरेका छन् । झण्डै एक करोड बजेट रामग्राम नगरपालिकामार्फत् उत्खनन् र संग्रहालय निर्माणका लागि खर्च गरिने जनाइएको छ ।

**बुद्धमंगल ताल**

बर्दघाट नगरपालिका-१२ मा अवस्थित ऐतिहासिक एवं बुद्धकालीन पूरातात्विक महत्वको बुद्धमंगलताललाई धार्मिक पर्यटनको केन्द्र बनाउने गरी विकास अघि बढाइएको छ । बुद्धकालीन हलिदाबसन शहरसँग मेल खाने यस क्षेत्रमा बुद्धकालीन सभ्यताको संरक्षण र पर्यटन प्रवर्धन गर्ने गरी यहाँको विकास, संरक्षण तथा प्रवर्धन थालिएको हो ।

यस ताल भगवान गौतमबुद्धसँग जोडिएकाले यहाँको ऐतिहासिकता संरक्षण र पर्यापर्यटन विकासका लागि काम भइरहेको बर्दघाट नगरपालिकाले जनाएको छ । नगरपालिकाले उक्त स्थलको संरक्षण र सरसफाइ तथा प्रवर्धनका लागि विभिन्न माध्यमबाट पहल गर्दै आएको छ । पर्यटकीय दृष्टिकोणले उत्कृष्ट गन्तव्यको सम्भावना रहेको यस क्षेत्रमा अहिले तालको बिचमा बुद्धको ठूलो मूर्ति निर्माण गरिएको छ । नगरपालिको उक्त स्थललाई महत्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा राखेर हरेक वर्ष बजेट विनियोजन गरी समुदायको सहभागितामा प्रवर्धन र पूर्वाधार विकासका काम गर्दै आएको नगरप्रमुख शम्भुलाल श्रेष्ठले बताए ।

बुद्धग्रन्थहरूमा उल्लेख गरिएअनुसार तत्कालीन कोलीय गणराज्यको हलिदावसन शहरमा बुद्ध आएर नित्य पाठ गरी शिष्यहरूलाई दीक्षित गरेको ऐतिहासिक तथ्य यसै क्षेत्रमा फेला परेको उनले बताए । उचित संरक्षण र प्रचारप्रसारको अभावमा ओझेल परेको यस क्षेत्रलाई पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न, बुद्धकालीन ऐतिहासिकतालाई जोड्न र बुद्ध परिपथमा समावेश गर्ने आधार निर्माणका लागि प्रचारप्रसारसहित सम्बन्धित निकायसँगको पहल बढाइएको छ ।

**ककरपत्त नगर** (**जावा**)

जिल्लाको सरावल गाउँपालिका वडा नम्बर २ जावा गाउँमा अवस्थित छ, बौद्धकालीन प्राचीन ककरपत्त नगर तथा कोलवृक्ष बगैंचा । सरावल गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय तथा ऐतिहासिक स्थलको रूपमा रहेको ककरपत्त नगरको विषयमा थप अध्ययन हुन बाँकी रहेको छ । प्राचीन कोलीय गणराज्यअन्तरगतको प्राचीन ककरपत्त नगर भएको गाउँपालिकाले घोषणा गरी गौरवको आयोजनाभित्र राखेर विकास तथा पर्यटन प्रवर्धनमा जोड दिए पनि वुद्धस्थलको रूपमा स्थापित गराउने काम बाँकी छ । बौद्ध अध्येता डा.कौशलेन्द्रबहादुर श्रीवास्तवले बौद्ध साहित्यको अध्ययन गरी जावाको कोलवृक्ष रहेको क्षेत्र कोलीय गणराज्यको ककरपत्त नगर भएको तथ्य निकालेपछि गाउँपालिकाले प्राचीन ककरपत्त नगरको घोषणा गरेको हो । तर त्यसको विषयमा थप अध्ययन र पूर्वाधार विकासका काम हुन सकेको छैन । सरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरीले ककरपत्त नगर गाउँपालिकाको एउटा महत्वपूर्ण पर्यटकीय स्थल रहेको बताउँदै अहिले त्यहाँ प्रवेशद्धार बनाएर चिटिक्क पारिएको बताए । स्थानीय तथा बाह्य पर्यटकको लागि आकर्षणको केन्द्रको रूपमा ककरपत्त नगर रहेको र नजिकै रहेको पोखरीले थप आकर्षण थपेको उनले बताए । गाउँपालिकाले आवश्यक बजेट व्यवस्थापन गरी पूर्वाधार निर्माणको काम गरिरहेको बताउँदै थप अध्ययनको काम बाँकी रहेको बताए ।

पूर्वपश्चिम राजमार्गको बासा चोकदेखि दुई किलोमिटरभित्र बासा पिपरहिया सडक खण्डमा जावा क्षेत्र रहेको छ । गाउँपालिकाले प्राचीन नगर घोषणा गरेपश्चात् पुरातत्व विभागले पनि प्राचीन स्मारक भनेर राष्ट्रिय सम्पदामा सूचीकृत गरी होर्डिङ् बोर्ड राखिसकेको छ ।

ककरपत्त नगरको प्राचीन इतिहास बौद्धकालमा दिर्घजानु भन्ने कोलीय पुत्र बुद्ध आएको बेलासँग सम्बन्धित छ ।

**अनोमाघाट** (**नारायणी नदी किनार**)

सुस्ता गाउँपालिकास्थित नारायणीनदी किनार अर्थात् ठाडिघाटमा पर्ने अनोमाघाट पनि बुद्धसँग सम्बन्धित महत्वपूर्ण स्थल हो । सिद्धार्थ गौतमले गृह त्याग गरेर ज्ञानको खोजीमा निस्कदा कोलीय राज्यको अन्तिम सीमा अनोमा नदी किनारमा पुगेपछि उनको कन्टक घोडा ठडा भयो, त्यही बेलादेखि स्थानीयस्तरमा ठाढीघाटको रूपमा चिनिएको हो । सो स्थानमा बुद्धले केश मुण्डन गरी ज्ञानको खोजीमा हिंड्न सुरुवात गरेको स्थल मानिन्छ । यसको विषयमा पनि थप अध्ययन र प्रचारप्रसार आवश्यक छ । स्थानीय सरकार आएपछि केही न केही प्रवर्धनको प्रयास थालिए पनि प्रभावकारी रूपमा संरक्षण र विकासको काममा पालिकाले ध्यान दिन सकेको छैन । सो स्थानमा कुस्तीका लागि मैदान बनाइएको छ । अहिले कुस्तीस्थलको रूपमा पनि उक्त स्थान चर्चित छ । सुस्ता गाउँपालिकाले नेपालको बोधगयाको रूपमा अनोमाघाट (धाम) विकास गर्ने गरी लक्ष्य लिएर डीपीआर बनाउने काम गरेको थियो । प्रदेश सरकारले समेत उक्त कार्यका लागि केही योजनामा सहयोग गर्दै आएको गाउँपालिकाले जनाएको छ ।

**देवदह ताल** (**तरगौली**)

पूर्व पश्चिम राजमार्गको सुनवल ज्यामिरेबाट दक्षिणतर्फ चार किलोमिटर जति अगाडि पुगेपछि सुनवल नगरपालिका–७, तरगौलीमा देवदह ताल अवस्थित छ । सो ताल क्षेत्रमा ऐतिहासिक साम्यमाई मन्दिर, बौद्ध गुम्बासहितको ताल छ । देवदह ताल तरगौलीमा गौतमबुद्धकी आमा मायादेवीले स्नान गरेको तथा सो क्षेत्रमा मायादेवीकी माइली बैनी साम्यमाइको परिवार बसोवास गर्ने सुन्दर राजमहल रहेको 'बुद्धस्य जीवनमा वृत्तान्त' नामक ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

गौतमबुद्धका आमाहरू तीन बहिनी रहेको र मायादेवीकी माहिली बहिनी साम्यमाइ यसै तरगौली गाउँमा बसोवास गरेको हुँदा उनलाई साम्यमाइ भनिएको हो । शास्त्रका अनुसार, यस ऐतिहासिक साम्यमाइ मन्दिरको चारैतिर महलहरू थिए । तर उक्त स्थलको विकास र प्रवर्धनको काम भने सुस्त छ । बुद्धस्थलको रूपमा स्थापित भएको भए पनि स्थानीयदेखि प्रदेश र संघीय सरकारको प्रतिनिधित्व गर्ने जनप्रतिनिधिको नजरमा उक्त स्थलले स्थान पाएको छैन । विस्तारै ताल क्षेत्र अतिक्रमणको चपेटामा पर्ने जोखिममा छ ।

अन्त्यमा, नवलपरासी बुद्धकालीन ऐतिहासिक स्थलहरूको धनी जिल्ला हो । लुम्बिनीपछिको महत्वपूर्णस्थल रामग्राम स्तूपदेखि बुद्धले ध्यान प्राप्तिका लागि सबै गृहसुख त्याग गरेको स्थलसम्म यीह जिल्लामा छ । तर जिल्लाभित्र भएका बुद्धस्थलको विकास र प्रवर्धन तथा आन्तरिक बुद्ध सर्किटको रूपमा विकास गर्ने कार्य हालसम्म पूरा भएको छैन । नवलपरासी आउने पर्यटकलाई रामग्राम स्तूपसहित अन्य बुद्धस्थलको बारेमा बुझाउने काम कुनै पनि निकायबाट भएको छैन । सधैं धार्मिक तथा ऐतिहासिक स्थलको विकास र प्रवर्धनबाट पालिकाको पहिचान स्थापित हुनुका साथै आन्तरिक अर्थोपार्जन समेत हुने भए पनि यसप्रति पालिकाहरूले प्रभावकारी काम गर्न सकेको पाईदैन भने रामग्राम स्तूप जस्ता अति महत्वपूर्ण स्थलमा संघीय सरकारले पहलकदमी नलिदा ती स्थलको विकास र प्रवर्धन हुन सकेको छैन ।


हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रो. सुरज भट्टराई
एवम्
ग्रेस फर्मास्यूटीकल्स प्रा.लि.
तिलोत्तमा न.पा.-६, मणिग्राम, रुपन्देही



हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
दिनेश फुल्लेल
अध्यक्ष (एवम्)
यातायात मजदुर तथा व्यवसायी भलाइकोष
प्रधान कार्यालय, बुटवल, रुपन्देही



३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरुमा हार्दिक अनुरोध
डढेलोबाट बचौं र बचाऔं
-सलाइ, लाइटरजस्ता प्रज्ज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
-जंगलमा सलाइ तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
-हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
-जन, धन र वनको संरक्षण गरौं,
-सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत
भिमलाल अधिकारी
नगरप्रमुख
मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी(बसुप)



३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरुमा हार्दिक अनुरोध
डढेलोबाट बचौं र बचाऔं
-सलाइ, लाइटरजस्ता प्रज्ज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
-जंगलमा सलाइ तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
-हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
-जन, धन र वनको संरक्षण गरौं,
-सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
ध्रुव प्रसाद खरेल
नगरप्रमुख
देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, केरवानी रूपन्देही

# धुर्कोटलाई विचित्र गुफाले चिनाउन सकिन्छ





भोजेन्द्र नेपाली

धुर्कोट । धुर्कोटको विचित्र गुफा प्रकृतिको अनुपम उपहार हो । धुर्कोट गाउँपालिका- ५ वस्तुको यो गुफा पत्ता लागेका तीन दशकभन्दा बढी भयो । प्राकृतिक रूपमै विचित्र भएकै कारण विचित्र गुफाका रूपमा परिचित छ । सदरमुकाम तम्घासबाट ४५ मिनेटमा विचित्र गुफा पुगिन्छ ।

विगतमा भौगोलिक विकटताको कारण पर्यटकसँग गुफा नजिक बन्न नसकेपछि पछिल्ला वर्षमा यसको प्रचारप्रसारले व्यापकता पाएपछि पर्यटक आगमन क्रमशः बढ्दै गएको छ । गुफामा कुनै कृत्रिमता छैन । जंगल र पहाडको खोँचमा करिब दुई सय मिटर लामो गुफाभित्र धार्मिक दृष्टिकोणले हेर्दा दर्जनौं आकृति छन् । जसले त्यहाँ पुग्ने पर्यटक आश्चर्यमा पर्छन् ।

गुफाको संरक्षण र उचित विकास समयमै हुन सकेन । संघीयता लागू भएपछि स्थानीय सरकारबाट गुफा संरक्षणका केही काम भएका छन् । मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास-सिमलटारी सडकखण्डबाट गुफा पुग्न १५ मिनेट लाग्छ । अझैं पनि गुफाका पुग्ने सडक राम्रो बन्न सकेको छैन भने व्यवस्थित पार्किङ् स्थल छैन ।

अहिलेसम्म गुफाको खास अनुसन्धान पनि भएको छैन । प्राकृतिक रूपमा बनेको धार्मिक कला-आकृतिसहितको गुफा नेपालकै ठूलो हुन सक्ने स्थानीयवासी दाबी गर्छन् । गुफाका धेरै विशेषता लुकेरै बसेका छन् । अहिलेसम्म दुई तलासम्म पुग्ने र अवलोकन गरिएको छ ।

तर, अध्ययन गर्नसके गुफाका अरू तलाहरू पनि अझैं आकर्षक हुन सक्ने देखिन्छ । गुफाभित्र फेला परेका संरचनालाई स्थानीयहरूले सभाहल, रामजानकी आश्रम, शिवालय, स्वर्ग जाने बाटोलगायतका नामकरण गरेका छन् ।

गुफाको मुख्य प्रवेशद्वारबाट झन्डै एक सय ५० मिटरभित्र पुगेपछि अत्यन्तै ठूलो सभाहलमा पुगिन्छ । गुफाको सभाहलमा दुई सयजना सजिलै अटाउँछन् । नजिकै रहेका शिवलिङ्गसहितको मन्दिर, राम र कृष्णको प्रतीक, विभिन्न नागहरूको आकृति, गोपीकृष्ण, जटायुलगायतका आकृतिले पर्यटकका लागि निकै आकर्षक रहेको छ । सभाहलको माथिपट्टि विभिन्न आकृतिका कलात्मक बुट्टाले भरिएको छ । बुट्टाको बिचमा रातोमाटोले पोतेर सफा गरेको मण्डपसमेत छ । गुफामा फेला परेका गुफाका आकृतिलाई नरसिंह अवतार, कच्छ्यावतार, गोपीकृष्ण, जटायु, शिवलिङ्गलगायत नामाकरण गरिएको र सोहीअनुसार प्रचार गरिएको छ ।

०६२/०६३ सालसम्म फड्के तरेर जोखिमपूर्ण रूपमा गुफा पुग्नुपर्थ्यो। संघीय संरचना पहिलेसम्म पर्यटन तथा संस्कृति मन्त्रालय र रूरू रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समितिलगायतबाट गुफा संरक्षणका केही काम भएका थिए । संघीयतापछि तीनै तहका सरकारबाट विचित्र गुफाको पूर्वाधार विकास, संरक्षण एवं प्रवर्द्धनका लागि काम भइरहेका छन् । धुर्कोट गाउँपालिकाले गुफासहितका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको एकीकृत विकासको योजना बनाएको छ ।जसका लागि गाउँपालिकाले गुरुयोजनामार्फत् विचित्र गुफा, ऐतिहासिक धुर्कोटको कोट, सहिदपार्क, धुर्कोटवाललगायत पुराना धार्मिक तथा ऐतिहासिक स्थलहरूको विकास गर्न पूर्वाधार निर्माणका काम भइरहेको छ । गुफाको विकास गाउँपालिकाकै पहिचान र समृद्धिको आधार बन्न सक्छ । तर, अझैं धेरै काम गर्न बाँकी छ । पछिल्लो समय गुफाको प्रचारप्रसार र विकासका लागि सूचना केन्द्र स्थापना गरिएको छ । प्राकृतिक रूपमै विचित्र रहेको गुफा प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ ।

त्यसलाई थप व्यवस्थित गरेर प्रचारप्रसार गर्ने उद्देश्यले लुम्बिनी प्रदेश सरकारको ५० लाखको लागतमा सूचना केन्द्र निर्माण गरिएको छ । सूचना केन्द्रमा विचित्र गुफाका विषयसँगै, धुर्कोटका पर्यटकीय क्षेत्रको जानकारी वृत्तचित्र प्रदर्शन गरिनेछ ।

अहिले भवनसहित पर्यटकलाई व्यवस्थित आश्रयस्थल निर्माण भएको छ । संग्रहालय पनि बनेको छ । धुर्कोट दरबारको पुनः निर्माण गरिएको छ । १२ सय मिटरको धुर्कोट ग्रेटवाल, बुढीकोट र धुर्कोट जोड्ने पैदलमार्ग बनाइएको छ । पहरोमाथिको सिद्ध मन्दिर पुनः निर्माण गरिएको छ । वडा नं. १ को झल्याकोटमा रक गार्डेन र पिकनिक स्पट बनाइएको छ । जहाँ अर्घाखाँचीबाट पर्यटक आउँछन् ।

वडा नं. ३ हाडहाडेमा नागेश्वर गुफा पुग्न पहुँच मार्ग बनाइएको छ । त्यहाँबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरी हिमश्रृंखला र पालिकाका सातवटै वडाको दृश्य देख्न सकिन्छ । त्यहाँ पर्यटक बास बस्न, आफैं पकाएर खान पाउने विभिन्न वाद्यवादनको व्यवस्था गरिएको छ ।

स्थानीय तहको समृद्धिको आधार कृषि र पर्यटन भएकाले अबको लगानी यी क्षेत्रमा गर्ने नीति छ ।

*(गाउँपालिका अध्यक्ष भुपाल पोखेल, उपाध्यक्ष सीता गिरी र प्रमुख प्रशासकीय अधिकृत ज्ञानुराम पन्थीसँग गरिएको कुराकानीमा आधारित)*

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रो. मनोज नेपाली
युनियन ब्याट्री एण्ड मल्टी सप्लायर्स
बुटवल-२, मैनाबगर, बुद्धपथ,रुपन्देही
मो: ९८५७०१३५९४

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कृष्ण न्यौपाने
प्रिन्सिपल (एवम्)
एभरेष्ट इङलिस बोर्डिङ स्कुल
बुटवल, रुपन्देही

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरुमा हार्दिक अनुरोध
डढेलोबाट बचौं र बचाऔं
-सलाइ, लाइटरजस्ता प्रज्ज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
-जंगलमा सलाइ तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
-हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
-जन, धन र वनको संरक्षण गरौं,
-सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत
विष्णु प्रसाद भुसाल
नगरप्रमुख
कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी(बसुपू)

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरुमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं ।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।
दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत
हरि प्रसाद न्यौपाने
नगरप्रमुख
देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी(बसुपू)

# Ko7fgdf ko6g







राधिका भुसाल

*प्यूठान*

प्यूठान जिल्ला भौगोलिक हिसाबले हिमाल, पहाड र तराईसम्मको भू-भाग समेटिएर बनेको छ । नौ स्थानीय तह रहेको प्यूठान पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको जिल्ला हो । नौवटै स्थानीय तहहरूको बेग्लै-बेग्लै पहिचान छ ।

भौगोलिक विविधता, प्राकृतिक सौन्दर्यता, ऐतिहासिक सम्पदाका आफ्नो पालिकाभित्र अवस्थित गन्तव्यहरूको प्रवर्धनका लागि धेरै अभ्यासहरू भइसकेका छन् । सातधाम मध्येको एकधाम स्वर्गद्वारी, प्यूठानको राजधानी भित्रिकोट, सहिद पार्क, उदयपुरकोट दरबार, बिजुलीकोट, रानीकुवाँ, धार्मिक तीर्थस्थल गौमुखी, झाँक्रीस्थान, झिमरूक माडीको संगमस्थल युद्ध पर्यटन क्षेत्र लिस्ने लेक, उत्तरी प्यूठानको वाइसमुल झरना, कोठी हिमाल, नांगी लेख, नौबहिनी झरना, रक गार्डेन, स्नानथान, ओखरकोट विभिन्न थरिका रंग भर्दै फुल्ने लालीगुँरासका वनले प्यूठानलाई स्वर्गभूमिको रूप दिएको छ । पर्यटकीय क्षेत्रमा गरिएको लगानीले राम्रो प्रतिफल दिने उद्देश्यका साथ पर्यटन विकासतर्फ उन्मुख रहेको स्थानीय सरकार ती ठाउँको पहिचान र प्रवर्धनतर्फ होमिएको देखिन्छ ।

**पर्यटकीय गन्तव्य बन्यो उदयपुरकोट दरबार**

स्थानीय सरकार सञ्चालनमा आइसकेपछि प्यूठानका विभिन्न ऐतिहासिक ठाउँहरूलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्दै आएका छन् । नेपालको ऐतिहासिक पृष्ठभूमि पल्टाएर हेर्ने हो भने लगभग अधिराज्यभर नै शाह, चन्द, मल्ल जस्ता राजकीय परिवारले राज्य गरेको तथ्य भेटिने गर्छ । तर, नेपालकै एकमात्र ठाउँ हो उदयपुरकोट दरबार । जहाँ बाहुन जातिले राज्य सञ्चालन गरेर आफ्नो अस्तित्व अहिलेसम्म बचाइ राखेका छन् ।

यूठानको माण्डवी गाउँपालिका वडा नं. ४ मा पर्ने उदयपुरकोट राजदरबार पछिल्लो समय पर्यटकीय ठाउँको रूपमा विकास भइरहेको छ । दरबारमा हालसम्म अवशेषको रूपमा रहेको मन्दिर संरक्षण, क्षेत्रभित्र तारबार गरिएको छ । साथै २ वटा वटरफाउन्टेन, ३ वटा मन्दिर, वरिपरि पर्खाल तथा सिढीहरू निर्माण गरिएको माण्डवी गाउँपालिका अध्यक्ष नवराज अधिकारी (रोशन)ले जानकारी दिए । केन्द्र सरकार र स्थानीय सरकारको अहिलेसम्म २ करोड ५८ लाख लगानी भइसकेको उनले बताए ।

दाङको बंगलाचुली गाउँपालिकासँग सिमाक्षेत्र जोडिएको ठुली लेकलाई पनि उत्तिकै चासो दिएको अध्यक्ष अधिकारीले बताए । 'हामीले पर्यटकीय क्षेत्र बनाउन लगानी गर्दै आए ठाउँहरू परापूर्वकालदेखि नै परिचित छन्,' पालिका अध्यक्ष अधिकारीले भने-'स्थानीय सरकार आइसकेपछि अलि बढी चासो दिएर आवश्यक भौतिक संरचनाहरू निर्माण र संरक्षण गरेको मात्रै हो ।' ठुली लेकलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न हालसम्म २ करोड ७३ लाख खर्च भइसकेको समेत उनले बताए ।

यससँगै त्रिवेणी धाम, थामका डाँडालगायतका क्षेत्रलाई पालिकाले पर्यटकीय क्षेत्रको रूपमा संरचना निमार्ण गर्दै पर्यटकीय स्थलहरूको संरक्षण तथा प्रवर्धनमा जुटिरहेको अध्यक्ष अधिकारीले बताए । दरबार नजिकै रहको राजाले पूजाआजा गर्ने मन्दिरमा राजाले प्रयोग गरेका तरवार समेत राखिएको छ ।

**मल्लरानी र बुकीडाँडाको आकर्षण**

मल्लरानी गाउँपालिकाको मल्लरानीसँगै बुकिडाँडाले पछिल्लो समय निकै पर्यटकीय गन्तव्य बनेको छ । मल्लरानी गाउँपालिका–४ मा रहेको महत्वपूर्ण स्थान मल्लरानीबाट जिल्लाको चौतर्फी भू-भाग अवलोकन गर्न सकिन्छ । विगत ३ वर्षयता मल्लरानीमा नयाँ वर्षको अवसर पारी खाना महोत्सव समेत सञ्चालन हुँदै आएको छ । मल्लरानीमा चिल्ड्रेन पार्क बनाउने, बसपार्क बनाउने योजनामा रहेको मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गिरबहादुर सिजुवालले बताए । गाउँपालिकाले कृषि उत्पादनलाई प्राथमिकतामा राखेर करिब एक सय रोपनी जमिन भाडामा लिएर कृषि नर्सरी सुरुवात गरेको बताउँदै कृषि र पर्यटनलाई सँगसँगै अगाडि बढाउने उनले सुनाए । 'वडा नं. ५ को सरङकोट प्याज र वडा नं. ३ को धनवास र जेविडाँडामा आलुपकेट क्षेत्र बनाएर उत्पादन थालिएको छ,' प्रमुख सेजुवालले भने-'कृषिबाली जंगली जनावरले निकै नष्ट गरिदिने हुँदा कृषकहरूले मन लगाएर कृषि गर्न छोडिसेका छन् ।' पालिकाको मुख्य उत्पादन धन र मकै रहेको समेत उनले बताए ।

मल्लरानी गाउँपालिका–३ मा अवस्थित बुकीडाँडा प्राकृतिक रूपमा निकै सुन्दर ठाउँ छ । दैनिक जसो पर्यटकहरू मनोरम दृष्यका लागि बुकिडाँडा पुग्ने गरेका वडा नं. ३ का वडाध्यक्ष नोमराज पौडेलले बताए ।

त्यस्तै सिधुरे लेक, गरूपुरे धुरी, चुँजाकोट जस्ता ठाउँको प्राकृतिक रूपमा सुन्दर भएता पनि पर्यटकले अझैं पहिचान गर्न नसकेको प्रमुख सेजुवालले बताए । पालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको प्रवर्धन तथा संरक्षणका लागि संघ, प्रदेश र स्थानीय सरकार, पर्यटन बोर्ड गरी हालसम्म करिब ५ करोड पर्यटन क्षेत्रमा लगानी भएको उनको भनाइ छ ।

**मागेको पुग्ने झाँक्रीस्थान**

धार्मिक पर्यटकीय स्थल झाँझीस्थान जिल्लाको प्रख्यात ठाउँ हो । मल्लरानी गाउँपालिकामा पर्ने झाँक्रीस्थान पर्यटकीय तथा धार्मिक हिसाबले परिचित नाम हो । यहाँ दैनिक भक्तजन पूजाआजासँगै बली चढाउन जाने गर्दछन् । सदरमुकामदेखि करिब ३ किलोमिटर हिंडेपछि झाँक्रीस्थान पुगिन्छ । धेरै लामो समयअघिदेखि नै यो ठाउँ परिचित मानिने गरेको खंलगाका स्थानीय विजयकुमार श्रेष्ठले बताए । उनले भने-'धेरै पुस्ता अघिबाट नै यहाँ दर्शनार्थी जाने गरेको सुनेको हुँ ।'

दुःख पाएका व्यक्तिहरू समस्या लिएर झाँक्रीस्थान पुग्ने गर्दछन् । यो स्थानमा पुगेर मागेको कुरा पुग्ने विश्वासका साथ दर्शनार्थी झाँक्रीस्थानमा पुगेको दर्शनार्थीहरू बताउँछन् । मुख्यतः झाँक्रीस्थानमा बोका, कुखुरा, राँगो, हाँस र परेवा गरी पञ्च बली चढाइनुका साथै चामलको पिठोबाट बनाइएको बाक्लो रोटी चढाउने श्रेष्ठले जानकारी दिए ।

झाँक्रीस्थानमा पुग्ने दर्शनार्थीले चिच्चाएर आफूले चाहेको कुरा माग्ने गर्दछन् । बुढापुरानासँगै नयाँपुस्तामा पनि झाँक्रीस्थानको मोह निकै बढ्दो रहेको र देशभरीबाट तीर्थयात्रीहरू आउने गरेको गाउँपालिका अध्यक्ष कृष्ण खड्काले बताए । 'यस वर्ष ११ लाख बजेट विनियोजन गरेर झाँक्रीस्थानमा काम गरिरहेका छौं,' अध्यक्ष खड्काले भने-'त्यो बजेटले मन्दिर परिसर फराकिलो हुनुका साथै पर्यटकहरू बस्नेठाउँ बन्दैछ ।'

झाँक्रीस्थानमा दर्शन गर्न प्यूठान जिल्लासँगै जिल्ला बाहिरबााट (रोल्पा, अर्घाखाँची) दर्शनार्थीहरू पनि आउने गरेको उनले बताए । मंगलबार र शनिबार पनि यो ठाउँमा दर्शन गर्ने दर्शनार्थीको भिड लाग्छ ।

**गाँजुरीमा पर्यटकको चहलपहच बढ्दै**

प्यूठान नगरपालिकाभित्र रहेका धार्मिक, ऐतिहासिक पर्यटकीय गन्तव्यहरूको प्रवर्धन र व्यवस्थापनमा प्यूठान नगरपालिकाले निरन्तर काम गरिरहेको छ । संघीय सरकारको शहरी विकास भवन निर्माण योजनाअन्तरगत बजेट व्यवस्थापन गरेर पार्कका विभिन्न संरचना निर्माण गरेको प्यूठान नगपालिकाका नगर प्रमुख विष्णुबहादुर योगीले बताए । 'पर्यटक पूर्वाधारसँग जोडिएका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिएका छौं,' नगरप्रमुख योगीले भने-'अहिले नगरक्षेत्रका महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा पर्यटकीय गन्तव्यहरूलाई थप व्यवस्थापन गर्नेतर्फ हामी सबै केन्द्रित भएका छौं ।'

प्यूठान नगरपालिका वडा नं. ४ र ७ मा रहेको सहिद पार्क गाँजुरीमा पर्यटकहरूको चहलपहल बढ्दो छ । पार्कमा वाटर फाउन्टेन, चार सहिदको मूर्ति, गौतमबुद्धको मूर्ति, चिडियाखाना, पिकनिकका लागि सभाहल, बालबालिकाहरूका लागि फन पार्क, प्रेम जोडीका लागि लभ पार्क, रेष्टुरेण्ट, चिडियाखाना, पुलपुलेसाहरू, भ्यू-टावर, जीम खाना, योगास्थललगायतका संरचनाहरू बनिसकेको नगरप्रमुख योगीले जनाए । कतिपय संरचनाहरू अझैं निर्माणाधीन रहे पनि धेरै संरचनाहरू बनिसकेकोले पर्यटकको चहलपहल बढ्दै गएको उनको भनाइ छ ।

**भित्रीकोट दरबार हुलाक टिकटमा**

बाइसे चौबीसे राज्यअन्तर्गत चौबीसे राज्य भित्रीपर्ने प्यूठानको राजधानी मानिने ऐतिहासिक भित्रीकोट दरबार प्यूठान जिल्लाकै महत्वपूर्ण पर्यटकीय गन्तव्य हो । जिल्लाको ऐतिहासिक रूपमा परिचित भित्रीकोट दरबार पर्यटकको पर्खाइमा रहेको छ ।

प्यूठान जिल्लाको ऐतिहासिक पर्यटकीयस्थल भित्रीकोट दरबारको तस्विर हुलाक टिकटमा राखिएको छ । ऐतिहासिक दरबारको सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरूङले यही फागुनमा टिकटमा टाँचा लगाई प्रचलनमा ल्याएका थिए । फागुन ५ देखि लागू हुने गरी हुलाक सेवा विभागको १० रुपियाँ मूल्य रहेको उक्त टिकट प्रकाशनमा ल्याइएको छ ।

प्यूठान नगरपालिकाका नगरप्रमुख विष्णु योगीले हुलाक टिकटको प्रकाशनले भित्रीकोट दरबारको ऐतिहासिक र साँस्कृतिक महत्वलाई उजागर मगर्न मद्दत पुऱ्याउने बताए । 'प्यूठान नगरपालिकाको महत्वपूर्ण ऐतिहासिक पर्यटकीयस्थल भित्रीकोट दरबारको प्रचारका लागि थप सहयोग पुगेको छ,' प्रमुख योगीले भने- 'हाम्रो ऐतिहासिक सम्पदालाई देशभर चिनाउनको लागि राम्रो अवसर प्राप्त भएको छ ।' यसैसँगै प्यूठान नगरपालिकाभित्र रहेका महत्वपूर्ण पर्यटकीयस्थलको प्रवर्धनको लागि चासो साथ हेरिएको उनले बताए ।

यससँगै मरन्ठानाको बाइसधारा, बासँखोलाको पिकटिक पार्क, झुलेनी, युद्ध पर्यटकीयस्थल लिस्नेलेख, लभ डाँडा, ड्याम साइडलगायत विभिन्न स्थानमा निर्माण भएका मन मन्दिरहरूको संरक्षण तथा प्रवर्धनका लागि नगरपालिकाले पहल गरिरहेको नगरप्रमुख योगीको भनाइ छ । प्यूठान नगरपालिकाले सन् २०२१ लाई 'घुम्न जाऔं भित्रीकोट' अभियान समेत घोषणा गरेको थियो भने प्रथम भित्रिकोट महोत्सव २०८१ पनि सञ्चालन भएको थियो ।

आन्तरिक पर्यटकसँगै बाह्य पर्यटक पनि भित्र्याउने उद्देश्यका साथ स्थानीय सरकार आइसकेपछि भित्रीकोटलाई विशेष चासो दिएर सडक सञ्जाल, भौतिक संरचनाहरू निर्माण गरेको छ । आर्थिक वर्ष २०७६/०७७ मा २३ लाख, २०७७/०७८ मा १४ लाख ७२ हजार र २०७८/०७९ मा ४ लाख ८५ हजार रुपैयाँ विनियोजन गरी भौतिक संरचना निर्माण, सडक, गेट, पर्खाललगायतका संरचनाहरू बनाएको प्यूठान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद भण्डारीले बताए । यससँगै सहिद स्मृति पार्कमा २०७६/०७७ मा ७ लाख २० हजार, २०७७/०७८ मा ४४ लाख ७९ हजार र २०८०/०८१ मा ४ लाख ९८ हजार खर्च भएको उनले जानकारी दिए ।

प्यूठानको मुख्य सडक बिजुवार क्षेत्रबाट ५ किलोमिटर उत्तरी पश्चिममा भित्रीकोट दरबार अवस्थित छ । यहाँ पुग्नका लागि टिकुरी-गुरूङगाउँ-भित्रिकोट, हल्दीखोला-भित्रिकोट, पुण्यखोला-भित्रिकोट, खलीगाउँ-लम्छ्याङ सडकहरूले जोडिएका छन् । चारैतिरबाट यहाँ पुग्नका लागि सडक निर्माण गरिएता पनि स्तरीय सड़क निर्माण भएको छैन । कच्ची सडकको भरमा निजी सवारी साधन मात्र यहाँ आन्तरिक पर्यटकहरूले लैजाने गरेका छन् । जिल्लाको मध्य क्षेत्रबाट यहाँ पुग्नका लागि सहजै छ । यदि सार्वजनिक यात्रुबाहक सवारी चल्न थालेमा भित्रीकोटमा पर्यटकको घुइँचो लाग्ने अनुमान गरिएको छ ।

सडक सुविधा भए आन्तरिक मात्र नभई बाह्य पर्यटकहरूलाई समेत ल्याउन सकिने प्यूठान नगरपालिका ६ का वडाध्यक्ष एनपि मगरले बताए । 'भित्रीकोट दरबार हेर्न आउनेलाई झुलेनी र झुलेनी आउनेहरूलाई भित्रीकोटसम्म ल्याउन सक्नुपर्छ', उनले भने-'अब खानेपानी, सडक पूर्वाधार र भौतिक पूर्वाधार निर्माणमा जोडलेदिनुछ ।'

**ऐरावती पार्कमा आन्तरिक पर्यटक रमाउँदै**

पर्यटकीय स्थल ऐरावती पिकनिक पार्कमा अहिले आन्तरिक तथा बाह्य पर्यटकको लर्को लाग्न थालेको छ । वरिपरि जंगलले घेरिएको पार्कमा दिनहुँ पर्यटक आउने गरेका छन् । ऐरावती गाउँपालिका-५ पाकलाको पिपलनेटामा पर्ने पिकनिक पार्कको अहिले रूप फेरिँदै छ ।

ऐरावती पिकनिक पार्क पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न गाउँपालिकाले २०७६ देखिअहिलेसम्म ३ करोड रुपैयाँ खर्च गरिसकेको ऐरावती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हिमलाल विश्वकर्माले बताए । ऐरावती पिकनिक पार्कमा सभाहल, चिप्लेटी, वाटर फाउनटेन, गोलघर मन्दिर, रेलिङ र बस्ने बेन्चलगायतका थुप्रै पूर्वाधार निर्माण गरिएको बताउँदै पिउने पानी र शौचालयको व्यवस्था रहेको उनले बताए ।

सामाजिक सञ्जालबाट पनि यस ठाउँको प्रचारप्रसार हुन थालेपछि ऐरावती पिकनिक पार्क पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास हुन थालेको गाउँपालिकाका अध्यक्ष नबिल बिक्रम शाहले बताए । उनले भने-'हाम्रो गाउँपालिका भित्र धेरै धार्मिक तथा पर्यटकीय स्थल छन् त्यो मध्ये यो पिकनिक पार्क मुख्य हो । यस ठाउँ आकर्षक गन्तव्य देखिन थालेपछि आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ ।' ऐरावती धाम पालिकाको मुख्य चिनारीको रूपमा रहेको उनी बताउँछन् ।

ऐरावती पिकनिक पार्क प्यूठानको मात्र नभई लुम्बिनी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोच राखेका छौं,' अध्यक्ष शाहले भने- 'सोही बमोजिम अहिले भइरहेको ठाउँलाई थप आकर्षण बनाउने काम सुरु भएको छ ।'

**धार्मिक पर्यटकीय स्थल ऐरावती**

झिमरूक र माडी नदीको संगम स्थल ऐरावती धार्मिक पर्यटकीय हिसाबले महत्वपूर्ण गन्तव्य हो । सरूमारानी गाउँपालिका र अर्घाखाँचीको शीतगंगा नगरपालिकासँग जोडिएको गाउँपालिकाको नामाकरण समेत ऐरावती नै राखिएको छ । जुन गाउँपालिका मुख्य धार्मिक पर्यटकीय स्थल

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
थानिश्वर सुवेदी
महासचिव
एवम्
विशाल थापा
अध्यक्ष
मासु व्यवसायी संघ नेपाल
रूपन्देही

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरुमा हार्दिक अनुरोध
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरुलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी सुद्धिकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा
उत्पादनकत्व वृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरुको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत
यदु ज्ञवाली
अध्यक्ष
रूरू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

# ljsf;n]ult lnBF}








हो। किवदन्तीअनुसार स्वर्गबाट अप्सराहरू ऐरावत हात्तीमा सवार गरी पवित्र जल भएको स्थानमा स्नान गर्न आउने र स्नान गरिसकेपछि सोही हात्तीमा प्यूठानको स्वर्गद्वारीको बाटो हुँदै स्वर्ग प्रस्थान गर्ने स्थान भनेर चिनाइएको जानकारहरू बताउँछन् । सोहीअनुसार स्वर्गद्वारी र ऐरावतीको नजिकको सम्बन्ध रहेको ऐरावती गाउँपालिकाका अध्यक्ष नविल विक्रम शाहले बताए ।

उक्त ठाउँ अर्घाखाँचीबाट एक व्यक्ति मोक्ष प्राप्तिका लागि आफ्ना सम्पूर्ण परिवार त्यागेर ऐरावती स्थलमा कुटी निर्माण गरेर बसेको इतिहास बुढापाकाहरूबाट सुनेको बताउँछन् । दुई नदीको संगम स्थल ऐरावती राप्ती नदीमा परिणत भएको छ । उक्त स्थानमा मृत्युवरण भएको खण्डमा सिद्धि प्राप्ति हुने विश्वासका साथ ती व्यक्ति नदीको एक्लै बसेर नदी उर्लिएर आएको बेला 'नदी आउ मलाई बगाउ' भन्दा समेत उर्लिएको नदीले उनलाई नछोएको किम्बदन्ती छ ।

धार्मिक पर्यटकीय स्थल ऐरावतीमा माघीको दिन मेला लाग्ने गरेको बताउँदै पुष मसान्तमा मेला भर्न आएका भक्तजनहरूले नुहाएर फर्किने गरेको अध्यक्ष शाहले बताए । सोरठी नाच, भैलो, लोकगीत, भजनर्कीतन गाउने गरेको उनको भनाइ छ । सोही दिन ऐरावती नदीमा स्नान गरेमा पाप कट्टी हुने जनविश्वास रही आएको छ ।

त्यस्तै बिजुलीकोटको महत्व तथा परम्परा यहाँस्थित पूजारीले हातमा लिएर देउता नचाउने प्रचलन रहेको छ । यहाँका देउता पूजारीको हातबाट आफैँ दायाँबायाँ घुम्ने र नाच्ने गर्दछ । परम्पराकालदेखि नै बिजुलीकोटमा मूल पूजारी मगर जातिका व्यक्ति रहने गरेका छन् । दसैँ टीकाको भोलिपल्ट एकादसीका दिनमा बाजागाजासहित परम्पराकालका तरवारलगायतका हतियार हातमा लिएर सराँय खेल्ने प्रचलन रहेको छ ।

नवमीका दिनमा दर्शनार्थीले भाकल गरी ल्याएका सयौँ बोका, दर्जनौँ राँगाको बलि चढाइने र परेवा उडाइने प्रचलन रहेको छ । मेला भर्नका लागि जिल्लाका विभिन्न स्थान, छिमेकी जिल्ला अर्घाखाँची, दाङ, कपिलवस्तुलगायतबाट हजारौँ दर्शनार्थी आउने गरेका अध्यक्ष शाह बताउछन् ।

पालिकाभित्र रहेको ऐरावती पार्क, ऐरावती मन्दिर, बिजुलीकोट, बरौलाकोट, जाबुने दह, लिपिकोट, कुटी लेख जस्ता पर्यटकीय स्थलहरूको संरक्षण तथा प्रवर्धन र विकासका लागि पालिकाले ४ करोड रुपैयाँ खर्चिएको छ ।

स्याउलीवाङलाई कृषि पर्यटनसँग जोड्दै नौबहिनी

नौबिहिनी गाउँपालिकाले स्याउलिवाङ क्षेत्रलाई कृषि पर्यटनको रूपमा विकास गर्न थालेको छ ।

जिल्लाका स्वर्गद्वारी, गौमुखी, ऐरावती, झाँक्रीस्थान पछिको महत्वपूर्ण पर्यटकीय तीर्थस्थल नौबहिनीको काख रहेको स्याउलिवाङको उत्पादनले जिल्लाकै ध्यानकेन्द्रित गर्छ । नौबहिनी गाउँपालिका वडा नम्बर १ मा अवस्थित धार्मिक पर्यटकीय स्थल नौबहिनी झरना पनि स्याउलीबाङ्ग गाउँको नजिकै रहेको छ । धार्मिक पर्यटकीय स्थल नौबहिनी र कोठीभीर आउने पर्यटकलाई स्याउलीबाङ्गको स्थानीय उत्पादनलाई कोसेली स्वरूप पर्यटकलाई बिक्री गर्ने योजना रहेको नौबहिनी गाउँपालिकाका अध्यक्ष दिलबहादुर थापाले बताए । कोदो, मकैको परिकार, रातोसाग, आलु, सिमीलगायतका स्थानीय उत्पादनको स्वाद चाख्ने व्यवस्था मिलाउँदै उक्त क्षेत्रको कृषिसँगै पर्यटन क्षेत्रको विकास गर्ने अध्यक्ष थापाको भनाइ छ ।

पर्यटकीय दृष्टिकोणले स्याउलीबाङ्ग क्षेत्र निकै सुन्दरठाउँ मानिन्छ । यतिबेला बाहानेबाट स्याउलीबाङ्ग जाने बाटो स्तरोन्नती भइरहेको हुँदा स्याउलीबाङ्ग जाने पर्यटकलाई थप सहज हुने उनले बताए । 'खेलेसीबाङ्गदेखि स्याउलीबाङ्गसम्म पर्यटकलाई पदयात्राको लागि गोरेटो बाटो निर्माण भएको छ,' अध्यक्ष थापाले भने-'सबैभन्दा बढी लगानी नौबहिनी र स्याउलीबाङ्गमा भएको छ ।' कृषि पर्यटनको रूपमा विकास गर्न हामीले त्यस क्षेत्रलाई प्राथामिकतामा राखेका छौँ ।

**पर्यटकलाई पर्खिएको नौबहिनी**

पर्यटकीयस्थल नौबहिनीको नामबाटै गाउँपालिकाको नामाकरण समेत नौबहिनी राखिएको छ । रोल्पा र बाग्लुङ्ग जिल्लाको सिमानामा पर्ने यो क्षेत्रले पर्यटकहरूलाई पर्खिरहेको छ ।

जिल्लाकै दुर्गम क्षेत्रमा अवस्थित नौबहिनीका विषयमा धेरै चर्चा गरेको पाइन्छ । नौबहिनीको किम्बदन्ती नै फरक छ । यस क्षेत्रमा नौबहिनीहरूसँगै बसेको भन्ने सुन्न सकिन्छ । नौबहिनी बस्नका लागि गुफा, कृषि उत्पादनका लागि खेतका गरा, नौबहिनी नुहाउने पँधेरो देख्न सकिन्छ । नौवटा बहिनी बसेको ठाउँ भएर यस ठाउँको नाम नौबहिनी राखिएको भन्ने किम्बदन्ती पाइन्छ ।

नौ बहिनी क्षेत्रभित्र रहेका धार्मिक तथा पर्यटकीय महत्व बोकेका सम्पदाको प्रवर्धनका लागि काम भइरहेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत शिवराज पौडेलले बताए । मुख्य गरी नौबहिनी, खलेसीवाङ, कोठीभिर, स्याउलीवाङ, झुलेनी, त्रिकुटा मन्दिर, बाहुनपोले शिवमन्दिर र मात्रेमन्दिरलाई प्राथमिकतामा राखेको प्रमुख पौडेलले बताए ।

'अहिलेसम्म पालिकाले पर्यटन क्षेत्रमा गरेको लगानीबाट आर्थिक रूपमा प्रतिफल आएको छैन्,' उनले भने-'स्थानीय तहले कृषि पर्यटनलाई जोड्दै आर्थिक विकासमा टेवा पुग्नेगरी लगानी गर्नुपर्छ ।' जाति विशेषका ऐतिहासिक कुलघरहरूमा लगानी गर्न उचित नहुने उनले बताए । हालसम्म पालिकाले पर्यटन क्षेत्रमा करिब २ करोड रुपैयाँ लगानी गरेको उनले जानकारी दिए ।

**गौमुखीको पर्यटन विकास गर्न डीपीआर तयार**

धार्मिक पर्यटकीय स्थल गौमुखी क्षेत्रको पर्यटन विकासका लागि गौमुखी पर्यटन विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ । गौमुखी गाउँपालिकालाई ग्रामीण पर्यटन विकासमा जोड दिँदै १३ करोडको डीपीआर तयार गरेको छ । पालिकाको पर्या पर्यटन, साँस्कृतिक पर्यटन, जंगल सफारी र सात प्रकारका लालीगुराँस फुल्ने नाङ्गीक्षेत्रमा पदयात्रालगायतका क्षेत्रलाई मुख्य रूपमा विकास गर्न थालिएको पालिकाका उपाध्यक्ष महाविर रानाले बताए । 'हाम्रो पालिकाले पर्यटन क्षेत्रको विकासका लागि राम्रै लगानी गरेको छ,' उपाध्यक्ष रानाले भने-'अर्खा र रजवारालाई जोड्नका लागि ३ सय ६५ मिटर लामो र १ सय ८० मिटर अग्लो झोलुङ्गे पुल निर्माणाधीन छ ।' पुल निर्माणभएपछि गाउँका सर्वसाधारणलाई आवत जावत गर्न सहज हुनुका साथै पर्यटन प्रवर्धनमा राम्रो टेवा पुग्ने उनले बताए ।

दुई करोड ७२ लाख ७४ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको यो आयोजना २०८२ मंसिरसम्म पूरा हुने जनाइएको छ । ०८१ जेठमा सम्झौता भएको यो पुल निर्माण गर्न अधिकारी/अपर तामाकोशी जेभीले ठेक्का पाएको उनले जानकारी दिए ।

**पर्यटकको सुविधाका लागि होम स्टे**

प्रशिद्ध धार्मिक पर्यटकीय तिर्थस्थल गौमुखी दर्शन गर्न आउने पर्यटकको लागि सुविधायुक्त सामुदायिक होम स्टे सञ्चालनमा आएको उपाध्यक्ष रानाले बताए । गौमुखी गाउँपालिका वडा नं. २ अर्खा, किनाममा गौमुखी सामुदायिक होम स्टे सञ्चालन भएको छ । गौमुखी तीर्थ गर्न आउने पर्यटकहरू बढ्दै गएकाले बसोवास र खानपानका लागि सहज होस् भन्ने उद्देश्यले होमस्टे सञ्चालन गरिएको उपाध्यक्ष रानाले जनाए । 'चालु आर्थिक वर्षभित्र सडक सञ्जालले जोड्दै छ,' उपाध्यक्ष रानाले भने-'सडक पुगेपछि पर्यटकको संख्या झनै बढ्ने छ । पर्यटकलाई खाली हात नफर्काउन त्यस क्षेत्रलाई किबी पकेट क्षेत्रको रूपमा विकास गर्दैछौं ।' पहिलेको तुलनामा पर्यटकहरू बढ्दोक्रममा रहेकोले स्थानीय उत्पादनलाई बजारीकरण गर्न होम स्टेले थप सहयोग पुग्ने उनले बताए । गौमुखी क्षेत्र, बाइसमुल झरना र झाँक्रीढुङ्गा घुम्न आउने सबै पर्यटकहरूलाई किवि खुवाउनका चालु आर्थिक वर्षमा १३ लाख बजेट विनियोजन किबीको बिरूवा लगाउने काम सुरु गरिएको उपाध्यक्ष रानाले जानकारी दिए ।

गाउँपालिकाको नाममा जग्गा लिइ लुम्बिनी प्रदेश सरकारको ४० लाख रुपैयाँमा होमस्टेको संरचना निर्माण भएको रानाले जानकारी दिए । होम स्टे दुई वटा शौचालयसहितको कोठा, एउटा हल कोठा र एउटा सादा कोठाको संरचना बनाइएको छ ।

होम स्टे सञ्चालनमा आएपछि अर्खा, ठुलाचौर र किनामवासी जनसमुदायले अत्यन्तै खुसी व्यक्त गरेका छन् । गौमुखी क्षेत्रमा तारबार गर्नुपर्ने, पर्यटकको सरसामान सुरक्षाका लागि गेट बनाएर साँचो लगाउने व्यवस्था हुनुपर्ने र दैनिक छोटो समयमा लागि भए पनि पूजारी राख्नु पर्ने स्थानीयवासी खड्ग घर्तीमगरले बताए । त्यस्तै झुमाकुमारी बुढाले गौमुखी क्षेत्रको सरसरफाइ गर्न र महिला पुरूषका लागि छुट्टाछुट्टै नुहाउने ठाउँ बनाउन गाउँपालिकालाई आग्रह गरेकी छिन् ।

होम स्टे संरचना निर्माणका लागि स्थानीयवासी दुजमान घर्तीमगर, गणेशबहादुर पुन, इकबहादुर घर्ती, झुमाकुमारी बुढा र खड्ग घर्तीमगरले जग्गा दान गरेका थिए । बाटो पुग्नासाथ पार्किङ्का लागि जग्गा निःशुल्क उपलब्ध गराउनका लागि स्थानीयवासी तयार रहेको गणेश पुनमगरले बताए । वैदेशिक राजेगारी छोडेर गाउँमै काम गर्ने उद्देश्यका साथ होमस्टेको सम्पूर्ण जिम्मा लिएको होम स्टे सञ्चालक जीवन घर्तीमगरले बताए ।

स्थानीय सरकार आइसकेपछि पालिकाले विशेष गरी झाँक्रीढुङ्गा, तामाखानी, बाइसमुल झरना, धार्मिकस्थल गौमुखी क्षेत्र, गोद्रेचौर, होम स्टे सञ्चालन, नारीकोट देउराली, खुङ्गटोप्र गुफा, नाङ्गीलेक, तामाङ बौद्ध गुम्बा, लुम्बिनी प्रदेशको सबैभन्दा अग्लो शिवको मुक्ति (तामेश्वर शिवालय), दहबसे र रानीतालमा लगानी गरेको उपाध्यक्ष रानाले बताए । गौमुखी गाउँपालिका क्षेत्रको पर्यटन विकासका लागि हालसम्म करिब ४ करोड रुपैयाँ खर्च भइसकेको उपाध्यक्ष रानाले जानकारी दिए ।



# थारू परिकारको ब्राण्डिङ गर्दै काबिला



सन्तोष दहित






*दाङ*

पाँच वर्षअघि केही थारू युवा मिलेर ३० लाख रुपैयाँमा सुरु गरेको कबिला रिसोर्टमा अहिले सात करोड सम्पत्ति पुगेको छ। यो रिसोर्ट अहिले थारू परिकारको 'ब्रान्ड' बनेको छ।

गाउँबाट टाढा रहेका केही थारू युवाले पाँच वर्षअघि दाङको घोराहीमा बृहत् केचहरी (भेला) गरे । केचहरीमा सहभागी युवाले थारू समुदायको परम्परागत रैथाने परिकार र संस्कृतिको प्रवर्धन र बजारीकरण गर्न एउटा रिसोर्ट सञ्चालन गर्नुपर्ने अवधारणा अघि सारे।

कोही रिसोर्टका लागि स्थान छनोटमा त कोही नाम जुराउन जुटे । कसैले लगानीको हरहिसाब गर्न थाले । धेरै लगानी चाहिने देखिएपछि कतिपय त भस्किए नै। गाह्रोसाह्रो गरेर जोडेको पैसा डुब्ने पो हो कि भन्ने चिन्ता थपियो। तै पनि उनीहरूले साझा निर्णय गरे, रिसोर्ट खोल्ने।

रिसोर्टको नाम जुराए- कबिला। थारू भाषामा कबिलाको अर्थ इष्टमित्र तथा आफन्त हुन्छ। उनीहरूले रिसोर्ट सञ्चालन गर्न कबिला हस्पिटालिटी ग्रुप कम्पनी दर्ता गरे । यही ग्रुप मार्फत घोराही बजारदेखि करीब चार किलोमिटर पश्चिम तुलसीपुर जाने बाटोमा स्यानी अम्बापुरको सेवार खोला छेउमा रिसोर्ट खोल्ने तय भयो।

घोराही उप-महानगरपालिका-१६ स्थित स्यानी अम्बापुरमा करीब १० कट्ठा जमिन भाडामा लिए। त्यसपछि १५ युवाले ३० लाख रुपैयाँ जम्मा गरे । पाँच वर्षअघि यसरी जोरजाम गरेर खुलेको रिसोर्टमा अहिले सात करोड रुपैयाँभन्दा बढी लगानी भइसकेको प्रबन्ध निर्देशक विकास चौधरी बताउँछन् । "जेनतेन गरेर ३० लाख जोडेका थियौं। अहिले कमाउँदै लगानी गर्दै जाँदा सात करोड पुगेको छ।"- उनी भन्छन्।

**महामारीको मार**

२०७६ सालमा कबिला रिसोर्ट सञ्चालन गरेको केही समयमै विश्वव्यापी कोभिड-१९ महामारी फैलियो। त्यसको मारमा रिसोर्ट पनि पर्‍यो। "कहिल्यै व्यापार-व्यवसाय नगरेका हामीले रिसोर्ट चलाएको केही महीनामै बन्द गर्नुपर्ने भयो । त्यसबेला धेरै संकटमा थियौं।"- विकास भन्छन्।

बन्दाबन्दी खुलेसँगै रिसोर्ट सञ्चालन गर्ने कि नगर्ने भन्ने अन्योल थियो। ठूलो रकम लगानी भइसकेको थियो। अन्ततः सबैले चलाउने नै सहमति गरे। केही समय घाटामै भए पनि चलाउनुपर्छ भन्ने निर्क्योल गरेको उनी सुनाउँछन्। 'घाटा-नाफाको वास्ता नगरेर रिसोर्ट सञ्चालन गरिरह्यौं। केही वर्ष घाटामा गए पनि अहिले सरोबरमा आइसकेका छौं।'– विकास भन्छन्।

थारू समुदायलाई व्यवसायमा जोड्ने उद्देश्यले रिसोर्ट सञ्चालन गरेको कबिला हस्पिटालिटी ग्रुपका अध्यक्ष कुलवीर चौधरी सुनाउँछन्। 'हाम्रो उद्देश्य नै थारू समुदायलाई व्यवसायमा जोड्ने थियो। त्यसैले नाफाघाटा हेरेनौं।'–कुलवीर भन्छन्।

यसले थारू समुदायलाई आर्थिक रूपमा सशक्त बनाउन सहयोग पुगिरहेको उनको भनाइ छ। त्यसका लागि थारू परिकार र सांस्कृतिक कार्यक्रमलाई प्राथमिकतामा राखेका छन्। थारू परिकारलाई व्यवसायिक बनाउन सहयोग पुगेको उनी बताउँछन्। अर्कातिर, गाउँघरमा रोजगारी पनि सिर्जना भएको छ। रिसोर्टले रैथाने परिकार र उत्पादन खरीद गर्छ। स्थानीय बासिन्दा दैनिक १० किलोग्रामसम्म माछा, घोंगी, गँगटा रिसोर्टमा बिक्री गर्छन्। पहिले दैनिक उपभोगका लागि मात्र माछा, घोंगी, गँगटा खोज्ने स्थानीय बासिन्दा अहिले बिक्री गरेर आयआर्जन गरिरहेको अध्यक्ष कुलवीर बताउँछन्।

त्यसभन्दा पनि यसले दिने सन्देश महत्वपूर्ण भएको उनको भनाइ छ। कृषिमा निर्भर थारू युवालाई व्यवसायतिर लाग्न पनि प्रेरित गरिरहेको उनी सुनाउँछन्। 'कृषिमा मात्र नभइ व्यापार-व्यवसाय पनि गर्न सकिंदो रहेछ भन्ने सन्देश गएको छ।'–कुलवीर भन्छन्।

**रैथाने स्वाद**

कबिला रिसोर्टमा थारू परिकार पाक्छन्। थारू परिकारमा ढिक्री, अनदी चामलको रोटी, लोकल भालेको मासु, हाँसको छोइला, बंगुरको मासुका परिकार, माछाका परिकार, घोंगी, गगँटा लगायत रैथाने परिकार पाइन्छन् । "थारू परिकारका लागि कबिला रिसोर्ट ब्रान्ड बनेको छ।"- प्रबन्ध निर्देशक विकास भन्छन्।

पछिल्लो समय अन्य परिकार समेत थपेका छन् । आगन्तुकले रैथाने थारू परिकारसँग अन्य परिकार पनि मन पराइरहेको उनी सुनाउँछन् । अन्यत्रभन्दा सस्तो र स्वादिष्ट परिकार पाइने भएकाले पनि धेरैको रोजाइमा परिरहेको उनको भनाइ छ। बजार बढ्दै गएसँगै उनीहरूले सेवा पनि थपेका छन्। सुरुआतमा खानेकुरा मात्र थिए। अहिले वासको पनि व्यवस्था गरेका छन्। त्यस्तै, बैठक, गोष्ठी, सभा, सम्मेलन गर्न सेमिनार हल बनाएका छन्। साँझ–बिहानको खाना खुवाउन गाउँको झल्को दिनेगरी छुट्टाछुट्टै कटेज बनाएका छन्।

रिसोर्टबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ४० जनाले रोजगारी पाएको प्रबन्ध निर्देशक विकास बताउँछन्। रिसोर्टमा १४ जना कर्मचारी छन् । त्यस्तै, माछा, गँगटा, घोंगी तथा गाउँबाट रैथाने उत्पादन ल्याउन ११ जना खटिन्छन्।

यससँगै १५ जना कलाकार पनि रिसोर्टसँग जोडिएका छन् । उनीहरूले दैनिकजसो साँस्कृतिक प्रस्तुति राख्छन् । "चाडपर्वको अघि पछि त दैनिक थारू संस्कृति झल्किने कार्यक्रम गर्छौं। अन्य बेला पनि आगन्तुकको रुचि अनुसार सांस्कृतिक कार्यक्रम गर्छौं।"- उनी भन्छन्।

कलाकार समूहले एउटा प्रस्तुति गरे बापत पाँच हजार रुपैयाँ पाउँछ। त्यसबाहेक कलाकारले प्रस्तुतिका आधारमा पनि पारिश्रमिक पाउने गरेका छन्।

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।
दिनेश थापा
प्राचार्य (एवम्)
कालिका मानवज्ञान मा.वि.
बुटवल-१०, रुपन्देही

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरूमा हार्दिक अनुरोध
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेको पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुर्‍याऔं ।
विवेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत
भगतसिंह खड्का
अध्यक्ष
इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।
प्रा.डा. तारा प्रसाद उपाध्याय (ज्ञवाली)
क्याम्पस प्रमुख (एवम्)
लुम्बिनी वाणिज्य क्याम्पस
बुटवल-११, देवीनगर, रुपन्देही

# गाभर भ्याली : सामुदायिक 'होम स्टे'ले कायापलट

**यहाँ बास बस्ने मात्र होइन राज्यलाई पनि योगदान पुराउने गरी आनुवंशिक स्रोतहरूको संरक्षण प्रवर्धन र कृषकलाई प्रत्या लाभ दिनेगरी सामुदायिक जीन (वंश) बैंक स्थापना भएको छ।**







**टि.आर. शर्मा**

*बुटवल*

दश वर्षअघिसम्म गुमनाम बाँकेको गाभर गाउँ सामुदायिक होम स्टेको सफलताले अहिले गाभर भ्यालीका रूपमा स्वदेशमा मात्र हैन विदेशमा पनि परिचित बनेको छ।

बाँके राष्ट्रिय निकुञ्ज छेउको चुरे भावर क्षेत्रमा रहेको यो गाउँ न तराई हो न पहाड। कर्णाली र सुदूरपश्चिम प्रदेशको आँगनमा रहेको गाभर गाउँ मध्यवर्ती क्षेत्रमा पर्छ। गाभर गाउँमा २०७० सालमा सामुदायिक होम स्टे सुरु भएपछि स्थानीय अगुवा कृष्णलाल चौधरीले गाभर भ्याली नामाकरण गरे। कोहलपुर बजारबाट ८ किलोमिटर उत्तर सुर्खेत रोडमा रहेको गाभर गाउँ उपत्यका जस्तै छ।

जैविक विविधताको संरक्षण र पर्यापर्यटन प्रवर्धनका लागि २०६७ सालमा राष्ट्रिय निकुञ्ज स्थापना भएको हो। निकुञ्ज स्थापनापछि त्यहाँ आउने पर्यटकलाई गाभर गाउँमा बास बसालेर पर्यटनमार्फत् समुदायको आर्थिक समृद्धि गराउने उद्देश्यले कृष्णलाल चौधरीले होम स्टेको परिकल्पना गरी सञ्चालनमा ल्याएका हुन्।

पाँच घरबाट सुरु भएको होम स्टे अहिले २६ घरमा विस्तार भएको छ।

एक रातमा चार सय जनासम्म बास बस्न सक्ने नेपालकै ठूलो मध्येको एउटा होम स्टे गाभर भ्याली बनेको चौधरीले बताए। होम स्टेमा बास बस्ने मात्र होइन, राज्यलाई पनि योगदान पुराउने गरी आनुवंशिक स्रोतहरूको संरक्षण प्रवर्द्धन र कृषकलाई प्रत्या लाभ दिने गरी सामुदायिक जीन (वंश) बैंक स्थापना भएको छ। यसले कृषि क्षेत्रको संरक्षणमा योगदान गरेको छ। जीन बैंकले अन्नबाली, घाँस बाली, किटजन्य प्रजाति, पशुपंक्षी, सुक्ष्म जिवाणु र जलीय जीव संरक्षण र विकाससम्बन्धी काम गरिरहेको छ।

पाहुनालाई रैथाने परिकारको स्वादसँगै साँझमा विभिन्न जाति समुदायका संस्कृति प्रदर्शन, बिहानमा जंगल सफारी, जंगल वाच, चुरे हाइक,जंगल थेरापी (जंगल बाथ), माटोले नुहाउने थेरापी (मड थेरापी), फिस मसाज, नाइट क्याम्पेनिङ,भिलेज टुर जस्ता गतिविधिमा सहभागी गराई पूर्ण सन्तुष्टी दिइएको चौधरी बताउँछन्। मानसिकरूपमा बोझ र तनाव बढेका बेला गाभर भ्याली पुग्दा आनन्द महसुस हुने नेपालगञ्ज-५ का दीपक शाहीले बताए। 'यहा थारू र मुगाली खानपान, संस्कृतिमा रमाउन पाइन्छ, निम्न मध्यम वर्गका लागि गाभर भ्याली उपयुक्त गन्तव्य हो।'-शाहीले भने।

'हामीले पाहुनालाई बास बसाल्ने र थोरै धेरै आय आर्जन गर्ने उद्देश्य र लक्ष्य मात्र राखेका छैनौं, एक दशकमा गाभर भ्यालीलाई देश विदेशमा चिनाउन र ब्राण्डिङ गर्न सफल भयौं,' चौधरीले भने-'अब गाभर भ्यालीलाई होम स्टेको खुला विश्वविद्यालयका रूपमा विकास र व्यवस्थापन गर्दैछौं।'होम स्टेले राम्रो सेवा सत्कारसँगै नमूना काम समेत अघि बढाएसँगै राज्यले पनि सडक, विद्युत् र खानेपानीको व्यवस्था गरिदिएपछि थप प्रोत्साहन मिलेको चौधरीले बताए।

अहिले गाभर भ्यालीमा वार्षिक २० हजार बढी पर्यटन र अध्ययन-अवलोकनकर्ता आउने गरेका चौधरीले जनाए। 'यो होम स्टे साँच्चिकै सिकाइ केन्द्र भएको छ, वर्षमा विद्यार्थी र शिक्षक-प्राध्यापक १० हजार र स्वदेशी-विदेशी पर्यटक १० हजार आइरहेका छन्,' चौधरीले भने-'होम स्टेको सफलतासँगै गाउँका ६ सय घरधुरीले उत्पादन गर्ने कृषिजन्य, फलफूल तरकारी सबै वस्तुले बजार पाएको छ, आय आर्जनमार्फत् गाउँलेको जीवनस्तरमा उल्लेख्य सुधार आएको छ।'

नेपालगञ्जदेखि २२ किलोमिटर टाढा रहेको गाभर होम स्टे केहीअग्लो भूभागमा छ। वरिपरि जंगल भएका कारण पनि गाभर भ्यालीमा तराईभन्दा शितल मौसम र चिसो हावा चल्छ।

तराईमाभन्दा ६ देखि ७ डिग्रिसम्म कम तापक्रम हुने भएकाले गाभर भ्याली गर्मी छल्ने उपयुक्त थलो बन्दै गएको छ। बाँकेभन्दा चिसो हुने भएकाले यसलाई कान्छो देउराली समेत भनिन्छ।

होमस्टेले गाभर गाउँलाई एक दशकको छोटो अवधिमै कायापलट गरिदिएको बैजनाथ गाउँपालिका अध्यक्ष प्रकाश शाहीले बताए। 'एक दशकअघि गाभर गाउँ गुमनाम जस्तै थियो, होमस्टेको सफल सञ्चालन र व्यवस्थापनले सिंगो गाउँपालिकाको पहिचान देश विदेशमा स्थापित भएको छ,' अध्यक्ष प्रकाश शाहीले भने-'समुदायको प्रयासले गाभरको कायापलट भयो, सिंगो पालिकाको आर्थिक विकास र समृद्धिमा टेवा पुगेको छ।'

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

बुटवल उप-महानगरपालिकाको अनुरोध

समानता, स्वाभिमान र अवसर-बस्नयोग्य बुटवल शहर




- सबै प्रकारका व्यापार, ब्यवसाय, उद्योग, कलकारखाना अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गराई मात्र सञ्चालन गरौं।
- बुटवल उपमहानगरपालिकामा बुझाउनु पर्ने सम्पत्तिकर, भुमिकर, बहालकर र ब्यवसायकर समयमा बुझाई तोकिएको छुटको लाभ उठाऔं।
- बुटवल उपमहानगरपालिका क्षेत्र भित्र गरिने सबै प्रकारका विज्ञापनको विज्ञापनकर अनिवार्य बुझाऔं।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट रुट ईजाजत तथा सञ्चालन अनुमति लिएका ई-रिक्सा र टेम्पो मात्र सञ्चालन गरौं।
- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका सडक, सडक अधिकार क्षेत्र, फुटपाथ वा सार्वजनिक स्थलमा अनधिकृत रुपमा कुनै पनि प्रकारका ब्यवसाय नगरौं।
- सार्वजनिक स्थल अतिक्रमण गरी संरचना नबनाउ र सामाग्री राखी अवरोध नगरौं।
- बुटवल उपमहानगर क्षेत्र भित्रका मासु ब्यवसायीहरुले आधुनिक पशुबधशालामा बध गरेका खसिबोकाको मासु मात्र बिक्री वितरण गरौं। उपभोक्ताले पनि आधुनिक पशुबधशालामा बध गरेका खसिबोकाको मासु यकिन गरेर मात्र सेवन गरौं र स्वस्थ्य रहौं।

बुटवल उप-महानगरपालिका

बुटवल रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# जाउँ है घुम्न रूकुम







**महेश क.सी.**

*रूकुम पूर्व*

चाहे कलाकार अमृत गुरूङले आजभन्दा झण्डै एक दशकअघि गाएको 'शिरफूल शिरैमा...' होस् वा हालसालै सुरेन्द्र राणाले लेखेको 'रूकुम मैकोट...' गीत होस् । यी दुबै गीतमा रूकुमको चर्चा पाइन्छ । युटुवमा दशौं करोड पटक हेरिएका यी गीतका शब्दहरूमा झैं रूकुम पूर्व साँच्चै सुन्दर छ, मनोरम् छ अनि छ घुम्नलायक पनि ।

लुम्बिनी प्रदेशको सबैभन्दा अग्लो ७ हजार २ सय ४६ मिटर उचाईमा रहेको पुथा हिमालको शिरदेखि झण्डै ११ सय मिटरको उचाईमा रहेको पोखराको तातोपानीको मुहानसम्म फैलिएको रूकुम पूर्वलाई नेपाल सरकारको 'उत्कृष्ट यात्रा गन्तव्य'का रूपमा समेत समेत सूचीकृत गरेको छ ।

कुल १ लाख १३ हजार ५ सय २३ हेक्टर क्षेत्रफलमा फैलिएको रूकुम पूर्वमा तीनवटा पालिका रहेका छन् भने यसलाई देशको 'कान्छो जिल्ला' पनि भनिन्छ । २०१८ सालमा साविकका सल्यान र जाजरकोटबाट छुट्टिएर रूकुम छुट्टै जिल्लाका रूपका कायम भएको थियो । त्यसपछि जिल्ला सदरमुकाम रहेको रूकुमकोटबाट वि.सं. २०३० सालमा जिल्ला सदरमुकाम मुसिकोट सारिएको थियो । पछि २०७३ सालमा संघीयताको आवधारणाअनुसार राज्यको पुनःसंरचना गरिएपछि रूकुमको पूर्व र पश्चिम भाग छुट्टाछुट्टै जिल्लाकायम भए । सदरमुकाम भयो रूकुमकोट । यसकारण यसलाई 'कान्छो जिल्ला' भन्ने गरिएको हो ।

यसबाहेक लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला पनि हो रूकुम पूर्व । अरू ११ जिल्लाभन्दा अलि फरक परिचय र चिनारी बोकेको यो जिल्लामा अर्गानिक कृषि र पर्यटकीय दृष्टिले अथाह सम्भावना भएको ठाउँ हो । पुथासँगै ५ हजार मिटरभन्दा माथिका सिस्ने, दोगारी, सामजङ र निम्कु हिमाल यहाँ रहेका छन् भने कमलताल, पुपाल दह, गुप्ता दह, सुन दह र साम्पेलगायतका विभिन्न तालतलैयाको सुन्दरताको बयान शब्दमा सायदै गर्न सकिएला ।

धौलागिरी हिमालको पश्चिम भागमा रहेको नेपालको एकमात्र शिकार आरक्ष ढोरपाटनको ६० प्रतिशत भू-भाग पनि यही जिल्लाका पर्छ । सिस्नेतिर बनघारी भाका र पैसेरूको लहरोमा नाचिन्छ भने भुमे र पुथातिर यानीमाया भाकामा गीत गाउँदै भुमे नाचमा छमछम नाचिन्छ । भाषादेखि भुगोल अनि रीति-संस्कृतिदेखि जीवनशैलीमा समेत विविधता पाइने रूकुम पूर्वमा यही अनेकतालाई एकताको डोरीले बाधेको छ ।

भुमे गाउँपालिकाका पूर्व अध्यक्ष रामुसुर बुढा भन्छन्-'जनसंख्याका हिसाबले हेर्ने हो भने यहाँ जनजाति त्यसमा पनि खासगरी मगर खाम भाषा बोल्नेहरूको बाहुल्यता छ । विविध भाषा-भाषीहरूको पनि आफ्नै परिचय छ । आपसको हाम्रो प्रेम नै जिल्लाको चिनारी हो ।'

पर्यटन व्यवसायी रूकुम पश्चिमका मानबहादुर खत्रीले पोखराको तातोपानीमा नुहाएर रूकुमकोटको कमल दहको कमलको अचार चाख्दै महत, कोल, राङ्सी रतकसेरादेखि हुकाम-मैकोटका सुन्दर बस्तीहरू घुमेर हिमालतर्फ जान सकिने बताउँछन् । 'ढोरपाटनको बुकी घुमेर पुथा हिमालको काखमा डुल्दै-डुल्दै सुनदह र गुप्तादहको पानीलाई स्पर्श गरेर डोल्पासम्म पुग्न सकिन्छ,' उनी भन्छन्-'करिब १० दिन लामो यो पदयात्राले पर्यटकलाई अर्कै संसारमा लैजान्छ ।'

विभिन्न प्राकृतिक, धार्मिक, साँस्कृतिक र पुरातात्विक दृष्टिले निकै महत्वपूर्ण जिल्लाका रूपमा रूकुम पूर्वलाई चित्रित गर्न सकिन्छ । तत्कालीन नेकपा माओवादीले सञ्चालन गरेको सशस्त्र संघर्षको उद्गमस्थलका रूपमा समेत रहेको रूकुम पूर्व जिल्लाका मुल बाटोलाई 'गुरिल्ला मार्ग' समेत भन्ने गरिएको छ । तत्कालीन माओवादीले आफ्नो 'विशेष आधार क्षेत्र' का रूपमा घोषणा गरेको ऐतिहासिक चुनबाङ आसपासबाट सुरु भएको यो मार्ग रूकुमकोटबाट डाँडैडाँडा हुँदै रूकुम पश्चिमको बाँफिकोटतर्फ अघि बढ्ने पर्यटन व्यवसायी मानबहादुर बताउँछन् । 'गुरिल्ला मार्गलाई पनि व्यवसायिक पदमार्गका रूपमा विकास गर्न सकिन्छ । यसका लागि आजभन्दा झण्डै १५ वर्ष पहिले नै नक्सा  समेत बनाइएको छ । त्यसमा केही सामान्य हेरफेर र संशोधन गर्ने मात्रै हो भने पनि पर्यटकले रूकुम पूर्व र पश्चिम नियाल्दै यात्रामा निस्किन सक्छन् ।'-उनले भने ।

कुल क्षेत्रफलको करिब १५ प्रतिशत मात्रै खेतीयोग्य जमिनरहेको रूकुम पूर्वलाई खाद्यान्न बालीका हिसाबले सुरक्षित मानिए पनि खानेबानीमा आएको परिवर्तनका कारण चामललगायतको खाद्यान्न आयात गर्नु परिरहेको एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय रूकुम पूर्वका प्रमुख डिल्लीराज पौडेलले बताए । 'यहाँ विशेष गरी खाद्यान्न बालीमा मकै, गहुँ, जौ र फापर उत्पादन हुन्छ भने धान एकदमै न्यून मात्रामा उत्पादन गरिन्छ,'-उनले भने-'फलफूलमा स्याउ र सुन्तला तथा बर्खे आलु प्रशस्त पनि उत्पादन हुन्छ । यहाँको उत्पादनलाई व्यवसायिक रूपमा अघि बढाउन सकेमा आयस्तरमा वृद्धि ल्याउन सकिने थुप्रै सम्भावना रहेको छ ।'

रूकुम पूर्वलाई अर्गानिक वस्तु उत्पादन तथा प्राङ्गारिक जिल्लाका रूपमा पनि अघि बढाइरहेको प्रमुख पौडेलको भनाइ छ । साथै उनले यहाँको खेतीयोग्य जमिनको विस्तार र विकास गर्न सकिने कुरामा पनि जोड दिए । यसका लागि  किसान र स्थानीय सरकारको सक्रियता जरूरी हुने उनको भनाइ छ ।

कृषि र पर्यटनका साथै रूकुम पूर्वको अर्को ठूलो सम्भावना भनेको हिमाली जडीबुटीको हो । जिल्ला प्रशासन कार्यालयको वेबसाइटमा उल्लेख गरिए अनुसार, यहाँ बहुमूल्य हिमाली जडीबुटी यार्चागुम्बुका साथै पाँचऔंले, कुरिलो, टिमुर, दालचिनी, गुर्जो, कटुकी, पाङर, बादलपाते, बोझो, हर्रो अमला, पदमचाल, सतुवा, हलहले, कुमकुम, चिराइतो, जटामसी, भलायो आदि जडीबुटीहरू पाइन्छन् ।

मध्यपहाडी लोकमार्ग यहाँको मुख्य मार्ग हो भने घोराहीबाट रोल्पा हुँदै रूकुम पूर्वको मैकोटसम्म पुऱ्याउने गरी निर्माणाधीन सहिद मार्ग पनि यहाँको अर्को महत्वपूर्ण सडक हो । जिल्लाको करिब ८० प्रतिशत भू-भागमा सडक पहुँचमा भए पनि प्रायः सडक कच्ची नै भएकाले यसको गुणस्तरियतामा ध्यान दिन जरूरी छ ।

रूकुम पूर्व अरू जिल्लाको दाँजोमा भौतिक विकासमा केही पछि परेको उल्लेख गर्दै रूकुमकोट उद्योग वाणिज्य संघका अध्यक्ष केवेन्द्र गौतमले यसका लागि सम्बन्धित सबै लाग्नुपर्ने बताउँछन् । प्रशासनिक हिसाबले जिल्लालाई कान्छो भनिनु ठिकै हो, तर विकासमा पनि कान्छो बनाउनु भएन । यसका लागि तिनैका सरकारले विशेष ध्यान दिनुपऱ्यो । यहाँका सम्भावनालाई पहिल्याएर त्यसलाई विकास र रोजगारीसँग जोड्नुपऱ्यो ।

रूकुम पूर्वलाई विकासको मार्गमा डोऱ्याउन आफ्नो तहबाट सक्रियताका साथ लागिरहेको बताउँदै यस क्षेत्रका प्रतिनिधिसभा सदस्य पूर्णबहादुर घर्तीले सडक विकासमा विशेष जोड दिइरहेको बताए । 'निर्माणाधीन सहिद मार्गमा यस वर्ष बजेट छुट्याउने कुरामा सरकारले लापरबाही गरेको कुरा मैले जोडदार तरिकाले उठाएको छु । अगामी वर्षमा यसमा पर्याप्त बजेट विनियोजन गरेर यसको निर्माण सम्पन्न गर्न सकेमा सहजता आउने छ,' उनले भने-'साथै यहाँको ऐतिहासिकता र पर्यटकीय सम्भावनालाई पनि संस्थागत रूपमा विकास गर्न हरेक पालिकालाई पर्यटन गुरुयोजना बनाएर अघि बढ्न भनिएको छ । यसमा संघीय र प्रदेश सरकारको पनि साथ जरूरी छ । यसका लागि पहल तथा आवश्यक सहजीकरण गर्ने काममा कमी हुने छैन ।'

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
नव वर्ष २०८२ सालको हार्दिक शुभकामना !!!
नव वर्ष २०८२ सालको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक लगायत विभिन्न नियमनकारी निकाय, सञ्चालक समिति, संस्थापक, सर्वसाधारण शेयरधनी महानुभाव, शुभेच्छुक, कर्मचारी, व्यवसायिक साझेदार संस्थाहरु, संस्थामा आवद्ध सम्पूर्ण बैंकिङ्ग समुदाय सदस्यहरु साथै देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुनिल कुमार राय
प्रमुख कार्यकारी अधिकृत
एवम्
डा.मान बहादुर वीके
अध्यक्ष
जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही फोन नं. ०७१-४३१८७१
Website: www.jucbank.com.np, Email: info@jucbank.com.np

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
टुक बहादुर क्षेत्री
प्राचार्य (एवम्)
मणिमुकुन्द सेकेन्डरी स्कुल/कलेज
बुटवल-११, रुपन्देही

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरुमा हार्दिक अनुरोध
- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं ।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं ।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं ।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समितिमार्फत् समस्या समाधान गरौं ।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं ।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं ।
- स्वास्थ्य   सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं ।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं ।
- लैंगिक हिंसाको अत्य गरौं ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
फणेन्द्र प्रसाद शर्मा
नगरप्रमुख
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सैनामैना रूपन्देही

बुटवल हस्पिटल प्रा. ली. को अत्यन्त जरुरी सुचना
२४ वर्षदेखि निरन्तर स्वास्थ्य क्षेत्रमा स्थापित बुटवल हस्पिटल प्रा. ली. को सेवा अब सुविधा सम्पन्न आफ्नै भवनबाट शुरु भएको छ । बुटवलको हस्पिटललाईनमा रहेको बुटवल हस्पिटल प्रा. ली. अहिलेको स्थानबाट करिव २ सय मिटर पुर्वतर्फ चांदवारी चोकको उत्तरतर्फ मुनाल बोडिङ भएको स्थानमा रहेको हाम्रा सम्पुर्ण शुभेच्छुक माहनुभावहरुमा जानकारी गराउँदै दक्ष जनशक्ति र अत्याधुनिक उपकरण सहित गुणस्तरिय स्वास्थ्य सेवाका लागि प्रतिवद्ध रहेको जानकारी गराउँदछौं ।
हाम्रा विशेषताहरु:
- सुविधा सम्पन्न आफ्नै अत्याधुनिक भवन
- मोडुलर अप्रेसन थ्रेटरहरुबाट अप्रेसन
- दैनिक विशेषज्ञ चिकित्सकहरुबाट ओ. पी. डि. सेवा
- अत्याधुनिक प्रविधि र उपकरण मार्फत अप्रेसन सेवा
- अर्थोस्कोपी प्रविधि मार्फत अप्रेसन
- २४ सै घण्टा अल्ट्रासाउण्ड (भिडियो एक्सरे)
- आई. सि. यू. तथा एन. आई. सी. यू. सेवा
- चिकित्सकहरुकै उपस्थितीमा २४ सै घण्टा इमर्जेन्सी सेवा
- नयाँ प्रविधिको फिजियोथेरापी सेवा

सम्पर्क
बुटवल हस्पिटल प्रा. लि.
भुड्की चोकबाट भित्र, चांदवारी चोक बुटवल
फोन: ०७१-५३६४३२ मोबाईल: ९८०२६८८८७३

# नवलपुरका पर्यटकीय तथा धार्मिक क्षेत्रहरू

संघीयतापछिको नवलपुर जिल्लामा साना-ठूला थुप्रै धार्मिक तथा पर्यटकीय क्षेत्रहरू रहेका छन् । जसमध्ये नारायणी नदीको जल यात्रा, चितवन राष्ट्रिय निकुञ्जका नवलपुरका भू-भाग, कालीगण्डकीको घुमाउरीघाटलगायत गैंडाकोटमा रहेको मौलाकालिका मन्दिर, देवचुलीमा रहेको देवचुली डाँडा, प्रिप्रहर होम स्टे, सिजी शास्वतधाम, कावासोतीको अमलटारी होम स्टे भिलेज, पोखरी ताल, टरूवा ताल, महाराजास्थान मन्दिर, विनयी त्रिवेणीमा रहेको दाउन्नेदेवी मन्दिर, त्रिवेणी धाम, मदरबाबा स्थान, हुप्सेकोटको झरना खोला आदि प्रमुख धार्मिक एंव पर्यटकीय क्षेत्र हुन् ।

यी बाहेक नवलपुरमा थुप्रै धार्मिक एंव पर्यटकीय क्षेत्र रहेका छन् । यहाँ हामीले नवलपुरका देवचुली नगरपालिका, कावासोती नगरपालिका, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकाभित्र रहेको धार्मिक एंव पर्यटकीय स्थलकाबारे चर्चा गर्दैछौं ।

नवलपुरको होटल तथा पर्यटन व्यवसायीहरूले पर्यटन व्यवसायी समिति बनाएर यहाँका धार्मिक एंव पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा नियमित रूपमा लागेका छन् ।





**कावासोतीका पर्यटकीय स्थल**

यस नगरपालिकाको सिमाना पूर्वमा देवचुली नगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज, पश्चिममा मध्यविन्दु नगरपालिका र हुप्सेकोट गाउँपालिका, उत्तरमा हुप्सेकोट गाउँपालिका र देवचुली नगरपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्च पर्दछन् । २०७८ सालको जनगणनाअनुसार, ८६,८२१ जनसंख्या  र जनघनत्व ८०१, कुल परिवार संख्या २२,१६६, लैंगिक अनुपात ८७.५३ रहेको छ ।

यहाँका धार्मिक पर्यटकीय क्षेत्रको रूपमा टरूवा ताल, बालुवा डाँडा, महाराजास्थान मन्दिर, अमलटारी होम स्टे भिजेल, जटायु रेष्टुरेण्ट, पोखरी ताल आदि यहाँका पर्यटकीय क्षेत्र हुन् ।

कावासोतीसँग जोडिएको नारायणी नदीमा जलयात्रा, चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा जंगल सफारी गर्दै जंगली जनवारको अवलोकन गर्दा यहाँ छुट्टै आनन्द आउँछ ।

कावासोती–१० चिलाहा रतौलमा खुलेको थारू सामुदायिक होम स्टे, कावासोतीको बालुवा डाँडामा नगरपालिकाले निर्माण गरेको भ्यूटावर, कावासोती-२ मा बनेको बाल उद्यान पनि पर्यटकीय क्षेत्रको रूपमा विकसित हुने पखाईमा रहेका क्षेत्र हुन् । यहाँ रहेको अमलटारी होम स्टे भिजेल नेपालकै पहिलो होम स्टे हो । अहिले यसलाई होमस्टे भिलेजको रूपमा विकास गरिएको छ । कावासोतीको अमलटारी, पिठौली र मगरकोटबाट दैनिक सयौंको संख्यामा पर्यटक जंगल सफारीका लागि चितवन राष्ट्रिय निकुञ्ज प्रवेश  गर्ने गर्दछन् ।

**देवचुलीको पहलकदमी**

नेपालको गण्डकी प्रदेशमा पर्ने यो नगरपालिकाको कुल क्षेत्रफल ११२.७२ वर्ग किमि रहेको छ । यसको पूर्वमा गैंडाकोट नगरपालिका, पश्चिममा हुप्सेकोट गाउँपालिका र कावासोती नगरपालिका, उत्तरमा बुलिङटार गाँउपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछन् । पूर्वी सिमानाको रूपमा महेन्द्र राजमार्गमा रहेको झरही खोला पश्चिमी सिमानामा लोकाहा खोला, उत्तरमा १९३८ मिटर उचाइको देवचुली डाँडा र दक्षिणमा पवित्र नारायणी नदीको चार सिमानाभित्र पर्ने यो नगरपालिकाको दलदले बजार नवलपरासी जिल्लाको पहाडी क्षेत्रको मुख्य प्रवेशद्वार हो ।

२०७८ को जनगणनाअनुसार यस नगरपालिकामा हाल १४४९३ घरधुरी र ५८००३ जनसंख्या रहेको छ । जसमध्ये ३०६६७ महिला र २७३३६ पुरूष रहेका छन् भने बालबालिकाको संख्या  १५३८९ रहेको छ ।

ऐतिहासिक, धार्मिक एंव पर्यटकीय महत्व बोकेको देवचुली डाँडा, होमस्टेको प्रचुर सम्भावना बोकेको र मगर समुदायको बसोबास रहेको कुमसोत, कीर्तिपुर र बन्दीपुर जस्ता  बस्तीहरूलगायत सञ्चालनमा आएको पिप्रहर होम स्टे र नारायणी नदी किनारमा रहेको होटल, रिसोर्ट तथा मध्यवर्ती सामुदायिक वनहरूले यस नगरपालिकाको पर्यटकीय विकासमा सम्भावनालाई समेटेका छन् ।

यहाँ देवचुली डाँडामा रहेको भ्यू टावरबाट तराईका समथर भू-भाग हेर्न र सिजी इन्डष्ट्रिज पार्कले निर्माण गरेको सिजी शास्वत धाम घुम्न नेपाललगायत भारतका पर्यटकहरूका दिनहुँ घुइँचो लाग्ने गर्दछ ।

देवचुली सेन्टरप्लट, धारापानी, पृथ्वीनगर, जनज्योति, दिव्यपुरी, रजहर, फारमलगायतका खेलमैदान र घुमाउरी पिक्नीक स्पर्ट एण्ड पार्क, नागपोखरी बालउद्यान, सकला बालउद्यानलगायतका सालघारी, कदमपुर, शान्तिगैरा सिमसार पोखरीहरूले खेलकुद र मनोरञ्जनका थुप्रै सम्भावना बोकेका छन् ।

शाश्वतधाम, कालिका मन्दिर, पशुपति मन्दिर, बराजु थान, तीनकन्या माइ, एकादशी मेला लाग्ने नारायणी तटकै मैदानलगायतका धार्मिक स्थलहरू धार्मिक पर्यटनका लागि महत्वपूर्ण छन् ।

**सम्भावनाको खानी मध्यविन्दु**

नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको पूर्वपश्चिम राजमार्गको ठिक मध्य भाग अर्थात् मध्यविन्दुबाट नगरपालिकाको नामाकरण गरिएको मध्यविन्दु नगरपालिका पनि एउटा पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो ।

२३३.३५ वर्ग किमि क्षेत्रफलमा फैलिएको मध्यविन्दु नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार १५ हजार ४ सय ३० घरधुरी रहेका छन् भने यहाँको जनसंख्या महिला ३३ हजार १ सय ११ र पुरूष २७ हजार ९ सय ८० गरी जम्मा जनसंख्या ६१ हजार ९१ रहेको छ ।

यस नगरपालिकाको पूर्वमा कावासोती नगरपालिका, पश्चिममा विनयी गाउँपालिका, उत्तरमा हुप्सेकोट गाउँपालिका र पाल्पा जिल्ला,  दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज तथा नारायणाी नदी अवस्थित छन् ।

यहाँ पर्यटकीय क्षेत्रको रूपमा लोहासेधार, चितवन राष्ट्रिय निकुञ्ज, नन्द भाउजु ताल, भुताहा पर्यटन वन, भ्यू पोइन्ट टावर, बाघखोर मगर होम स्टे आदि  प्रख्यात रहेको छ । यस क्षेत्रका नगरवासीहरूले मान्ने मुख्य चाडपर्व दसैं, तिहार, ल्होसार, माघी, होली, चण्डी पूर्णिमाम आदि  रहेका छन् ।

**विनयी त्रिवेणीको आगामी योजना**

नवलपुर जिल्लाको सबैभन्दा बढी चर्चित पर्यटकीय तथा धार्मिक क्षेत्र रहेको पालिका हो, विनयी त्रिवेणी गाउँपालिका ।

२८८.०६ वर्ग किमि क्षेत्रफल ओगटेको यस गाउँपालिकामा करिब ३८ ३७० जनसंख्या छ । पूर्वतर्फ मध्यबिन्दु नगरपालिका, पश्चिमतर्फ बर्दघाट नगरपालिका, उत्तरमा भारत तथा नारायणी नदी र दक्षिणमा पाल्पासँग सिमाना जोडिएको यस गाउँपालिकामा देशकै चर्चित धार्मिक पर्यटकीय स्थल दाउन्नेदेवी मन्दिर, त्रिवेणी गजेन्द्र मोक्ष धाम, त्रिवेणी ब्यारेज पुल, दाउन्ने गुम्बा विहार, मदारबाबास्थान रहेका छन् ।

दाउन्नेदेवी मन्दिर र त्रिवेणी गजेन्द्र मोक्षधाम हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र  हो भने दाउन्नेमा रहेको बौद्ध गुम्बा बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो । त्यसैगरी हिन्दु र मुस्लिम समुदायको आस्थाको संयुक्त केन्द्र मदारबाबास्थान पनि यही पर्दछ । जसले आन्तरिक तथा बाह्य तिर्थालु भक्तजनलाई विनयी त्रिवेणीमा आउन आकर्षण गर्ने गरेको छ ।

यहाँ रहेको सितपुरगढी, सिद्धधाम चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएका क्षेत्रहरू पर्यटकीय आकर्षणको केन्द्रविन्दु हो । यो पालिकाको त्रिवेणी बजार भारतसँग जोडिएका कारण गण्डकी प्रदेशकै भारतसँग जोडिएको एक मात्र नाका पनि हो । जुन धार्मिक तथा पर्यटकीय रूपमा महत्वपूर्ण छ, त्यसका साथै आगामी दिनमा गण्डकी प्रदेशको भारतसँगको मुख्य व्यापारिक नाका पनि बन्ने देखिन्छ ।

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरूमा हार्दिक अनुरोध
गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।
- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाँण
नगरप्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रूपन्देही



सिद्धार्थनगर नगरपालिकाको अनुरोध
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- धर्म, संस्कृति, सम्पदाको जगेर्ना गरौं, मौलिक पहिचानको संरक्षण गरौं ।
- लैंगिक हिंसाको अन्त्य गरौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखौं ।
- घर, आगन तथा शौचालयहरु सधै सफा राखौं ।
- रुख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- उन्नत नश्लका पशुपालन गरि स्वरोजगारी सृजना गरौं ।
- करहरु समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं ।
- आफ्नो घर तथा पसलबाट निस्कासित फोहोरहरु तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरी सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।

जनक थापा
प्रमुख प्रशासकिय अधिकृत

उमा अधिकारी
नगर उप-प्रमुख

इस्तियाक अहमद खाँ
नगर प्रमुख

सिद्धार्थनगर नगरपालिका
भैरहवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# बाघबाट समृद्धि



मुकेश पोखरेल





संरक्षणलाई आर्थिक उपार्जनसँग जोड्दा त्यसबाट ठूलो जनसंख्याले रोजगार प्राप्त गर्न सक्छ।

कोराना महामारीले २०७६ को चैतबाट लकडाउन सुरु भयो। त्यसपछि घरभित्र बस्नु बाहेक विकल्प थिएन। दुई महीना जति त घरबाट रिर्पोटिङको काम गरेर समय गुजारेँ। तर, सधैँभरी त्यसो गरेर सम्भव थिएन। स्थानीय समुदायसँग अन्तरक्रिया गर्ने, उनीहरूका समस्या र अवसरका कथाहरू लेख्न मलाई मन पर्छ। अधिकांश मेरा रिर्पोटिङ स्थानीय समुदायसँग जोडिएका हुन्छन्।

लकडाउनका बिचमा मैले चितवन र बर्दिया राष्ट्रिय निकुञ्ज र त्यस वरपर बस्ने समुदायसँग अन्तरक्रिया गर्ने निर्णय गरेँ। र, बर्दिया र चितवनका मध्यवर्ती क्षेत्रमा सक्रिय, होटल व्यवसायी, नेचर गाइड, होमस्टे सञ्चालकसँग अन्तरक्रिया गरेँ।

यहाँ म बर्दिया राष्ट्रिय निकुञ्जमा बाघको संख्यामा वृद्धिभएसँगै त्यहाँको पर्या-पर्यटन (इकोटुरिजम) मा कस्तो प्रभाव परेको छ र स्थानीय समुदायले कसरी लाभ प्राप्त गरिरहेका छन् भन्ने बारेमा चर्चा गर्दैछु। बर्दिया राष्ट्रिय निकुञ्ज लुम्बिनी प्रदेशको गौरव हो। संवैधानिक प्रबन्धअनुसार राष्ट्रिय निकुञ्ज संघको अधिकार क्षेत्रभित्र रहेको छ। सुरुमा कर्णाली वन्यजन्तुको आरक्षको रूपमा स्थापित यो निकुञ्ज २०४५ सालमा बर्दिया राष्ट्रिय निकुञ्जको रूपमा घोषणा गरियो। तराईमा भएका राष्ट्रिय निकुञ्जमध्ये बर्दिया राष्ट्रिय निकुञ्ज सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज हो।

बर्दिया राष्ट्रिय निकुञ्जमा पाटे बाघ, एकसिंगे गैंडा, चितुवा, घोडगधा,जरायो, चित्तल, लगुना, बाह्रसिङ्गा र जंगली हात्तीलगायत ५६ प्रजातिका स्तनधारी वन्यजन्तु निकुञ्जमा पाइन्छन्। निकुञ्जमा अहिलेसम्म त्यहाँका रैथाने र बसाई सरी आउने गरी ४३८ थरी रैथाने चराहरूको अभिलेख गरिएको छ।

**बाघ र बर्दिया**

बर्दिया राष्ट्रिय निकुञ्ज पाटे बाघको घरका रूपमा चिनिन्छ। सन् २०२२ मा गरिएको गणनाअनुसार बर्दिया राष्ट्रिय निकुञ्जमा १२५ वटा बाघ रहेका छन्। यो नेपालमा रहेका कूल ३५५ बाघको ३५.२१ प्रतिशत हो। संख्याका हिसावले सवैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा रहेपनि बर्दियामा बाघ सहजै देख्न सकिने भएकाले बाघ अवलोकनका लागि मानिसहरू बर्दिया पुग्छन्।

बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयका अनुसार, आर्थिक वर्ष २०२३/०२४ मा मात्र बर्दिया राष्ट्रिय निकुञ्जमा १४ हजार ४९४ मानिसहरूले भ्रमण गरे। त्यसमध्ये ३ हजार ३५५ विदेशी पर्यटक रहेका छन्। बाघका लागि पर्यटक बर्दिया राष्ट्रिय निकुञ्जमा पुग्दा एकातिर प्रत्यक्ष रूपमा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयले टिकट बिक्री वापत आम्दानी गरेको छ भने त्यसको अप्रत्यक्ष लाभ ठूलो रहेको छ।

बर्दिया जाने पर्यटकबाट स्थानीयस्तरमा थुप्रै रोजगारका अवसरहरू सिर्जना भएका छन्। बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यटक घुमाउने पथप्रदर्शकको संख्या १०० भन्दा बढी छ। उनीहरू पर्यटकलाई घुमाएर आर्थिक उपार्जन गरिरहेका छन्। पथप्रदशकको आम्दानीमा नै परिवार आश्रित छन्। करिव २०० जतिले पथप्रर्दशकको तालिम प्राप्त गरेको भए पनि १०० पूर्णकालीन रूपमा कार्यरत रहेका छन्।

त्यसैगरी, बर्दियाको ठाकुरद्वारा र त्यस आसपासमा करिव ४० होटल बाघ हेर्न बर्दिया पुग्ने पर्यटकहरूबाट चलेका छन्। बाघ हेर्ने लोभमा बर्दिया पुग्ने मानिस नै होटलका मुख्य पाहुना हुन्। त्यसबाहेक बर्दिया निकुञ्जका आसपासमा करिव १० वटा गाउँमा सामुदायिक होमस्टे सञ्चालनमा छन्। ती गाउँका १०० भन्दा बढी घरमा सञ्चालित होमस्टेका मुख्य पाहुना पनि बर्दिया घुम्न जाने मानिस नै हुन्।

एक होटल र होमस्टेमा चार जनाले सरदरमा प्रत्यक्ष रोजगारी प्राप्त गरेको मान्ने हो भने ४५० जनाले रोजगार प्राप्त गरेका छन्। तर, अप्रत्यक्ष रूपमा रोजगार प्राप्त गर्ने संख्या चाँहि धैरै ठूलो रहेको छ। मानिसहरू होटलमा बस्दा त्यहाँ दूध, दहि, माछा, मासु, फलफूल तरकारी आदि खपत हुन्छ। ती अन्न तथा तरकारी उत्पादन गर्ने किसान अप्रत्यक्ष रूपमा लाभान्वित भइरहेका छन्। मानिसको संख्या वृद्धि हुँदा स्थानीय सवारी चालक, रिक्सा चालक आदिले पनि रोजगारी प्राप्त गरिरहेका हुन्छन्। जुन लाभ प्रत्यक्ष रूपमा जोडिँदैन्।

निकुञ्ज कार्यालयका अनुसार, बर्दिया राष्ट्रिय निकुञ्जमा घुम्न जाने मानिसको अधिकतम संख्या २० हजार भन्दा बढी छैन। २० हजार मानिस बर्दिया पुग्दा यतिधैरै मानिसले रोजगारीका अवसरहरू प्राप्त गर्न सक्छन् भने एकछिन अनुमान गरौं बर्दियामा वार्षिक १ लाख मानिसहरू भ्रमणका लागि जाने हो भने त्यहाँ अवसरहरू कति प्राप्त हुन सक्छन् ? वास्तवमा २० हजार संख्या त बर्दियाका लागि केही पनि होइन्। बर्दियाले १ लाख मानिस पनि धान्न सक्छ। किनभने बर्दिया राष्ट्रिय निकुञ्जको क्षेत्रफल र त्यहाँको भौगोलिक अवस्थितिले १ लाख मानिस धान्न सक्ने क्षमता राख्छ।

**यसकारण आवश्यक छ संरक्षण**

वन्यजन्तुको आक्रमणका घटनाले गर्दा संरक्षणको आलोचना नगरेको होइन। खासगरी केही सामुदायिक संस्थाहरूले बाघको संख्यामा वृद्धि भएको र त्यसकारण मानिसहरू माथि आक्रमणका घटना वृद्धि भइरहेको वकालत गरिरहेका छन्।

घटनाको विश्लेषण गर्दा मानव वन्यजन्तु द्वन्द्वका घटनामा वृद्धि भएका छन्। वन्यजन्तुबाट हुने आक्रमण पनि विगतमा भन्दा बढेका छन्। तर, त्यसमा मानिसको कति दोष छ भन्ने कुरा पनि विश्लेषण हुन जरूरी छ। अहिलेसम्मका घटनामा बाघले घरमै आएर आक्रमण गरेको छैन। धेरै ठाउँमा मानवीय गल्ती प्रमुख कारण देखिन्छ। यसको अर्थ यो होइन कि मानवीय मूल्य र उसको जीवन बाघभन्दा ठूलो होइन्। पक्कै पनि मानवीय मूल्य महत्वपूर्ण हो। तर, मानिसले आफ्ना व्यवहार परिवर्तन गर्न जरूरी छ। यदी मानिसले आफ्ना व्यवहार परिवर्तन गर्ने हो भने बाघलगायत वन्यजन्तुको आक्रमणबाट बच्न सक्छ।

संरक्षणले एकातिर आर्थिक रूपमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा स्थानीय समुदायलाई लाभ पुऱ्याइरहेको छ। अर्कोतर्फ पर्यावरणीय रूपमा पुऱ्याइरहेको (इकोसिस्टम) सेवाको ठूलो योगदान रहेको छ।

संरक्षणको काम निकुञ्जमा रहेका वन्यजन्तुको सुरक्षा र उनीहरूको रेखदेख मात्र होइन्। संरक्षण मानवीय जीवन र आर्थिक उपार्जनका लागि आवश्यक छ। झट्ट हेर्दा वनमा संरक्षण वनजंगलमा हुने वन्यजन्तुको सुरक्षा र उनीहरूको रेखदेख जस्तो देखिए पनि त्यसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाभ प्राप्त गर्ने मानिसले नै हो।

**लुम्बिनीमा...**

पर्यटक आगमन वृद्धि

विगत डेढ वर्षयता लुम्बिनीमा धार्मिक गतिविधि बढिरहेको छ। यसले धार्मिक पर्यटक वृद्धि गरेको देखिन्छ। सन् २०२४ मा भारतसहित ११२ देशका पर्यटकले लुम्बिनी भ्रमण गरेको तथ्याङ्क छ। लुम्बिनीमा आन्तरिक र बाह्य पर्यटक गरी २०२४ मा ११ लाख ७२ हजार ३०४ जना पर्यटकले लुम्बिनी भ्रमण गरे। सन् २०२३ मा ९ लाख ९८ हजार ९३८ पर्यटक भित्रिएकोमा २०२४ मा १७.३६ प्रतिशत वृद्धि भएको हो। सन् २०२४ मा ७ लाख ५८ हजार ९९० जना आन्तरिक पर्यटकले लुम्बिनी भ्रमण गर्दा १ लाख ११ हजार ४ सय २५ जना तेस्रो मुलुकका पर्यटक लुम्बिनी भित्रिए। यसमध्ये भारतबाट यो वर्ष वृद्धि भई ३ लाख ८ सय ८९ पर्यटकले भ्रमण गरे। सन् २०२३ मा भारतसहित तेस्रो मुलुकका ३ लाख ४२ हजार ७२० विदेशी पर्यटकले लुम्बिनी भ्रमण गरेको लुम्बिनी विकास कोषको सूचना शाखाको तथ्याङ्कमा छ। यो वर्ष नेपाली, भारतीय र विदेशी समेत गरी ९ लाख ९८ हजार ९३८ जनाले भ्रमण गरेका थिए। जब कि सन् २०२२ मा ९ लाख ३ हजार ८८३ जनाले लुम्बिनी भ्रमण गरेका थिए। यस हिसाबले क्रमशः पर्यटकको संख्या वृद्धि भइरहेको तथ्याङ्कले देखाएको छ। यति हुँदाहुँदै यो संख्या उत्साहजनक भने होइन।

अधुरो गुरुयोजना पूरा गर्न दबाब

प्रा. केन्जो टांगेद्वारा तयार पारिएको लुम्बिनी गुरुयोजना नेपाल सरकार तथा संयुक्त राष्ट्र संघबाट सन् १९७८ (वि.स. २०३५) मा पारित भएर लागू भइरहेको छ। गुरुयोजना क्षेत्रले ३ वर्गमाइल क्षेत्रफल ओगटेको छ। यस क्षेत्रलाई प्रत्येक १ वर्ग माइलका ३ क्षेत्रहरूमा विभाजित गरी पैदल बाटो र केन्द्रीय नहरले जोडिएको छ। ती क्षेत्रहरू (क) पवित्र उद्यान (ख) विहार क्षेत्र (ग) नयाँ लुम्बिनी ग्राम हुन्। तर, गुरुयोजनाको काम भने अझैं अधुरै छ। टांगेले १७ वर्षमा सक्नेगरी ६ वर्ष लगाएर बनाएको 'मास्टर प्लान' ४७ वर्षमा मुस्किलले ८७ प्रतिशत मात्रै पूरा भएको छ। सरकारले आर्थिक वर्ष २०७०/०७१ मा यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि सारेको थियो।

वि.सं. २०४२ (सन् १९८५)मा लुम्बिनी विकास कोष ऐनद्वारा लुम्बिनी विकास कोष गठन भएपछि मात्र गुरुयोजनाको प्रक्रिया अघि बढेको थियो। कोषका अनुसार, लुम्बिनीमा अहिलेसम्म ९ अर्ब रुपैयाँ खर्च भइसकेको छ भने गुरुयोजना पूर्ण गर्न अझैं ४ अर्ब बजेट आवश्यक पर्ने देखिन्छ।

गुरुयोजनाको सुरुवातमा ५५ मिलियन अमेरिकी डलर आवश्यक पर्ने भनिएको थियो। पछिल्लो वर्ष सरकारले गुरुयोजनाको काम पूर्णरूपमा सम्पन्न गर्ने योजना बनाए पनि बजेट अभावका कारण सम्पन्न गर्न नसकेको कोषका अधिकारीहरूको तर्क हुन्छ। यस अवधिमा लुम्बिनी विकास कोषमा १६ जना उपाध्यक्ष फेरिए पनि गुरुयोजना उस्तै छ। गुरुयोजनाको अधिकांश काम पूरा भएको भनिए पनि संरचना मापदण्ड विपरीत बनेको भन्दै आलोचना पनि भइरहेको छ। एकातर्फ गुरुयोजनाको काम पूरा नहुँदा कोषको बदनाम भइरहेको छ भने अर्कोतर्फ लुम्बिनी धार्मिक, ऐतिहासिक र पुरातात्विक स्थलका रूपमा चिनाउन सबैबिच हातेमालो आवश्यक छ।









# अर्घाखाँचीका वैभव







प्रेमनारायण आचार्य

महेन्द्र राजमार्गको कपिलवस्तु गोरुसिंगेबाट ४७ किलोमिटरको दुरीमा सुपा देउराली मन्दिर पुग्न सकिन्छ । गोरूसिंगे-सन्धिखर्क सडकमा पर्ने यस मन्दिरमा नेपाली तथा भारतीय पर्यटकबढि आउने गरेका छन् ।

सुपा देउरालीको दर्शन गरेपछि मनले चिताएको पुग्ने धार्मिक विश्वास छ । कडा चट्टानलाई छिचोल्दै निर्माण भएको सडक र त्यही सडकको छेउमा मन्दिर छ । कुनै अप्ठ्यारो समस्या आएको बेलामा सुपा देउरालीलाई भाकल गरे समस्या टर्ने विश्वास छ। त्यसैले यहाँ पाठी र बोकाभाकल गरी वली चढाइन्छ।

**अर्घा भगवती मन्दिर र अर्घा दरबार**

अर्घा अग्लो पहाडको थुम्कोमा अवस्थित प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा पूरातात्विक महत्व बोकेको रमणीय थलो हो । बाइसे चौबिसे राज्यका समयमा राजकाज चलाउने थलोको रुपमा रहेको यहाँ हाल महाकाली मन्दिर र दरबार रहेका छन् । पन्ध्रौं शताब्दीदेखि अस्तित्वमा रहेको यो मन्दिरमा दसैं पूर्णिमाको दिनविशेष मेला लाग्छ । सरायँ नाचको प्रमुख उद्‌गम स्थलको रुपमा रहेको अर्घाको दरबार र अर्घा भगवती मन्दिर रहेको छ ।

**नरपानी**

नरपानी डाँडा चिसो हावा र चिसो पानीले प्रसिद्ध छ। यहाँबाट धेरै हिमाल देख्न पाइन्छ । मनमोहक दृश्यहरु देख्न पाइने हुँदा गर्मीयाममा तराइबाट गर्मी छल्न यहाँ धेरै पर्यटक आउने गर्छन् । यहाँ भारतबाट आउने पर्यटकको संख्या पनि वृद्धि भएको छ। ।

पहाडको मनोरम दृश्यले भरिपूर्ण नरपानी प्रमुख पिकनिक स्थलको रुपमा विकसित हुँदै गएको छ । यहाँ वरिपरि हरियाली डाँडा छन् । बिचमा समथर भू-भाग पनि रहेको छ । भविष्यमा पनि यस क्षेत्रमा पर्यटन विकासले फड्को मार्नेमा विश्वास लिइएको छ ।

**पाणिनी तपोभूमि पणेना**

नेपालका एक सय गन्तव्य स्थलभित्र परेको पाणिनी तपोभूमि विश्वको प्राचीन भाषा संस्कृतको व्याकरणको उत्पत्ति भएको र रचना भएको स्थान हो । हजारौं वर्ष पहिले पाकिस्तानको लाहोरबाट तपस्या गर्दै अर्घाखाँचीको खिदिममा आएका पाणिनी ऋषिले पणेनाको लेकमा तपस्या गरेर संस्कृत व्याकरणको रचना गरेका थिए । पाणिनी तपोभूमि क्षेत्र विश्व भाषा सम्पदाको प्रमुख स्थल हो।

यसै क्षेत्रमा आएर पाणिनी ऋषिले तपस्या गरे पछि भगवान शिव प्रसन्न भएर डम्मरु बजाउँदै अईउण्, रिलेक्, एओ आदि चौध सूत्रको स्वर निकालेको र ती चौध सूत्रबाट संस्कृत व्याकरणको रचना गरेका थिए ।

पाणिनी गाँउपालिका–१ पणेना र २ पोखराथोकको बिचमा यो तपोभूमि पर्दछ । यस तपोभूमिवाट उत्तर फर्कदा हिमालयका हिम श्रृंखला , दक्षिण फर्कदा तराईका फाँटहरु अनि भारतीय भूमि देख्न पाइन्छ । अर्घाखाँचीको पोखराथोक र पाल्पा जिल्लाको तीनधारेबाट केहि मिनेट उकालो हिंडेपछि यस क्षेत्रमा पुग्न सकिन्छ

**बिचित्रको बल्कोट पौवा**

जंगबहादुर राणाको न्वारान भएको स्थान भनेर चिनिने बिचित्रको बल्कोटको पौवा छत्रदेव गाउँपालिका वडा नम्बर २ मा पर्दछ । प्रधानमन्त्री जंगबहादुर राणाको पालामा तत्कालीन कर्नेल सनदसिंह टण्डनको नेतृत्वमा कालिगडको अत्यन्तै आकर्षक शैलीमा बनाइएको पौवा र त्यसभित्र शिवालय मठ तथा अन्य मन्दिरहरु समेत रहेका छन् ।

विक्रम सम्बत १९ सय ४ सालमा निर्माण गर्न सुरु गरिएर १० वर्षको समय लगाएर पौवा तथा मन्दिरहरु निर्माण गरिएको स्थानीयको भनाइ छ । आफू जन्मिएको लामपाटीमा पौवा तथा बगैंचा र न्वारान भएको ठाउँ बल्कोटमा विचित्रको पौवा निर्माण गर्न जंगबहादुरले लगाए । उनको आदेशमा कर्नेल सनदसिंहले निर्माण गरे ।

**पतञ्जलीको जन्मस्थल बलारेपांग्रे**

महर्षि पतञ्जलीको जन्म शीतगंगा नगरपालिका वडा नम्बर ७ ऐरावतीको बलारेपांग्रेमा भएको विश्वास गर्दै यस ठाउँलाई राम्रो बनाउने काम शीतगंगा नगरपालिकाले गरिरहेको छ। महर्षि पतञ्जलीको जन्म अर्घाखाँचीमा भएको पुष्टीसहित स्वर्गीय प्राध्यापक डाक्टर विष्णुराज आत्रेयद्वारा लिखित पतञ्जली नामक पुस्तकमा उल्लेख गरिएको छ । पुस्तकमा महर्षि पतञ्जलीको जन्म शीतगंगा नगरपालिका वडा नम्बर ७ ऐरावतीको बलारेपांग्रेमा भएको पुष्टि गरिएको छ । पतञ्जलीको जन्म भएको कारण अहिले अमराइदेखि जुकेना, जलुके हुँदै लामाताल, ऐरावती जोड्ने सडकको नाम पनि पतञ्जली मार्ग नामाकरण भएको छ।

**छत्र महाराजको मन्दिर छत्रगञ्ज**

छत्र महाराजको मन्दिर छत्रदेव गाउँपालिका वडा नम्बर ५ मा पर्दछ । किम्बदन्तीअनुसार महाभारत युद्धमा उजुकनगरीका छत्रदेव महाराज युद्ध लड्न गएको र श्रीकृष्ण यिनको शक्तिबाट प्रभावित भएका थिए ।

छत्रदेव महाराज जसको पक्षबाट युद्ध लड्यो उसैको विजय हुने भन्ने दाबीपछि श्रीकृष्णले प्राणदान मागेको र प्राणदान दिएको जनश्रुति छ। त्यसपछि छत्रदेव महाराजले महाभारत युद्ध हेर्ने र आफ्नो बास स्थानमै रहने इच्छा व्यक्त गरेकोमा भीमसेनले बाँसको टुप्पोमा टाउको राखी महाभारत युद्ध देखाएका र त्यसलाई उनको जन्मस्थलमा लगेको किम्बदन्ती छ । यहाँको मुल मन्दिरको गर्भ गृहमा उक्त टाउको राखिएको र सो टाउकोमा पूजाआजा गर्दै आएको तर पूजारी लगायत कसैले हेर्न नमिल्ने स्थानीयको जनश्रुति छ।

**मालारानी मन्दिर**

मालारानी गाउँपालिकाको खनदहमा रहेको मालारानी मन्दिर राष्ट्रियस्तरमै अपरिचित नभए पनि देशको शासन व्यवस्था र सरोकारवालाहरुको कारण मन्दिर आफैंमा उदाश देख्न सकिन्छ। बाइसे र चौविसे राज्यको पालामा, माला नाम गरेकी रानी, यो स्थानमा बसेकी कारण उनैको नामबाट मालारानी रहेको जनश्रुति छ।

मलारानी मन्दिरभित्रकालिका देवी, सिद्ध, गणेश, हनुमान, होमनकुण्ड, शिवलिङ्गलगायतका मूर्तिहरु देख्न सकिन्छ । प्रत्येक आइतबार र मंगलबार पूजा गरिन्छ। दसैंमा घटस्थापनादेखि त्रयोदशीसम्म पूजापाठ गरिने यो मन्दिरमा त्रयोदशीका दिन श्राय निकालिन्छ । चैते दसशैंमा प्रतिपदादेखि अष्टमीसम्म भव्य पूजा पाठ हुँदै आएको छ।

**शान्ति बगैंचा**

सन्धिखर्क नगरपालिका वडा नम्बर १ मा शान्ति बगैंचा रहेको छ । सन्धिखर्क बजारको बिचमा रहेको शान्ति बगैंचामा अहिले त्यहाँ बुद्धको मूर्ति राखिएको छ। सबै ठाउँमा फूल, पानीका फोहराको व्यवस्था गरी आकर्षक उद्यान बनाइएको छ।

**खाँचीकोट भगवती**

बाइसे, चौबिसे राज्यअन्तर्गत पर्ने खाँचीकोट दरबार तथा खाँचीकोट भगवती मन्दिर हो। पृथ्वीनारायण शाहलाई राज्य सञ्चालन तथा एकिकरणका लागि युद्ध कला सिकाउने चन्द्रप्रभावती यसै खाँची राज्यकी राजकुमारी थिइन् । सन्धिखर्क नगरपालिका वडा नम्बर ७ खाँचीकोटमा रहेको यो दरबार तथा मन्दिर ऐतिहासिक शक्ति पीठको रुपमा रहेको छ।

**रक गार्डेन**

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नम्बर ११ डिभर्नामा यो रक गाडेर्न रहेको छ। प्राकृतिक रुपमा रहेको चट्टान आफैं गार्डेन जस्तै बनेर बसेको छ। एक पटक हेर्न जाने मानिसहरु चट्टानको बनावट र त्यहाँको वातावरणमा प्रफुल्लित हुन्छन् । चिसो वातावरण र छिटोछिटो परिवर्तन हुने मौसममा देखिने ढुङ्गाको बगैंचामा जाने मानिसहरू आनन्दित हुने गरेका छन् ।

कलात्मक रूपमा मानिसहरूले आफैं सजाएर र योजनाअनुसार बनाएर राखेको जस्तो देखिने ती चट्टान अनौठो प्रकृतिका छन् । सयौं रोपनी क्षेत्रफलमा यो स्थान फैलिएको छ।

**एसियाकै ठूलो भगवती देवीको मूर्ति**

अर्घाखाँचीको धार्मिक तथा पर्यटकीय स्थल अर्घा भगवती मन्दिरमा एसियाकै सबैभन्दा ठूलो भगवती मन्दिरको मूर्ति प्रतिस्थापन गरिएको छ, अर्घा दरबार अर्थात् अर्घा भगवती मन्दिरमा १० फिटको बेसमा २१ फिटको मूर्ति राखिएको छ। मूर्तिमा सेल्फी खिच्ने पनि बढेका छन् । मूर्ति प्रतिस्थापनसँगै मन्दिर तथा पौवा निर्माण गरिएको छ । दरबार तथा मन्दिर वरिपरि चिटिक्क पारिएको छ । लिच्छवी कालदेखि नै दरबार तथा मन्दिरमा पूजाआजा हुँदै आइहेको छ।

**१३ तले आकाशे देवीको मन्दिर**

अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका–७ बाहिगाउँ ताराखसेमा जिल्लाकै अग्लो १३ तले मन्दिर छ।

ऐतिहासिक एंव धार्मिक आकाशदेवी मन्दिरको छुट्टै पहिचान र महत्व बोकेको छ। २००८ सालमा स्थापना भएको यो मन्दिर हाल पुनः निर्माण हुँदै जिल्लाकै अग्लो १३ तले मन्दिरको रूपमा निर्माण सम्पन्न भइसकेको छ । मन्दिर परिसरभित्र देवीको मूर्ति शिव, गणेश तथा नागको मूर्ति छन् । यहाँ तिज, शिवरात्रि, रामनवमी, बाला चर्तुदशी , जन्माष्टमी र दसैंमा ठूलो मेला लाग्ने गर्दछ।

**डम्मरू दह ठाडा**

पूर्व पश्चिम राजमार्गको गोरुसिंगेबाट करिब ३५ किलोमिटरको दुरीमा डम्मरू ताल रहेको छ। यो ताल ३९ रोपनी जग्गामा फैलिएको छ। डम्मरू ताल समुन्द्री सहतबाट १३ सय ४० मिटर उचाईमा अवस्थित छ। यस वरिपरिको क्षेत्र रमणीय छ ।












# देवदहका पर्यटकीय स्थलहरू







रामबहादुर गुरुङ

देवदह प्राचीन, ऐतिहासिक, धार्मिक, प्राकृतिक सौन्दर्यताले भरिपूर्ण पर्यटकीय रूपमा महत्वपूर्ण ठाउँ हो । यहाँ भवानीपुर, कन्यामाई, वैरी माई, खयरडाँडा, पाकरी वृक्ष, रोहिणी नदी, देवदह दह, सिमसार क्षेत्र, नागनाथ, सरनवारी, सिसपुर, देवीदमार, सूरजपुरा, विभिन्न पार्कहरूलगायतका महत्वपूर्ण ठाउँहरू छन् । ती मध्येको केही स्थानहरूको छोटकरीमा जानकारी यसप्रकार छ ।

**माथागढी किल्ला**

देवदहको आसपासमा युद्धको पहिचान खुल्ने किल्लाहरू धेरै भेटिन्छन् । ती किल्लाहरू मध्ये देवदहको सबैभन्दा उच्च स्थानमा माथागढी किल्ला रहेको छ । माथागढी किल्लामा बसेर नेपालीहरूले युद्ध गरी विजय प्राप्त गरेका थिए । माथागढी किल्लामा तत्कालीन योद्धाहरूले निर्माण गरेको सुरक्षा पर्खाल, युद्धमा प्रयोग गरिएका हतियारहरू अहिले पनि अवलोकन गर्न सकिन्छ । साथै पर्यटकीय दृष्टिकोणले पनि माथागढी महत्वपूर्ण रहेको छ । माथागढी डाँडाबाट रूपन्देही, पाल्पा र नवलपरासीका मनोरम दृश्य तथा हिमालहरू स्पष्ट अवलोकन गर्न सकिन्छ । माथागढीमा भव्य मन्दिरको निर्माण गरी गोरखाको मनकामना, नवलपरासीको मौलाकालिका र बुटवलको गोलपार्कदेखि बसन्तपुरसम्म केबुलकार सञ्चालन गरे भैं केबुलकार सञ्चालन गर्न सकिन्छ ।

**सरनबारी**

देवदह ६ मा रहेको सरनबारी गाउँ प्राकृतिक तथा साँस्कृतिक रूपले निकै महत्वपूर्ण छ । भौगोलिक रूपमा चारैतिरबाट चुरे पहाडले घेरेर रहेको यो गाउँ अर्गानिक कृषि खेतीका लागि प्रसिद्ध छ । मगर जातिको बाहुल्यता रहेको सरनवारीमा साँस्कृतिक विविधताका रूपमा सोरठी, ठाडो भाकालगायतका गीत गाउने गरिन्छ । सरनबारीमा होम स्टे सञ्चालन गर्न सकिन्छ । पूर्वपश्चिम राजमार्गको शीत्तलनगरदेखि करिब ३ कि.मि. उत्तर तर्फ पहाडको काखमा यो गाउँ रहेको छ । यो गाउँको माथिल्लो भागबाट देवदहलगायत तराईका विभिन्न भागहरूको अवलोकन गर्न सकिन्छ । देवदह नगरपालिकाले यस क्षेत्रलाई सिमी पकेट क्षेत्रको रूपमा घोषणा गरेको छ र विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

**देव दह** (**देवदह**)

प्राचीन समयमा ऋषि तपस्वीहरूले स्नान गर्ने (नुहाउने) पवित्र पोखरीलाई नै देव दह भनिएको हो । देवदह नगरपालिका वडा नं. ९ घोडाहाको उत्तरतर्फ प्रगति सामुदायिक वनभित्र देव दह रहेको छ । देव दहमा सेता, राता र गुलावीलगायत अनेकौं फूलहरू फुल्ने भएकाले बौद्ध धर्ममा यस पोखरीलाई पुष्करिणी दहको रूपमा चिनिन्छ । अहिले दहको सौन्दर्यीकरण भएको छ । देवदहको विभिन्न स्थानहरूमा प्राचीन कुवाँ, ताल तथा पोखरीहरू पर्याप्त मात्रामा रहेका छन् । पेटवानिया गाउँमा ऐतिहासिक कुवा रहेको छ । देवदह ७ वंगालीमा पनि बौद्धकालीन कुवाहरू रहेका छन् ।

**पाकरी वृक्ष** :

देवदह वडा नं. ९ मा रहेको पाकरी वृक्ष एशियाका ठूला र पुराना वृक्षहरूमध्ये एक मानिन्छ । यस वृक्षको परिधि करिब ८२ फिट र उचाइ ९६ फिट रहेको छ । यसका हाँगाहरू व्यापक रूपमा फैलिएका छन्, जसले करिब ५०० फिटको परिधि ओगट्छ ।

स्थानीयको दाबीअनुसार, यो वृक्ष गौतमबुद्धको समयमा रहेको मानिन्छ । यो वृक्षको विशेषता के छ भने यसमा गिद्ध, काग जस्ता चरा बस्दैनन्, र हात्तीहरू पनि यस वृक्ष नजिक जान हिचकिचाउँछन् । स्थानीयहरू यसलाई पवित्र मान्छन् । यसलाई हानि पुऱ्याउँदा अशुभ हुने विश्वास छ ।

पूर्व-पश्चिम राजमार्गको खैरेनी बजारबाट करिब २ किलोमिटर दक्षिण-पश्चिममा रहेको यो वृक्षको ऐतिहासिक र साँस्कृतिक महत्वका कारण, यो स्थल आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षणको केन्द्र बनेको छ ।

**सिसपुर**

देवदह ३ मा सिसपुर गाउँ छ । खैरेनीबाट पाँच किलो मिटर दक्षिणमा रहेको यो गाउँमा थारू समुदायको बाहुल्यता छ । थारूहरूको परम्परागत कला संस्कृतिलाई अवलोकन गर्न र बुझ्न सिसपुर महत्वपूर्ण साँस्कृतिक गाउँ मानिन्छ । यस क्षेत्रमा होम स्टे सञ्चालन गर्न सकिन्छ । यस गाउँमा पर्यटकहरूले थारूहरूको परम्परागत खाना, घोगी, माछा, हाँस, ढिकरी, परेवा लगायतका परिकारको स्वाद लिनुका साथै लाठी नाच, थारू नाँच जस्ता कार्यक्रमहरूबाट थप मनोरञ्जन प्राप्त गर्न सक्दछन् । पर्यटकहरूको लागि यो ठाउँ गन्तव्य बन्न सक्छ ।

**सिमसार क्षेत्र**

देवदह नगरपालिका वडा नं. ९ घोडाहाको उत्तरतर्फ नागथान क्षेत्रभित्र हाल सिमसार क्षेत्र रहेको छ । यस क्षेत्रमा निरन्तर रूपमा पानी निस्किरहने गर्दछ । निरन्तर रूपमा पानी निस्किरहने कारण यहाँ विभिन्न प्रकारका जनावर तथा चराचुरूङ्गीहरू देख्न पाइन्छ । यस स्थानमा वनभोज तथा अवलोकनका लागि वरपरका स्थानीयवासीहरू आउने गर्दछन् । यो ठाउँ प्राकृतिक रूपले निकै शान्त र रमणीय मानिन्छ ।

**कोलीय गणराज्य**

गौतमबुद्धको समयमा साना-साना राज्यहरू धेरै थिए । त्यसलाई गणराज्य पनि भनिन्थ्यो । कोलीय राज्य पनि त्यसैमध्ये एउटा गणराज्य थियो । यसअन्तर्गत विशेषगरी देवदह र रामग्राम क्षेत्र पर्दथ्यो । यहाँ कोलीयहरूले राज्य गर्दथे । त्यसैले यसलाई कोलीय गणराज्य भनिएको हो । यसको राजधानी देवदह थियो ।

गौतम बुद्धको समयभन्दा धेरै पहिले बनारसमा राम नामका राजा थिए । कुष्ठरोगबाट ग्रसित भएकोले उनलाई देश निकाला गरिएको थियो । उनी सम्पूर्ण राजकाज आफ्नो छोरालाई सुम्पेर जङ्गलतिर पसेका थिए । जङ्गलभित्र डुल्दै जाँदा रामग्राममा आइपुगे । त्यहाँ एउटा ठूलो कोलको वृक्ष थियो । उनी त्यसैमुनि बस्न लागे । औषधी गर्दा समेत उनलाई कुष्ठरोग निको भएको थिएन । अन्तमा कोलको फल र पातबाट उनको रोग निको भयो । त्यसैबेला साकेता भन्ने ठाउँका राजा इक्छ्बाकुका जेठी रानीपट्टिका पाँच छोरी र चार छोराहरूलाई पनि कान्छी रानीले देश निकाला गरिदिएकी थिइन् । त्यसपछि उनीहरू कपिलवस्तुमा आएर बसेका थिए । ती चार छोरा र छोरीहरू आपसमा बिहे गरी त्यहीँ नै घरजम गरी बसे । जेठी दिदी भाइबहिनीहरूको संरक्षक भएर बसिन् । उनको नाम प्रिया थियो । पछि उनी पनि कुष्ठरोगबाट ग्रसित भएकोले कपिलवस्तु छोडेर गए । संयोगवस प्रिया र रामको भेट भयो । रामले प्रियालाई पनि उपचार गराइदिए । यिनीहरू दुई जना त्यहीँ घरजम गरी बसे । यी दम्पतिबाट धेरै सन्तान जन्मिए । यिनै सन्तानलाई कोलीय भनियो । त्यहाँ यिनीहरूले कोलको रूखहरूलाई हटाएर नगर बसाले । यसलाई कोलीय नगर नाम राखियो ।

कोलीयहरूले राज्य गरेकाले यसको नाम कोलीय गणराज्य रहन गयो । देवदहमा कपिलवस्तुबाट गएका शाक्यहरू पनि बस्दथे । कपिलवस्तुका शाक्यहरू र कोलीयहरूबिच धेरै पहिलादेखि नै वैवाहिक सम्बन्ध थियो । कपिलवस्तुका राजा शुद्धोधनका दुबै रानीहरू मायादेवी र प्रजापति देवदहकै राजकुमारीहरू थिए । सिद्धार्थ गौतमको विवाह पनि यहीकै राजकुमारी यशोधरासँग भएको थियो । त्यसैले यो सिद्धार्थ गौतमको मावली तथा ससुराली राज्यको रूपमा प्रसिद्ध छ । यसकारण बौद्ध इतिहासमा कोलीय गणराज्यको विशेष महत्व छ ।

देवदह साथै रोहिणी नदी तात्कालीन कोलीय गणराज्यअन्तर्गत पर्ने ऐतिहासिक, पुरातात्विक तथा बौद्ध धार्मिक स्थलको रूपमा लिन सकिन्छ । जसको विषयमा बौद्ध ग्रन्थहरूमा प्रशस्त ब्याख्या छ । त्यसैगरी चिनीयाँ तीर्थयात्रीहरू आफ्नो भ्रमणको क्रममा यी ठाउँहरूमा पनि आएको कुरा उनीहरूको यात्रा विवरणमा पाइन्छन् । यस कुराले कोलीय गणराज्यभित्र पर्ने देवदहलाई प्राचीनकालदेखि नै महत्वपूर्ण तीर्थस्थल रहेको प्रमाणित गर्छ ।

प्राचीन कोलीय गणराज्यअन्तर्गत पर्ने यी ऐतिहासिक सम्पदाहरू नेपालका अमूल्य सम्पत्ति हुन् । विश्वभरिका धार्मिक पर्यटकहरू यहाँको दर्शन गर्न आउन सक्छन् । यसर्थ यसको थप अध्ययन, अनुसन्धान, व्यवस्थापन गर्न सकेमा आर्थिक विकासको प्रमुख आधार हुने सम्भावना देखिन्छ । यसको उचित उत्खनन् गरी संरक्षण सम्बर्द्धन गर्नु हाम्रो कर्तव्य हो । यसअन्तर्गतका क्षेत्रहरूलाई धार्मिक, ऐतिहासिक, आध्यात्मिक तथा पुरातात्विक दृष्टिकोणले बुद्धधर्मको विषयमा थप जिज्ञासुहरू, विश्वका बौद्ध विद्वानहरूका लागि एउटा अध्ययन अनुसन्धान गर्ने आकर्षक केन्द्रको रूपमा विकास गर्न सकिन्छ ।

**विभिन्न पार्कहरू**

देवदहका विभिन्न ठाउँहरूमा पार्क तथा उद्यानहरू रहेका छन् । गौतम बुद्ध राष्ट्रिय उद्यान (काष्ठकला) आन्तरिक तथा बाह्य पर्यटकको लागि निकै प्रख्यात छ । देवदह नगरपालिका वडा नं. ८ मा मायादेवी पार्क रहेको छ । जहाँ हरेक वर्ष बुद्ध जयन्तीका दिन मेला लाग्ने गर्दछ । पिकनिक स्थल सहित रहेको मायादेवी पार्कमा मायादेवी मन्दिर तथा तामाङहरूको चैत्य (गुम्बा) समेत निर्माण भएको छ । देवदह ७ शित्तलनगरमा देवदह आदर्श बहुमुखी क्याम्पसको सिधा अगाडि यशोधरा पार्क रहेको छ । देवदह ७ शीत्तलनगरमा मदन आश्रित पार्क रहेको छ । देवदह ७ मा अवस्थित स्मृति वनभित्र निर्माण भएको स्मृति पार्क पत्थरकलाले सजिएको छ । यो पार्क पनि पर्यटकहरूको लागि गन्तव्य बन्न सक्छ । यस्ता प्रशस्त पार्कहरूको निर्माणले देवदहलाई पर्यटन गन्तव्यको रूपमा पहिचान गराउन सक्नेछ ।

**केउली, उजेरी, चरङ्गे, मुढावास र दाउन्ने**

देवदह नगरपालिका वडा नं. ६ र १० मा अवस्थित यी गाउँहरू पर्यटन प्रवर्द्धनको लागि महत्वपूर्ण गन्तव्य बन्न सक्छन् । मुख्य राजमार्गबाट ३, ४ किलोमिटरको दुरीमा अवस्थित यी गाउँहरू पिकनिक स्थलका रूपमा चर्चित छन् । अर्गानिक फलफूल तथा तरकारी उत्पादन यहाँको मुख्य आम्दानीको स्रोत बन्न सक्छ । त्यसैगरी यी गाउँहरूमा होम स्टे , होटल तथा लजहरू सञ्चालन गर्न सके पोखराको लेकसाइडमा जस्तै पर्यटक लोभिन सक्छन् । यहाँको मानिसहरूको आयस्रोत वृद्धि भई कैयौं व्यक्तिहरूलाई रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ ।

**रोहिणी सिचाइ बाँधमा जल पर्यटन**

रोहिणी नदीमा हाल रोहिणी सिँचाइ बाँध निर्माण भइरहेको छ । यो बाँधले हालको ओमसतिया र रोहिणी गाउँपालिका तथा तिलोत्तमा नगरका केही क्षेत्रलाई सिँचाइ सुविधा उपलब्ध गराउने छ । बाँध रहेको स्थलमा जल पर्यटनको प्रवर्धन गर्न सकिने छ । यसका साथै तीन मिटर गहिराई, ३६०० मिटर लम्बाई र ५५ देखि ६० मिटर चौडाइको यस जलाशयले जमिनको पानीलाई चार्ज गर्ने हुनाले प्राचीन रोहिणी नदीमा निर्माण भइरहेको यो बाँध निकै महत्वपूर्ण मानिएको छ । यदि यो बाँधलाई मनोरञ्जनको रूपमा प्रयोग गर्न सकियो भने बोटिङलगायत अन्य खेलहरू सञ्चालन गरी पर्या पर्यटक भित्र्याउन सकिन्छ ।

**कामधेनु गौशाला**

देवदह नगरपालिकाको वडा नं. १०, भलुहीमा रोहिणी नदीको पश्चिमपट्टी गौशाला रहेको छ । यही रोहिणी नदी बौद्धकालीन समयमा कोलीय र कपिलवस्तु राज्यको सीमानाका रूपमा रहेको थियो । गौशालामा सिद्धेश्वर महादेवको मन्दिर रहेको छ । यही मन्दिरको पछाडि वि.स. २०७४ जेठ ९ गते गौशाला निर्माण गरिएको थियो । गौशालामा शिव मन्दिर, गणेश मन्दिर छन् । शिव मन्दिरभित्र अत्यन्तै सुन्दर विशाल शिवलिङ्ग तथा सिद्धेश्वर महादेवका मूर्ति रहेको छ भने बाहिर १०८ शिवलिङ्ग स्थापित गरिएको छ । यहाँ वि.स. २०७७ सालदेखि गुरुकुल शिक्षाको सुरूवात भएको छ । उत्तर तर्फ रोहिणी नदी, दक्षिणतर्फ पूर्वपश्चिम राजमार्ग, पश्चिम-उत्तर रोहिणी सामुदायिक वनको घना जङ्गल रहेको गौशाला ध्यान र साधनाका लागि पनि महत्वपूर्ण छ । यहाँ नित्य गाइको आरती हुन्छ । गाइतिहार र गोपाष्टमीमा गौशालामा मेला लाग्दछ । त्यसकारण धार्मिक पर्यटकलाई आकर्षित गर्न यो ठाउँ निकै महत्वपूर्ण छ ।

**लुम्बिनी बौद्ध विश्वविद्यालय**

देवदहमा लुम्बिनी बौद्ध विश्वविद्यालयको ठूलो संरचना बन्दैछ । यहाँ नेपालीसँगै संसारभरिका बौद्ध दर्शन अध्ययन गर्न आउने अध्ययन केन्द्रको रूपमा विकास हुने सम्भावना छ । समयसापेक्ष विषयहरू पढाउन सके विद्यार्थीहरू प्रशस्त मात्रामा आउन सक्छन् । यसले गर्दा शैक्षिक पर्यटक बढाउन सकिन्छ ।

देवदह पर्यटन विकासका लागि धेरै सम्भावना बोकेको ठाउँ हो । पर्यटकहरूलाई आकर्षित गर्नको लागि देवदहले अझ धेरै कुराहरूमा ध्यान दिन आवश्यक छ ।

पर्यटक लोभिने भनेको सुन्दरताले नै हो । त्यसकारण हरेक पर्यटकीय स्थानहरू सधैँ सफासुग्घर र मनमोहक हुन आवश्यक छ । देवदह धार्मिक स्थल पनि भएकोले सरसफाइको निकै महत्व राख्दछ । मठ, मन्दिर, पार्क, खेल मैदान र बाटोघाटो सफसुग्घर र सजिसजाउ हुन आवश्यक छ । यी ठाउँहरूमा हरियाली प्रवर्धन र सौन्दर्यकरण हुन आवश्यक छ । पर्यटक त्यो ठाउँमा पुगेपछि घुमिरहन मन लाग्ने र फोटो खिचिरहन मन लाग्ने खालको हुनुपर्दछ । यस्ता ठाउँहरूमा सशुल्क प्रवेश गराउन सके आम्दानीको स्रोत बन्न सक्छ र विकास निर्माणले गतिलिन सक्छ । (लेखक देवहका पत्रकार हुन् )



# पाल्पामा पर्यटन प्रवर्धनको पहल



कृष्ण पोखरेल





*पाल्पा*

पाल्पालाई पहाडकी रानीको उपमा दिने गरिन्छ । पाल्पामा विभिन्न धार्मिक, ऐतिहासिक, पुरातात्विक, साहसिक पर्यटकीय स्थलहरू रहेका छन् । पाल्पाका १० वटै स्थानीय सरकारले आ-आफ्नो पालिकामा भएका पर्यटकीय स्थललाई व्यवस्थित गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउनको लागि लगानी र प्रचारप्रसारको काममा निरन्तर लागिपरेका छन् । पाल्पाका १० वटै पालिकामा रहेका प्रमुख  पर्यटकीय स्थल, कला संस्कृति र भावी योजनाका विषयमा विशेष सामग्री प्रस्तुत गरेका छौँ ।

**१.रिव्दीकोट गाउँपालिकाका**

गाउँपालिकाको नाम नै एतिहासिक रिव्दीकोट क्षेत्रबाट रहन गएको हो । रिव्दीकोट गाउँपालिका सदरमुकाम तानसेनबाट १८ किलोमिटर पश्चिममा पर्दछ । गाउँपालिकाको प्रमुख धार्मिक तथा पर्यटकीय स्थानमा सवारी साधनबाट सजिलै पुग्न सकिन्छ ।

**प्रमुख पर्यटकीय स्थलहरू**

भैरव मन्दिर भैरवस्थान,पूर्णकोट दरबार, रिव्दीकोट डाँडा, जलेश्वर मन्दिर र मौसमी राडार रहेका छन्  ।

पर्यटकीय क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण गर्ने, नयाँ-नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान गर्ने, प्रचारप्रसार गर्ने पालिकाले योजना बनाएको पालिका प्रमुख नारायणबहादुर कार्कीले बताए ।

२) **बगनासकाली गाउँपालिका**

बगनासकाली गाउँपालिकाका  सदरमुकाम तानसेनसँग जोडिएको गाउँपालिका हो । तानसेन आएका अधिकांश पर्यटकहरूलाई बगनासकालीका विभिन्न पर्यटकीय स्थानमा लैजान सकिन्छ । यो गाउँपालिकाको नाममा  वडा नं. ९ मा रहेको बगनासकाली देवीको नामबाट राखिएको हो ।

**प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरू**

बगनासकाली क्षेक्ष ( बगनासेडाँडा),महामृत्युन्जय शिवासन,सिद्धबाबा धाम, दर्लाम महाकाली, राम्दी क्षेत्र, राम्दीको सिद्ध गुफा र रानीमहल क्षेत्र ।

**भावी पर्यटकीय परियोजना**

रिडीदेखि राम्दीसम्म जलयात्रा सञ्चालन गर्ने,  बगनासकालीमा विमानस्थल निर्माण गर्ने, राम्दीमा संस्कृत गुरुकुल विद्यालय सञ्चालन गर्ने, बगनासे साँचोको उद्योगलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने, कुमाल तथा बोटे संस्कृति प्रवर्धन गर्ने चिरतुङ्गधारामा माटोको भाडा उत्पादनलाई व्यवस्थित बनाउने पालिकाको सोंच रहेको पालिका अध्यक्ष सरस्वती चिदीले बताइन ।

३) **पूर्वखोला गाउँपालिका**

पूर्वखोला गाउँपालिका पाल्पाको मध्य भागमा पर्दछ । गाउँपालिको केन्द्र रहेको गाउँ नै पूर्वखोला रहेको र गाउँको बस्तीबाट खोला पूर्वतर्फ बगेकोले यो गाउँपालिकाको नाम नै पूर्वखोला राखिएको हो । यो सदरमुकाम बाट करीव ३५ किलोमिटर पूर्वमा पर्दछ ।

**पर्यटकीय स्थलहरू**

वाकुमगढी, चुरामण्डली बराजु, मादल बज्ने गुफा, हात्तीलेक डाँडा, झेमरान होम स्टे ।

**भावी पर्यटकीय योजना**

हात्तीलेकको तल खोलमा ड्याम बाधी कृत्रिम ताल निर्माण गर्ने, डुङ्गा चलाउने, माछा पालन गर्ने, वनक्षेत्र भएकोले जीवजन्तु बढाउने, झेमरान क्षेत्रमा होम स्टे सञ्चालन गर्ने, मारूनी नाच, कौडा नाच, घाटु नाच, ठूलो नाच, झाम्रे नाचलाई संरक्षण गर्ने योजना रहेको पालिका अध्यक्ष नुनबहादुर थापाले बताए ।

४) **रम्भा गाउँपालिका**

यो गाउँपालिकाको नाम रम्भादेवी मन्दिरबाट राखिएको हो । यस सिद्धार्थराजमार्गको अगाहाखोला लसुनेबाट ४ किलोमिटरको दुरीमा ताहुँमा रहेको छ । सदरमुकाम तानसेनबाट १ घण्टाको सवारी साधनमा रम्भा गाउँपालिकाको केन्द्रमा पुग्न सकिन्छ ।

**पर्यटकीय तथा धार्मिक स्थलहरू**

रम्भादेवी मन्दिर, रिमिघा लेक, जोगी गुफा, देश हेर्ने ढुङ्गा, धार्मिक कालीगण्डकी उत्तरबाहिनी क्षेत्र, कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठान, प्राकृतिक पुल, रानीबास होम स्टे, जल्पादेवी मन्दिर, रमणेश्वर मन्दिर र लक्ष्मीनारायण मन्दिर, मंगलादेवी मन्दिर ।

**भावी पर्यकीय योजनाहरू**

कालीगण्डकीको राम्दीदेखि नियमित रूपमा ऱ्याफ्टिङ् सञ्चालन गर्ने, गाउँपालिकाबाटै ऱ्याफटिङ् सञ्चालन, प्राकृतिक पुलको फेदीमा ड्याम बाधी झरना चलाउने, कालीगण्डकीको विभिन्न क्षेत्रमा स्नानगृह निर्माण गरी मन्दिरमा पूजापाठको व्यवस्था गर्ने योजना रहेको रम्भा गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए ।

५) **रामपुर नगरपालिका**

पाल्पाको दोस्रो नगरपालिकाको रूपमा रामपुर नगरपालिका रहेको छ । सदरमुकाम तानसेनबाट ६० किलोमिटर दुरीमा रामपुर पुग्न सकिन्छ । रामपुर नगरपालिका केन्द्रमा कालीगण्डकी करिडोर तानसेन आर्यभञ्ज्याङ, र तराई क्षेत्रबाट अरूणखोला निस्दी हुँदै रामपुर पुग्न सकिन्छ । रामपुरका अधिकांश पर्यटकीय स्थलहरू  भगवान रामसँग जोडिएका छन् ।

**पर्यटकीय क्षेत्रहरू**

कृत्रिम ताल तालपोखरा, रामचुल्हो, रामकुवा, राम्चे वन, सीताकुण्ड, रामपुर गुफा, टापुधाम र केलादीघाट ।

**भावी पर्यटकीय योजनाहरू**

कालीगण्डकीका जलयातायात सञ्चालन गर्ने, कृत्रिम ताल तालपोखरालाई सुन्दर आकर्षक बनाउने, प्याराग्लाडिङ्ग हव क्षेत्रको रूपमा विकास गर्ने, कालीगण्डकी क्षेत्रमा पतञ्जली योग पिठ आश्रम निर्माण गर्ने, वडा नं. ६ मा अन्तर्राष्ट्रिय रंगशाला निर्माण गर्ने, लुम्बिनी, बरूणेश्वर मन्दिर परिसमा खोलामा ड्याम बाधेर कृत्रिम ताल निर्माण गर्ने, नेपालकै ठूलो गौशाला निर्माण तथा चिडियाखाना निर्माण गर्ने र अँधेरी छरछरे सामुदायिक वनमा गिद्ध रेष्टुरेण्ट सञ्चालन र  लोपन्मुख गिद्ध बचाउने योजना रहेको रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले बताए ।

६) **निस्दी गाउँपालिका**

निस्दी गाउँपालिका सदरमुकाम तानसेनबाट ६५ किलोमिटर पूर्वदक्षिणमा पर्दछ । गाउँपालिका केन्द्रमा तानसेन रामपुर सडकखण्डको बेलडाँडा हुँदै र पूर्वी नवलपरासीको अरूणखोला हुँदै पुग्न सकिन्छ । यो गाउँपालिकाको नाम स्थानीय निस्दी खोलाको नामबाट राखिएको हो । तराईसँग जोडिएको भू-भाग भएको अधिकांश डाँडाहरू पर्यटकको रोजाइमा हिल स्टेशनको रूपमा  विकसित हुँदै गएका छन् ।

**प्रमुख पर्यटकीय स्थलहरू**

काउलेडाँडा अम्रिसो बगैँचा, नेपालमै नमूना हावाबाट बिजुली उत्पादन स्थल, जुरे गुफा, मगरी संग्रहालय, मगरी कुडुले घर ( गोलो घर), मगरी होम स्टे, लेकडाँडा पर्यापर्यटन र थुम्किडाँडा सहलकोट ।

**भावी योजना**

गाउँपालिकालाई पर्यापर्यटनमा विकास गर्ने, प्रत्येक वडा वडामा मगर होम स्टे सञ्चालन गर्ने, तराईवासीलाई जाडोमा घाम तपाउन र गर्मीमा चिसो हावापानी खुवाउने स्थलको रूपमा विकास गर्ने,  तराईका पर्यटकहरूको गन्तव्यको रूपमा विकास गर्ने, स्थानीय कला संस्कृति भेषभुषालाई पर्यटनसँग जोड्ने र प्रत्येक वडामा खेलमैदान निर्माण खेलाडी पर्यटक भित्र्याउने योजना रहेको निस्दी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन अर्यालले बताए ।

» *बाँकी ३० पेजमा*

# सत्यवती र हचिङ्कोट क्षेत्र नयाँ पर्यटकीय गन्तव्य



खोमा तरामु





*सत्यवती*

गुल्मीको रिडी बजारदेखि २५ किलोमिटर उत्तरतिर, कालीगण्डकी करिडोरको रूद्रवेणी बजारदेखि १४ किलोमिटर मास्तिर उक्लिएपछि पुगिन्छ-ठूलो लुम्पेक । सिरानीमा हचिङ्कोट दरबार जीर्ण काया बोकेर आफ्नो अस्तित्वका अन्तिम ढुकढुकीमा बाँचिरहेको छ । उत्तर-पूर्वीतिर सत्यवती क्षेत्र दिनप्रतिदिन गुल्जार बन्दै गइरहेको छ । यी दुईक्षेत्र छुट्टाछुट्टै इतिहास र महत्व बोकेको सत्यवती गाउँपालिकाको साँस्कृतिक सम्पदा रहेका छन् ।

प्रकृतिको सौन्दर्य

सत्यवती क्षेत्र प्रकृति र संस्कृतिको अनुपम खानी हो । हिउँदमा धौलागिरी र अन्नपूर्ण हिमालबाट सुस्साउने चिसो बतासको स्पर्श, बर्खामा कहिले कुहिरोको घुम्टोमुनि, कहिले कुहिरोको सिरकभित्र, अधिक रमाइलो र उमङ्गित बनाउने हरियो चौर, जीवनका सारा थकान, ग्लानी र चिन्ताको विश्रामस्थान हो- सत्यवती क्षेत्र । हिउँदमा गुराँस र खर्स्युका बुट्यानहरूमा चराहरूका कर्णप्रिय स्वर र बर्खामा यिनै रूखका जराहरूमा जरूवा फुटेर बगेका बडिघाट खोलाको कलकल सङ्गीत गुञ्जिन्छ । सत्यवती क्षेत्र ऋतुपिच्छेका रङहरूले निकै सुन्दर र आकर्षक देखिन्छ ।

यो क्षेत्र गुल्मीको सत्यवती गाउँपालिकाको वडा नं. ३ ठूलो लुम्पेकदेखि वडा नं. ४ लिम्घाको शीरसम्म फैलिएको छ । सत्यवती क्षेत्र उत्तरतिर भार्सेको अर्कुलकोट दरबार, बौद्ध स्तूपा र थाप्ले लेकसित जोडिएको छ भने, दक्षिणतिर पुरातात्विक क्षेत्र हचिङ्कोट भुरेटाकुरे दरबार, हुक्रायो सेतीनाग, थानी मण्डलीको थान, पूर्वी-दक्षिणतिर प्रसिद्ध सिद्धहिलेको थान, उत्तर-पूर्वीतिर कालीगण्डकी र चन्द्रकोट गाउँपालिका जोडिएको छ । यस क्षेत्रको पश्चिम र दक्षिणतिर ठूलो लुम्पेक, लिम्घा र भार्से जोडिएको छ । बुढी सत्यवती र ठूलो लुम्पेक सत्यवतीबिचमा मसिनादह-राम्चे लाली गुराँसको वन क्षेत्र रहेको छ । यहाँबाट उभिएर पूर्वीतिर हेर्दा धौलागिरी (८१६७ मिटर), अन्नपूर्ण (८०९१ मिटर), माछापुच्छ्रे (६९९३ मिटर) लगायतका हिमशृङ्खला आँखामा टाँसिन्छन् । यो क्षेत्र सामुन्द्रिक सतहबाट दुईहजार मिटरदेखि २६९० सय मिटर उचाइँसम्म फैलिएको छ । परापूर्वकालदेखि हिन्दु धर्मावलम्बीहरूले शक्तिपीठको रूपमा मान्दै आएको सत्यवतीकै नाउँबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ ।

यस क्षेत्रमा सतुवा, कालीकाफल, बिखमा, तोप्रेझार, पखनबेट, लोपोन्मुख सेतो गुराँस, सत्यजीवन, चिराइतो, चौत्रा, नीरमसी, सेतोघरूवा, मोहजोरीलगायतका जडीबुटीहरूको भण्डारण हो । जीवजन्तुहरू बाघ, हरिण, भालु, खरायो, घोरल, कालिज र विभिन्न थरीका चराचुरूङ्गीहरूले बनपाखा गुन्जायमान हुन्छन् । सत्यवती क्षेत्रलाई नेपाल सरकारले पुग्नैपर्ने नयाँ ‘एकसय पर्यटकीय गन्तव्य क्षेत्र’ घोषणा गरेको छ ।

प्रकृतिमय सङ्ग्रहालय

साविक लुम्बिनी अञ्चलकै ‘सगरमाथा’ भनेर चिनिने २६९० मिटर उचाईमा थाप्लेको कोखमा रहेको बुढी सत्यवतीमा प्राकृतिक रूपले कुँदिएर सजिएका ढुङ्गाका विभिन्न आकृतिहरू निकै कलात्मक, अद्भूत र आकर्षक रहेका छन् । यसलाई हिन्दुधर्मका विभिन्न देवीदेउता वा मिथकहरूमा नामाकरण गरिएको छ । पूजारी यमबहादुर तरामुले बुढी सत्यवतीमा नागको शीर, ‘स्वर्ग’ जाने भऱ्याङ, बाघको मुखाकृति ढुङ्गा, कुण्ड, ब्रह्मा कपाली, शिवजीको लिङ्ग, हात्तीको शीर, हत्केलाको छाप आदि रहेको बताउँछन् । वैदिककालमा ऋषिमुनिहरूले ध्यान गर्दा प्रयोग गरिएको तपश्वी बस्ने ओढार (गुफा) रहेको छ । गुफाभित्रबाट मास्तिर हेर्दा दुलोबाट आकाश देख्न सकिन्छ । ढुङ्गाले नै बनेको आकर्षक भऱ्याङ चढ्दा एकैसासमा उक्लिन सके ‘स्वर्ग’मा पुगिन्छ भन्ने किम्बदन्ती रहेको छ । यस क्षेत्र ढुङ्गैढुङ्गाका विभिन्न आकृतिका कलाकृतिले भरिएको प्राचीन सङ्ग्रहालय हो । झण्डै आठवटा ढुङ्गाहरू कुँदिएर बनेको आकर्षक कुण्डहरूमा बाह्रैमास पानी रहन्छन् । प्राकृतिक रूपमा बनेका ती ढुङ्गाका कुण्डहरूमा बसेका पानीलाई भक्तजन तथा दर्शनार्थीहरूले पूजापाठ र वनजङ्गलमा रहेका जीवजन्तु र चराचुरूङ्गीहरूले उपयोग गर्दै आएका छन् । त्यसले पर्यावरणलाई समेत सन्तुलनमा राखेको छ । सत्यवती गाउँपालिकालाई कालीगण्डकीको किनारदेखि बुढी सत्यवतीको शीरसम्म नागले घेरेको किम्बदन्ती रहेको छ । काठमाडौं विश्वविद्यालयका सहायक प्राध्यापक एवं प्राज्ञ भुवन थापा कालीगण्डकीको तट गुलम्दीको पुच्छर, थुम्कास्थित बाघेभीर हुक्रायो सेती नाग, दरबार गैरी नागडाँडा, बैल्हुम पोखरी हुँदै सत्यवती शीर रहेको बताउँछन् । उनले यसैलाई प्रतीक बनाएर लाली गुराँसको मूर्ति समेत बनाएकाछन् । ठूलो लुम्पेकमा रहेको सत्यवती क्षेत्र आकाससित जोडिएको सुन्दर र मनोरम मैदान भएकोले नाचगान र वनभोज स्थल, नयाँपुस्ताले टिकटक, रिल्स, म्युजिक भिडियो र डकुमेन्ट्री छायाङ्कनका लागि नयाँ गन्तव्य बनाएका छन् ।

सत्यवतीको किम्बदन्ती

किम्बदन्तीअनुसार सत्यवती बजै प्राचिनकालमा पारकोटे राजा ऋतुवर्णकी पत्नी थिइन् । तान्त्रिक मन्त्रमा निपूर्ण रहेकी सत्यदेवी, कालिका, मालिका, मनकामना र आलमदेवी गरी पाँच दिदीबहिनीहरू थिए । तीमध्ये सत्यदेवी बजै जेठी भएकोले यस क्षेत्रलाई बुढी सत्यवती भनिएको किम्बदन्ती रहेको छ । राजा ऋतुवर्णले शिकार गर्दा क्वाङ पातालमा रहेको पोखरीमा नुहाइरहेकी बजैको कानमा धनुषकाण लागेपछि उनी कानले नसुन्ने बहिरी भएकोले चिच्याएर वर माग्ने प्रचलन रहेको ८७ वर्षीय स्थानीय क्षेत्रबहादुर तरामु मगरको भनाइ रहेको छ । उनले वि.सं. १९५० को दशकतिर आफ्ना जिजुबाजे वीरसिङ तरामुसित मिलेर कसिन्थलाका लिलाराम तरामुले ठूलो लुम्पेकको सत्यवतीमा ढुङ्गेथान थपना गरी पूजापाठ सुरु गरेको बताए ।

संस्कृतिको सङ्गम

सत्यवती क्षेत्रमा रहेको ठूलो लुम्पेक, लिम्घा र भार्से साँस्कृतिक गाउँहरू हुन् । यी गाउँहरूले झाम्रे, सालैजो, सोरठी, कौरा, ठूलो नचरी, यानिमया, सुनिमया आदि परम्परागत लोकसंस्कृतिलाई बचाएका छन् । लिम्घाको एकसिङ-स्याङ्का मगर समुदायले पुर्ख्यौंउली नाच झुमारानी र जीवैमामै संरक्षण गर्दै आएको छ । सत्यवतीमा हरेक वर्ष मङ्सिरको बैकुण्ठ चतुर्दशीदेखि पूर्णिमासम्म ठूलो मेला लाग्ने गर्दछ । मेलामा ती सबै लोकसंस्कृतिहरूको प्रदर्शन गरिदै आएको छ । ठूलो लुम्पेकमा झण्डै आधा दर्जन मगर नौमति बाजा समूह र दमै बाजा रहेको छ । सत्यवती र सिद्धहिलेमा ब्राह्मण समुदायको भजनकिर्तन समेत हुँदै आएको छ । मगर लोकसंस्कृति र ब्राह्मण समुदायको भजनकिर्तन संस्कृतिलाई यस क्षेत्रले संरक्षण गर्दै आएको छ । मेलामा रैथाने उत्पादन, कोदो, मकै, भट्मास, टिमुर, काफल, सखरखण्डबाट बनेका पुर्ख्यौंउली परिकारहरू समेत बिक्री हुँदै आएको छ ।

हचिङ्कोट दरबार क्षेत्र

हचिङ्कोट दरबार क्षेत्र पुरातात्विक सम्पदा क्षेत्र हो । यो सत्यवती गाउँपालिका वडा नं. ३, ठूलो लुम्पेकमा नै रहेको छ । यस क्षेत्रमा करिब ५ सय वर्ष अगाडि भुरेटाकुरे राजाले दरबार बनाएर शासन गरेका थिए । पश्चिममा खस साम्राज्यको पतनपश्चात् बाइसे-चौविसे राज्य अस्तित्वमा आउनुअघि हचिङ्कोट क्षेत्रमा वि.सं. १५०० देखि १५५० को अवधिमा दरबार बनेको अनुमान गरिएको छ । यो दरबारको अस्तित्व वि.सं. १७९५ सम्म कायम रहेको इतिहासकारहरूले बताएका छन् । गोर्खा राज्य विस्तारसँगै यी दरबारहरूको अस्तित्व सङ्कटमा पर्न थालेका थिए । हचिङ्कोट दरबारका प्राचीन अवशेषहरू अहिले उत्खनन् र संरक्षण अभावका कारण जीर्ण अवस्थामा छन् । यस क्षेत्रमा रहेको दरबारका पुराना अवशेष, गढी, रानीपोखरी, बटारे ढुङ्गा, घुमाउने कुलो आदि संरचनाहरू र कोटमा राखिएका हातहतियारहरू अहिलेसम्म अस्तित्वमा रहेका छन् ।

इतिहासको अध्ययन गर्दै आएका स्थानीय बलबहादुर राहादी मगरले हचिङ्कोटको सानो चुलीमा दरबार र ठूलो चुलीमा सेना बसेको इतिहास भेटिएको बताएका छन् । स्थानीय प्रेमबहादुर राहादीले विं.सं.२०४३ सालको सेरोफेरोमा दरबार क्षेत्रमा धन खोज्न जमिन खन्दा दरबारकालीन माटोले बनेको गाग्रीको अवशेष भेटिएको बताए । स्थानीय खोजकर्ता जुक्त थापाका अनुसार यहाँ अहिले करिब ३ मिटर चौडाई र ४५ देखि ५० मिटर लम्बाईको गढी रहेको छ । उतिबेला यो गढी शत्रुको आक्रमणबाट आफ्नो परिवार र राज्यलाई सुरक्षित राख्न र शत्रुलाई आक्रमण र प्रत्याक्रमण गर्न सैन्य शक्ति तैनाथका लागि बनाइएको संरचना वा सैन्य मोर्चास्थल थियो । यहाँ बनेका दरबार प्रशासनिक काम र आवास प्रयोजनका लागि बनाइएका थिए । यहाँ दरबार, गढी, कोट, पुराना हातहतियार, रानीपोखरी, घुमाउने कुलो आदि संरचना रहेका छन् । ती संरचनाहरू त्यतिबेलाका प्रामाणिक अवशेषहरू हुन् । अहिले यी संरचनाका माध्यमबाट तत्कालीन राज्यप्रणाली, समाज र संस्कृति कस्तो थियो ? भनेर बुझ्न सकिन्छ । यो दरबारको लिखत अभिलेखहरू नभेटिए पनि यसबारे जानेबुझेका स्थानीय बुढापाकाहरू अहिले पनि जीवितै रहेका छन् । स्थानीयस्तरबाट संरक्षणका लागि पहल समेत सुरु भएको छ । हचिङ्कोट क्षेत्रको उत्खनन् र संरक्षणका लागि पहल गर्ने लुम्बिनी प्रदेश सांसद चिन्तामणी पाण्डेले बताएका छन् । हचिङ्कोट क्षेत्र भुरेटाकुरेकालमा निर्माण भएका पुरातात्विक सङ्ग्रहालय हो । राज्यले पुरातत्व विभागमार्फत् यसको इतिहास उत्खनन्, अध्ययन र अनुसन्धान गरी ‘पुरातात्विक सङ्ग्रहालय’ बनाएर संरक्षण गर्नुपर्दछ । प्राकृतिक दृष्टिले सुन्दर भ्यूपोइन्ट भएकोले हचिङ्कोट दरबार क्षेत्रलाई आन्तरिक तथा बाह्य पर्यटकका लागि नयाँ भर्जिन गन्तव्य बनाउन सकिन्छ ।

सत्यवती क्षेत्रमा राज्यको लगानी

सत्यवती क्षेत्रमा सरकारी क्षेत्रबाट लगानीको प्रयत्न हुँदै आएको छ । गत आर्थिक वर्ष बुढी सत्यवती क्षेत्रको विकासको गुरुयोजना निर्माण गरी सङ्घीय सरकार र सत्यवती गाउँपालिकाले १ करोड ६० लाख बजेट विनियोजन गरी मोटरबाटो सुधार, प्रवेशद्धार, पदमार्ग, सोलार, शौचालय र विश्रामस्थल बनाएको छ । ठूलो लुम्पेक सत्यवती क्षेत्रमा नेपाल पर्यटन बोर्ड र सत्यवती गाउँपालिकाको साझेदारीमा ५८ लाख बजेट छुट्याएर चारवटा आकर्षक ट्रस र बेञ्च, डस्विन, सत्यवती पार्क, आदिवासी प्रतीक मूर्ति र पदमार्ग बनेका छन् । मसिनादह क्षेत्रमा वनभोजस्थल र शौचालय निर्माण गरेको छ । बुढी सत्यवतीमा खानेपानीको व्यवस्थापन गर्न १२ लाख बजेट छुट्याइएको गाउँपालिका अध्यक्ष टिकाराम पाण्डे बताउँछन् । लुम्बिनी प्रदेश सरकारको गत आर्थिक वर्षमा १६ लाख र अहिले ९ लाख बजेटमा सहिदपार्क निर्माणाधिन रहेको छ । यस वर्ष प्रदेश सरकारको १५ लाख बजेटमा लाली गुराँसका मूर्तिहरू राख्नका लागि ‘ग्यालेरी घर’ निर्माण हुने तयारीमा रहेको छ । ग्यालेरीमा गुराँसका मूर्तिसँगै स्थानीय सीप, परम्परा र संस्कृति झल्किने कलाकृतिहरू समेत रहनेछन् । सत्यवती गाउँपालिकाले झण्डै १० हजार बिरूवा चिया रोपण र लाली गुराँसको काष्ठ-मूर्तिकला र चित्रकला कार्यशाला गरेको छ । यसअघि नै खानेपानी, विद्युत्, शौचालय, मेलामा व्यापारका लागी ट्रस र मन्दिर र त्यहाँ जाने पदमार्ग बनेका थिए ।

सत्यवती क्षेत्रमा अमेरिका, जर्मन, फिनल्याण्डलगायत विदेशी पर्यटकहरू घुम्न आइरहेका छन् भने आन्तरिक पर्यटकहरूले प्रायः दैनिक भीड हुने गर्दछ । पर्यटकहरूका लागि होमस्टे निर्माणको तयारी समेत भइरहेको छ । यस क्षेत्रमा ‘हचिङ्कोट-सत्यवती-थाप्ले’ केवलकार, सत्यवती-माताको चुली (चेप्टे) आकासे पुल, ‘हचिङ्कोट-कोटघर’ आकासे पुल निर्माण, हचिङ्कोट-हुक्रायो पदमार्ग, ‘ओखरभञ्ज्याङ-हिले’ केवलकार, सत्यवतीमा माउण्टेन साइक्लिङ, रक क्लाइम्बिङ, ट्रेकिङ र हाइकिङ्जस्ता साहसिक पर्यटनको हब बनाउन सकिन्छ । सत्यवती गाउँपालिकाको ग्रामीण पर्यटन प्रवर्द्धन गर्न यहाँका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्रको एकीकृत गुरुयोजना बनाएर राज्यले लगानी गर्नुपर्दछ ।

(गाउँपालिका अध्यक्ष टिकाराम पाण्डे, उपाध्यक्ष निरमाया तरामु र प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालसँग गरिएको कुराकानीमा आधारित  )

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# a6jndf :jf:Yo kof{6gsf] cj;/








**आचार्य प्रदिप**

स्वास्थ्यको मागअनुसारका कामहरू गर्न चुनौती नै भए पनि बुटवल उप-महानगरपालिकाले यहाँबाट निकै जटिल अवस्था भए पनि बुटवलले सवस्थ्यको क्षेत्रमा छलाङ हान्न सफल भएको छ। बुटवलमा नयाँ जनप्रतिनिधिहरू आइसकेपछि स्वास्थ्यमा विशेष कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको हो । टोलटोलमा प्राथमिक उपचार कार्यक्रम, पोषण, सुरक्षित मातृत्व, जेष्ठ नागरिक तथा किशोरकिशोरी लक्षित कार्यक्रम, स्वास्थ्य संस्थाहरूको स्तरोन्नति तथा गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गर्नुका साथै ६० वर्ष माथिका जेष्ठ नागरिकको स्वास्थ्य उपचारलाई प्रभावकारी बनाउन बाआमासँग नगरप्रमुख कार्यक्रममार्फत् चिकित्सकसहितको स्वास्थ्य टोली घरमै पुगेर स्वास्थ्य जाँच गर्ने र औषधि वितरण गर्ने कार्यक्रमहरूले स्वास्थ्य क्षेत्रमा छलाङ मारेको देख्न सकिन्छ ।

बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले आफू जनप्रतिनिधि भएर आएपछि स्वास्थ्य शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको दाबी गर्छन् । उनले गर्भवती महिलाहरूको जाँच तथा निःशुल्क औषधि वितरण, सुत्केरी महिलालाई १४ दिनभित्रमा तीन पटक स्वास्थ्यकर्मीहरू घरमै पुगी स्वास्थ्य जाँच गर्ने, दुग्धबर्द्धक जडीबुटी प्रदान गर्ने जस्ता कार्यक्रम सञ्चालित रहेको बताए ।

स्वस्थ शिशु पोषण कार्यक्रमअन्तर्गत नगरभित्रका सरकारी तथा सामुदायिक अस्पतालमा बच्चा जन्माउने आमाहरूलाई प्रोत्साहन स्वरूप दुई हजार रुपैयाँ र एचआइभी संक्रमित बालबालिकालाई मासिक ३ हजार पोषण खर्च प्रदान गर्दै आएको नगरप्रमुख पाण्डेयले जनाए । पालिकाअन्तर्गतका १२ वटै स्वास्थ्य संस्थामा औषधि तथा औषधिजन्य सामग्री अभाव हुन नदिइएको नगरप्रमुख पाण्डेय बताउँछन् ।

उनले स्वास्थ्यमा टोलटोलमा प्राथमिक उपचार कार्यक्रम, पोषण, सुरक्षित मातृत्व, जेष्ठ नागरिक तथा किशोरकिशोरीलक्षित कार्यक्रम, स्वास्थ्य संस्थाहरूको स्तरोन्नति तथा गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकतामा राखिएको दाबी गरे । ६० वर्षमाथिका जेष्ठ नागरिकको स्वास्थ्योपचारलाई प्रभावकारी बनाउन बाआमासँग नगरप्रमुख कार्यक्रममार्फत् चिकित्सकसहितको टोली घरमै पुगेर स्वास्थ्य जाँच गरिएको स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले बताए ।

गर्भवती महिलाहरूको जाँच तथा निःशुल्क औषधि वितरण, सुत्केरी महिलालाई १४ दिनभित्रमा तीन पटक स्वास्थ्यकर्मीहरू घरमै पुगी स्वास्थ्य जाँच गर्ने, दुग्धबर्धक जडीबुटी प्रदान गर्नेजस्ता कार्यक्रम नगरमा सञ्चालित छन् । नगरप्रमुख स्वास्थ्य शिशु कार्यक्रमअन्तर्गत नगरभित्रका सरकारी तथा सामुदायिक अस्पतालमा बच्चा जन्माउने आमाहरूलाई प्रोत्साहनस्वरूप दुई हजार र एचआइभी संक्रमित बालबालिकालाई मासिक तीन हजार पोषण खर्च प्रदान गर्दै आएको छ ।

**अस्पताल थपिँदै**

बुटवल उप-महानगरका पालिकाहरूमा अक्सिजन सुविधासहितका दुईवटा अस्पतालहरू निर्माणधिन रहेका छन् भने आम्दा अस्पतालमा पनि बेड संख्या स्तरउन्नतिको काम भइरहेको छ । प्रदेश सरकार मातहतको भए पनि लुम्बिनी प्रदेशिक अस्पताल समेत विशिष्टकृत अस्पतालको रूपमा विकास भइरहेको छ ।

नगरमा अहिले १५-१५ बेडका अक्सिजन सुविधासहितका दुईवटा अस्पताल निर्माणाधीन छन् । बुटवल उप-महानगरपालिकाकै स्थानीय व्यवस्थापनमा रहेको आम्दा अस्पताललाई विशिष्टीकृत अस्पतालका रूपमा तीन सय बेडमा स्तरोन्नति हुँदैछ ।

बुटवलमा पारा मेडिकल र नर्सिङ विषयको अध्ययन यसै वर्षदेखि सुरु भएको छ । यसले दक्ष जनशक्ति उत्पादनमा पनि भूमिका निर्वाह गर्ने नगरप्रमुख पाण्डेयले बताए ।

'एकातिर अस्पतालको निर्माण र स्तरोन्नति गरिरहेका छौं, अर्कोतिर जनशक्ति उत्पादनको काम पनि गरिरहेका छौं ।'- नगरप्रमुख पाण्डेयले भने । आगामी वर्ष बुटवलमा पीपीपी मोडेलमा एक सय शैयाको अस्पताल स्थापना गर्ने योजना रहेको पनि उनले बताए ।

**सबै वडामा स्वास्थ्य केन्द्र स्थापना**

सबै वडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गर्ने निर्णय भएअनुसार बुटवलका वडा नम्बर ५, ६, ८, १०, १३ र १८ गरी ६ वटा स्वास्थ्य केन्द्र सञ्चालन हुँदैछन् । अरू वडाहरूमा भने यसअघि नै स्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेका छन् । योसँगै १० वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र पुगेका छन् । बुटवल उपमहानगर प्रमुख खेलराज पाण्डेयले बुटवल उप-महानगरपालिकाले स्वास्थ्यलाई विशेष प्राथमिकता दिँदै सबै वडामा आधारभूत स्वास्थ्य सेवा, ५ वटा वडामा ल्याबसहितका शहरी स्वास्थ्य केन्द्र, मोतीपुर स्वास्थ्य केन्द्रमा प्रसूति सेवा सञ्चालनमा रहेको बताउँछन् । उनले छिट्टै नै वडा नम्बर १३ मा फिजियोथेरापी सेवा, १७ मा अक्सिजनसहितको स्वास्थ्य सेवा सञ्चालन हुने बताए । यस्तै २ स्वास्थ्य चौकी र एउटा शहरी स्वास्थ्य प्रवर्धन केन्द्र सञ्चालनमा रहेको उनले बताए । उनका अनुसार वडा नम्बर २ को आधारभूत स्वास्थ्य केन्द्रमा ल्याबसहितको सेवा सञ्चालनमा रहेको छ ।

**यसरी भएको छ बजेट बिनियोजन**

बुटवल उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि २ अर्ब ३५ करोड रुपैयाँको बजेट ल्याएको थियो । शिक्षा, स्वास्थ्य, महिला बालबालिका जस्ता क्षेत्रमा ६१ दशमलव १० प्रतिशत बजेट बिनियोजन भएको थियो । स्वास्थ्य क्षेत्रमा रहेको बजेटबाट यस क्षेत्रमा काम गर्न नरोकिने प्रबन्धसहित बजेट व्यवस्थापन हुँदै आएको उप-महानगरले जनाएको छ । उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनालले-'बजेटमा आएको रकमभन्दा पनि थप रकम आवश्यक परेमा कार्यपालिकाबाट निर्णय गराएर स्वास्थ्य क्षेत्रमा बजेट अभाव हुन नदिनेमा हामी प्रतिबद्ध छौं । यो कुरामा प्रमुख ज्यू नै सचेत हुनुहुन्छ ।'

**यस्ता छन् उपलब्धिहरू**

पालिकाका १२ वर्षभन्दा माथि उमेर समूहका सबै नागरिकहरूलाई कोभिड १९ विरुद्धको पूर्णखोप भएको सुनिश्चितता घोषणा कार्यक्रम जसमा १,५७,३९३ जनालाई खोप लगाइएको शाखाका युवराज पाण्डेयले जानकारी दिए ।

उनका अनुसार यसका साथै उपमहानगरले १५ देखि २३ महिनासम्मका सबै बालबालिकाहरूलाई पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गर्ने काम भएको छ । यस्तै ३५ देखि ११ वर्षसम्मका सबै बालबालिकाहरूलाई कोभिड १९ विरुद्धको पूर्णखोप प्रथम र दोचो मात्रा लगाइएको छ । दोश्रो मात्रा २४ हजार २०९ जनालाई लगाइएको शाखाले जनाएको छ ।



बुटवलमा लुम्बिनी प्रादेशिक अस्पताल १२ सय शैयामा स्तरउन्नतिको क्रममा छ। यो अस्पतालमा लुम्बिनी प्रदेशका १२ जिल्लासँगै छिमेकी प्रदेशबाट समेत बिरामीहरु उपचारका लागि आउँछन् । बुटवलमा निजी क्षेत्रबाट सञ्चालित आधा दर्जन अस्पताल र दर्जनौं स्तरीय क्लिनिकसमेत सञ्चालनमा छन् । यी सबै स्वास्थ्य संस्थाहरुले बुटवललाई स्वास्थ्य पर्यटनको हब बनाउने अवसर मिलेको छ ।

**खेलराज पाण्डेय**
नगर प्रमुख, बुटवल

पालिकाभित्रका वडा नं. १३ र १७ मा १६ बेडका अक्सिजन सिलिन्डर जडानसहितका २ बटा स्वास्थ्य संस्थाको भवन करिब ५ करोड लागतमा बनाउने योजना सम्झौताअनुसार कामहरू भइरहेको जनस्वास्थ्य शाखाले जनाएको छ । डेंगु रोग नियन्त्रणका लागि संदेशमूलक पम्पलेट वितरण, सचेतनामूलक जिंगल बजाउने रेडियो एफएमबाट सचेतनामूलक संदेश तथा सबै वडाका टोलहरूमा र अटोरिक्साबाट संदेशमूलक कार्यक्रम भैरहेको शाखाकी अधिकृत कल्पना पाण्डेले जानकारी दिइन् ।

डेंगु रोग नियन्त्रणका लागि अत्याधुनिक मेसिनबाट माग बमोजिम आवश्यक स्थानमा फगिङ कार्यकासँगै जनप्रतिनिधिहरूको मागको आधारमा विभिन्न स्थानमा लामखुट्टेको लार्भा नस्ट गर्न औषधि युक्त स्प्रे तथा कालो मोबिल समेत प्रयोग गरिएको उनले जानकारी दिइन् । उनले निजी अस्पतालका प्रतिनिधि तथा स्वास्थ्यकर्मीहरूलाई औलो रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको बताइन् ।

स्वास्थ्य संस्थाका लागि अत्यावश्यक मेडिकल जन्य सामग्री तथा फर्निचर व्यवस्थापन, सुर्तीजन्य तथा मध्यपान न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू गरिएको उनले जनाइन् ।

नियमित खोप कार्यक्रमअन्तर्गत जन्मेदेखि २३ महिनासम्मका बालबालिकाहरूको पूर्णखोप दिगोपनाका लागि घर धुरी सर्वेक्षण गर्दै स्क्रीनिङ गरी लगाउन छुट भएका बालबालिकाहरू खोजेर खोप कार्यक्रम १९ वटै वडामा सम्पन्न भएको बताउँदै उनले क्षयरोगमुक्त पालिका बनाउने कार्यक्रमअन्तर्गत १९ वटै वडामा वडास्तरीय क्षयरोग समिति गठन तथा अभिमुखीकारण कार्यक्रम सम्पन्न भएको उनले बताइन् ।

सुरक्षित मातृत्व तथा नवजात शिशु कार्यक्रमअन्तर्गत सम्पूण नर्सिङ कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले अभिमुखीकरण कार्यक्रम तथा आयुर्वेद स्वास्थ्य तथा स्तनपाई आमासम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम पालिकाअन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरूको उपस्थितिमा सम्पन्न गरिएको शाखाले जनाएको छ ।

क्षयरोगमुक्त पालिका कार्यक्रमअन्तर्गत वडास्तरीय क्षयरोग स्वयंसेवकहरूलाई २ दिने तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी स्वयंसेवकहरूलाई जोखिम समूहमा घरधुरी सर्वेक्षण गरी स्क्रिन गर्ने कार्य सम्पन्न भएको उप-महानगरले जनाएको छ ।

नगरभित्रका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी रायसुझाब लिने, निजी, सरकारी तथा सामुदायिक अस्पताल प्रमुख तथा प्रतिनिधिहरूसँग स्वास्थ्य क्षेत्र सुधारका लागि रायसुझाब लिने कार्य भएको उप-महानगरले जनाएको छ ।

संघीय सरकारबाट चार प्रकारका जटिल रोग (मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षाघात भएका ) लागेका बिरामीहरूलाई मासिक ५,००० हजार औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार बुटवल उप-महानगरपालिकाअन्तर्गतका बिरामीहरूलाई भुक्तानी गर्नुका साथै नगरप्रमुख स्वस्थ शिशु कार्यक्रमअन्तर्गत सुत्केरी आमाहरूलाई रु २,००० का दरले पोषण रकम वितरण गरिएको उप-महानगरले जनाएको छ ।

बुटवलमा लुम्बिनी प्रादेशिक अस्पताल १२ सय शैयामा स्तरउन्नतिको क्रममा छ । यो अस्पतालमा लुम्बिनी प्रदेशका १२ जिल्लासँगै छिमेकी प्रदेशबाट समेत बिरामीहरु उपचारका लागि आउँछन् । बुटवलमा निजी क्षेत्रबाट सञ्चालित आधा दर्जन अस्पताल र दर्जनौं स्तरीय क्लिनिकसमेत सञ्चालनमा छन् । यी सबै स्वास्थ्य संस्थाहरुले बुटवललाई स्वास्थ्य पर्यटनको हब बनाउने अवसर मिलेको छ ।






# डिजिटल शहर बैंगलोर र पर्यटनमा श्रृंगेरी मठको योगदान



**डी.आर. घिमिरे**

गोरखपुरबाट कर्नाटकस्थित बैंगलोरका लागि ५.३५ को उडान भए पनि ६.२५ जहाजले इण्डिगाले उडान भऱ्यो । २ घण्टा २५ मिनेटको यात्रा ढिलो भएन । तोकिएकै समयमा पुग्यौ । हामीलाई लिन आएका थिए, कुमार राव । जो एक हिसाबले हाम्रा मध्यस्तकर्ता थिए । अर्को अर्थमा हामी उहाँहरूकै पाहुना थियौ । बैंगलोरबाट करिव ३०० किमि टाढा श्रृंगेरीमा रहेको श्रृंगेरी मठ शंकराचार्यले स्थापना गरेका चार मठमध्येको एउटा मठ थियो ।

वैंगलोर भारतको प्रसिद्ध डिजिटल सिटी हो । जहाँ धेरै नेपाली विद्यार्थी इञ्जिनियरिङ्, सूचना प्रविधि र नर्सिङ अध्ययनका लागि जाने गर्छन् ।

राती १० बजे विमानस्थलबाट बाहिर निस्क्यौ । हामीलाई कुमारले यहाँको चर्चित दी रामेश्वरम् क्याफेमा लगे । करिव ११ बजेतिर असाध्यै भिडभाड थियो । राती २ वजेसम्म चल्ने सो होटल साकाहारी थियो र त्यहाँको प्रमुख खाना मसाला डोसा, इडली, साम्भार । यस्तै यस्तै । स्वास्थ्यवर्द्धक परिकारका साथ नारिवलको चट्नी । यहाँको रवा इडली दक्षिण भारतका अन्य भागकोभन्दा भिन्न स्वादको हुने रहेछ । मिठै मानेर खायौं ।

पाँचवटा शाखा रहेको यो क्याफेमा दैनिक १० हजारभन्दा बढीले खाना खान्छन् भन्दा आश्चर्य लाग्यो । शायद यसैले होला यस शाखाको दैनिक कारोबार मात्र करिव ३० लाख पुग्दो रहेछ । खाना पछि हामी गेष्ट हाउसमा गएर आराम गऱ्यौं ।

दोश्रो दिन बिहान साढे ८ बजे निस्केर सहरबाट केही टाढाविद्युतीय गाडी निर्माण गर्ने स्थानको अवलोकन र सोही ठाउँमा खाना खाने योजना रहेछ । त्यस्का कार्यकारी प्रमुखले भारतमा पहिलोपटक विद्युतीय गाडी बनाएकोमा गर्व गरे । उनैले हामीलाई खाना खुवाए । जहाँ ६ शयस्टाफले दैनिक खाँदा रहेछन् । तर उनले सबै स्टाफलाई खुबाएर मात्र खाँने गर्दा रहेछन् । उनको समाजवादी सस्कार देखेर म छक्कै परें ।

उनका थरीथरीका बस देखेर छक्क परियो । एउटा बुलेटप्रुफ बस तयार हुँदै थियो । जसको मूल्य १४ करोड भारतीय रुपैयाँ रहेछ । बसभित्र शौचालय, सोफासट, सुरक्षाकर्मी बस्ने ठाउँ गरी आठ दश जना बस्न मिल्ने थियो । उक्त गाडी एकजना मुख्यमन्त्रीले अर्डर गरेका रहेछन् । खासमा चुनाव प्रचारमा जाँदा जहाजबाट उत्रेपछि यस प्रकारका गाडीमा हिंड्डुल गर्ने रहेछन् ।

साँझ श्रृंगेरी पुग्ने योजना सुनाए कुमार रावले । अर्को दिन सम्भव भएसम्म बिहानै गुरुजीसँग भेट्ने र बैंगलोर फर्कने योजना थियो ।

गाडी उनैले चलाएका थिए र कतिपहय जानकारी पनि दिँदै थिए । हामीले पनि सोध्दै हिंड्दै थियौं । कर्नाटकको जम्मा जनसंख्या ६ करोडमध्ये बैंगलोरमामात्र ४ करोड ८० लाख रहेछ । तर यसलाई संसारको दोश्रो सुखा सहर भनेर परिचय गराए, कुमारले । तै पनि भन्दै थिए- पानी छैन तर पैसै पैसा छ । यसको कारण सूचना प्रविधिको राजधानी हुनु हो । हुनपनि बैंगलोर भारतको सूचना प्रविधि क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने शहर जसलाई भारतको सिलिकन भ्याली भनिन्छ ।

भारतको सबैभन्दा ठूलो आइटी कम्पनी टाटाले ४ लाख ७० हजारभन्दा बढी कर्मचारीलाई सेवामा लगाएको छभने बैंगलोरमा मात्र १ लाख बढी स्टाफ रहेछन् र यसको तलव सुविधा अन्तर्राष्ट्रियस्तरकै छ ।

हामी फर्कदा एकजना टेक्सी भाईले विमानस्थल ल्याउँदै थिए । नाम सन्तोष कुमार रवीकुमार रहेछ । नेपालीले पछाडि थर भनेजस्तै उनको अर्को नाम नै थियो । मैले सोधें- पछाडिको नाम बाबुको होला अब तिम्रो छोराको नाम के रहन्छ ? यसको जवाफ उनले पीडादायी सुनाए ।

उनको भनाइ थियो-म मासिक ४० हजार रुपैयाँ कमाउनेले कसरी विहे गर्नु ? कसरी श्रीमतीलाई चित्त बुझाएर राख्नु ? यो सहरमा इञ्जिनियरले मासिक तीन चार लाख कमाउँछन् र मात्र परिवार पाल्न सक्छन् । त्यसैले मैले विवाह गर्दिन ।

यो सुनेपछि मलाई लाग्यो शहर त अन्तर्राष्ट्रिय भयो । तर गरिबहरुको बेहाल हुन थालेछ । जबकि शहरको बढ्दो हवाई यातायात आवश्यकतालाई ध्यानमा राख्दै केम्पेगौडा अन्तर्राष्ट्रिय विमानस्थले वार्षिक १० करोड यात्रुहरूलाई सेवा दिनेगरी २ अर्ब अमेरिकी डलरलगानीमा क्षमता विस्तार गर्दैछ । अर्कोतर्फ हाल बन्द रहेको विमानस्थललाई पुनः सञ्चालनमा ल्याउने गृहकार्य हुँदैछ र दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको तयारी पनि हुँदैछ ।

यो शहर बहुराष्ट्रिय कम्पनीहरूको केन्द्र मात्र हैन, कैयन् गुगल, माइक्रोसफ्ट जस्ता अन्तर्राष्ट्रिय कम्पनीका ठूला कार्यालयसमेत यहाँ छन् । यो विभिन्न सफल स्टार्टअपका कारणले यसलाई भारतको स्टार्टअप राजधानी पनि भनिन्छ ।

यस्तै कुरा गर्दै हामी साँझ श्रृंगेरी पुग्यौं । श्रृंगेरी पुग्दा राती खाना खाने होटल बन्द भइसक्ने भएकोले बिच बाटोमै ईटली खाएर राती ९ बजे पुगेका थियौं । हिन्दू धर्म, दर्शन र संस्कृतिको अद्भूत आदि शंकराचार्यद्वारा स्थापित चार धाम मठहरू मध्ये एक श्रृंगेरी मन्दिरको पहिलोपटक दर्शन गर्ने अवसर प्राप्त भएकोले कतिपय उत्सुकता थियो । हामीलाई आतिथ्य प्रदान गर्ने कुमार सिके रावको घर यस ठाउँमा पनि भएकोले हामीलाई मन्दिरभित्रै आवासको व्यवस्था मिलाई बिहान सबेरै भेट हुने गरी उनी घर गए ।

वेदान्त, संस्कृत र हिन्दू दर्शनका प्रमुख विद्वान श्रृंगेरी मठका परम्पूज्य जगद्गुरु श्री श्री भारती तीर्थ स्वामीजीको दर्शन र उनका उत्तराधिकारी परम्पूज्य जगद्गुरु श्री श्री विदुशेखरा भारती स्वामीजीसँग कतिबेला भेट होला भन्ने जिज्ञासा थियो । बिहानै भेट हुन सक्दा दिउँसो बैंगलोर पुगिने अपेक्षा पनि थियो । तर हाम्रो भेट अलि ढिला मात्र हुने भयो । अर्थात् ४ बजेतिर । समय रहेकोले हामी कुमार रावको घरमा गयौं । स्वादिष्ट भोजन ग्रहण गऱ्यौं ।

कुमारजीको खेतमा उखु लगाउँदै थिए । घरमा जाँदा अद्भूत आनन्द आयो । किनकि उक्त घर ५ सय वर्ष पुरानो रहेछ । एक हिसाबले विश्व सम्पदा सूचीमा सूचीकृत गर्न मिल्ने । अहिले पनि ३९ वटा कोठा छन् । पहिला ८० को आसपास रहेछन् । मैले उनलाई भने-यो घरमा होम स्टे चलाउन सकिन्छ । तर उनलाई यसप्रति चासो थिएन । मनमनै लाग्यो भारतमा यस्ता घरहरू कैयौ होलान् र कुनै दिन सरकारले नीतिगत निर्णय गरेर व्यवस्थित गर्ला ।

३६ इन्चको माटोको गारो भएकोले घरभित्र गर्मीको समस्या हुने कुरै भएन । हामी बाहिरबाट अलि अलि गर्मीमा गए पनि घरभित्र पुगेपछि शितल महसुस भयो । अचम्म त यो सुनेर लाग्यो कि ५ सय वर्षदेखि उक्त घर कुनै दिन खाली छैन । उनले भन्दै थिए-यो घरमा बाहिरबाट ढोका लगाएको इतिहास छैन । यो घर साँच्चि नै भारतीय संस्कृतिको प्रतिनिधिमूलक घर । खाना खाने तरिका पनि अनौठो । केराको पातमा परिवारका सबै सदस्यसँगै बसेर खाने संस्कृति । भाँडा माझ्ने समस्यानै रहेन । सफा गर्नुपर्ने एउटै भाँडो थिएन । खानामा नुनवाहेक सवै घरको भात, तरकारी, दही, घिउ। दालको साटो दुई थरी तरकारी । साँदेको बतिला आँपको अचार नेपाली स्वादभन्दा स्थानीय स्वादमा थियो ।

२ किमिमा फैलिएको २५० एकड वढी जग्गा ।उँखु, कफी, नरिवल, सुपारी, मरिच र धान खेतीका कारण पक्का किसान परिवार भन्न सकिने । तर अन्य व्यवसायमा पनि संलग्न । कृषिजन्य सामाग्रीको उत्पादन र उँखुबाट बनाएको गुँडलाई ब्राण्डिङ् गर्छन् । कफी र मरिचको खेतीबाट आम्दानी गर्छन् । खै अरु केके थिए ?हामीलाई हिड्ने बेलामा बिक्रीका लागि बजारमा पठाउने गरी आधुनिक र आकर्षक प्याकिङ् सहितको एक एक किलोको गुँड दिए ।मलाई मरिच लगाउने तरिका जान्न मन लाग्यो । मैले भने-बीउ हुने खालको व्यवस्था हुन सक्छ भने थोरै लैजान चाहन्छु । हामीलाई करिव आधा किलोका दुई पोका उपलब्ध गराए । यो लहरो हुने भएकोले जंगलमा ठूला बोटका आसपासमा लगाउन सकिने रहेछ ।साँझ जगद्गुरुहरुसंगको दर्शन भेट सौहार्दपूर्ण रह्यो । श्री श्री भारती तीर्थ स्वामीजीको ४० वर्ष अघि कृष्णप्रसाद घिमिरेसँग भेट भएको रहेछ । मैले आफ्नो थर घिमिरे बताउँदा साथ उहाँले दुईतीन पटक सोधेर जिज्ञासा राख्नुभयो । यसबाट उहाँको स्मरणशक्ति बलियो रहेछ भन्ने कुराको अनुभूति भयो । जगद्गुरु श्री श्री विदूशेखरा भारती स्वामीजीयसै वर्ष नेपाल आउने र पशुपतिमा पूजा अर्चना गर्ने कार्यक्रम रहेछ । हामीलाई पनि खुशी लाग्यो र आवश्यक प्रबन्ध गर्ने प्रतिबद्धता जनायौ । नेपालमा धार्मिक पर्यटनका लागि के गर्न सकिन्छ भन्नेबारे करिव एक घण्टा छलफल गर्यौं । त्यस अवसरमा बुटवल आउने कार्यक्रम बनाउन जोड गऱ्यौं ।

अर्को दिन बिहान मन्दिरका धर्माधिकारी अर्थात् प्रमुख प्रशासक पीए मुरलीसँग विस्तृत छलफल गर्यौं । खासगरी गुरुको नेपाल भ्रमणबारे । भ्रमण तालिका बन्यो ।यो भ्रमण नेपालको पर्यटन विकासका लागि कोसेढुंगा सावित हुनेछ ।यो पिठको स्थापना आदि शंकराचार्यले दक्षिण भारतमा वेदान्त दर्शन फैलाउनका लागि ८औं शताब्दीमा स्थापना गरेको बताइन्छ । तुङ्गा नदीको किनारमा रहेको यस मठमा स्थापित देवी शारदा (सरस्वती) को विशाल मन्दिरलाई ज्ञानकी देवी मानिन्छ । शंकराचार्यले स्थापना गरेका चार मठलाई चार वेदका नामबाट सम्झन सकिने रहेछ । प्रत्येक मठले भारतको एउटा दिशाको प्रतिनिधित्व गर्दछ ।

पहिलो उत्तर धाम ज्योतिर्मठ हो जो उत्तराखण्डमा पर्दछ भने त्याहाँ भगवान बद्रीनारायण (विष्णु)को पूजा आजा गरिन्छ र सम्प्रदायको हिसाबले अथर्ववेद भनिन्छ ।

दोश्रो दक्षिण धामअन्तर्गत श्रृङ्गेरी शारदा पीठ कर्नाटकमा पर्दछ भने देवी शारदा (सरस्वती)को पूजाआजा गरिन्छ भने सम्प्रदायको रुपमा यजुर्वेद भनेर जानिन्छ ।

स्मरणीय छ शताब्दीयौंदेखि चलिआएको परम्परा अनुसार नेपालको पशुपतिनाथ मन्दिरमा पुजारी (भट्ट) को रूपमा सेवा गर्ने परम्परागत भट्टहरू मुख्यतया भारतको कर्नाटक राज्यबाटै आउने गर्छन् ।

तेश्रो पूर्व धामअन्तर्गत गोवर्धन मठ पुरी, ओडिशामा पर्दछ भने देवताको रुपमा भगवान जगन्नाथलाई पूजाआजा गरिन्छ भने सम्प्रदायको रुपमा ऋग्वेद भनेर जानिन्छ ।

त्यस्तै चौथो पश्चिम धाम अन्तर्गत् द्वारका शारदा पीठ हो जुन द्वारका, गुजरातमा पर्दछ र देवताको रुपमा भगवान द्वारकाधीश (कृष्ण)को पूजाआजा गरिन्छ भने सम्प्रदायको रुपमा सामवेद भनेर जानिन्छ। भनिन्छ यो श्रृंगेरी मठमा मात्र दैनिक २० हजारभन्दा बढीलाई भोजन प्रदान गरिन्छ भने दैनिक २० देखि ३५ हजारसम्म दर्शनार्थीहरू जाने गर्छन् । यो सामान्य अवस्थाको कुरा हो । विशेष अवस्थामा ५० हजारभन्दा बढी हुने रहेछ ।

आर्थिक लाभको कुरा गर्दा सन् २०२२ मा भारतले धार्मिक पर्यटनबाट १.३४ लाख करोड आम्दानी गरेको थियो भने घरेलु पर्यटकको संख्या १४३.९ करोड थियो भने यति ठूलो संख्यामा दर्शनार्थी हिंड्डुल गर्दा कति कारोबार हुँदो हो । मलाई लाग्छ यसको हिसाब त्यति सहजै निस्कदैन ।

यसरी नयाँ तीर्थाटनको अनुभव संगालेर दुई रात बैंगलोर दुई रात श्रृंगेरीको बसाईलाई छोट्याएर हामीहरु बैंगलोरबाट गोरखपुर हुँदै १७ गते साँझ सुनौलीबाट नेपाल आयौं ।

हार्दिक बधाई तथा शुभकामना

३७ औं वर्ष प्रवेश

निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्ष प्रवेशको सुखद् अवसरमा पर्यटन विशेषाङ्क प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो. सानु कुमार रुचाल
तिनाउ सुज
बुटवल-४, संगम पथ, रुपन्देही
मो: ९८४७३५१४६१, ९८१७५८२८७२

३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

डढेलोबाट बचौं र बचाऔं

-सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
-जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
-हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समे त उजाड हुन सक्छन्,
-जन, धन र वनको संरक्षण गरौं,
-सचेत बनौं, डढेलोबाट आफू पनि वचौ र अरुलाई पनि बचाऔं ।

राकेश कुमार चौधरी — प्रमुख प्रशासकीय अधिकृत
विद्या प्रसाद यादव — अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, धकधई रूपन्देही

KAWASOTI MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
GANDAKI PROVINCE, NEPAL

Invitation for Bids

First Date of Publication: 2082/01/05

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the followingconstruction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos.and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 26/KM/ NCB/ 2081/82 | Kali Gandaki Hospital Aagadi Highway ko Culvert Dekhi Uttar SmriteeChok HudaiGumba ChokSamma Slab Nirman | 21,26,372.46 | 2082/02/04 BS) Upto 12Hr | 120 days | 65000 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile:9843500711,9863492872, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Chief Executive Officer

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०१/०५ गतेको दैनिक लुम्बिनी**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट कर्जा लिने तपसिलमा उल्लेखित ऋणीहरुले ऋण लिँदा गरिदिएका लिखत र कर्जा सुविधा प्रस्ताव/स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम विकास बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा रकम म्याद भित्र चुक्ता भुक्तान नगरेको र विकास बैंकबाट पटक पटक लिखित तथा मौखिक तरताकिता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र विकास बैंकमा तिर्नु बुझाउनु पर्ने कर्जाको सम्पूर्ण सावाँ, ब्याज तथा अन्य दै-दस्तुर समेत बुझाउनु हुन सम्बन्धित ऋणी र धितो जमानीदिने व्यक्ति तथा व्यक्तिगत जमानीकर्ता लाई सूचित गरिएको छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण कर्जा रकम विकास बैंकलाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले यस विकास बैंकबाट कर्जा लिँदाका बखत विकास बैंकलाई लेखिदिएको धितो र कथम कदाचित धितोबाट असुल उपर हुन नसके असुल उपर नभई बाँकी रहेको रकम ऋणी वा निजको एकाघर संगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति वा ऋण लिँदा जमानी दिनेको नाममा रहेको वा निजको हकको चल अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, तथा अन्य प्रचलित नेपाल कानून बमोजिम लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी विकास बैंकको लेना रकम असुल उपर गरिलिने तथा ऋणी, संचालक, प्रोप्राईटर, साझेदार, व्यक्तिगत तथा धितो जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम ऋणसँग सम्बन्धित अन्य पक्षहरुको तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश गर्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि सूचित गरिएको छ।

तपशिल

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय नेपालगञ्ज)**

१. प्रदेश सरकार, लुम्बिनी प्रदेश,उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग दर्ता नं. २४/७६ (०७४/७५)मिति २०७४/१२/२६, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०७७५१७४१ मिति २०७५/०१/०७ मा दर्ता भई बर्दिया जिल्ला बासँगढी न.पा वडा नं. ०३ स्थित **आकाश ईट्टा उद्योग**
**अख्तियार प्राप्त साझेदार व्यक्तिको विवरण** : लाला कोरीको नाती, **रामदुलारे कोरीको छोरा**, बाके जिल्ला उढरापुर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाके जिल्ला खजुरा गा.पा वडा नं. ०६ बस्ने रामकुवारे कोरी (ना.प्र.नं. ५७३१, बाके, जारी मिति : २०५६/०२/१२)

२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय बाँके प्रा.फ.नं. ३१/३८३७/०६७/०६८ मिति २०६७/०६/१३, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ३०४३८७५६८ मिति २०६७/०६/१५ मा दर्ता भई बाँके जिल्ला उढरापुर गा.वि.स वडा नं. ०२ स्थित **रिना राईस मिल**
**प्रोपाईटरको विवरण** : रामदुलारे कोरीको बुहारी, रामकुवारे कोरीको पत्नी, बाँके जिल्ला उढरापुर गा.वि.स.वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाँके जिल्ला खजुरा गा.पा वडा नं. ०६ बस्ने रिना कुमारी कोरी (ना.प्र.नं. ६६३०४१, बाँके, जारी मिति :२०६३/११/०५)

३. रोगही थारुको नाती, प्रसाद थारुको छोरा, बर्दिया जिल्ला बेलवा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी न.पा वडा नं. ०६ बस्ने **सदस्सीया थारु** (ना.प्र.नं. ३५४९, बर्दिया, जारी मिति : २०५३/०३/०६)

**व्यक्तिगत धनजमानी/ धितो जमानी दिनेहरुको विवरण**

१. रोगही थारुको नाती, प्रसाद थारुको छोरा, बर्दिया जिल्ला बेलवागा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी न.पा वडा नं. ०६ बस्ने **सदस्सीया थारु** (ना.प्र.नं. ३५४९, बर्दिया, जारी मिति : २०५३/०३/०६)

२. बाउर थारुको बुहारी, जलामु थारुको पत्नी, बर्दिया जिल्ला बासँगढी न.पा. वडा नं. ०३ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **जोखनी थरुनी** (ना.प्र.नं. २२९३५, बर्दिया, जारी मिति : २०३५/१०/०५)

३. जलामु थारुको बुहारी, रामप्यारे थारुको पत्नी, बाके जिल्ला टिटिहिरिया गा.वि.स वडा नं.०६ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी वडा नं. ०३ बस्ने **लौटी थरुनी** (ना.प्र.नं. ५५६, बाँके, जारी मिति : २०४५/०१/१९)

४. प्रसाद थारुको नाती, सदस्सीया थारुको छोरा, बर्दिया जिल्ला बासँगढी न.पा वडा नं. ०३ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **अशोक कुमार थारु** (ना.प्र.नं. ६५-०१-७२-०१०८१, बर्दिया, जारी मिति : २०७२/०२/१९)

५. प्रसाद थारुको बुहारी, सदस्सीया थारुको पत्नी, बर्दिया जिल्ला बेलवा गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी न.पा वडा नं. ०३ बस्ने **अनारकली थरुनी** (ना.प्र.नं. १/३५८६, बर्दिया, जारी मिति : २०५३/०३/१३)

६. सुकेही कोरीको नाती, लाला कोरीको छोरा, बाके जिल्ला बसन्तपुर गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं. ०६ बस्ने **राम दुलारे कोरी** (ना.प्र.नं. २३४३०, बाँके, जारी मिति : २०३७/११/०४)

७. जोधी थारुको नाती, बाउर थारुको छोरा, बर्दिया जिल्ला बेलवा गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी वडा नं. ०३ बस्ने **जलामु थारु** (ना.प्र.नं.२२९३७, बर्दिया, जारी मिति : २०३५/१०/०५)

८. बाउर थारुको नाती, जलामु थारुको छोरा, बर्दिया जिल्ला बेलवा गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी वडा नं. ०३ बस्ने **रामप्यारे थारु** (ना.प्र.नं.१/८२८, बर्दिया, जारी मिति : २०५१/०१/२१)

९. लाला कोरीको नाती, रामदुलारे कोरीको छोरा, बाके जिल्ला उढरापुर गा.वि.स.वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाके जिल्ला खजुरा गा.पा वडा नं. ०६ बस्ने **कमल प्रसाद कोरी** (ना.प्र.नं. ६६३०४१/१२३, बाके, जारी मिति : २०६३/११/०७)

१०. लाला कोरीको नाती, रामदुलारे कोरीको छोरा, बाके जिल्ला उढरापुर गा.वि.स वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाके जिल्ला खजुरा गा.पा वडा नं. ०६ बस्ने **सन्तोष कोरी** (ना.प्र.नं. ६६३०४१/१०२, बाके, जारी मिति : २०६३/११/०६)

११. राम दुलारे कोरीको नाती, रामकुवारे कोरीको छोरा, बांके जिल्ला खजुरा गा.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **संजय कोरी** (ना.प्र.नं. ६६-०१-७४-०४७२८, बाके, जारी मिति : २०७४/०६/०२)

१२. राम दुलारे कोरीको बुहारी, रामकुवारे कोरीको पत्नी, बाँके जिल्ला उढरापुर गा.वि.स.वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाँके जिल्ला खजुरा गा.पा वडा नं. ०६ बस्ने **रिना कुमारी कोरी** (ना.प्र.नं. ६६३०४१, बाँके, जारी मिति :२०६३/११/०५)

१३. लाला कोरीको नाती, रामदुलारे कोरीको छोरा, बाके जिल्ला उढरापुर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल बाके जिल्ला खजुरा गा.पा वडा नं. ०६ बस्ने **राम कुवारे कोरी** (ना.प्र.नं. ५७३१, बाके, जारी मिति : २०५६/०२/१२)

१४. राम दुलारे कोरीको बुहारी, कमल प्रसाद कोरीको श्रीमती, बाके जिल्ला खजुरा गा.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **गुड्डी कोरी** (ना.प्र.नं. ६६-०१-७६-००२४३, बाँके, जारी मिति : २०७६/०१/०६)

१५. राम कुवारे कोरीको बुहारी, संजय कोरीको पत्नी, बाके जिल्ला खजुरा गा.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **पंक्षी देवी कोरी** (ना.प्र.नं. ६६-०१-८१-००१२२, बाँके, जारी मिति : २०८१/०१/०७)

१६. राम दुलारे कोरीको नाती, राम कुवारे कोरीको छोरा, बाके जिल्ला खजुरा गा.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **दिपक कोरी** (ना.प्र.नं. ६६-०१-७४-०४७२७, बाँके, जारी मिति : २०७४/०६/०२)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

१. सुकेही कोरीको नाती, लाला कोरीको छोरा, बाके जिल्ला बसन्तपुर गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल बाँके जिल्ला खजुरा गा.पा. वडा नं. ०६ बस्ने राम दुलारे कोरीको नाममा मालपोत कार्यालय नेपालगन्ज बांकेमा दर्ता श्रेस्ता कायम रहेको बाके जिल्ला उढरापुर गा.बि.स.वडा न. ०२ स्थित कि.न ५३४ को क्षेत्रफल ४१६५(वर्ग मि.)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

२. जोधी थारुको नाती, बाउर थारुको छोरा, बर्दिया जिल्ला बेलवागा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी वडा नं. ०३ बस्ने जलामु थारुको नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला बेलवा गा.बि.स.वडा न. ०१ स्थित कि.न २६५ को क्षेत्रफल १-८-७-० (बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

३. बाउर थारुको नाती, जलामु थारुको छोरा, बर्दिया जिल्ला बेलवा गा.वि.स वडा नं. ०१ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी वडा नं. ०३ बस्ने रामप्यारे थारुको नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला बेलवा गा.बि.स.वडा न. ०१ स्थित कि.न २९४ को क्षेत्रफल ०-१८-१५-० (बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

४. रोगही थारुको नाती, प्रसाद थारुको छोरा, बर्दिया जिल्ला बेलवा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बासँगढी न.पा वडा नं. ०६ बस्ने सदस्सीया थारुको नाममा मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला बेलवा गा.बि.स.वडा न. ०३ स्थित कि.न क्रमश :९६, ६५६, ६७१,४७१, ६५७, ९८, ४७२,६५८, ६८० को क्षेत्रफल क्रमश : ०-२-०-०, ०-०-६.२५-०, ०-०-३-०, ०-०-९-०, ०-०-६.२५-०, ०-०-१०-०, ०-०-९-०, ०-०-६.२५-०, ०-०-१०-०(बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय चन्द्रौटा)**

प्रदेश सरकार, प्रदेश न.५, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कपिलबस्तु दर्ता नं. ८८७६/०७५ मिति २०७५/१२/१८, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०५६५८०६८ मिति २०७५/१२/२१ मा दर्ता भई कपिलवस्तु जिल्ला शिवराज न.पा. वडा नं. ०५ स्थित **न्यू प्यूठानी भाडा एण्ड हार्डवेयर सेन्टर**
प्रोप्राइटरको विवरण : रहिम बक्स मियाँको नाति, गाजी मियाँको छोरा, प्यूठान जिल्ला बागेंसाल गा.वि.स.वडा नं. ०५ स्थायी ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा. वडा नं. ०५ बस्ने **जितमान मियाँ** (ना.प्र.नं. २२८८/३६८९, प्यूठान, जारी मिति : २०५६/०५/२२)

**व्यक्तिगत धनजमानी र धितो जमानी दिनेहरुको विवरण**

१. गाजी मियाँको बुहारी, जितमान मियाँको पत्नी, प्यूठान जिल्ला बागेंसाल गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा. वडा नं. ०५ बस्ने **अमिरा खातुन मियाँ** (ना.प्र.नं. ५३१०३४/१३०४, प्यूठान, जारी मिति : २०६५/१२/२०)

२. गाजी मियाँको नाती, जितमान मियाँको छोरा, प्यूठान जिल्ला सरुमारानी गा.पा.वडा नं. ०१ स्थायी ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा. वडा नं. ०५ बस्ने **अनिष मियाँ** (ना.प्र.नं. ५३-०२-७९-०१६०९, प्यूठान, जारी मिति : २०७९/०८/२९)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

१. गाजी मियाँको बुहारी, जितमान मियाँको पत्नी, प्यूठान जिल्ला बागेंसाल गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा. वडा नं. ०५ बस्ने अमिरा खातुन मियाँ को नाममा मालपोत कार्यालय जशशपुर प्यूठानमा दर्ता श्रेस्ता कायम रहेको प्यूठान जिल्ला बागेंसाल गा.वि.स वडा न. ०५ स्थित कि.न ७४४ क्षेत्रफल ६०३ वर्ग मि. को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

२. रहिम बक्स मियाँको नाति, गाजी मियाँको छोरा, प्यूठान जिल्ला बागेंसाल गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा. वडा नं. ०५ बस्ने जितमान मियाँको नाममा मालपोत कार्यालय जसपुर प्यूठानमा दर्ता श्रेस्ता कायम रहेको प्यूठान जिल्ला बागेंसाल गा.वि.स वडा न. ०५ स्थित कि.न ७४३ क्षेत्रफल १०५० वर्ग मि. को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय परासी)**

ऋणीको विवरण : रामफल केवटको नाति, बरसाती केवटको छोरा, नवलपरासी जिल्ला देवसरा गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. १७ बस्ने **रामलक्षन केवट** (ना.प्र.नं. ११०८६, नवलपरासी, जारी मिति : २०३४/०८/०७)

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

बरसाती केवटको बुहारी, रामलक्षन केवटको पत्नी, नवलपरासी जिल्ला देवगाउ गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. १७ बस्ने **उषा देवी केवट** (ना.प्र.नं. ३६३०६४/५७, नवलपरासी, जारी मिति : २०६३/११/१२)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

रामफल केवटको नाति, बरसाती केवटको छोरा, नवलपरासी जिल्ला देवसरा गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा वडा नं. १७ बस्ने रामलक्षन केवटको नाममा मालपोत कार्यालय नवलपरासी परासीमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला देवगाउ गा.वि.स वडा न. ५ ख स्थित कि.न १३६ क्षेत्रफल ०-१७-०-० (बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय मंगलापुर)**

१. नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वाणिज्य कार्यालय रुपन्देही दर्ता नं.३२९९८/०७०/०७१ मिति २०७१/०१/०७, आन्तरिक राजस्वविभाग स्थायी लेखा नम्बर ६०१६८०७२० मिति २०७१/०१/०७ मा दर्ता भई रुपन्देही जिल्ला आन्नदवन वडा नं. ०३ स्थित दुर्गा सुज जोन
**प्रोप्राइटरको विवरण** : मोहनीलाल भुर्तेलको बुहारी, दिपक शर्मा भुर्तेलको पत्नी, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ०५ बस्ने **दुर्गा देवी भुर्तेल** (ना.प्र.नं. १०६६७, रुपन्देही, जारी मिति : २०५५/०२/३१)

२. **ऋणीको विवरण** : मोहनीलाल भुर्तेलको बुहारी, दिपक शर्मा भुर्तेलको पत्नी, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ०५ बस्ने **दुर्गा देवी भुर्तेल** (ना.प्र.नं. १०६६७, रुपन्देही, जारी मिति : २०५५/०२/३१)

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. बडु भुर्तेलको नाती, मोहनीलाल भुर्तेलको छोरा, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ०५ बस्ने **दिपक शर्मा भुर्तेल** (ना.प्र.नं. ४४०४, रुपन्देही, जारी मिति : २०५२/०७/२७)

२. मोहनीलाल भुर्तेलको नातिनी, **दिपक शर्मा भुर्तेल**को छोरी, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ०५ बस्ने **खुसी भुर्तेल** (ना.प्र.नं. ३७-०१-७६-०१०९७, रुपन्देही, जारी मिति : २०७६/०१/१६)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

मोहनीलाल भुर्तेलको बुहारी, **दिपक शर्मा भुर्तेल**को पत्नी, रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ०५ बस्ने **दुर्गा देवी भुर्तेल**को नाममा मालपोत कार्यालय रुपन्देही बुटवलमा दर्ता श्रेस्ताकायम रहेको रुपन्देही जिल्ला करहिया गा.वि.स वडा न. ९ख स्थित कि.न १६२३ क्षेत्रफल ०-०-६.५०-० (बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय न्यूरोड पोखरा)**

**ऋणीको विवरण** : प्रजापति पौडेलको नाति, रामेश्वर पौडेलको छोरा, कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स.वडा नं. ०७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा महा न.पा वडा नं.०५ बस्ने **रमेश पौडेल** (ना.प्र.नं. १३२४३८, कास्की, जारी मिति : २०५९/०९/२९)

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

रामेश्वर पौडेलको बुहारी, रमेश पौडेलको पत्नी, नवलपरासी जिल्ला सुनवल गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा महा न.पा वडा नं. ०५ बस्ने **सम्झना खनाल** (ना.प्र.नं. ३६१०३८/२१६६, नवलपरासी, जारी मिति : २०६७/०८/२०)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

प्रजापति पौडेलको नाति, रामेश्वर पौडेलको छोरा, कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स.वडा नं. ०७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा महा न.पा वडा नं.०५ बस्ने रमेश पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स वडा न. ५ स्थित कि.न १९७७ क्षेत्रफल २-०-०-१ (रोपनी)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको छ।**

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

केन्द्रीय कार्यालयः
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

पाल्पामा...

**७) माथागढी गाउँपालिका**

यो गाउँपालिकाको नाम वडा नं. ५ मा रहेको माथागढी ऐतिहासिक युद्ध पर्यटकीय स्थलबाट राखिएको छ। नेपाल अंग्रेज युद्धमा नुवाकोट क्षेत्र र माथागढी क्षेत्रबाट आक्रमण गर्ने योजना अंग्रेजले बनाएपछि दोस्रो ठूलो फौज माथागढी क्षेत्रमा खटिएको थियो।

**प्रमुख पर्यटकीय गन्तव्यहरू**

माथागढी, कौडेलेक, सराई फूलबारी तथा लखनथापा पार्क, बहादुरपुर सत्यवती ताल, महलपोखरी हिल स्टेशन, रहवास पिकनिक क्षेत्र र लघु जलविद्युत् पर्यटकीय क्षेत्र।

**भावी योजना**

माथागढी, कौडेलेक, ओलेस क्षेत्र, लखनथापा पार्कलगायतका पर्यटकीय स्थानहरूमा आवश्यक पूर्वाधारहरूको निर्माण गर्ने, पर्यटकीय स्थल सम्म पुग्ने बाटोघाटोलाई व्यवस्थित बनाउने, पर्यटकीय स्थलहरूमा फ्रि वाइफाई जोन निर्माण गर्ने जस्ता योजना रहेको पालिका अध्यक्ष यम बहादुर चिदीले बताए।

**८) तिनाउ गाउँपालिका**

यो गाउँपालिकाको नाम तिनाउ नदीको नामबाट राखिएको छ। तिनाउ गाउँपालिकामा अनगिन्ती पर्यटकीय सम्भावना रहेको पाइन्छ। तिनाउ गाउँपालिका अधिकांश स्थान हिल स्टेशनको रूपमा रहेकोले बुटवल, तिलोत्तमा, सैनामैना र भारतसँगको नजिकको दुरी पर्यटकहरू तिनाउका विभिन्न क्षेत्रमा पुग्ने गरेका छन्।

**प्रमुख पर्यटकीय स्थलहरू**

झिंगामारा हिल स्टेसन, दोभान नुवाकोट गढी, अविरल पार्क, सुकेताल, सिद्धबाबा मन्दिर, रामापिथेकश पार्क, भूतखोला सिद्धसरोवर झरना, भर्तिहरी पाक, खुलखुले पार्क, कामाख्या मन्दिर बसन्तपुर क्षेत्र, सत्यवती ताल, सत्यवती बजै, बिस्कुनडाँडा मरानकोट डाँडा र मस्याम जन्तीलुङ्ग डाँडा।

**भावी योजना**

मस्याम जन्तीलुङ, मरामकोट, सत्यवती क्षेत्रलाई तिनाउको हिल स्टेसन तथा मुख्य पर्यटकीय स्थलको रूप्मा विकास गर्न पालिका र प्रदेश सरकारको सहकार्य करीव २ करोड लगानीमा मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सञ्चालन भएको छ। पालिकाका सम्भावित पर्यटकीय स्थलहरूमा आवश्यकताको आधारमा लगानी गर्दै जाने र तिनाउलाई जिल्लाकै पर्यटकीय हवको रूपमा विकास गर्ने योजना रहेको पालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए।

**९) तानसेन नगरपालिका**

तानसेन नगरपालिका ऐतिहासिक नगरपालिका हो। नेपालमा ७ वटा नगरपालिका घोषणा हुँदा वि.स. २००७ सालमा घोषणा भएको तानसेन नगरपालिका हो। तानसेन नगर पहाडी रानीको नामबाट परिचित रहँदै आएको छ।

**तानसेनका पर्यटकीय स्थलहरू**

रानीमहल दरबार, श्रीनगर पार्क ( सेन पार्क), करूवा भ्यू टावर, पाल्पा दरबार संग्रहालय, शित्तलपाटी तथा मुल ढोका, लडाइँ जितेकोमा बनेको भगवती मन्दिर, उच्च स्तरको काष्टकला भएको अमर नारायण मन्दिर, रूरू क्षेत्रधाम रिडी, गुफाचौर क्षेत्र, मदनपोखराको कृषि पर्यटन, सेल्फीडाँडा र जुरे गुफा।

**तानसेनको भावी योजना**

तानसेन नगरपालिकाभित्र रहेका सबै धार्मिक तथा पर्यटकीय स्थलहरूको पर्यटकीय पूर्वाधारहरूको विकास गर्ने, सबै पर्यटकीय स्थलहरूमा फ्रि वाईफाईको व्यवस्था गर्ने, पर्यटकीय तथा धार्मिक स्थलमा खानेपानी, शौचालय तथा विश्राम स्थलको व्यवस्थापनलगायतका कामहरू गर्ने नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताए।

**१०) रैनादेवी छहरा गाउँपालिका**

यो गाउँपालिकाको नाम पश्चिम पाल्पाको एक चर्चित मन्दिरको नाम रैनादेवीबाट रहन गएको हो। यो सदरमुकाम तानसेनबाट ३० किलोमिटर पश्चिममा पर्दछ। यस गाउँपालिकामा गुल्मी, अर्घाखाँची र रूपन्देहीका विभिन्न सडकहरूमा प्रवेश गर्न सकिन्छ।

**प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू**

अमरपुरी धाम, मच्छेन्द्रा देवी मन्दिर, रैनादेवी मन्दिर, तिलकथान पार्क, घुर्चुले कालिका देवी मन्दिर, बल्धेङ्गढी, निमीचौर झरना र जलुके झरना, भेरूङ गढी लेक र दालचिनी तथा सुन्तला पर्यटन।

**रैनादेवी छहराको भावी योजना**

पालिकाले ८ वटै वडामा पर्यटकीय पूर्वाधार निर्माण, सवारी साधनको लागि बाटो घाटो निर्माण गर्ने तथा निश्चित पैदल पदयात्रा निर्माण गर्ने, फ्रि वाईफाई जोन निर्माण, विश्रामस्थल, खानेपानी, शौचालय तथा वनभोज स्थलको रूपमा पूर्वाधारहरू निर्माण गर्ने, पाल्पाकै अग्लो लेकको रूपमा रहेको भेरूङ गढी लेकलाई प्रचारप्रसार गर्नेलगायतका योजना रहेको पालिका अध्यक्ष रूक्माङ्गत भट्टराईले बताए।

## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व
गण्डकी प्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०१/०५)

यस नगरपालिकाबाट मिति २०८१/१२/११ गतेको राष्ट्रिय दैनिक पत्रिकामा तपशिल कार्यको लागि प्रकाशित शिलबन्दी दरभाउपत्र आह्ववानको सूचना अनुसार दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र मध्ये तल उल्लिखित दरभाउपत्र दाताको दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्र दाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कार्यालय | कार्य विवरण | छनौट भएको दरभाउपत्र दाताको नाम, ठेगाना | कबोल रकम कर सहित (रु.) |
|---|---|---|---|---|
| १ | कावासोती नगरपालिकाको कार्यालय | कार्यालय सामाग्री तथा मशलन्द सरसफाइका सामान | खरिद कावासोती पुस्तक भण्डार कावासोती-२ नवलपरासी पूर्व | ८,१४,८१०/२३ |

प्रमुख प्रशासकीय अधिकृत

# नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
## संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखरा
## सडक डिभिजन पाल्पा, तानसेन

# सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा यस डिभिजनको कार्यक्षेत्र भित्र पर्ने राष्ट्रिय राजमार्ग अन्तर्गत NH ०९ मदन भण्डारी राजमार्ग (डमरा फाँट- रामपुर- पिपलडाँडाः रानीमहल- अर्गली- रिडी, भेडुवा- तम्घास), NH ४७ सिद्धार्थ राजमार्ग (दोभान- बर्तुङ्ग- राम्दी खण्ड), NH ४८ तानसेन- रिडी खण्ड, **NH** ४९ बर्तुङ्ग- होलान्दी- धरमपानी- ढुङ्गाखानी (तानसेन बाइपास)-हार्थोक-रिडी- रुद्रवेणी- वामीटक्सार राजमार्ग अन्तर्गत विभिन्न स्थानमा सडक सीमाभित्र अनधिकृत रुपमा शाखा सडक खोल्ने, घरटहरा बनाउने, निर्माण सामग्री राख्ने, Hoarding Board/ विज्ञापन बोर्ड, सवारी साधन पार्किङ्ग, सवारी साधन मर्मत गर्ने ग्यारेज, टायर हाउस, गाडी धुने वाशिङ्ग सेन्टर, अस्थायी तारबार, पशु चौपाया छोड्ने, विभिन्न पसल राख्ने, कृषि उपज/बिस्कुन सुकाउने, परालको थुप्रो आदि राख्ने कार्य कानुनले निषेधित गरेको कार्य भएकोले सो कार्य नगर्नु/ नगराउनु हुन सम्पूर्णमा अनुरोध छ। अन्यथा, सार्वजनिक सडक ऐन, २०३१ बमोजिम जुनसुकै बेला कारवाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**डिभिजन प्रमुख**

## मल्लरानी गाउँपालिका
**Mallarani Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
खलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
**Khalanga, Pyuthan, Lumbini Province, Nepal**
Phone/Fax: 086420320, Email:mallaranihealth@gmail.com, info@mallaranimun.gov.np,Website: www.mallaranimun.gov.np

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः– २०८२।०१।०५**

मल्लरानी गाउँपालिका बाट मिति २०८१।११।२२ मा बिद्युतिय खरिद प्रणाली ( E– Bidding) मार्फत बोलपत्र आब्हान भई मिति २०८१।१२।२५ मा रितपुर्बक पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले कबोल गरेको अंक मुल्याङ्कनबाट सारभुत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्रलाई स्वीकृतका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको बिवरण | छनौट गरिएका बोलपत्रदाता | कुल कवोल रकम (भ्याट /पी.एस. सहित) |
|---|---|---|---|
| MRM/NCB/10/081/08 | Construction of Janata Ma. Vi. Shear wall | shree samriddi nirman sewa and supplier | रु.२४,५७,१०२।२७ |
| MRM/NCB/11/081/082 | Construction of chaduli Harithunga Deurali Road | Bhusal Nirman Sewa ,Arghakhach | रु.१९,४६,११६।८१ |
| MRM/NCB/12/081/082 | Construction of Banna Marung Road | Bhuma Construction ,Pyuthan | रु.१९,४१,६३७।२२ |
| MRM/NCB/13/081/082 | Construction of Mudhkhola Culvert and Road Upgrading | Bhuma Construction, Pyuthan | रु.१८,४६,०६६।०४ |
| MRM/NCB/14/081/082 | Construction of Budhdevi khola Culvert | Bhuma Construction, Pyuthan | रु.१९,६७,०५७।०४ |
| MRM/NCB/16/081/082 | Construction of Kumikot sima jhakristhan Road | NC-BBB,JV (BLUE BRIDGE BUILDERS, N A B A Y O G CONSTRUCTION) | रु.२१,८५,५१६।२१ |
| MRM/NCB/17/081/082 | Construction of Rampani ward office Roa | NC-BBB, JV (BLUE BRIDGE BUILDERS, N A B A Y O G CONSTRUCTION) | रु.२१,३८,१६७।७७ |
| MRM/NCB/15/081/082 | Construction of Dada pasal bato purna lal ko ghar najik wall | Nirvaan Construction ,Pyuthan | रु.३७,४९,७९५।३८ |

**प्रमुख प्रशासकीय अधिकृत**




३७औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
नगरवासीहरुमा हार्दिक अनुरोध
हावाहुरीबाट बचौं र बचाऔं।
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत
खिलध्वज पन्थी
नगर प्रमुख
रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, तम्घास, गुल्मी










